इजलास पुस्तिका

(महिला विरूद्ध हुने हिंसा नियन्त्रणसम्बन्धी कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्त)

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं

इजलास पुस्तिका

(महिला विरूद्ध हुने हिंसा नियन्त्रणसम्बन्धी कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्त)

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं

तयारी समूह

माननीय डा. हरिवंश त्रिपाठी, परामर्शदाता, राष्ट्रिय न्यायिक प्रतिष्ठान
माननीय श्री उमेश कोइराला, जिल्ला न्यायाधीश
श्री श्यामकुमार भट्टराई, सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

प्रकाशन प्रति : ३०० प्रति
प्रकाशक : राष्ट्रिय न्यायिक प्रतिष्ठान
प्रकाशन मिति : २०७३, मंसिर
मुद्रण : फरम्याट प्रिन्टिङ्ग प्रेस

सहयोग :

कानुनी शासन तथा मानव अधिकार संरक्षण
प्रणाली सबलीकरण कार्यक्रम (RoLHR/UNDP)

प्रधान न्यायाधीश

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

सर्वोच्च अदालत
काठमाडौं

मन्तव्य

महिलाविरुद्ध हुने हिंसासम्बन्धी मुद्दाको प्रकृति र स्वरूप अन्य फौजदारी मुद्दाको भन्दा फरक हुन्छ। यस्ता मुद्दाको कारवाहीको सिलसिलामा न्यायसम्पादनमा संलग्न रहने अदालतका कर्मचारी, अधिकृत तथा न्यायाधीशहरू कसूरको विशेष प्रकृतिको बारेमा सुसूचित रहनु पर्छ। अदालती व्यवहार फरक रूपमा प्रतिबिम्बित हुनुपर्छ। न्यायमा पीडितको पहुँच सहजरूपमा स्थापित गर्न न्यायिक प्रक्रिया र अदालती परिवेशलाई पीडितमैत्री बनाई न्यायिक संयन्त्रप्रति पीडितको आस्था र भरोसा सुनिश्चित गरिनु पर्छ। यसो हुनसकेमा मात्र महिलाविरुद्धको हिंसाका पीडितहरु न्याय प्रणाली र न्यायिक संयन्त्रप्रति विश्वस्त हुन सक्ने हुन्छ।

यस क्रममा राष्ट्रिय न्यायिक प्रतिष्ठानले तयार गरेको महिलाविरुद्ध हुने हिंसाजन्य कसूरको कारवाहीसम्बन्धी इजलास पुस्तिकाको मस्यौदा अध्ययन गर्ने अवसर मिल्यो। महिलाविरुद्ध हुने हिंसाजन्य कसूर र त्यसको नियन्त्रणसम्बन्धी विधिशास्त्रीय अवधारणा, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी प्रावधान तथा यस विषयमा अदालतबाट भएका व्याख्यासमेत समावेश गरी तयार गरिएको प्रस्तुत इजलास पुस्तिकाले विशेष गरेर शुरु तहको अदालतमा रही यस्ता विशेष प्रकृतिका मुद्दाको कारवाही र किनारा गर्नु हुने माननीय जिल्ला न्यायाधीशहरु एवम् अदालतका अधिकृत तथा कर्मचारीहरूलाई महत्वपूर्ण सहयोग पुऱ्याउन सक्नेछ भन्ने मलाई लागेको छ।

न्याय सम्पादनको प्रक्रियालाई सरल, सहज र व्यवस्थित बनाउन विषयगत इजलास पुस्तिकाको प्रचलन अन्यत्र धेरै पहिलेदेखि कायम रहँदै आएको भएपनि हाम्रो सन्दर्भमा यो एउटा नयाँ प्रयोगको रुपमा रहेको छ। पहिलो पटक महिलाविरुद्ध हुने हिंसाजन्य कसूरको कारवाहीलाई समेटेर तयार गरिएको यो पुस्तिका हाम्रो न्यायिक व्यवहारलाई व्यवस्थित, विश्वसनीय र सेवाग्राहीमैत्री बनाउन उपयोगी सिद्ध हुनेछ भन्नेमा म विश्वस्त छु। विषयगत आधारमा इजलास पुस्तिका तयार गर्ने कार्यको प्रारम्भ गरेकोमा यसको निरन्तरताको कामनासहित यसमा संलग्न रहनु हुने विज्ञ व्यक्तित्वहरू तथा राष्ट्रिय न्यायिक प्रतिष्ठान परिवारलाई धन्यवाद दिन चाहन्छु।

पुस ११, २०७३

(सुशीला कार्की)
प्रधान न्यायाधीश

प्रधान न्यायाधीश

टेलिफोन नं. : ९७७-१-४२६२५४६, फ्याक्स नं. : ९७७-१-४२१६८६४, पोष्ट बक्स् नं. २०४३८
वेवसाईट : www.supremecourt.gov.np

भूमिका

न्यायाधीश, सरकारी वकिल, न्याय सेवाका अधिकृत तथा कानून व्यवसायीको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने तथा कानून र न्यायको क्षेत्रमा अध्ययन अनुसन्धान तथा कानूनी सूचना प्रवाह गर्ने उद्देश्यले राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ बमोजिम स्थापित यस प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै न्यायिक जनशक्तिको व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि कार्यशाला, प्रशिक्षण, प्रवचन जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुका साथै न्याय र कानून क्षेत्रका विविध विषयमा अनुसन्धानसमेत गर्दै आएको छ । हालसम्म प्रतिष्ठानले १६ हजारभन्दा बढी जनशक्तिलाई प्रशिक्षण दिइसकेको छ भने ९० भन्दा बढी प्रकाशन गरिसकेको छ । प्रकाशनको शृखलालाई निरन्तरता दिँदै प्रतिष्ठानले यस पटक महिला विरुद्ध हुने हिंसासम्बन्धी मुद्दाको इजलास पुस्तिका तयार गरेको छ। यस इजलास पुस्तिकामा महिला विरुद्ध हुने हिंसासम्बन्धी विभिन्नस ११ वटा विषयका कानूनी व्यवस्था एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतका आवश्यक विवरणहरू राखिएका छन् ।

प्रस्तुत **इजलास पुस्तिका** तयार गर्ने क्रममा प्राविधिक तथा आर्थिक सहयोग गर्ने कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम (RoLHR/UNDP) का तत्कालीन राष्ट्रिय कार्यक्रम व्यवस्थापक श्री शान्तमसिंह खड्का वर्तमान राष्ट्रिय कार्यक्रम व्यवस्थापक श्री सुदिप गौतम, न्याय क्षेत्र संयोजक श्री रत्नशकाजी श्रेष्ठ तथा न्याय क्षेत्र कार्यक्रम अधिकृत श्री सुमेधा शाक्यलाई प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ ।

प्रस्तुत **इजलास पुस्तिका** तयार गर्ने विज्ञहरू राष्ट्रिय न्यायिक प्रतिष्ठानका परामर्शदाता पूर्व माननीय न्यायाधीश डा. हरिवंश त्रिपाठी, माननीय जिल्ला न्यायाधीश श्री उमेश कोइराला, सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई, संयोजन तथा व्यवस्थापनमा सहयोग गर्नु हुने प्रतिष्ठानका रजिस्ट्रार श्री विमल पौडेल र कार्यक्रम व्यवस्थापक श्री राजनकुमार के.सी. का साथै विज्ञहरूबाट प्राप्त मस्यौदालाई लिपिबद्ध गरी प्रकाशन योग्य बनाउन सहयोग गर्नु हुने प्रतिष्ठानका कर्मचारी श्री प्रदिप बोहरालाई पनि यस प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान

विषय सूची

परिच्छेद एक

परिचयात्मक खण्ड...१

१.१ इजलास पुस्तिकाको परिचय.. २
१.२ इजलास पुस्तिकाको उद्देश्य.. २
१.३ इजलास पुस्तिकाको प्रयोग.. २
१.४ इजलास पुस्तिकाको आधिकारिकता... ३
१.५ इजलास पुस्तिकामा समावेश भएका विषयहरू ३
१.६ लैङ्गिक हिंसासम्बन्धी मुद्दामा अपराधको गम्भीरता बढाउने र घटाउने कारक तत्त्वहरू...... ३

परिच्छेद दुई

महिला विरूद्धको हिंसा सम्बन्धी मुद्दाको
कारबाही किनारा गर्दा अपनाउनु पर्ने प्रक्रिया...............................९

२.१ दर्ता १०
२.२ म्याद थप १३
२.३ थुनछेक आदेश १५
२.४ म्याद तामेली...१६
२.५ म्याद तारेख २१
२.६ प्रमाण मुकरर २३
२.७ साक्षी परीक्षण...२८
२.८ सुनुवाइ ३०
२.९ बन्द इजलासमा सुनुवाइ प्रक्रिया ३०

२.१० फैसला लेखन ३२
२.११ फैसला कार्यान्वयन ३५

परिच्छेद तीन

महिला विरुद्धको हिंसा सम्बन्धी मुद्दाहरू ३९

३.१ अंश ४०
३.२ माना चामल ५२
३.३ विवाहसम्बन्धी ७६
३.४ सम्बन्ध विच्छेद ८४
३.५ नाता कायम ९२
३.६ करणीसम्बन्धी अपराध ९६
३.६.क. जबरजस्ती करणी १०२
३.६.ख. हाडनाता करणी १२५
३.७ घरेलु हिंसा १३०
३.८ गर्भपतन/जातक हत्या १३८
३.९ मानव बेचबिखन तथा ओसारपसार/जीउ मास्ने बेच्ने १४७
३.१० बोक्सी १६५

अनुसूची

अनुसूची १: महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव विरुद्धको
संयुक्त राष्ट्रसंघीय महासन्धि, १९७९ .... १७४

अनुसूची २: विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको
गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ .... १८७

परिच्छेद एक

परिचयात्मक खण्ड

१.१ इजलास पुस्तिकाको परिचय

इजलासबाट सम्पादन गर्नुपर्ने कामलाई सहजीकरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो इजलास पुस्तिका तयार गरिएको छ। इजलास पुस्तिकाको तयारी गर्ने परिपाटी हाम्रो न्यायिक अभ्यासमा स्थापित भइसकेको छैन। महिला विरूद्ध हुने हिंसाका घटनाहरूमा वृद्धि भई अदालतमा समेत दायर हुने मुद्दाहरूको संख्या क्रमशः वृद्धि हुँदै गइरहेको छ। मुद्दाका प्रवृत्तिमा पनि क्रमशः परिवर्तन देखिन थालेको पाइन्छ। न्यायको खोजीमा अदालतसम्म आइ पुगेका हिंसा पीडितहरूलाई संवेदनशीलतापूर्वक व्यवहार गरी न्याय सम्पादन गर्नुपर्ने आवश्यकता रहेको छ। यस पुस्तिकाले महिला हिंसा विरूद्धको न्यायिक प्रक्रियालाई प्रभावकारी बनाउन र सोसँग सम्बन्धित मुद्दाहरूको न्यायिक काम कारबाहीमा सुसङ्गति (Consistency) तथा एकरूपता ल्याउन मद्दत गर्ने विश्वास गरिएको छ।

१.२ इजलास पुस्तिकाको उद्देश्य

यस इजलास पुस्तिकाको मुख्य उद्देश्य महिला हिंसा विरूद्धको मुद्दामा न्यायिक प्रक्रियालाई प्रभावकारी बनाउनुका साथै त्यस्ता मुद्दाहरूको कारबाही र किनारा गर्दा अदालतले अवलम्बन गर्ने काम कारबाहीमा सुसङ्गति (Consistency) तथा एकरूपता कायम गर्नु हो। यस पुस्तिकालाई महिला विरूद्धको हिंसासम्बन्धी घटना वा विवादहरूको विश्लेषण, मूल्याङ्कन र बुझाइ फरक हुने हुँदा महिला विरूद्धको हिंसामा अपराधको गम्भीरता बढाउने वा घटाउने कारक तत्त्वहरूको पहिचान र यस सम्बन्धमा हालसम्मको अदालती अभ्यास र न्यायिक दृष्टिकोणबारे अवगत हुन उपयोगी सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ। पीडकको आपराधिक उत्तरदायित्व निर्धारण गर्नु, पीडकको अधिकारको पुनःस्थापना गर्नुका साथै पीडितलाई न्यायको सुनिश्चितता गर्नु महिला हिंसा विरूद्धको न्यायिक प्रतिक्रियाका आधारभूत तत्त्वहरू हुन्। वस्तुतः अपराधीलाई दण्डित गर्नु, सम्भावित अपराधीलाई हतोत्साही गर्नु, महिलाको आघातीत अधिकारलाई पुनर्स्थापित गर्नु र सामुदायिक सुरक्षाको परिवेश निर्माणमा सहयोग पुऱ्याउनु नै महिला विरूद्धको हिंसासम्बन्धी अपराधहरूमा अदालतले अभिव्यक्त गर्ने न्यायिक प्रतिक्रियाको समष्टिगत रूप नै अदालतका मुख्य लक्ष्यहरू हुन। यस इजलास पुस्तिकामा समावेश गरिएको विषयवस्तुले उल्लिखित उद्देश्यहरूको प्राप्तिमा सहायक हुने छ भन्ने उद्देश्य राखिएको छ।

१.३ इजलास पुस्तिकाको प्रयोग

इजलास पुस्तिका सुरु तहमा सुनुवाइ हुने मुद्दाको कारवाही र किनारामा सहजीकरण गर्ने उद्देश्यले तयार पारिएको हो। मूलतः इजलासमा रहने न्यायाधीशहरूका लागि सहजीकरण गर्न तयार गरिएको भए पनि यसलाई इजलास सहायक र अन्य कर्मचारीहरूले समेत प्रयोग गर्न सक्नेछन्। न्यायिक कार्य सम्पादनको क्रममा आवश्यक हुने सान्दर्भिक ब्यवस्थाहरूको विवरणलाई मुद्दागत रूपमा उल्लेख गरिएको हुँदा मुद्दाको कारवाही र किनारा गर्दा वा सुनुवाइ ब्यवस्थापन गर्दा यो इजलास पुस्तिकामा उल्लिखित ब्यवस्थाहरू सान्दर्भिक हुन सक्नेछन्। प्रस्तुत पुस्तिकामा उल्लेख भएका ब्यवस्थाहरूको पूर्ण विवरण हेर्नका लागि सम्बन्धित स्रोतसम्म पुग्नसमेत सहयोग पुऱ्याउन सक्ने अपेक्षा गरिएको छ।

१.४ इजलास पुस्तिकाको आधिकारिकता

प्रस्तुत इजलास पुस्तिकामा उल्लिखित व्यवस्थाहरू सम्बन्धित आधिकारिक दस्ताबेजहरू र कानूनका पुस्तकहरू एवम् नेपाल कानून पत्रिका र सर्वोच्च अदालतका फैसलाहरूबाट उद्धृत गरिएका छन्। यद्यपि यसलाई न्यायिक कार्य सम्पादनको क्रममा सन्दर्भ उल्लेख गर्दा आधिकारिकताका लागि सम्बन्धित कानून र नेपाल कानून पत्रिका वा सर्वोच्च अदालतको फैसलाको आधिकारिक प्रतिबाट नै उल्लेख गर्नु उपयुक्त हुनेछ।

१.५ इजलास पुस्तिकामा समावेश भएका विषयहरू

प्रस्तुत इजलास पुस्तिकामा महिला विरूद्ध हुने हिंसाका कारणबाट अदालतमा दायर हुने मुद्दाको कारवाही र किनारा गर्दा विचार गर्नुपर्ने कुराहरू समेटिएका छन्। सो क्रममा न्याय सम्पादनको प्रत्येक चरणमा आउन सक्ने समस्याहरू र ती समस्यालाई सम्बोधन गर्न विचार गर्नुपर्ने विषयहरूलाई उल्लेख गरिएको छ। साथै कानूनी ब्यवस्थाको परिचय, कानूनी ब्यवस्थाले समेटेका विषयहरू, सोसँग सान्दर्भिक विभिन्न दस्ताबेजका सान्दर्भिक ब्यवस्थाहरू, उक्त कानूनको व्याख्या र प्रतिपादन भएका सिद्धान्तहरूसमेत उल्लेख गरिएको छ। मूलतः यस पुस्तिकामा देहायका मुद्दाहरूका सम्बन्धमा उल्लिखित सन्दर्भहरू राखिएका छन् :

इजलास पुस्तिकामा समावेश भएका विषयहरू:

१. अंश	६. जबरजस्ती करणी
२. माना चामल	७. हाडनाता करणी
३. विवाह सम्बन्धी	८. घरेलु हिंसा
४. सम्बन्ध विच्छेद	९. गर्भपतन/जातक हत्या
५. नाता कायम	१०. मानव बेचबिखन तथा ओसारपसार/जिउ मास्ने बेच्ने
	११. बोक्सी

उल्लिखित ब्यवस्थाका अतिरिक्त महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धि, १९७९ र विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ समेत **अनुसूची** १ र २ मा क्रमशः राखिएको छ।

१.६ लैङ्गिक हिंसासम्बन्धी मुद्दामा अपराधको गम्भीरता बढाउने र घटाउने कारक तत्त्वहरू

फौजदारी कसुर सम्बन्धी मुद्दामा सजाय निर्धारण गर्दा अपराधको गम्भीरताले महत्त्वपूर्ण प्रभाव पार्दछ। अपराधको गम्भीरताअनुसार नै दण्डको अनुपात कायम हुनुपर्छ भन्ने आधुनिक दण्ड शास्त्रीहरूको मान्यता रहेको छ। बेलायतको Criminal Justice Act, १९९१ ले कैद दण्डको अवधि वा सामुदायिक सेवाअन्तर्गत कसुरदार ठहर भएको व्यक्तिले वहन गर्नुपर्ने दायित्वको मात्रा वा जरिवानाको अंक अपराधको

गम्भीरता अनुरूप हुनुपर्छ भन्ने ब्यवस्था गरेको छ। अपराधको मात्रा बढाउने वा घटाउने अवस्थाहरूको सोझो सम्बन्ध अपराधी व्यक्तिसँग नभई अपराधसँग रहेको हुन्छ। अपराधको गम्भीरता सामान्यतया अपराधको प्रकृति, त्यसबाट हुने क्षति र त्यसप्रतिको सामाजिक दृष्टिकोणमा भर पर्दछ। तर यसबाहेक पनि केही बाह्य तत्त्वहरू हुन सक्छन् जो अवस्थाअनुसार अपराधको गम्भीरता बढाउने वा घटाउने कारक हुन सक्छन्। तिनलाई अपराधको गम्भीरतामा अभिवृद्धि वा न्यूनीकरण गर्ने कारक तत्त्वहरू (Aggravating or mitigation factors of crime) भन्न सकिन्छ। हुन त प्रायः जसो सामान्य फौजदारी अपराधहरूको हकमा समेत त्यस्ता कारक तत्वहरू सान्दर्भिक हुन सक्छन्। तर यस इजलास पुस्तिकाको विषयवस्तुमा केन्द्रित भई मूलतः महिला विरूद्धको हिंसासम्बन्धी मुद्दामा अपराधको गम्भीरता बढाउने वा घटाउने केही विशेष ब्यवस्थाहरूबारे संक्षिप्त चर्चा गरिएको छ। महिला विरूद्धको हिंसासम्बन्धी मुद्दामा सजाय निर्धारण गर्दा न्यायकर्ताले दुईवटा कुराहरूमाथि विशेष ध्यान दिनुपर्छ । पहिलो, अपराधको क्रूरता वा अमानवीयता र दोस्रो, कुन परिस्थितिमा अपराधीले उक्त अपराध कार्य गरेको हो?

१.६.१ अपराधको गम्भीरता बढाउने कारक तत्वहरू

क. आक्रमणीय वा सहजै हानि पुऱ्याउन सकिने वर्ग (Volunerabel) विरूद्ध भएको अपराध

आक्रमणीय वा असमर्थ अवस्थामा रहेको कुनै महिला विरूद्ध अपराध गर्ने अपराधी व्यक्तिको सन्दर्भमा आपराधिक दायित्व बढेर जान्छ। उदाहरणका लागि अति वृद्ध वा नाबालिका, मनोवैज्ञानिक, मानसिक वा शारीरिक असशक्तता वा बिरामी भएको महिला वा यौन अल्पसंख्यक समूहकी महिला सामान्यतया अपराधको प्रयासको प्रतिकार गर्न समर्थ हुँदैनन्। यस्ता व्यक्तिहरूको रक्षा गर्नु र सहयोग गर्नु समाजका हरेक व्यक्तिको कर्तव्य हुन्छ। तर उल्टै निजहरू विरूद्ध कसैले अपराध गरेमा त्यस्तो व्यक्तिलाई अपेक्षाकृत कठोर दण्डात्मक सजाय गर्नु उपयुक्त र न्यायोचित हुन्छ।

ख. सुनियोजित रूपमा गरिएको अपराध

सुनियोजित वा संगठित रूपमा गरिएको अपराधको सन्दर्भमा अपराधीको दोषभागिता (Culpability) बढेर जान्छ किन भने यस्तो अपराध पूर्व योजना बनाएर जानी जानी र मनसाय पूर्वक गरिएको हुन्छ। त्यस्तो अपराध गर्ने व्यक्ति आफ्नो समाज विरोधी दुर्भावनामा दृढ हुन्छ। कानूनको सुनियोजित उल्लङ्घनबाट उसले सामाजिक मूल्य र मान्यता विरूद्ध खतरा उत्पन्न गरी सामाजिक शान्ति सुब्यवस्था खलबल्याउन सक्छ। तसर्थ सुनियोजित तरिकाले गरिएको अपराधले आपराधिक दायित्वमा अभिवृद्धि गर्छ।

ग. सामूहिक रूपमा गरिएको अपराध

एकभन्दा बढी व्यक्तिले सामूहिक रूपमा कुनै अपराध गरेको अवस्था अपेक्षाकृत बढी हानि नोक्सानी वा क्षति हुने सम्भावना रहन्छ। सामूहिक रूपमा गरिएको आपराधिक क्रियाले पीडितलाई बढी भयभीत र असुरक्षित तुल्याउन सक्छ। तसर्थ भय र असुरक्षाको यस तत्त्वले पनि आपराधिक दायित्वमा अभिबृद्धि गर्न पुग्छ।

घ. नस्लवादी कारणबाट गरिएको अपराध

नस्लवादी (Racial) आधारमा कसैले महिला विरूद्ध कुनै प्रकारको हिंसा गरेमा वा जातीय घृणा फैलाउने मनसायले कुनै अपराध गरेमा त्यसले उक्त महिलालाई मात्र नभई सामुदायिक क्षतिसमेत पुऱ्याउन सक्छ। अतः आपराधिक कार्यमा निहित रहेको नस्लवादी तत्त्वले आपराधिक दायित्वलाई बढाउँछ।

ङ. आपराधिक क्रियाको पुनरावृति

पीडित महिलाप्रतिको आपराधिक क्रिया पटकपटक गरी राख्ने प्रवृति खास गरेर घरेलु हिंसासम्बन्धी अपराधमा अपराधको गम्भीरता बढाउने गम्भीर कारक मानिन्छ। आपराधिक क्रियाको पुनरावृत्ति एकातिर कसुरदार, आदतन वा अभ्यस्त अपराधी हो भन्ने देखाउँछ भने अर्कोतर्फ पीडितलाई सुरक्षा र न्याय प्रदान गर्न दायित्व भएको कानूनी संरचनाको निरन्तरताको असफलता समेतलाई इंगित गर्छ।

च. कसुरदारको आपराधिक अतित

प्रतिवादीले फौजदारी कसुरमा पहिले सजाय पाइसकेको वा कानूनको आपराधिक उल्लङ्घन गरेको प्रमाणित भएमा आपराधिक दायित्व बढेर जान्छ।

छ. सामाजिक वा आर्थिक हैसियतको प्रयोग

कसुरदारले आफ्नो सामाजिक वा आर्थिक हैसियत वा पदीय जिम्मेवारीको आडमा वा सोको दुरुपयोग गरी कुनै महिला विरूद्ध अपराध गरेमा निजले बढी आपराधिक दायित्व बेहोर्नु पर्ने हुन्छ।

माथि उल्लेख गरिएका कारक तत्त्वहरूबाहेक अपराधको गम्भीरता बढाउन सक्ने देहायका केही अन्य अवस्थाहरूबारे पनि न्यायकर्ताले ध्यान दिनुपर्छ :

- प्रतिवादीले अपराध गर्दा जानीजानी हिंसा गरेको वा साङ्घातिक प्रकृतिको हातहतियार प्रयोग गरेको वा सो प्रयोग गर्ने धम्की दिएको,
- आपराधिक क्रिया गर्दा आपराधिक क्रूरता वा अमानवीयता प्रदर्शन गरेको,
- पीडित महिलालाई होच्याएर सार्वजनिक रूपमा अपमान गरेर वा निजको तेजोबध गरेर अपराध गरेको। उदाहरणका लागि, घरेलु हिंसा वा बोक्सीसम्बन्धी अपराधमा पीडितको श्रव्य दृश्य रेकर्डिङ गरेको वा सामाजिक सञ्जालमा टिप्पणी वा फोटो प्रक्षेपण गरेको,
- अरू व्यक्तिको प्रस्ताव स्वीकार गरी आर्थिक लाभको लागि अपराध गरेको,
- प्रतिवादीले अन्य व्यक्तिसमेतलाई उक्साएर, उचालेर वा उत्तेजित पारेर अपराध कार्यमा संलग्न गराएको वा नाबालिगको समुपस्थिति वा जानकारीमा अपराध गरेको, किनभने यसबाट बाल मनोवृत्तिमा दूरगामी रूपमा नकात्मक प्रभाव पर्न सक्छ।
- बोसनिया र हरजेगोभिनाको न्यायिक अभ्यासमा असत्य कारण देखाई आरोपित व्यक्तिले अदालतमा उपस्थित हुन असमर्थता व्यक्त गरी न्यायिक काम कारबाहीलाई अनावश्यक रूपमा विलम्ब गर्न खोजेमा त्यसलाई अपराधको गम्भीरता बढाउने विशेष कारकको रूपमा ग्रहण गरिन्छ।

१.६.२ अपराधको गम्भीरता घटाउने कारक तत्त्वहरू

सजाय निर्धारणको सन्दर्भमा अपराधको गम्भीरता घटाउने कारक तत्त्वहरू पनि विचारणीय हुन्छन्। अपराधको गम्भीरतालाई कम गर्ने अवस्थाहरू मुख्यतया अपराधकर्ताको व्यक्तित्वसँग सम्बन्धित रहेका हुन्छन्। ती अवस्थाहरूलाई संक्षेपमा तल उल्लेख गरिएको छ।

- अपराधको कार्यान्वयनमा अपराधीको भूमिका गौण रहेको,
- आपराधिक कार्यबाट अपेक्षाकृत न्यून क्षति पुगेको,
- पीडितले उत्तेजित वा आक्रोशित पारेको वा उक्साहट गरेको परिणामस्वरूप अपराधीले आरोपित अपराध गर्न पुगेको,
- अपराधकर्ताले भावनात्मक आवेग वा उत्तेजना वा मानसिक हतास वा दबाबको कारणबाट अपराध गरेको,
- मानसिक विक्षिप्तता वा असन्तुलनको अवस्थामा अपराध गरेको र
- कर्तव्य ज्यान, जबर्जस्ती करणी जस्ता कतिपय गम्भीर अपराधबाहेक पहिलो पटक प्रतिवादीले सामान्य प्रकृतिको अपराध गरेको। यस सम्बन्धमा अपराधकर्ताको पूर्व राम्रो चरित्र विचारणीय हुन सक्छ। कतिपय अवस्थामा अपराधी व्यक्तिको उमेर, उसको शारीरिक वा मानसिक अवस्था र अपराध गर्दाको परिस्थिति एवम् परिवेश पनि अपराधको गम्भीरता मापनका लागि सान्दर्भिक हुन सक्छन्।

क. अपराधको गभ्मीरता न्यूनीकरण सम्बन्धमा ग्राह्य नहुने केही अवस्थाहरू

अपराधकर्ताको सामाजिक हैसियत वा पदीय जिम्मेवारी वा शक्ति अपराधको गम्भीरता न्यूनीकरण गर्ने तत्त्वको रूपमा ग्राह्य हुन सक्दैन। उदाहरणका लागि प्रहरी वा निजामती अन्य सेवाका उच्च पदाधिकारी वा सांसदको पदीय जिम्मेवारी उसको सकारात्मक चरित्रको सूचक हो भन्ने अमूर्त वा रूढिवादी धारणाको आधारमा त्यस्तो व्यक्तिले गरेको महिला हिंसा विरूद्धको हिंसामा आपराधिक दायित्व घटाउने कारक तत्त्वको रूपमा ग्रहण गर्न मिल्दैन।

अ. प्रतिवादीको पारिवारिक अवस्था

खासगरेर घरेलु हिंसासम्बन्धी अपराधमा प्रतिवादीको पारिवारिक अवस्था सामान्यतया अपराधको गम्भीरता घटाउने तत्त्वको रूपमा विचारणीय हुँदैन। तर यसको अपवादात्मक अवस्था पनि छ। प्रतिवादी बालबालिकाको भरण पोषणका लागि मुख्य रूपमा जिम्मेवार व्यक्ति भएको, घरेलु हिंसाको बारदात पहिलो पटक भएको र साह्रै गम्भीर प्रकृतिको नभएको साथै नाबालकहरूको उपस्थितिमा यस्तो घटना नभएको। यसबाहेक अन्य अवस्थाहरूमा प्रतिवादीको पारिवारिक वा आर्थिक अवस्था प्रतिवादीलाई जरिवानाको अंक तोक्ने सन्दर्भमा मात्र विचारणीय हुन सक्छ।

आ. अदालतसमक्ष प्रतिवादीको व्यक्तिगत आचरण

न्यायिक कारबाहीको सिलसिलामा अदालत समक्ष हरेक अभियुक्तबाट राम्रो आचरणको अपेक्षा गरिएको हुन्छ। तसर्थ अभियुक्तको राम्रो आचरण अपराधको गम्भीरता घटाउने तत्त्वको रूपमा मान्य हुन सक्दैन।

इ. अपराधीले व्यक्त गरेको पश्चाताप

आपराधिक कृत्यप्रति प्रतिवादीले व्यक्त गरेको पश्चतापले उक्त कार्यप्रति उसको दृष्टिकोण वा विचारलाई दर्शाउँछ। तर यस्तो पश्चाताप गम्भीरताको न्यूनीकरणको लागि स्वतः कारक तत्त्वको रूपमा ग्राह्य हुन सक्दैन। मुख्यतया घरेलु हिंसासम्बन्धी अपराधमा प्रतिवादीले व्यक्त गरेको पश्चाताप अवस्था अनुसार न्यायकर्ताले अपराधको गम्भीरता बढाउने वा घटाउने तत्त्वको रूपमा ग्रहण गर्न सक्छ। घरेलु हिंसाको आरोपित घटना पहिलो पटक भएको वा अतितमा पटकपटक हुने गरेको र घटनापश्चात् हिंसाको परिमाणप्रति प्रतिवादीको मनोवैज्ञानिक दृष्टिकोण जस्ता पक्षहरू यस सन्दर्भमा विचारणीय हुन्छन्। तसर्थ पश्चातापको तत्त्वलाई विचार गर्दा अपराधीले वस्तुतः इमान्दारीपूर्वक पश्चातापको अनुभूति गरेको छ वा न्यायकर्ताको सहानुभूति आर्जन गर्न पश्चातापलाई रणनीतिक रूपमा प्रयोग गरिरहेको छ भन्नेबारे सतर्कतापूर्वक विचार गर्न आवश्यक मानिन्छ।

परिच्छेद दुई

महिला विरूद्धको हिंसासम्बन्धी मुद्दाको कारबाही किनारा गर्दा अपनाउनु पर्ने प्रक्रिया

प्रस्तुत परिच्छेदमा लैङ्गिक हिंसा विरूद्ध हुने मुद्दाको दर्ता प्रक्रियादेखि फैसला कार्यान्वयनसम्मका विभिन्न चरणमा विचार गर्नुपर्ने कुराहरू संक्षेपमा उल्लेख गरिएको छ।

२.१ दर्ता

मुद्दा दर्ता प्रक्रियाको सहजताले न्यायमा सहज पहुँचको सुनिश्चितता प्रदान गर्न सक्दछ। फीरादपत्र, प्रतिउत्तरपत्र, निवेदन दर्तासमेतका विषयहरू पर्दछन् । महिला विरूद्धको हिंसासम्बन्भी मुद्दाहरूको दर्ता गर्दा देहायबमोजिम गर्नुपर्दछः

- महिला विरूद्धको हिंसासँग जोडिएर आएका मुद्दाहरूको दर्ता प्रक्रियालाई **स्रेस्तेदार** र सम्बन्धित कर्मचारीले सहज तुल्याइदिनु पर्दछ।
- फीरादपत्र वा प्रतिउत्तरपत्र वा निवेदनपत्र लिएर आउने हिंसा पीडित महिलालाई पक्षले लिएर आएको लिखतमा उल्लेख हुनुपर्ने कुराहरू स्पष्ट रूपमा उल्लेख गर्न सम्बन्धित कर्मचारीले प्रेरित गर्नुपर्दछ । लिखत दर्ता सम्बन्धमा रीत नपुगेको वा त्रुटि देखिएको अवस्था भए **वैतनिक कानून व्यवसायी** मार्फत त्रुटि सच्याउने गरी सहयोग पुऱ्याउन सकिन्छ।
- लिखत दर्ता गर्दा उक्त लिखतका साथमा संलग्न हुनुपर्ने कागजात, बुझाउनु पर्ने कोर्ट फी, दर्ता शुल्कका बारेमा पनि दर्ता प्रक्रियामा स्पष्टसँग बताइदिनु पर्दछ।
- मुद्दा दर्ता प्रक्रिया मुद्दाका पक्षलाई अदालतका काम कारबाही बारेमा जानकारी प्रवाह गर्ने उपयुक्त अवसर पनि हो। न्यायपालिकाको तेस्रो रणनीतिक योजनाले परामर्श सेवा (Counseling Service) को अवधारणा अघि सारेको हुँदा मुद्दाका सरोकारवाला पक्षलाई परामर्श सेवा प्रदान गर्नका लागि मुद्दा दर्ताको समय सबैभन्दा उपयुक्त समय हुन सक्दछ।
- यस क्रममा सम्बन्धित मुद्दामा अवलम्बन हुने प्रक्रियाहरू, मुद्दा टुंगो लाग्न सक्ने मोटामोटी अवधि, अदालतले उपलब्ध गराउने निःशुल्क कानूनी सहायता, कानूनी सहायतासम्बन्धी अन्य ब्यवस्थाहरू, मेलमिलाप प्रक्रियाबाट मुद्दा टुंगो लगाउन सकिने कुरालगायत अदालतमा प्राप्त हुने सेवा सुविधाहरूका विषयमा पक्षले बुझ्ने गरी जानकारी दिनुपर्दछ।
- कतिपय मुद्दामा मुद्दाका पक्ष कोर्ट फी दाखिल गर्न नसक्ने अवस्थामा पनि हुन सक्छन् । त्यस्ता पक्षलाई न्याय पाउने अधिकारबाट वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले **नेपाल कोर्ट फी ऐन, २०१७ को दफा २३** मा कोर्ट फी स्थगनको ब्यवस्था गरिएको छ। मुद्दा दर्ताका क्रममा कुनै पक्षले त्यस्तो सुविधा माग गरेमा स्रेस्तेदारले तत्कालै इजलाससमक्ष पेस गर्ने र इजलासले पनि तत्कालै सम्बोधन गर्नुपर्दछ।
- आफूसमक्ष मुद्दा लिएर आउने पक्षलाई उचित व्यवहार गर्ने, पीडितको शारीरिक र मानसिक अवस्था समेतलाई विचार गरी उपयुक्त वातावरण प्रदान गर्ने, मुद्दा दर्ता गर्दा आवश्यक पर्ने कुराहरू सहज र सरल रूपमा बुझाई दिने कार्यले न्यायमा सहज पहुँच स्थापित गर्न मद्दत गर्दछ र सम्बन्धित पक्ष अदालतप्रति विश्वस्त हुने वातावरण निर्माण हुन्छ।
- अदालतमा दर्ता हुने सामान्य खालका निवेदनका हकमा त्यसको फाराम तयार गरी सम्बन्धित पक्षसँग विवरण लिई भरी निवेदनको स्वरूप प्रदान गरी दर्ता गर्न सकिने किसिमबाट सुविधा

उपलब्ध गराउन सकिन्छ। यससम्बन्धमा सर्वोच्च अदालतबाट तयार पारिएका Templates लाई आवश्यकतानुसार उपयोग गर्न सकिन्छ ।

फीरादपत्रमा मुख्यतया उल्लेख हुनु पर्ने कुराहरू

(१) **फीरादपत्र अनुसूची ४ मा तोकिएको ढाँचामा देहायका कुराहरु खुलाई दिनुपर्नेछः**

(क) वादीको नाम, थर, वतन र निजको बाबुको नाम,

(ख) प्रतिवादी र थाहा भएसम्म निजको बाबुको नाम, थर र नियम १४ को उपनियम (१) को खण्ड (ख) अनुसारको स्पष्ट वतन,

(ग) अदालतको नाम,

(घ) फीराद गर्नुपरेको बेहोरा र वस्तुस्थिति,

(ङ) कुन ऐनअन्तर्गत अदालतको अधिकार क्षेत्रभित्र पर्ने हो सो कुरा,

(च) कोर्ट फी तिर्नु पर्नेमा बिगो खुलाई त्यसकोआधारमा कानून अनुसारको कोर्ट फी बुझाएको निस्सा,

(छ) बिगो खुल्न नसकेकोमा कोर्ट फी सम्बन्धी कानूनबमोजिमको बेहोरा,

(ज) वादीको दाबी र सोसँग सम्बन्धित कानून,

(झ) हदम्यादसम्बन्धी कुरा,

(ञ) सम्बन्धित प्रमाणहरू,

(ट) कुन कार्यविधि कानून अन्तर्गत कारवाही हुने भन्ने कुरा, र

(ठ) घर जग्गासम्बन्धी मुद्दामा आंशिक रूपमा मात्र दाबी गरी फीराद गरेको भए त्यस्तो दाबी गरिएको जग्गाको चार किल्ला कतातर्फबाट दाबी लिइएको हो सो कुरा र अन्य आवश्यक विवरण ।

(२) कुनै नेपाल कानूनमा कुनै उजुरी दिने सम्बन्धमा विशेष ढाँचा तोकिएको वा विशेष कुराको पालना गर्नुपर्ने व्यवस्था भएकोमा त्यस्तो उजुरी दिँदा ती कुराहरुको अधीनमा रही दिनुपर्नेछ ।

जिल्ला अदालत (बाह्रौ संशोधन) नियमावली, २०७३ नियम १९

सरकारवादी फौजदारी मुद्दामा खुलाउनु पर्ने कुराहरू सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १८ मा उल्लेख गरिएको छ। अभियोगपत्र सरकारी वकिलले तयार गरी अदालतमा दायर गर्ने हुँदा त्यसमा पीडित पक्षको भूमिका रहँदैन। बरु महिला विरूद्धको हिंसाबाट पीडित पक्षले अपराधको सूचना दिनु पर्ने हुँदा त्यस्तो सूचनामा उल्लेख गर्नुपर्ने विवरणका बारेमा जानकारी राख्नु जरुरी देखिन्छ। **सरकारी मुद्दा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७३** को दफा ३ ले देहायको विवरणसहितको सूचना (जाहेरी दरखास्त) दिनुपर्ने गरी ब्यवस्था गरेको पाइन्छ :

- अपराध भएको वा भइरहेको वा हुने सम्भावना भएको मिति, समय र ठाउँ।
- अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलिया।
- अपराधसँग सम्बन्धित सबुत प्रमाण
- अपराधको प्रकृति र अपराधसँग सम्बन्धित अन्य विवरण।

अनुमति लिई मुद्दा दर्ता गर्न सकिने

सोह्र वर्ष नपुगेका नाबालिग वा उमेर पुगेका भए पनि वृद्धावस्था वा शारीरिक वा मानसिक रूपमा अशक्त वा विदेश गई फर्की आउने ठेगान नभएका व्यक्तिहरूको हकमा फीरादपत्र, प्रतिउत्तरपत्र, निवेदन दर्ता गर्नुपर्ने अवस्थामा मुलुकी **ऐन, अ.वं. ८३ नं.** अनुसार अदालतको अनुमति लिई सोह्र वर्ष नाघेको हकवालाले दर्ता गर्न सकिन्छ। यस्तो अनुमतिको निवेदन स्रेस्तेदारले दर्ता गरी निकासाका लागि इजलाससमक्ष प्रस्तुत गर्नु पर्दछ। इजलासबाट त्यस्तो निवेदनमा अनुमतिको आदेश गर्दा देहायका विषय विचार गर्नुपर्ने हुन्छः-

- नाबालक वा शारीरिक वा मानसिक रूपमा अशक्त वा विदेश गई फर्की आउने ठेगान नभएको अवस्था हो होइन ? सोसम्बन्धी कुनै कागजात वा सबुत पेस भए नभएको ?
- रेखदेख गर्ने वा हकवाला वा संरक्षक हो होइन त्यसको यकिन हुने गरी सम्बन्धित स्थानीय निकायको सिफारिस । त्यसरी मुद्दा गर्न अनुमति दिनुपूर्व अदालतले स्थानीय स्तरमा कर्मचारी पठाई सर्जमिनसमेत गर्न सक्नेछ ।
- अनुमतिको लागि परेको निवेदनमा एक महिनाभित्र निर्णय गरिदिनुपर्छ ।

प्रतिपादित सिद्धान्त

सौतेनी छोरा पनि सौतेनी आमाको प्राकृतिक संरक्षक हुनसक्ने

सामान्य अर्थमा कुनै पनि व्यक्तिलाई हेरचाह र सेवा सुश्रुषा गर्ने सबैभन्दा नजिकको हकवाला नै संरक्षक हुने हुन्छ । यस्तो संरक्षकको क्षेत्रभित्र मुख्य रूपमा पत्नी, छोरा, छोरी जस्ता नजिकका नातेदारहरू प्राथमिकताको क्रमअनुसार पर्ने । सौतेनी छोरा र भतिजाबीच हकवाला एवम् संरक्षकत्वको प्राथमिकता निर्धारण गर्नेसम्बन्धी विद्यमान कानूनी व्यवस्थाबमोजिम सौतेनी छोराले प्राथमिकता नपाउने भन्न नमिल्ने। आफ्नो उदरको छोरा, छोरी नभएको अवस्थामा सौतेनी छोरा पनि सौतेनी आमाको प्राकृतिक संरक्षक हुनसक्ने र उसको संरक्षकत्त्वले भतिजोको संरक्षकत्वभन्दा प्राथमिकता पाउने ।

(भक्तध्वज प्रधान वि. प्रेमध्वज प्रधान, ने.का.प. २०६६ अंक १० नि.नं. ८२४१ पृ. १६४९)

२.२ म्याद थप

नेपालको संविधानको धारा २० मा न्यायसम्बन्धी हकअन्तर्गत उपधारा (१) र (३) अनुसार कसैलाई पक्राउ गर्नुअघि पक्राउ पुर्जी जारी गर्नुपर्ने, पक्राउ परेपछि बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रस्तुत गर्नुपर्ने र त्यस्तो अधिकारीको आदेश अनुसार मात्र कारबाही अघि बढाउनु पर्ने हुन्छ। सरकारवादी फौजदारी मुद्दामा अवलम्बन गरिने म्याद थपसम्बन्धी ब्यवस्था पनि यही संवैधानिक प्रावधानको उपज हो । यही संवैधानिक ब्यवस्थाको कार्यान्वयनका लागि **सरकारी मुद्दासम्बन्धी ऐन, २०४९** को दफा १५ मा तहकिकातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्य प्रणालीका बारेमा उल्लेख गरिएको छ । जस अनुसार अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्तिउपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको बेहोरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने र अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा एकै पटक वा पटकपटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

उल्लिखित संवैधानिक एवम् कानूनी ब्यवस्थाबमोजिम कुनै व्यक्तिलाई पक्राउ गरेपछि थुनामा राख्ने अनुमति माग गरी पहिलो पटक अदालतसमक्ष उपस्थित गराई म्याद थप गर्न ल्याउँदा मूलतः देहायका विषयमा ध्यान दिनु जरुरी हुन्छ :

- जाहेरी दरखास्त वा प्रहरी प्रतिवेदनमा उल्लेख गरिएको घटना।
- प्रतिवादीलाई पक्राउ गर्नुअघि पक्राउ पुर्जी जारी भए नभएको कुरा।
- घटनास्थल मुचुल्का तयार गरिए नगरिएको कुरा (कतिपय अवस्थामा यस्तो मुचुल्का तयार नभएको पनि हुन सक्छ)।
- प्रतिवादी पक्राउ परेको मिति र समय तथा अदालतसमक्ष प्रस्तुत गरिएको मिति र समय : यसै आधारमा चौबीस घण्टाभित्र भए नभएको हेर्नु पर्ने।
- प्रतिवादीको बयान भइसकेको भए बयान बेहोरा।
- प्रतिवादीलाई थुनामा राख्नु पर्ने अवस्थाको विद्यमानता रहे नरहेको कुरा।
- प्रतिवादीको स्वास्थ्य अवस्था र निजसँग गरिएको व्यवहार : म्याद थपका लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले आफ्नो शारीरिक जाँचको लागि निवेदन दिन सक्छ र त्यसरी निवेदन दिएमा शारीरिक जाँचका लागिसमेत छुट्टै आदेश दिन सकिन्छ ।
- प्रतिवादीलाई आफन्तसँग भेटघाट गर्न दिए नदिएको र कानून व्यवसायीसँग भेटघाट तथा परामर्श गर्न दिए नदिएको कुरा।
- गोपनीयता कायम गर्नुपर्ने अवस्थाका मुद्दा (जबरजस्ती करणी, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जिउ मास्ने, बेच्ने, हाडनाता करणी एवम् महिला विरूद्धको हिंसालगायतका मुद्दा) मा गोपनीयता कायम गरिए नगरिएको कुरा ।

पहिलो पटक म्याद थपका लागि इजलाससमक्ष प्रस्तुत गरिएपछि म्याद थपको पत्रका साथमा रहेका कागजातहरूको अवलोकन एवम् अध्ययन गर्नुका साथै माथि उल्लिखित विषयमा प्रतिवादीसँग सोधपुछसमेत गरी प्रतिवादीलाई प्रारम्भिक रूपमा थुनामा राखी मुद्दाको बाँकी अनुसन्धान गर्नुपर्ने अवस्था देखिएमा पहिलो पटकको हकमा एक हप्तामा नबढ्ने गरी म्याद थपको आदेश गर्नु उपयुक्त हुन्छ।

त्यसरी म्याद थपका लागि उपस्थित गराइएका प्रतिवादी अस्वस्थ देखिएको अवस्थामा निजलाई उपचारको व्यवस्था मिलाउनसमेत आदेशमा उल्लेख गर्नु पर्दछ।

दोस्रो पटकदेखिको म्याद थपमा अघिल्लो म्याद थपको अवधिमा भएको अनुसन्धानको प्रगति हेरी प्रतिवादीसँग आवश्यक सोधपुछसमेत गरी उपयुक्त अवधिका लागि म्याद थपको आदेश गर्नुपर्दछ।

त्यसरी म्याद थप गर्दा अनुसन्धानका लागि थुनामा राख्न सकिने अधिकतम अवधिलाई ध्यान दिनु पर्दछ। यस पुस्तिकामा समावेश भएका सरकारवादी फौजदारी मुद्दा सबैमा त्यसरी अनुसन्धानका लागि थुनामा राख्न सकिने अधिकतम अवधि २५ दिन रहेको छ।

(सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५)

केही विशेष प्रकृतिका मुद्दामा म्याद थप गर्दा विचार गर्नुपर्ने कुराहरू

क. गर्भपतनसम्बन्धी मुद्दा

- सम्बन्धित महिलाको बयान भएको छ, छैन? बयान भए आरोपको बारेमा निजले के जवाफ दिएको छ?
- शारीरिक परीक्षण गराएको अवस्था छ, छैन ? परीक्षण गराएको भए थप उपचारको आवश्यकता देखिएको छ, छैन?
- कति समयावधिको गर्भपतन भएको दाबी गरिएको छ?
- जातक फेला परेको अवस्था छ, छैन?

ख. मानव बेचबिखनसम्बन्धी मुद्दा

- पीडितको बयान प्रमाणित भएको छ, छैन? प्रमाणित भएको भए बयानमा के कस्ता कुराहरू खुलाएको अवस्था छ?
- अभियुक्तको स्वास्थ्य परीक्षण भएको छ, छैन?
- कानून व्यवसायीसँगको भेटघाटको सुविधा
- हिरासतको अवस्था (कहिले पक्राउ परेको हो?)
- अभियुक्तको बयान भएको छ छैन?
- अभियुक्तको शारीरिक परीक्षण गराई पाउँ भन्ने दाबी रहको छ, छैन?

२.३ थुनछेकको आदेश

थुनछेकको आदेशको समयमा देहायबमोजिम गर्न सकिन्छः

- जबरजस्ती करणी, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, हाडनाता करणी एवम् महिला विरूद्धको हिंसालगायतका मुद्दामा पीडित पक्षको गोपनीयता कायम गरिने हुँदा सरकारवादी फौजदारी मुद्दाका रूपमा अभियोगपत्र दायर हुने मुद्दामा प्रतिवादी उपस्थित गराएपछि प्रतिवादीको बयान र थुनछेक आदेशको छलफलसमेत बन्द इजलास कायम गरी गर्नु पर्दछ।
- अभियोग पत्रसाथ उपस्थित गराइएका प्रतिवादीको तत्कालै बयान गराउनु पर्दछ।
- प्रतिवादी चुक्ता भएपश्चात् थुनछेककै क्रममा जाहेरवाला, पीडित, घटना विवरण कागज गर्ने व्यक्तिहरू, पीडितको स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञसमेतलाई झिकाउने गरी आदेश गर्नु पर्दछ। त्यसरी साक्षी बकपत्रका लागि तोकिएको दिनमा प्रतिवादीलाई समेत आफ्ना साक्षी उपस्थित गराउन जनाउ दिनुपर्दछ। प्रतिवादीले अदालतकै तर्फबाट साक्षी बुझी पाउन अनुरोध गरेमा म्याद जारी गरी झिकाई बुझ्न सकिन्छ।
- **जिल्ला अदालत नियमावली,** २०५२ को नियम २३ग बमोजिम तोकिएका मुद्दाहरुमा लगातार कारबाही र सुनुवाइ गरिनुपर्दछ। साविकको ऐनमा लगातार सुनुवाई हुने मुद्दाहरु अपहरण तथा शरीर बन्धक, आगलागी, घरेलु हिंसा, सबै प्रकारको चोरी, जबरजस्ती करणी, जिउ मास्ने बेच्ने, ठगी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध रहेकोमा **जिल्ला अदालत (बाह्रौं संशोधन) नियमावली, २०७३ को नियम २३ग** ले निम्नलिखित मुद्दाहरुमा लगातार कारबाही र सुनुवाइ गरिने भनी संशोधित व्यवस्था गरेको छ।—

  (क) मानाचामल
  (ख) घरेलु हिंसा
  (ग) जबरजस्ती करणी
  (घ) जिउ मास्ने बेच्ने
  (ङ) मानव बेचबिखन तथा आसार पसार
  (च) मुलुकी ऐन बिहाबारी महल अन्तर्गतको मुद्दा
  (छ) जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी मुद्दा
  (ज) नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरु

  - यी मुद्दाहरु मध्ये नेपाल सरकारवादी भई चलेको फौज्दारी मुद्दाको हकमा अभियोगपत्र पेस भएपछि अभियोग लगाइएका सबै प्रतिवादीहरू उपस्थित गराइएकोमा निजहरूको बयान गराई लगातार प्रमाण परीक्षण गर्नुपर्दछ। अन्य मुद्दाको हकमा भने प्रतिउत्तर परेको वा पर्ने अवधि समाप्त भएपछि अदालतले आदेश दिएमा लगातार कारबाही र सुनुवाइ गर्नुपर्दछ।
  - लगातार कारबाही र सुनुवाइ गर्नकालागि अभियोजनकर्तालाई र प्रतिवादीलाईसमेत आफ्ना साक्षी गवाह पेस गर्न आदेश गर्नुपर्नेछ।
  - त्यसरी प्रमाण परीक्षण गरेपछि थप प्रमाण परीक्षण गर्न आवश्यक नभए तत्कालै निर्णय गर्न सकिन्छ।

- प्रतिवादी अनुपस्थित (फरार) रहेको अवस्थामा फरार प्रतिवादीका नाममा म्याद **(मुलुकी ऐन, अ.वं. ९४ नं.** अनुसार जबरजस्ती करणीको महलअन्तर्गत सजाय हुने मुद्दा र मानब बेचबिखनसम्बन्धी मुद्दामा वारेन्ट समेत) जारी गरी तदनुरूप उपस्थित भएमा वा अवधि समाप्त भएपछि मात्र प्रमाण बुझ्ने आदेश गरिन्छ।
- पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनका लागि मुद्दा दायर भए लगत्तै पीडकको अंशलगायतको सम्पत्ति रोक्का गर्नुपर्दछ।
- पीडितको बकपत्र यथासम्भव महिला कर्मचारीबाट गराउनु पर्दछ र त्यसरी बकपत्र गराउँदा निजको सहजता र मर्यादालाई ध्यानमा राखी पीडित मैत्री वातावरण कायम गराउनु पर्दछ।
- मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा निजलाई दोभाषे वा अनुवादकको ब्यवस्था मिलाइ दिनुपर्दछ।
- अभियोगपत्रसाथ उपस्थित गराइएको प्रतिवादीको बयान कार्य समाप्त भएपछि तत्कालै थुनछेक आदेश जारी गर्नुपर्दछ। यस क्रममा निजलाई थुनामा राख्ने हो वा धरौट लिई तारेखमा राख्ने हो वा साधारण तारेखमा राख्ने हो सो खुलाउनु पर्दछ। यस सम्बन्धमा मुलुकी ऐन, **अ.वं. ११८ नं.** र **विशेष अदालत ऐन, २०५९** को दफा ७ को ब्यवस्थाले स्पष्ट रूपमा मार्गदर्शन गर्दछ।

२.४ म्याद तामेली

म्याद तामेली स्वच्छ सुनुवाइको हकसँग सम्बन्धित विषय पनि हो। त्यसैले म्याद तामेली रीतपूर्वक हुनु पर्दछ। कानूनले निर्धारण गरेको प्रक्रियाअनुरूप म्याद तामेली गर्दा महिला विरूद्धको हिंसा जस्ता संवेदनशील मुद्दाहरूमा व्यावहारिक पक्षलाई पनि ध्यान दिनु जरुरी हुन्छ।

- हिंसा पीडित महिलाका नाममा जारी भएको म्याद **मुलुकी ऐन, अ.वं. ११० नं.** बमोजिम निजको एकाघरको उमेर पुगेको व्यक्तिलाई बुझाउनु रीतपूर्वक मानिन्छ। तर कतिपय अवस्थामा त्यसरी बुझाइने म्याद स्वयम् पीडक पक्षले बुझ्ने र पीडित पक्षलाई त्यसको जानकारी नहुने अवस्था पनि आउन सक्छ। जसबाट त्यस्तो म्याद तामेलीले स्वच्छ सुनुवाइको हक नै समाप्त हुने अवस्था बन्न सक्दछ। यसतर्फ अदालतका स्रेस्तेदार, म्याद तामेली फाँट र तामेलदार सजग रहनु पर्दछ। इजलासबाट पनि पेस हुन आएको मिसिलमा रीतपूर्वक र हिंसा पीडित महिलाले जानकारी पाउने किसिमबाट म्याद तामेली भए नभएको सम्बन्धमा हेर्नुपर्दछ।
- म्याद तामेली प्रक्रियालाई कसरी प्रभावकारी बनाउने र कसरी शीघ्रता प्रदान गर्ने भन्ने सम्बन्धमा **जिल्ला अदालत (बाह्रौं संशोधन) नियमावली, २०७३** को १९क देखि २३ख सम्म स्पष्टब्यवस्था गरेको छ। जसअनुसार :
- इजलाससमक्ष प्रारम्भिक सुनुवाइका क्रममा पेस हुन आएको मिसिल अध्ययन गरी म्याद तामेली रीतपूर्वक नदेखिएमा त्यस्तो म्याद बदर गरी पुनः म्याद तामेलीका लागि आदेश गर्नु पर्दछ। त्यस्तो आदेश गर्दा वैकल्पिक वतन पेस गर्न र वतन पेस गर्न नसकेको अवस्थामा वादीबाट शुल्क बुझाउन लगाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नका लागि निर्देश गर्नुपर्दछ।

- बेपत्ते तामेल भएको म्याद सम्बन्धमा तत्कालै निकासा लिई रीतपूर्वक म्याद तामेल गर्ने व्यवस्था मिलाउन पेसी नचढेको अवस्थामासमेत इजलाससमक्ष पेस गरी निकासा लिने परिपाटी बसाल्नु उपयुक्त हुन्छ।
- कुनै व्यक्तिका नाममा तामेल गर्नुपर्ने म्याद सूचना तामेल गर्न आवश्यकताअनुसार पक्षको सहयोग लिन सकिने र यसरी सहयोग मागेमा म्याद तामेलीमा आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

म्याद तामेल गराउने

१९ क. अभियोगपत्रमा प्रतिवादीको स्पष्ट वतन खुलाउनेः

१. नेपाल सरकार वादी भई दायर हुने अभियोगपत्रमा प्रतिवादीको र थाहा भएसम्म निजका बाबुको नाम, थर, वतन, भए घर नम्बर, प्रतिवादीको उमेर, पेशा, हुलिया, अन्य परिचयात्मक विवरण (जस्तो नागरिकता, पासपोर्ट आदि खुल्न सकेसम्मका विवरण) तथा खुल्न आएसम्म ईमेल, फ्याक्स, टेलिफोन नम्बर जस्ता अभिलेख हुन सक्ने विद्युतीय सञ्चारका माध्यमसम्बन्धी ठेगाना खुलाइएको हुनुपर्छ।

२. अभियोगपत्रमा प्रतिवादी बनाइएको अभियुक्तलाई मुद्दा दायर गर्दाको अवस्थामा अदालतमा उपस्थित नगराइएको भए उपस्थित गराउन नसक्नुको उपयुक्त कारण खोली निजको वतन अभियोगपत्रमा उल्लेख भएकै वतन हो भन्ने देखिने मनासिब आधार सहित अभियोगपत्र दर्ता गर्न ल्याउनुपर्छ।

३. प्रतिवादीको स्पष्ट वतन खुलाइ नल्याएको अभियोगपत्र दर्ता गर्नु हुँदैन। तर एकभन्दा बढी प्रतिवादी भएको मुद्दामा कसैको वतन स्पष्ट खुलेको र कसैको वतन खुलाइएको रहेनछ भने वतन खुलाइएका प्रतिवादीका हकमा सम्म मुद्दामा कारबाही किनारा हुने, वतन नखुलाइएकाको हकमा मुद्दा दर्ता नै नहुने भनी कारण सहितको व्यहोरा जनाइ दरपीठ गरी सोको जनाउ सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयलाई दिनु पर्छ।

४. अदालतमा दायर भएको कुनै सरकारबादी हुने फौजदारी मुद्दामा अभियोगपत्रमा खुलाइएको वतन वास्तविक वतन नभएको कारणबाट म्याद तामेल हुन सकेको रहेनछ भने त्यस्ता प्रतिवादीका हकमा मुद्दा तामेलीमा राख्न सकिनेछ। पछि त्यस्तो प्रतिवादीको यकिन वतन स्पष्ट खुलाइ मुद्दामा कारबाही किनारा गरी पाउँ भनी सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयबाट निवेदन पर्न आएमा तामेलीबाट जगाइ बाँकी कारबाई र किनारा गर्नुपर्छ।

२०. फीरादपत्र दर्ता गर्ने र भर्पाई दिने:

फीरादपत्र दर्ता हुन आएपछि रीत बेरीत जाँची त्यसमा दस्तुर वा कोर्ट फी आदि लिनुपर्ने भए लिई उसै दिन दर्ता किताबमा दर्ता गरी फीरादपत्रवालालाई त्यसको निस्सा वा तारिख उसै दिन दिनुपर्छ।

२१. रीत नपुगेको फीरादपत्र:

यस नियमावली वा कुनै कानून अनुसारको रीत नपुगेको फीरादपत्रको पीठमा रीत नपुगेको रीत पुऱ्याउनको लागि सात दिनसम्म समय दिई स्रेस्तेदारको आदेशले फीर्ता दिनुपर्नेछ। रीत पुगेको रहेछ वा सात दिनसम्म रीत पुऱ्याई ल्याएछ भने स्रेस्तेदारले दर्ता गर्न आदेश दिनुपर्छ।

२२. समाह्वान वा इतलायनामा तामेल गराउने:

१. फीरादपत्र दर्ता भएपछि स्रेस्तेदारले प्रतिवादीलाई समाह्वान, इतलायनामा, म्याद वा सूचना पठाउने आदेश उसै दिन गरी म्याद तामेल गराउनको लागि तीन दिनभित्र सम्बन्धित फाँटमा पठाउनु पर्नेछ।

२. म्याद तामेल गर्ने कर्मचारीले सो म्याद तामेल गर्न बुझी लिएको मितिले बाटाको म्याद बाहेक पन्ध्र दिनभित्र तामेल गरी तामेली प्रतिवेदन पेश गर्नु पर्नेछ ।

३. उपनियम (२) बमोजिमको अवधिभित्र म्याद तामेल गर्न नसकेको मनासिब कारण देखाउन नसकेमा त्यस्तो तामेलदार उपर प्रचलित कानूनबमोजिम विभागीय कारबाही र सजाय हुनेछ।

४. समाह्वान, इतलायनामा, म्याद वा सूचना तामेल गर्न खटिएको कर्मचारीले कुनै मनासिब कारणले सो म्याद तामेल गर्न नसकेमा वा तामेल गर्न नसक्ने कुनै मनासिब कारण देखिएमा स्रेस्तेदारले जिल्ला न्यायाधीशलाई पूर्व जानकारी गराइ अदालतको अन्य जुनसुकै कर्मचारीलाई खटाइ तामेल गराउन सक्नेछ।

२२क. विद्युतिय माध्यम वा पत्रिकामा सूचना प्रकाशन गरेर वा अन्य सरकारी अड्डा वा स्थानीय निकाय समेतबाट पनि म्याद तामेल हुन सक्ने:

(१) मुलुकी ऐन, अ.वं. महलको ११० नं. बमोजिम तोकिएको प्रक्रियाबाट म्याद तामेल हुन नसकेमा देहायबमोजिम म्याद तामेल गराउन सकिनेछ। यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिने छ।

(क) म्याद तामेल गरिनु पर्ने व्यक्तिको कुनै टेलेक्स, फ्याक्स, ईमेल वा अभिलेख हुन सक्ने विद्युतिय माध्यमको ठेगाना भए सो माध्यमबाट,

(ख) मुद्दाको प्रकृति हेरी प्रतिवादीले म्याद तामेली भएको जानकारी सहजरूपमा पाउन सक्ने मनासिब आधार र कारण छ भनी इजलासबाट आदेश भएमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना

प्रकाशित गरेर वा विद्युतीय माध्यम रेडियो तथा टेलिभिजनबाट सूचना प्रसारण गरेर।

यसरी म्याद तामेल गर्दा लाग्ने खर्च वादीबाट असुल गरी पछि कोर्ट फी सरह भराइ दिनु पर्छ।

(ग) अन्य सरकारी अड्डा वा स्थानीय निकाय मार्फत तामेल गर्न पठाउँदा सो म्याद तामेल हुन सक्ने मनासिव आधार छ भन्ने सम्झी ईजलासबाट आदेश भएमा सो अड्डा वा निकायबाट समेत म्याद तामेल गर्न गराउन सकिनेछ।

२२ ख. अदालत स्वयम अदालत स्वयम्ले म्यादी पुर्जी वा समाव्हान तामेल गर्न सक्नेः

मुलुकी ऐन, **अ.वं. महलको ९४ नं.** बमोजिम जारी हुने म्यादी पुर्जी सम्बन्धित प्रहरी कार्यालयबाट तामेल भई आएकोमा सो म्याद बेरीतको भएको वा अन्य कुनै कारणले पुनः म्यादी पुर्जी जारी गरी तामेल गराउनु पर्ने हुन आएमा अदालतकै कर्मचारीद्वारा पनि तामेल गराउन सकिनेछ ।

स्पष्टीकरणः यसरी अदालतकै कर्मचारीबाट म्यादी पुर्जी तामेल गराइएको अवस्थामा पनि **मुलुकी ऐन, अ.वं. महलको ९४ नं.** बमोजिम जारी भएको वारेण्टबमोजिमको मानिसलाई पक्राउ गर्ने लगायतका प्रहरी कार्यालयले निर्वाह गर्नुपर्ने कर्तव्य सो कार्यालयले पूरा गर्नुपर्छ ।

२२ ग. म्याद तामेल गर्दा रोहवरमा राख्न सक्नेः

मुलुकी ऐन **अ.वं. महलको ११० नं.** बमोजिम म्याद तामेल गर्न जाँदा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा सचिव भेटाउन नसकेमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा रहेका सरकारी अड्डाका कम्तीमा राजपत्र अनंकित तृतीय श्रेणी वा सो सरहका कर्मचारी रोहवरमा राखि म्याद तामेल गर्न सकिनेछ।

२३. तामेली आएपछि गर्नु पर्ने कारबाहीः

समाह्वान वा इतलायनामाको तामेली आएपछि स्रेस्तेदारले रीतपूर्वक तामेल भएको छ वा छैन हेरी आवश्यक भए फाँटवालाको प्रतिवेदन समेत लिई रीतपूर्वक वा बेरीतका जाँची बेरीतको देखिए बदर गरी पुनः रीतपूर्वक तामेल गर्न लगाइ रीतपूर्वकको तामेली प्रति मिसिल साथ राखी पेश गर्नु पर्दछ। यसरी तामेल भई आएको म्याद अर्को अड्डाबाट तामेल गर्न पठाईएको म्याद भए पनि सो म्याद समेत रीतपूर्वक तामेल भएको छ वा छैन भन्ने हेरी बेरीतको देखिए बदर गरी पुनः म्याद जारी गरी रीतपूर्वक तामेल गराइ वदर भएको तामेली म्यादको प्रति र पछि रीतपूर्वक तामेल भएको म्याद समेत स्रेस्तेदारले सम्बन्धित अदालतमा पठाइदिनु पर्छ। यसरी जारी गरिने म्यादको ढाँचा पहिले जारी भएको म्यादकै ढाँचामा व्यहोरासम्म सामान्य हेरफेर गरी मिलाई जारी गर्न सकिनेछ।

२३ क. प्रतिउत्तर पत्र लिनेः

(१) जारी भएको समाह्वान वा इतलायनामामा तोकिएको म्यादभित्र प्रतिउत्तरपत्र दिन ल्याए स्रेस्तेदारले रीतपूर्वक भए वा नभएको जाँची रीतपूर्वकको भए प्रतिउत्तर दर्ता गरी मिसिल सामेल राखी इजालास समक्ष पेश गर्नु पर्दछ ।

(२) प्रतिउत्तरपत्र दिंदा अनुसूची —४ क को ढाँचामा दिनु पर्दछ।

२३ ख. तारिख दिने : (१) वादी प्रतिवादीलाई तारिख तोक्दा सो तोकिएका तारिखका दिन गरिने कामको व्यहोरा तारिख भर्पाई र तारेख पर्चामा खुलाइ मुद्दाका दुवै पक्षलाई एकै मिलानको मिति, समय उल्लेख गरी तारिख तोक्नु पर्छ।

(२) तोकिएको तारिखको समयमा मुद्दाका दुवै पक्ष उपस्थित भएमा दुबै पक्षलाई राखी मुद्दामा गर्नु पर्ने कारबाही गर्नु पर्छ। तारिखमा तोकिएको समयमा मुद्दाका कुनै पक्ष उपस्थित हुन नआए पनि मुद्दामा गर्नु पर्ने कारबाही गर्न, अर्को पक्षलाई तारिख दिन वा मुद्दाको सुनुवाइ गर्न रोकिने छैन। तोकिएको समयमा हाजिर हुन नआई ढिलो गरी हाजिर हुन आउने मुद्दाको अर्को पक्षलाई तारिख दिंदा पहिले तारिख लिई गएको पक्षलाई तोकिएको मिति र समयकै मिलान हुने गरी तारिख तोक्ने गर्नुपर्छ।

जिल्ला अदालत (बाह्रौ संशोधन) नियमावली, २०७३

प्रतिपादित सिद्धान्तहरू

निवेदिकाको ठेगानामा म्याद तामेल नगरी निजको घर डेरा पत्ता नलागेको भनी बेपत्ते म्याद सार्वजनिक स्थानमा तामेल भई आएको, त्यस्तो म्यादलाई रीतपूर्वकको नभई त्रुटिपूर्ण हुँदा निवेदिकाका नाउँमा तामेल भएको भनीएका म्याद र सो आधारमा काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६०।५।१५ को फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब यी रिट निवेदक मन्जु अग्रवाललाई आफ्नो नाममा मुद्दा परेको जानकारी भईसकेकोले यो आदेशको जनाउ त्यस अदालतमा दाखिला भएको ३५ दिनभित्र निजले प्रतिउत्तर दिए लिई कानूनबमोजिम फैसला गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ।

अदालतबाट तामेल हुने म्यादको सम्बन्धमा भविष्यमा यस्तो गल्ती पुनरावृत्ति नहुने ब्यवस्थाको निमित्त यसमा कार्यरत कर्मचारीको दक्षता अभिवृद्धि गर्ने र म्याद तामेल कार्य अझ बढी प्रभावकारी बनाउन के कस्तो कदम चाल्नु पर्दछ त्यसतर्फ आवश्यक कदम उठाउन यो फैसलाको प्रतिलिपि सर्वोच्च अदालत मुद्दा ब्यवस्थापन समितिलाई उपलब्ध गराई मिसिल नियमानुसार बुझाई दिनू।

(मन्जु अग्रवाल वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत वि. इष्ट इण्डिया निटवेयर लि., संवत् २०६२ सालको रिट नं. २५९९, आदेश मितिः २०६५।१।१३।५, संयुक्त इजलास)

__मुलुकी ऐन, अ.वं. ५९__ मा यस __महलको १४ र १९८ नं.__ बमोजिमको म्यादभित्र मुद्दा फैसला नभई तारेख गुज्रेमा फेरि ३ पटकसम्म गरी ६० दिनसम्मको गुज्रेको तारेख मुद्दा सुन्ने अड्डाले थामी दिन सक्नेछ भन्ने व्यवस्था भई सामान्य कार्यविधि अपनाउनु पर्ने मुद्दाको लागि म्याद तारेख थाम्ने व्यवस्था भएको देखिन्छ। __संक्षिप्त कार्यविधि ऐन, २०२८__ को दफा १० र ११ख मा पनि __मुलुकी ऐन, अ.वं.__ को १४ र १९८ नं. मा भएको व्यवस्था जस्तै) मुद्दा छिन्नु पर्ने अवधि ९० दिन तोकेको देखियो। तर ऐनको दफा १४(२) मा यस ऐनबमोजिम हेरिने मुद्दामा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियममा लेखिएदेखि बाहेकका कार्यविधिसम्बन्धी अन्य कुराहरू प्रचलित नेपाल कानूनबमोजिम हुनेछ भनी व्यवस्था गरिएको र संक्षिप्त कार्यविधि ऐनअन्तर्गत हेरिने मुद्दामा ऐनको दफा ८ को प्रतिबन्धात्मक वाक्यांशले काबुभन्दा बाहिरको परिस्थितिमा १५ दिन थाम्नेबाहेक म्याद तारेख थाम्न नसक्ने व्यवस्था भएको र सोही ऐनले नै मुद्दा छिन्ने अवधिसमेत ९० दिन भनी तोकिएको र __अ.वं. ५९ नं.__ ले संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा १० र ११ख लाई नअँगालेको अवस्थामा __अ.वं. ५९__ को व्यवस्था भएको अ.वं. १४ र १९८ नं. को म्यादमा मुद्दा नछिनिएको अवस्थामा पाउने ६० दिनको सुविधा संक्षिप्त कार्यविधि ऐन, २०२८ ले व्यवस्था गरेको म्यादभित्र मुद्दा नछिनिएको अवस्थामा आकृष्ट नहुने हुँदा __अ.वं. ५९ नं.__ लगाई सो म्याद तारेख थामी दिन नमिल्ने।

__संक्षिप्त कार्यविधि ऐन, २०२८__ को दफा १४(१) मा यस ऐनबमोजिमको कार्यविधि अपनाउनु पर्ने मुद्दामा सोबमोजिमको कार्यविधि नअपनाई अन्य प्रचलित नेपाल कानूनबमोजिमको सामान्य कार्यविधि अपनाएको रहेछ भने पनि सो कारणले मात्र भइसकेको कारबाही बदर हुने छैन भन्ने उल्लेख भएको र यस विषयमा मातहतका जिल्ला अदालतहरूमा एकरुपता नभई कतिपय अदालतहरूबाट यस्तोमा __अ.वं. ५९__ अन्तर्गत थाम्ने गरेको पनि बुझिएकोले प्रस्तुत मुद्दामा नथाम्दा मर्का पर्ने भएकाले जिल्ला अदालतले यस मुद्दामा तारेख थामेको सम्म बदर गर्न उचित नहुँदा सो बदर हुँदैन। अब उप्रान्त संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतका मुद्दाहरूमा सुरु र पुनरावेदन तहको कार्यविधिसमेतमा संक्षिप्त कार्यविधि ऐनअन्तर्गतकै कार्यविधि अपनाउनु पर्ने भएकाले संक्षिप्त कार्यविधि ऐनले तोकेको मुद्दा किनारा गर्ने म्याद नाघेको अवस्थामा __अ.वं. ५९ नं.__ लगाई म्याद तारेख थाम्न मिल्दैन, नथाम्नु भनी मातहतका अदालतहरूलाई यो आदेशको जानकारी गराई दिनू।

(अम्बरकुमार खड्का वि. जयन्ती खड्का, ने.का.प. २०४९, अंक १०, निर्णय नं. ४६२८)

२.५ म्याद तारेख

- वादी प्रतिवादीलाई तारेख तोक्दा सो तोकिएको तारेखका दिन गरिने कामको बेहोरा तारेख भर्पाई र तारेख पर्चामा खुलाई मुद्दाका दुवै पक्षलाई एकै मिलानको मिति, समय उल्लेख गरी तारेख तोक्नुपर्दछ। तारेख तोक्दा त्यसरी तोकिएको छ छैन भन्ने सम्बन्धमा न्यायाधीशले पनि समय समयमा अनुगमन गर्ने र निर्देशन दिने पद्धति बसाल्नु पर्दछ।
- म्याद तामेल भएअनुसार उपस्थित हुन आउने वा नियमित रूपमा तारेखमा उपस्थित हुन आउने पीडित महिलालाई तारेख तोक्नुअघि निजसँग निजको समस्याका बारेमा बुझेर यथासम्भव

निजको अनुकूल हुने गरी तारेख तोक्नु पर्दछ। तारेखमा उपस्थित हुने पीडित महिलाप्रति उचित व्यवहार गर्ने र निजलाई बस्ने उपयुक्त ब्यवस्था मिलाउने विषयमा पनि संवेदनशील हुनुपर्दछ।

- मुद्दालाई न्यायाधीशको नियन्त्रणमा राख्नु पर्ने नवीनतम दृष्टिकोणलाई क्रियान्वित गर्न कतिपय मुद्दा (विशेषतः लगातार सुनुवाइ गरिने मुद्दा) मा इजलासबाटै तारेख तोक्ने प्रचलन पनि सुरु भईसकेको छ। त्यसरी इजलासले तारेख तोक्दा सम्बन्धित पक्षसँग छलफल गरी तोक्नुपर्दछ।
- आफ्नो काबु बाहिरको परिस्थिति परी म्याद तारेख गुज्रन गएमा देहायबमोजिम थमाउन सक्नेछ :

आफ्नो काबुबाहिरको परिस्थिति परी म्याद तारेख गुज्रन गएमा थमाउन पाउने कारण र अवधि

तारेख गुज्रेको कारण	थमाउन पाउने अवधि	पेस गर्नुपर्ने प्रमाण
किरिया बस्नु परेमा	किरिया समाप्त भएको मितिले १५ दिनभित्र (अ.वं. ६२ नं.)	मृत्यु दर्ता र नाता प्रमाणित प्रमाणपत्र
सुत्केरी भएमा	सुत्केरी भएको मितिले ३५ दिनभित्र (अ.वं. ६२ नं.)	जन्म दर्ता प्रमाणपत्र वा सिफारिस
मारी वा बौलाहा वा बेपत्ता भएमा	त्यस्तो भएको मितिले ३५ दिनभित्र (अ.वं. ६२ नं.)	मृत्यु दर्ता प्रमाणपत्र/ बौलाहा /बेपत्ता भएको निस्सा
सरकारी काजमा खटिएकोमा	तारेख गुज्रेको मितिले ३५ दिनभित्र (अ.वं. ६२ नं.)	काजमा खटिएको प्रमाण
बाटो बन्द भएको वा दैवी प्रकोप परेमा	बाटो खुलेको वा दैवी परेको मितिले १० दिन (अ.वं. ६२ नं.)	स्थानीय निकाय वा सरकारी अड्डाबाट सो बेहोरा खुलेको निस्सा
संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दामा	१५ दिन बढीमा २ पटक (दफा ८)	कारण खुलेको निवेदन

विशेष अदालत ऐन, २०५९ अन्तर्गतको मुद्दामा	एक पटकमा बढीमा १५ दिन (दफा ११)	कारण खुलेको निवेदन
अन्य मुद्दामा काबुबाहिरको परिस्थिति परेमा	बढीमा ३० दिन तीन पटकसम्म (अ.वं. ५९ नं.)	कारण खुलेको रीतपूर्वकको निवेदन

प्रतिपादित सिद्धान्तहरू

मुलुकी ऐन, अ.वं. ६२(३) नं. *को ब्यवस्था मुद्दा सकार गर्नेसम्बन्धी ब्यवस्था हो। मुद्दामा हाजिर हुनुपर्ने पक्ष मरे, बहुलाए, बेपत्ता भएमा निजको दैयादारले ३५ दिनभित्र मुद्दा सकार गर्ने अवस्था पर्दछ। वारेसको आफ्नो मुद्दा नहुने हुँदा वारेसको दैयादारको रूपमा मुद्दाको सम्बन्धित पक्ष कायम हुन सक्ने हुँदैन।*

मुद्दाको पक्षको, दैयादारले मुद्दामा उपस्थित हुनुपर्ने पक्ष मरे, बहुलाए वा बेपत्ता भएमा सो मितिले ३५ दिनभित्र मुद्दा सकार गर्नुपर्ने कानूनी ब्यवस्था भएकाले त्यस्ता दैयादार वारेसको दैयादार भन्न नमिली मुद्दाका पक्षको दैयादारलाई जनाउने हुँदासमेत वारेस बेपत्ता भएको कारणले मुद्दा सकार गर्न पाउने कानूनी ब्यवस्था नदेखिने।

(देवलाल राजकर्णिकार वि. नुवाकोट जिल्ला अदालत, ने.का.प. २०५८, अंक ५/६ नि.नं. ७०१० पृ. ३३५)

बकसपत्र दिनेको मृत्यु भएपछि निजले गरिदिएको शेषपछिको बकसपत्रको नाताले निजको हक बकस पाउनेमा सर्ने र निज बकस दिनेको अंश भागमा बकस पाउनेको हक स्थापित हुने।

मुद्दा चल्दाचल्दै बकस दिनेको मृत्यु भएकोमा निजले गरिदिएको शेषपछिको बकसपत्रबमोजिम निजको अंश भागको दैयादार बकस पाउने मानिने।

(लक्ष्मी सिलवाल वि. गोविन्दबहादुर खत्री, ने.का.प. २०४५ अंक ८ नि.नं. ३५५० पृ. ७९६)

२.६ प्रमाण मुकरर

- सुनुवाइका क्रममा महिला विरूद्धको हिंसासम्बन्धी मुद्दाहरू प्राथमिकतामा पर्दछन्। त्यस्ता मुद्दाहरूलाई छिटो छरितो रूपमा न्याय निरुपण गरिनु पर्ने हुन्छ।
- प्रतिउत्तर परी दुवै पक्षका कुरा मिलेको देखिन आएमा तुरुन्त निर्णय सुनाउनु पर्दछ। **अ.वं. १८४क नं.** ले त्यसरी तत्कालै निर्णय दिने अनुमति प्रदान गरेको छ।
- प्रतिउत्तर नपरेको वा परेको भए पनि दुवै पक्षको मुख नमिलेको अवस्थामा प्रमाण बुझ्ने आदेश गर्नु पर्दछ।

- मुद्दा इजलाससमक्ष पेस भएपश्चात् मिसिल संलग्न रहेका कागजातहरूको समग्र अध्ययन गरी तथ्यगत स्पष्टता पछि सो मुद्दामा के के प्रमाण बुझ्नुपर्ने हो भन्ने यकिन गरी बुझ्नुपर्ने प्रमाण समेटेर एकैचोटी आदेश गर्नुपर्दछ। प्रमाण बुझ्ने नाउँमा मुद्दासँग असम्बन्धित प्रमाण बुझ्नु हुँदैन। यसले मुद्दालाई निष्कर्षमा पुऱ्याउन थप जटिलता पैदा गर्न सक्दछ। यही प्रयोजनका लागि प्रमाण मुकरर पेसीलाई पूर्व सुनुवाइ छलफल (Pre trial Conference) का रूपमा अभ्यास गर्न सकिएमा दुवै तर्फका कानून व्यवसायी र पक्षसमेतसँगको छलफलबाट मुद्दामा बुझ्नुपर्ने सबै कुराहरू समेटिन सक्दछन् र अनावश्यक कुराहरूलाई बाहेक गर्न पनि सहज हुन्छ।
- महिला विरूद्ध हुने हिंसासम्बन्धी कतिपय मुद्दामा पीडित पक्षलाई तत्कालै राहत उपलब्ध गराउनु पर्ने पनि हुन सक्छ। जस्तैः माना चामल मुद्दामा, भरणपोषण खर्च, घरेलु हिंसा मुद्दा, बोक्सीको आरोपसम्बन्धी मुद्दामा संरक्षणात्मक आदेशअन्तर्गत उपचार खर्च वा निर्वाहका लागि मासिक खर्च उपलब्ध गराउने गरी आदेश गर्न सकिन्छ। पक्ष स्वयम्ले माग गरेको अवस्थामा सो विषयमा छुट्टै सुनुवाइ पनि हुन सक्छ। त्यसरी छुट्टै सुनुवाइ नभएको अवस्थामा प्रमाण मुकररकै क्रममा पनि सो विषयमा छलफल गर्न सकिन्छ। त्यसबाहेक छलफलका क्रममा पनि त्यस्तो विषय उठ्न सक्दछ, जसलाई तत्कालै सम्बोधन गरिनु पर्दछ।
- प्रमाण मुकररका लागि हुने सुनुवाइले मुद्दाका पक्षलाई निजको मुद्दामा अवलम्बन गरिने प्रक्रियाका बारेमा स्पष्टरूपमा जानकारी प्रदान गर्ने (Counselling), मुद्दालाई शीघ्रता प्रदान गर्ने र मुद्दाका पक्षलाई तत्कालै न्यायको अनुभूति दिलाउनु पर्ने अवस्थामा तत्कालै कुनै आदेशद्वारा सम्बोधन गर्ने अवसर प्रदान गर्ने हुँदा न्यायाधीशले यो प्रक्रियालाई सार्थक बनाउने ढंगबाट व्यवस्थापन गर्नुपर्दछ।

प्रमाण ऐन, २०३१

दफा ३— प्रमाण बुझ्न हुने कुराहरू :

अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ।
स्पष्टीकरणः "सम्बद्ध कुरा" भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनु पर्छ।

अ.वं. १८४क नं. : प्रतिउत्तरपत्र परी झगडियाहरूको उपस्थितिको निमित्त तोकिएको तारेखमा दुवै पक्षको रोहवरमा फीरादपत्र र प्रतिउत्तरपत्र तथा दाखिल भएको सबै लिखत हेरी देखाई वादी प्रतिवादीसँग आवश्यक कुरा सोधपुछसमेत गरी त्यसबाट दुवै थरको कुरा मिले नमिलेको अड्डाले विचार गरी कुरा मिलेको देखिन आएमा तुरुन्त निर्णय सुनाउनु पर्छ। दुवै थरको कुरा आंशिक वा पूर्णरूपमा नमिलेको देखिन आएमा जुन जुन कुरा नमिली इन्साफ गरी ठहराउनु पर्ने हो सो कुराहरू र त्यस सम्बन्धमा बुझ्नुपर्ने प्रमाणहरू स्पष्ट खोली पर्चा खडा गरी सबुत प्रमाण झिकाउन आदेश दिई सबुत प्रमाण बुझ्ने तारेखसमेत तोक्नु पर्छ। प्रमाण बुझ्न तोकिएको तारेखमा अड्डाले यसै महलको ७८ नं. बमोजिम कारबाही गर्नुपर्छ।

- सामान्यतया मुद्दाको प्रारम्भिक सुनुवाइका क्रममा बुझ्नुपर्ने देखिएका प्रमाणहरू बुझ्ने गरी आदेश गरिन्छ। मुद्दामा बुझ्नु पर्ने प्रमाणहरू यथासम्भव एकैचोटी बुझ्नु पर्दछ। यदि त्यसरी प्रमाण बुझिएमा मुद्दामा छिटो अंग पुग्ने र छिटो किनारा गर्न सम्भव हुन्छ।
- अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुरा (मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरा) को मात्र प्रमाण बुझ्न हुन्छ।

(प्रमाण ऐन, २०३१ को दफा ३)

- देवानी मुद्दा र दुनियावादी फौजदारी मुद्दामा प्रतिउत्तर परेपछि वा प्रतिउत्तर पर्ने अवधि व्यतित भएपछि र सरकारवादी फौजदारी मुद्दामा प्रतिवादी चुक्ता भएपछि वा प्रतिवादीका नाममा जारी भएको म्याद व्यतित भएपछि प्रमाण बुझ्ने काम गरिन्छ। त्यसैले मुद्दा इजलास समक्ष पेस हुने पहिलो पेसी तारेखलाई प्रमाण मुकरर पेसीको संज्ञा दिने गरिन्छ।

प्रमाण बुझ्ने सम्बन्धी कानूनी ब्यवस्था

प्रमाण बुझ्नेसम्बन्धी कानूनी ब्यवस्था	मुलुकी ऐन, अ.वं. महल
नेपाल सरकार वादी भई सरजमीनमा गई तुरुन्त बुझ्नुपर्ने बाहेक देवानी मुद्दामा प्रतिवादीहरूको प्रतिउत्तरपत्र परिनसकी वा प्रतिउत्तरपत्र नलाग्ने अवस्था पुगिनसकी र फौजदारी मुद्दामा बयान वा प्रतिउत्तर लिइनसकी वा सो नलाग्ने अवस्था पुगिनसकी प्रमाण बुझ्न हुँदैन।	१३७ नं.
वादी प्रतिवादीका पेटबोलीमा लेखिएको मानिस नबुझी मुद्दा नछिनिने देखिएमा प्रमाणका तवरले अड्डाबाट बुझ्नु हुन्छ। सो बुझ्दा प्रतिवादीसरह कारणी देखिन आएमा प्रतिवादीसरह प्रमाणसमेत खुलाई बयान लिई कारणी सरह नै तारेखमा राखी उसले दिएको प्रमाणसमेत बुझी र सो व्यक्ति प्रमाण सरहसम्म देखिएमा बयानसम्म गराई फैसला गर्नुपर्छ।	१३९ नं.
प्रतिउत्तर परेकोमा सरकारी अड्डामा रहेको समेत दुई थरको प्रमाण बुझ्नलाई प्रतिउत्तर दर्ता भएको मितिले र तोकिएका तारेखमा प्रतिउत्तर दिन नसकी एकतर्फी हुने भएकोमा एकतर्फी प्रमाण बुझ्नालाई सो तारेख गुज्रेका मितिले सात दिनदेखि बढ्ता मनासिब माफीकको कारणले बाहेक ढिला गर्न हुँदैन।	१४० नं.

प्रतिउत्तरपत्र परी झगडियाहरूको उपस्थितिको निमित्त तोकिएको तारेखमा दुवै पक्षको रोहवरमा फीरादपत्र र प्रतिउत्तरपत्र तथा दाखिल भएको सबै लिखत हेरी देखाई वादी प्रतिवादीसँग आवश्यक कुरा सोधपुछसमेत गरी त्यसबाट दुवै थरको कुरा मिले नमिलेको अड्डाले विचार गरी कुरा मिलेको देखिन आएमा तुरुन्त निर्णय सुनाउनु पर्छ। दुवै थरको कुरा आंशिक वा पूर्णरूपमा नमिलेको देखिन आएमा जुन जुन कुरा नमिली इन्साफ गरी ठहराउनु पर्ने हो सो कुराहरू र त्यस सम्बन्धमा बुझ्नुपर्ने प्रमाणहरू स्पष्ट खोली पर्चा खडा गरी सबुत प्रमाण झिकाउन आदेश दिई सबुत प्रमाण बुझ्ने तारेखसमेत तोक्नु पर्छ। प्रमाण बुझ्न तोकिएको तारेखमा अड्डाले यसै महलको ७८ नं. बमोजिम कारबाही गर्नुपर्छ। त्यसरी प्रमाण बुझी मुद्दाको अंग पुगेपछि प्रमाणको मूल्याङ्कन गरी मुद्दाको फैसला गरिन्छ।	१८४ क नं.
१८४क. नं. बमोजिम अड्डाले बुझ्नुपर्ने भनी ठहराएका प्रमाणहरू बुझिसकेपछि अड्डाले मुद्दाको छलफल गर्नालाई तारेख तोकी सो तोकिएको दिनमा हाजिर भएसम्मका झगडियालाई राखी झगडियाले कुनै लिखित बहस पेस गरे सोसमेत लिई मिसिल सामेल राखी छलफल गरी ठहराई दुवै थरका हकमा जो दिने सजायसमेत सुनाई सो कायम भएको ठहर राय उसै दिन राय लेख्ने किताबमा लेखी निर्णय गर्ने अधिकार प्राप्त व्यक्तिले सहीछाप गर्नुपर्छ र उपस्थित रहेका झगडियाको समेत सहीछाप गराउनु पर्दछ। राय कायम भईसकेपछि मनासिब कारणले बाहेक फैसला लेख्न सात दिनभन्दा बढी ढिला गर्नु हुँदैन। फैसला लेख्दा अड्डाले मुद्दाको संक्षिप्त बेहोरा, झगडियाहरूका कुरा नमिली इन्साफ गरी ठहराउनु पर्ने कुरा, त्यस सम्बन्धमा कुनै झगडिया वा कानून व्यवसायीले बहस गरेको भए सो बहसको मुख्य मुख्य बुँदाहरू र त्यस सम्बन्धमा अड्डाले निर्णय र त्यसको आधार तथा तत्सम्बन्धी कानूनहरूसमेत प्रत्येक कुराहरू प्रकरण छुट्याई छुट्टा छुट्टै उल्लेख गर्नुपर्छ। माथि लेखिएबमोजिमको प्रमाण बुझी सकेपछि उसै दिन मुद्दा किनारा गर्न मुद्दाको जटिलताले गर्दा बढी अध्ययन वा मनन गर्न आवश्यक भएको वा एकभन्दा बढी व्यक्ति भएको निर्णयकर्ताको इजलासबाट मुद्दाको सुनुवाइ भइ परस्परमा छलफल गरी राय कायम गर्न बढी समय आवश्यक भएको कारणले नसकिने भएमा त्यस सम्बन्धमा कारणसहितको पर्चा खडा गरी मुद्दा किनारा गर्न अर्को तारेख तोक्नु पर्छ। कुनै कारणले मुद्दा किनारा गर्न अनिश्चित कालसम्म अर्को तारेख तोक्न	१८५ नं.

नसकिने भएमा यसै महलको १५ नं. बमोजिमको कारबाहीसमेत गर्नुपर्छ र मुद्दामा प्रमाण बुझ्नेसमेतको पुरा गर्नुपर्ने कार्यविधि पुरा भईसकेकोमा पक्षले तारेखमा बस्न नचाहेमा पछि अड्डाबाट सूचना पाएका बखत हाजिर हुने गरी झगडियालाई सूचना दिने ठेगानासमेत उल्लेख गरी कागज गराई तारेख छुटाई दिनुपर्छ।	
अड्डाले तोकेको कुनै एकथर झगडिया हाजिर हुन नआएमा सो गुज्रेको म्याद वा तारेख थाम्ने म्याद गुज्रेको पन्ध्र दिनभित्र अड्डाले देहायबमोजिम मुद्दाको कारबाही र किनारा गर्नुपर्छ :	१८५क नं.
(१) वादी हाजिर रहेको तर प्रतिवादी हाजिर नरहेको भए वादीको सबुत प्रमाण सबै बुझी मिसिल सामेल रहेको वादी प्रतिवादीको सबै सबुत प्रमाण हेरी त्यसको आधारमा मुद्दा फैसला गर्नुपर्छ।	
(२) नेपाल सरकार वादी हुने मुद्दाबाहेक अरू मुद्दामा प्रतिवादी हाजिर भएको तर वादी हाजिर नभएकोमा प्रतिउत्तरपत्र र मिसिल सामेल रहेका अरू प्रमाणबाट प्रतिवादीले वादीको दाबी पुरै वा आंशिक तवरले स्वीकार गरेको देखिन आएमा वा ठहरेमा सो हदसम्म इन्साफ गर्ने गरी र स्वीकार नगरेको वा नठहरेको हदसम्म डिसमिस गर्ने गरी मुद्दा फैसला गर्नुपर्छ।	
(३) माथि दफा २ बमोजिम आंशिक वा पुरै डिसमिस भएको मुद्दामा पुरै डिसमिस भएसरह यसै महलको १७९ नं. बमोजिम हुन्छ। डिसमिस गराएबापत हुने सजायका हकमा भने डिसमिस भए जति दाबीका हिसाबले मात्र सजाय हुन्छ।	
धेरै जना वादी वा धेरै जना प्रतिवादी भएको मुद्दामा सबै हाजिर नभई दुवैतर्फको एक एक जना वा एक जनाभन्दा बढी हाजिर भएकोमा मुद्दा छिन्नलाई अरू हाजिर नभएसम्म पर्खी रहनु पर्दैन। हाजिर नरहेकाको हकमा समेत हाजिर रहेसरह ऐनबमोजिम मुद्दा छिनिदिनुपर्छ।	१८५ख नं.
सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने ठहराएको वा प्रचलित कानूनबमोजिम साधक जाहेर गर्नुपर्ने मुद्दामा साधक जाहेर गरी अधिकार प्राप्त अड्डाबाट साधक सदर भएबमोजिम गरी र अरू गैह्र मुद्दामा अड्डैबाट कानूनबमोजिम जो गर्नुपर्ने गरी फैसला गर्नुपर्छ।	१८६ नं.

प्रतिपादित सिद्धान्त

अ.वं. १८४क नं. मा भएको व्यवस्थाअनुसार मुद्दा हेर्ने अधिकारीले बुझ्नुपर्ने भनी बुझिएको प्रमाण बुझी हेरी सो प्रमाणको समेत उचित मूल्याङ्कन गरी मुद्दाको निर्णयमा पुग्नुपर्ने हुन आउँछ। तदनुसारको उचित मूल्याङ्कन नभएको र ऐनले पनि अनिवार्यरूपमा बुझ्नुपर्ने प्रमाण पनि बुझ्दै नबुझी गरेको फैसलामा न्यायिक मनको पूर्ण अभाव देखिन आएकोले बदर हुने ठहर्छ।

(सत्य नारायण जलान वि. वीरगञ्ज भन्सार कार्यालयसमेत, ने.का.प. २०३७ अंक ३ निर्णय नं. १३६४ पृ. ४८)

वादी प्रतिवादीमा मुख नमिलेको भए अ.वं. १८४क नं. बमोजिम सबुद प्रमाण बुझी सबुद प्रमाणको आधारमा ठहर निर्णय गर्नुपर्छ। सबुद प्रमाण नबुझी बिना आधार दिएको निर्णय कानूनी त्रुटिपूर्ण हुन्छ।

(विष्णु प्रजापति वि. जिल्ला कार्यालय भूमी प्रशासन शाखासमेत, ने.का.प. २०३४ अंक ९ निर्णय नं. ११०३ पृ. २८५)

२.७ साक्षी परीक्षण

- महिला विरूद्धको हिंसासम्बन्धी मुद्दाहरूमा साक्षी परीक्षणको विषय अत्यन्त संवेदनशील हुन्छ। एकातिर पीडक पक्ष प्रभावी रहने सम्भावना रहन्छ भने अर्कोतर्फ पीडित पक्ष निरिह बन्नुपर्ने अवस्था आउन सक्छ। त्यस्तो अवस्था आउन नदिन इजलासले विशेष ध्यान दिन जरुरी हुन्छ।
- **प्रमाण ऐन, २०३१** को दफा ४९ ले साक्षी बकाउँदाको कार्यविधि र दफा ५० ले सोधपुछ र जिरह गर्दाको प्रक्रिया निश्चित गरेको छ। जसअनुसार साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहबरमा बकाउनु पर्दछ। तर कतिपय मुद्दामा पीडक पक्षको सामुन्नेमा साक्षी (कतिपय मुद्दामा पीडित पक्ष स्वयम् नै साक्षीका रूपमा उपस्थित हुनुपर्ने अवस्था पनि हुन्छ) बकपत्र गराउँदा साक्षीले आफूले देखेको, सुनेको, भोगेको कुरा यथावतरूपमा राख्न नसक्ने अवस्था पनि आउन सक्ने हुँदा त्यस्तो अवस्थामा साक्षीको अप्रत्यक्ष उपस्थिति वा अप्रत्यक्ष परीक्षण र भिडियो कन्फरेन्सिङ्ग (Video Conferencing) जस्ता पद्धति अवलम्बन गर्नुपर्ने हुन्छ।
- साक्षी बकाउँदा एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनु पर्दछ।
- साक्षी बकाउँदा जुन पक्षको साक्षी हो, सोही पक्षले सोधपुछ गर्ने र अर्को पक्षले जिरह गर्ने हुँदा यस प्रक्रियामा इजलासको भूमिका नरहने जस्तो देखिन्छ। तर सोधपुछ गर्दा आफूले इच्छा गरेको जवाफ सुझाउने सूचक प्रश्न गर्नबाट रोक्ने, पुनः सोधपुछ गर्दा जिरहसँग सम्बन्धित कुरामात्र सोधपुछ गर्न निर्देशित गर्ने, अनुचित प्रश्न गर्नबाट रोक लगाउने र साक्षीसँग कुनै

कुरा सोधन आवश्यक देखिएको अवस्थामा अदालतका तर्फबाट प्रश्न राख्ने कुरामा इजलासको महत्त्वपूर्ण भूमिका रहन्छ।

- साक्षी बकपत्रको विषयलाई इजलासले महत्त्व नदिँदा विवादको विषयसँग सम्बन्धित वास्तविक कुरा ओझेलमा पर्न सक्ने र त्यसले न्याय निरुपणमा नै कठिनाई उत्पन्न हुन सक्ने सम्भावना रहने हुँदा न्यायाधीशले साक्षी बकपत्रको विषयलाई महत्त्वपूर्ण जिम्मेवारीका रूपमा ग्रहण गर्नु पर्दछ।

साक्षी परीक्षण समयमा नहुँदा कतिपय अवस्थामा साक्षी नै उपस्थित नहुने सम्भावना बढ्छ भने कतिपय अवस्थामा साक्षीका रूपमा उपस्थित हुने व्यक्तिहरू प्रभाव र दबाबमा पर्ने पारिने सम्भावना पनि रहन्छ। त्यसैले महिला हिंसासम्बन्धी मुद्दाका साक्षीलाई यथाशीघ्र उपस्थित गराउने गरी आदेश गर्नु पर्दछ। पछिल्लो समयमा **जिल्ला अदालत (बाह्रौं संशोधन) नियमावली, २०७३** को नियम २३ग. ले लगातार कारबाही र सुनुवाइको व्यवस्था गरेको हुँदा उक्त कानूनी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गरेमा साक्षी परीक्षणमा देखिएका समस्याहरू केही हदसम्म समाधान हुन सक्छन्।

साक्षी बकाउने प्रक्रिया

(१) तारेखको दिन अदालत लाग्नासाथ सो दिन हाजिर रहेका पक्ष विपक्षसँग उनीहरूको साक्षीको नामावली लिई मिसिलसाथ राखी बकपत्र गराउनका लागि इजलास सहायकले न्यायाधीशसमक्ष पेस गर्नपर्छ।

(२) साक्षी बुझ्न तोकिएको दिन अपरान्ह एक बजेसम्म पनि अर्को पक्ष उपस्थित नभए उपस्थित पक्षको साक्षीको बकपत्र गराउने कार्य रोक्न हुँदैन।

(३) साक्षीको बकपत्र गराउँदा निज साक्षीले कुनै खास प्रकारको हाउभाउ देखाएमा वा स्वाभाविक मानवीय क्रियाकलापभन्दा फरक क्रियाकलाप प्रदर्शन गरेमा सो कुरा न्यायाधीशले बकपत्रमा जनाई सही गरी राख्नु पर्छ।

(४) साक्षीको बकपत्र गराउँदा कुनै साक्षीलाई अनुचित, असम्बद्ध वा बेइज्जत गर्ने वा झिझ्याउने किसिमका प्रश्न सोधिएकोमा प्रतिपक्ष तर्फबाट आपत्ति नगरिएको अवस्थामा पनि अदालत स्वयम्ले त्यस्तो प्रश्न सोधन मनाही गर्नुपर्छ।

(५) नेपाल सरकार वादी भएको गम्भीर प्रकृतिको फौजदारी मुद्दामा प्रतिवादीको उपस्थिति वा अन्य कुनै मनासिब कारणले कुनै साक्षीलाई बकपत्र गर्न अनुचित दवाव परेको वा दबाब पर्ने प्रवल सम्भावना छ भन्ने कुरा अदालतलाई लागेमा त्यस्ता प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउने र निज प्रतिवादीको कानून व्यवसायी तथा निजले रोजेको मानिसको रोहवरमा बकपत्र गराउने गरी अदालतले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

जिल्ला अदालत (बाह्रौं संशोधन) नियमावली, २०७३, नियम २९

२.८ सुनुवाइ

- सुनुवाइ न्यायिक प्रक्रियाको अत्यन्त महत्त्वपूर्ण चरण हो। यसले मुद्दाका पक्षहरूलाई न्यायिक प्रक्रियाप्रति विश्वस्त तुल्याउँछ। सुनुवाइका चरणमा मुद्दाका पक्षहरूले आफू स्वयम् वा आफ्ना कानून व्यवसायीमार्फत आफ्ना कुराहरू राख्न पाउने अवसर प्राप्त गर्ने हुँदा यसलाई व्यवस्थित र मर्यादित बनाउन न्यायाधीशले जिम्मेवारी बहन गर्नुपर्दछ।
- महिला विरूद्ध हुने हिंसासम्बन्धी मुद्दाको सुनुवाइ प्रक्रिया अरू संवेदनशील हुन्छ। त्यस्ता मुद्दामा महिलाका समस्याहरू खुलस्तरूपमा राख्ने वातावरणको सुनिश्चितता न्यायाधीशद्वारा गरिदिनु पर्दछ।
- कतिपय मुद्दामा पक्षको गोपनीयता कायम गर्नुपर्ने हुन्छ। गोपनीयता कायम गर्नुपर्ने भनी किटान भएका बाहेक अन्य मुद्दामा पनि मुद्दाको विषयवस्तु र मुद्दाका पक्षको हित एवम् चाहनासमेतलाई मध्यनजर गरी इजलास सञ्चालन र ब्यवस्थापनमा न्यायाधीशले तत्कालै निर्णय गर्नुपर्ने हुन्छ, ताकि मुद्दाका पक्षले सहजताको अनुभूति गर्न सकुन् र आफ्ना कुराहरू सहज ढंगले राख्न सकुन्।
- पक्षको गोपनीयता कायम गर्नुपर्ने मुद्दाको सुनुवाइ बन्द इजलासमा गर्नु पर्दछ।

नोटः सरकारी मुद्दा सम्बन्धि ऐन, २०४९ मा लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा भएको संशोधन अनुसार —

नेपाल सरकार वादी हुने तोकिएका मुद्दामा अपराधको सूचना दर्ता भएदेखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन नभएसम्म सम्बन्धित अनुसन्धान तथा अभियोजन गर्ने अधिकारी र अदालतले मुद्दाका पक्ष, पीडित वा निजको बाबु आमाको वास्तविक नाम, थर र बतनको छुट्टाछुट्टै संकेत नाम दिई व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्दछ। यस सम्बन्धमा सर्वाच्च अदालतले र प्रहरी प्रधान कार्यालयसँग परामर्श गरी महान्यायाधिवक्ताको कार्यालयले छुट्टै कार्यविधि बनाई लागु गर्न सक्नेछ।

२.९ बन्द इजलासमा सुनुवाइ प्रक्रिया

अदालतमा मुद्दाको सुनुवाइ र किनारा गर्दा सामान्यतः खुला इजलासबाट गरिन्छ। तर देहायका मुद्दाहरू बन्द इजलासबाट कार्वाही र किनारा गरिन्छन्, जसको कार्वाहीमा तोकिएभन्दा बाहेकका व्यक्तिको उपस्थितिलाई निषेध गरिएको हुन्छ :

- बालबालिकासम्बन्धी ऐन अन्तर्गतको मुद्दा,
- जबरजस्ती करणीसम्बन्धी मुद्दा,
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको मुद्दा,

- घरेलु हिंसासम्बन्धी मुद्दा,
- बोक्सीसम्बन्धी मुद्दा,
- नाता कायमसम्बन्धी मुद्दा,
- सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा,
- इजलासले तोकेका अन्य मुद्दाहरू।

बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई उपलब्ध हुँदैन र यससम्बन्धी तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्न पनि पाइँदैन।

बन्द इजलासमा मुद्दाको कारवाही चल्दा देहायका व्यक्तिहरू मात्र इजलासमा उपस्थित हुन पाउँछन्ः-

- सम्बन्धित कानून व्यवसायी,
- सरकारी वकिल,
- विशेषज्ञ,
- अभियुक्त,
- पीडित व्यक्ति,
- पीडित व्यक्तिको संरक्षक,
- अदालतले अनुमति दिएको प्रहरी,
- अदालतले तोकेका अदालतका कर्मचारी।

सुनुवाइ प्रक्रियामा पक्षको प्रतिनिधित्व सुनिश्चित गराउन प्रत्येक अदालतमा वैतनिक कानून व्यवसायीको ब्यवस्था गरिएकाले कानून व्यवसायी राख्न नसक्ने पक्षलाई यस्तो सुविधाका बारेमा जानकारी गराएर वैतनिक कानून व्यवसायीमार्फत प्रतिनिधित्वको ब्यवस्था सुनिश्चित गरिनु पर्दछ। वैतनिक कानून व्यवसायीमार्फत उपलब्ध हुने देहायका सेवाहरूका वारेमा पनि पक्षलाई जानकारी गराउनु पर्दछ :

- आवश्यक कानूनी लिखत तयार गर्ने,
- मुद्दासँग सम्बन्धित विषयमा परामर्श गर्ने,
- मुद्दाको कारवाहीको अवस्था जानकारी गराउने,
- हप्ताको १ पटक सम्बन्धित जिल्लाको कारागार भ्रमण गर्ने।

सुनुवाइका क्रममा कानून व्यवसायीले प्रतिनिधित्व गरेको अवस्थामा पनि सम्बन्धित पक्षलाई आफ्नो कुरा राख्ने अवसर प्रदान गर्नु उपयुक्त हुन्छ, त्यसो गर्दा उनीहरूमा सुनुवाइ प्रक्रियाप्रति विश्वास जागृत हुन जान्छ।

(नोटः "विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका २०६४" हेर्नुहोस्)

२.१० फैसला लेखन

- फैसलाबाट नै विवादको न्यायिक निरुपण हुने हुँदा फैसला आफैंमा पूर्ण हुनु पर्दछ।
- फैसलामा मुद्दाको तथ्य के थियो, पक्षहरूबीच मुख नमिलेको मुख्य विषय के के थिए, सुनुवाइका क्रममा अभिव्यक्त भएका कुराहरू, सम्बद्ध कानून र विवादको निरुपण कसरी गरियो भन्ने सम्बन्धमा उल्लेख गरिनु पर्दछ।
- फैसलाउपर चित्त नबुझाउने पक्षले कहाँ, कति अवधिभित्र पुनरावेदन गर्नुपर्ने हो भन्ने पनि फैसलामा खुलाउनु पर्दछ।
- फैसला कार्यान्वयनको स्पष्ट खाका पनि फैसलाको तपसिल खण्डमा उल्लेख गरिनु पर्दछ।
- फैसला लेखन सरल, स्पष्ट र बोधगम्य हुनु पर्दछ।
- महिला विरूद्ध हुने हिंसासम्बन्धी मुद्दामा क्षतिपूर्ति, जीविकोपार्जन खर्च, उपचार खर्च, छोरा छोरीको पालन पोषण र संरक्षकत्व लगायतका विषयमा पनि फैसला स्पष्ट हुनु पर्दछ। प्राप्त हुने क्षतिपूर्ति फैसला अन्तिम भएपछि सहजरूपमा उपलब्ध हुने गरी फैसलामा बोलिनु पर्दछ।

(जबरजस्ती करणी मुद्दामा क्षतिपूर्ति भराउने सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला र सो आधारमा लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा संशोधित कानूनी ब्यवस्थालाई आधार बनाउन सकिने हुन्छ।)

- महिला विरूद्धको हिंसासम्बन्धी सरकारवादी हुने फौजदारी मुद्दामा फैसलाको जानकारी पीडित पक्ष (जाहेरवाला) लाई गराउनु भनी तपसिल खण्डमा उल्लेख गर्नु पर्दछ।
- **पुनरावेदनको म्याद** : सुरू फैसलाउपर चित्त नबुझ्ने पक्षले सो फैसलाउपर सम्बन्धित पुनरावेदन अदालत (पछि उच्च अदालत) मा पुनरावेदन गर्न सक्ने हुँदा फैसलाको तपसिल खण्डमा कुन अदालतमा कति अवधिभित्र पुनरावेदन गर्नुपर्ने भन्ने पनि खुलाउनु पर्दछ।

२.११ पुनरावेदनको म्याद

मुद्दा	पुनरावेदनको म्याद	सम्बन्धित कानून
अंश	३५ दिन	अ.वं. १९३ नं.
माना चामल	३० दिन	संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ११क को उपदफा (३)
विवाह सम्बन्धी	३५ दिन	अ.वं. १९३ नं.
बिहावारीको २ नं. र १० नं. अन्तर्गतको मुद्दाको हकमा	७० दिन	स.मु.स.ऐन, २०४९ को दफा २६ को उपदफा (१)
नाता कायम	३५ दिन	अ.वं. १९३ नं.

सम्बन्ध विच्छेद	३५ दिन	अ.वं. १९३ नं. *सम्बन्ध विच्छेद मुद्दामा दाबी नपुगेमा वादी पक्षलाई र दाबी पुगेमा प्रतिवादी पक्षलाई, आंशिक दाबी पुगेमा दुवै पक्षलाई फैसलामा चित्त नबुझेमा सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न जानु भनी संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ११क. बमोजिम ३० दिनको पुनरावेदनको म्याद जारी गर्नुपर्ने हुन्छ।*
आशय करणी/यौन दुर्व्यवहार	३५ दिन	अ.वं. १९३ नं.
जबरजस्ती करणी	७० दिन	स.मु.स.ऐन, २०४९ को दफा २६ को उपदफा (१)
हाडनाता करणी	३५ दिन	अ.वं. १९३ नं.
घरेलु हिंसा	३० दिन	संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ११क को उपदफा (३)
घरेलु हिंसा (कसुर र सजाय) ऐनको दफा ५क. अन्तर्गतको मुद्दामा	७० दिन	स.मु.स.ऐन, २०४९ को दफा २६ को उपदफा (१)
गर्भपतन	७० दिन	स.मु.स.ऐन, २०४९ को दफा २६ को उपदफा (१)
मानव बेचबिखन	७० दिन	स.मु.स.ऐन, २०४९ को दफा २६ को उपदफा (१)
बोक्सी	७० दिन	स.मु.स.ऐन, २०४९ को दफा २६ को उपदफा (१)

फैसलामा समावेश गर्नुपर्ने विषयवस्तुका सम्बन्धमा विद्यमान कानूनले पनि केही हदसम्म सम्बोधन गरेको छ। **अ.वं. १८५ नं. र १८९ नं.** का साथै अदालत नियमावलीहरूमा पनि यस सम्बन्धमा उल्लेख गरिएको पाइन्छ।

- फैसला लेख्दा अड्डाले मुद्दाको संक्षिप्त बेहोरा, झगडियाहरूका कुरा नमिली इन्साफ गरी ठहराउनुपर्ने कुरा, त्यस सम्बन्धमा कुनै झगडिया वा कानून व्यवसायीले बहस गरेको भए सो बहसको मुख्य मुख्य बुँदाहरू र त्यस सम्बन्धमा अड्डाले निर्णय र त्यसको आधार तथा तत्सम्बन्धी कानूनहरूसमेत प्रत्येक कुराहरू प्रकरण प्रकरण छुट्याई उल्लेख गर्नुपर्छ। **(अ.वं. १८५ नं.)**

- यस मुद्दाका सबै कागज बुझ्दा यसो भन्ने वादी, यसो भन्ने प्रतिवादी वा यस्तो बेहोराले यस्तो भएकोमा यस्तो यस्तो फलानो फलानो प्रमाण भएको हुनाले यो यो रीत प्रमाण र यो यो कानूनले यो ठहर्छ। यो कानूनले यसो गर्ने ठहराई फैसला गरिदिएँ।
(अ.वं. १८९ नं.)

त्यसैगरी **जिल्ला अदालत (बाह्रौ संशोधन) नियमावली, २०७३** को नियम ४७ मा फैसला लेख्दा खुलाउनुपर्ने बेहोराअन्तर्गत न्यायाधीशले आफ्नो ठहर लेख्दा फैसलामा देहायका कुराहरू स्पष्टरूपले खुलाउनुपर्ने भनी मार्गदर्शन गरिएको पाइन्छ :

(१) पक्ष विपक्षको दाबी तथा जिकिर, निर्णय गर्नुपर्ने विषय, दुवै पक्षका प्रमाणका कुराहरू, कानूनी प्रश्न भएकोमा त्यसको व्याख्या समेतको व्यहोरा न्यायाधीशले आफ्नो ठहर लेख्दा फैसलामा खुलाउन पर्नेछ ।

(१) उपनियम (१) मा लेखिएको कुराको अतिरिक्त देहाएका कुराहरु समेत खुलाउनु पर्नेछ ।

(क) साक्षी वा सर्जमीनको बकपत्रको सारांश

(ख) दुवै पक्षले तथ्य र कानूनको सम्बन्धमा उठाएका प्रश्नहरु

(ग) कानून व्यवसायीको बहसको मुख्य मुख्य बुँदाहरू,

(घ) साक्षी वा प्रतिवादीले फीरादपत्र वा प्रतिउत्तरपत्र वा कानून व्यवसायीले बहस नोटमा कुनै सान्दर्भिक नजिर वा कानूनी सिद्धान्त उल्लेख गरेको भए सो नजिर वा सिद्धान्त प्रस्तुत मुद्दामा लागू हुने वा नहुने के हो त्यसको स्पष्ट विश्लेषण

(ङ) कारण सहितको निर्णय र त्यसको आधार तथा तत्सम्बन्धी कानूनहरु

(च) फौजदारी मुद्दा मामिलाको फैसलामा अभियुक्तले कुन ऐनको कुन दफा वा व्यवस्था अन्तर्गत अपराध गरेको ठहर्छ र निजलाई कुन ऐनको कुन दफा वा व्यवस्था अन्तर्गत के कस्तो किसिमको सजाय दिनुपर्ने हो सो कुरा

(छ) प्रतिवादीबाट के कस्तो र कति कुरा दिलाई भराइ चलन चलाउन पाउने हो सो कुरा

(ज) व्याज समेत भराई दिनुपर्नेमा कुन मितिदेखि कुन मितिसम्मको के कति रुपैयाको व्याज दिलाई वा भराई पाउने हो सो कुरा

(झ) अभियोगपत्र साथ दाखिल भएका अंश, सर्वश्व रोक्का वा जेथा जमानतका चल अचल धनमाल के गर्नुपर्ने हो सो कुरा

(ञ) जग्गा रोक्का राखेको भए फुकुवा गर्नुपर्ने वा नपर्ने, कोर्ट फी फीर्ता वा जफत गर्नुपर्ने वा नपर्ने र फैसला बमोजिम सम्बन्धित कार्यालयलाई सूचना वा पूर्जी दिनुपर्ने हो, होइन सो कुरा

(ट) मुलुकी ऐन, **अ.वं. १२४ नं** बमोजिम धरौट जफत हुने कुरा र जमानत दिएकोमा धरौट रकम असूल पर्ने कुरा।

जिल्ला अदालत (बाह्रौ संशोधन) नियमावली, २०७३ को नियम ४७

(१) न्यायाधीशले अदालतमा परेका पुनरावेदनमा फैसला वा अन्तिम आदेश गर्दा देहायक कुराहरु प्रकरण छुट्याई स्पष्ट रुपमा खुलाउनु पर्छः

(क) मुद्दा पक्षहरुको पुनरावेदन दावी तथा जिकीर
(ख) शुरुको फैसला वा अन्तिम आदेश वा निर्णयको छोटकरी विवरण
(ग) निर्णय दिन पर्ने विषय
(घ) दुवै पक्षले तथ्य र कानून सम्बन्धमा उठाएका प्रश्नहरु
(ङ) कानून व्यवसायीको बहसको मुख्य मुख्य बुँदाहरु
(च) पुनरावेदनपत्र वा बहस नोटमा कुनै नजीर वा कानूनी सिद्धान्त उल्लेख गरिएको भए सो नजीर वा सिद्धान्त सान्दर्भिक छ वा छैन भन्ने कुराको स्पष्ट विश्लेषण
(छ) कारण सहितको निर्णय र त्यसको आधार तथा तत्सम्बन्धी कानूनहरु र
(ज) **मुलुकी ऐन अ.वं. २०२ नं** बमोजिम प्रत्यर्थीलाई झिकाइएको आदेशमा उल्लेख भएको कुरासँग सहमत नभएकोमा त्यसको कारण।

प्रतिपादित सिद्धान्त

राय किताबमा व्यक्त भएको रायविपरीत फैसला तयार गर्न मिल्दैन। राय किताबमा व्यक्त भएको राय भन्दा फरक राय व्यक्त गरी लिखित फैसला तयार गर्दा फैसलाको स्थिरता वा निर्णयको अन्तिमताको सिद्धान्तमा बाधा पुग्ने।

न्यायाधीशले मुद्दाको सुनुवाइ गरी राय किताबमा राय व्यक्त गरी सहीसमेत गरिसकेपछि सो राय स्वयम् निर्णयकर्तालाई पनि बन्धनकारी हुन्छ, अन्यथा राय नै कायम रहन नसक्ने र निर्णयहरू अविश्वसनीय, अभरपर्दो तथा जतिखेर पनि दुरुपयोग गर्न सकिने किसिमको हुन जान्छ। त्यस्तो प्रश्न अनुशासनको हिसाबले गम्भीर हुने।

(नेपाल सरकार वि. शंकर विश्वकर्मा, ने.का.प. २०६९ अंक ६ निर्णय नं. ८८४४ पृ. ९४०)

२.१३ फैसला कार्यान्वयन

- फैसला कार्यान्वयनले मात्र मुद्दाका पक्षलाई न्यायको अनुभूति गराउँछ।
- फैसला कार्यान्वयनमा अदालतको मर्यादा र प्रतिष्ठा पनि गाँसिएको हुन्छ।
- न्यायका उपभोक्ताले अदालतप्रति गर्ने आशा र भरोसाको आधार भनेको फैसलाको प्रभावकारी कार्यान्वयन नै हो।
- आफूलाई परेको मर्का लिएर अदालतमा प्रवेश गरेको मुद्दाको पक्षले अदालतबाट उपचार पाएर सन्तुष्ट भई निस्कन पाउनुपर्दछ।
- अदालतबाट हुने फैसलाले व्यक्तिको अधिकारको पुष्टि, न्याय र अन्यायको सीमा निर्धारणका साथै प्रमाणको आधारमा सत्यको किटान गर्दछ। तर फैसलाले निर्धारण गरेको दण्ड जरिवाना

असुल तहसिल भएन भने वा पीडितलाई प्रदान गरिएको उपचार कार्यान्वयनको तहबाट प्राप्त भएन भने अदालतबाट भएका फैसलाहरूले आफ्नो सार्थकता गुमाउन पुग्दछन्। जसले न्यायपालिकाप्रतिको आम धारणामा नै नकारात्मक असर पार्न सक्छ।

- व्यक्तिका हक हित र सरोकार निहीत भएका फैसलाको कार्यान्वयनमा व्यक्ति आफैं क्रियाशील हुने हुँदा त्यस्ता फैसलाको कार्यान्वयन केही प्रभावकारी देखिएको छ। तर व्यक्तिले खासै चासो नराख्ने खालका विशेषतः सरकारवादी फौजदारी मुद्दाको कार्यान्वयन पक्ष अत्यन्त कमजोर देखिएको छ, जसले प्रत्यक्षरूपमा कसैलाई हानि नभएको देखिए पनि त्यसले पार्ने प्रभाव अत्यन्त गम्भीर हुन्छ ।
- कार्यान्वयन प्रभावकारी नभएको कारणबाट सजाय (कैद, जरिवाना) तोकिएका व्यक्तिले उन्मुक्ति पाएको भान आम जनमानसमा पर्न गएको छ। जसबाट एकातिर अपराध गर्नेहरूलाई हौसला मिलेको छ भने अर्कोतर्फ पीडित पक्ष आफैं त्रसित भएर रहनुपर्ने अवस्था उत्पन्न भएको छ। त्यसैले फैसला कार्यान्वयन अदालतको प्राथमिकतामा पर्नु पर्दछ र फैसलाको प्रभावकारी कार्यान्वयनका माध्यमबाट सबैले न्यायको अनुभूति गर्न पाउनु पर्दछ।
- फैसला कार्यान्वयनको मुख्य जिम्मेवारी तहसिल शाखाको भए पनि त्यसको निरन्तर अनुगमन गर्ने, आफूसमक्ष आएका निवेदनहरूको तत्कालै निकासा दिने, सरोकारवाला निकायहरूबीच समन्वय कायम गर्ने काममा न्यायाधीशले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन्।
- फैसला कार्यान्वयनमा रहेको अस्पष्टता हटाउन न्यायाधीशले तत्परता देखाउनु पर्दछ ।
- अनुगमनका क्रममा फैसला कार्यान्वयनमा ढिलाई भएको वा फैसला कार्यान्वयन संयन्त्रलाई कुनै समस्या परेको देखिएमा शीघ्र फर्छ्यौट र समस्या समाधानमा न्यायाधीशले तत्कालै सरोकार देखाउनु पर्दछ ।
- अदालतको फैसलाले लागेको दण्ड जरिवाना र कैदको लगत दुरुस्त राख्न लगाउने, सोही लगतबमोजिम असुल तहसिल गराउने अन्तिम जिम्मेवारी जिल्ला न्यायाधीशको हुन्छ ।
- त्यसैगरी फैसला कार्यान्वयनका क्रममा कुनै विषयमा अडबड परेमा तहसिलदारले आदेशको लागि न्यायाधीशसमक्ष पेस गरी न्यायाधीशको आदेशअनुसार गर्नु पर्दछ ।

जिल्ला अदालत (बाह्रौं संशोधन) नियमावली, २०७३ को दफा ६८ देखि ८० ग. सम्म फैसला कार्यान्वयन सम्बन्धमा जिल्ला न्यायाधीशको भूमिका देहायबमोजिम स्पष्ट गरेको छ :

- दण्ड जरिवाना वा कैद लागेको, सर्वस्व भएको, कोर्ट फी तथा दशौंद विशौंद बुझाउन बाँकी भएको वा कैदको सजायबापत नगद तिर्नुपर्ने व्यक्ति मरेको वा बेपत्ता भएको कारणले असुल तहसिल हुन नसकेकोमा त्यस्तो लगत कट्टा गर्न प्रत्येक जिल्लामा रहने लगत फछ्यौट समितिको अध्यक्षता जिल्ला न्यायाधीशले गर्ने **(नियम ७१)**
- तहसिलदारले फैसला वा आदेशबमोजिम रोक्का भएको जायजात लिलाम गरेको कारवाहीउपर पर्न आएको उजुरी न्यायाधीशसमक्ष पेस गरी भएको आदेशबमोजिम गर्नुपर्ने। **(नियम ७६)**
- चलन चलाई तथा बिगो भरिभराउको लागि निवेदन परेपछि चलन चलाउन वा बिगो भरिभराउ गर्नुपर्ने चल, अचल सम्पत्ति भत्काउन, बिगार्न, हटाउन र त्यसमा कुनै निर्माण कार्य पुरा

नभएसम्म यथास्थितिमा राख्ने गरी न्यायाधीशले सम्बन्धित व्यक्तिका नाउँमा आदेश दिन सक्ने **(नियम ७८)**

- फैसला कार्यान्वयनको अवस्थामा रहेको कुनै मुद्दासँग सम्बन्धित चल वा अचल सम्पत्तिको हक कुनै किसिमबाट हस्तान्तरण गरिएको भएमा र मुद्दाका पक्षले निवेदन दिएमा त्यस्तो निवेदनउपर कारवाही र किनारा गर्ने कार्य न्यायाधीशको इजलासबाट हुने (नियम ७८ क२)
- फैसलाबमोजिम अंश छुट्याउँदा अंशबन्डा लाग्ने सम्पत्ति वा अंशियार संख्या यकिन गर्नुपर्ने हुन आएमा तहसिलदारले निर्णयका लागि न्यायाधीशसमक्ष पेस गरी भएको निर्णय आदेशबमोजिम गर्नुपर्ने। **(नियम ७८ ख३)**

पछिल्लो समयमा फैसला कार्यान्वयनलाई अदालतले उच्च प्राथमिकता दिएको देखिन्छ। न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाले फैसला कार्यान्वयनको कार्यलाई विशेष अभियानको रूपमा सञ्चालन गर्ने रणनीति बनाएको छ। जिल्ला न्यायाधीशको नेतृत्वमा रहने जिल्ला न्याय क्षेत्र समन्वय समितिका माध्यमबाट पनि फैसला कार्यान्वयनमा सरोकारवाला निकाय तथा पदाधिकारीको सहयोग जुटाउन सकिन्छ।

परिच्छेद तीन

महिला विरुद्धको हिंसासम्बन्धी मुद्दाहरू

३.१ अंश

१. परिचय

अंश दुनियावादी देवानी मुद्दा हो। यसमा कोर्ट फी लाग्दछ। अंश मुद्दामा सामान्य कार्यविधि अवलम्बन गरिन्छ। अंश मुद्दा डिसमिस हुँदैन। अंश मुद्दामा नातामा विवाद उठेमा पहिले नातासम्बन्धी विषय एकिन गरी कारवाही अगाडि बढाउनु पर्दछ। प्रमाण मुकररको आदेश पछि अंश पाउने अवस्था देखिएमा आधार र कारण खोली वादी प्रतिवादी दुवै पक्षबाट तायदाती माग गर्नुपर्दछ।

२. विशेषता

सम्बन्ध विच्छेद मुद्दामा पनि अंश छुट्याइ दिनुपर्ने अवस्थामा अंशबन्डाको महलको कार्यविधि अपनाउनु पर्दछ। अंश मुद्दामा वादी पक्षले कारण खोली **कोर्ट फी ऐन, २०१७ को दफा २३** बमोजिमको सुविधा माग गरेमा अदालतले उपयुक्त देखेमा त्यस्तो सुविधा दिन सक्नेछ।

३. संवैधानिक कानूनी ब्यवस्था

क. महिलाका संवैधानिक अधिकारहरु

नेपालको संविधान, २०७२ को धारा ३८. महिलाको हक :

(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ।

(३) महिला विरूद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने हक हुनेछ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ।

ख. कानूनी ब्यवस्था

क. अंशियारहरू

अंशबन्डा गर्दा यस महलका अन्य नं. हरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जीयजियैको अंश गर्नुपर्छ । *(लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ बाट संशोधित व्यवस्था)*

नोट :

रिट निवेदक मीरा ढुंगाना वि. श्री ५ को सरकार समेत, ने.का.प २०५२ नि.नं. ६०१३ पृष्ठ ४६२ मा सर्वोच्च अदालतले आदेशसमेतका आधारमा मुलुकी ऐनमा भएको एघारौं संशोधनले छोरीलाई छोरासरह पैत्रिक सम्पत्तिमा समान अधिकार हुने ब्यवस्था गरेको हो। यो ब्यवस्था हुनुभन्दा अगाडि ३५ वर्ष उमेर पुरा गरेकी एकासगोलकी छोरीले मात्र अंश पाउन सक्ने ब्यवस्था थियो।)

ख. अंश बराबर गर्नुपर्ने

यस महलमा अन्यथा लेखिएमा बाहेक यस महलको

१. नं बमोजिम अंशबन्डा गर्दा अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ।

२. सँग बसेका दाजुभाइ तथा दिदी बहिनीका छोराछोरीहरूमा आफ्नो आफ्नो बाबु वा आमाको मात्र अंश हुन्छ।

३. यो नं. प्रारम्भ हुँदाका कसैका एकभन्दा बढी स्वास्नी मात्र रहेछन् भने सबै स्वास्नीले आफ्ना लोग्नेको अंश ऐनबमोजिम बाँडी खान पाउँछन्।

४. अंश नहुँदै लोग्ने वा बाबु मरेमा निजले पाउने अंश स्वास्नी वा छोराछारीले पाउँछन्।

प्रतिपादित सिद्धान्त

आ-आफ्नो हाँगा र पुस्ताका अंशियारहरूबाट कानूनबमोजिम अंशबन्डा गरी पाउने।

समान अंशियारबीच कुनै एउटै मापदण्डको आधारमा बराबर अंशबन्डा गर्नुपर्ने बाध्यात्मक कानूनी ब्यवस्था नभई एकापसमा नरमगरम मिलाई असल कमसल घटबढी गरी व्यावहारिक रूपमा मिलाई अंशबन्डा गर्न सक्ने नै देखिंदा दोस्रो पुस्ताका अंशियारहरूबीच जग्गा घटीबढी भएको भन्ने कारणले मात्र रीतपूर्वकको अंशबन्डा भएको छैन भन्न मिल्ने अवस्थाको विद्यमानता नदेखिने। ... मुद्दाका पक्षहरूको बीच समय—समयमा भएका विभिन्न घटनाक्रमबाट नै अलग—अलग व्यवहार भएको तथ्य स्थापित हुने हुँदा त्यसरी अलग—अलग व्यवहार तथा कारोबार भएको देखिनु नै अंशबन्डा भएको कुरामा अदालत विश्वस्त हुने आधार हुने। ... आफ्ना हाँगाका अन्य दाजुभाइहरूबाट अंश पाउनु पर्ने भए त्यस्तो दाबी लिई सबुत प्रमाणसहित अंशमा दाबी लिन सक्ने र अंश नपाएको भए आ—आफ्नो हाँगा र पुस्ताका अंशियाराहरूबाट कानूनबमोजिम अंश बन्डा गरी पाउने। ... दोस्रो पुस्ताहरूबीच नै अंश बन्डा नभएकोले सो पुस्ता तथा निजहरूको हाँगाका अंशियाराहरू समेतबाट अंश पाउँ भनी लिएको अंशतर्फको वादी दाबी पुग्न नसक्ने।

(राजेश्वर महतो वि. कलिया देवी, ने.का.प. २०७० अंक २ नि.नं. ८९६४)

नातामा बिवाद नभए पछि वादीले अंश पाउनु पर्ने

अंशियारको सम्बन्धमा नातामा बिवाद नभए पछि वादीले अंश पाउनुपर्ने कुरालाई कानूनबमोजिम प्राप्त जन्मसिद्ध हक अधिकारको रूपमा लिनुपर्ने। ... कुनै पनि व्यक्तिले कानूनप्रतिकूल अंशियार बिहीन हुनुपर्ने वा पटक पटक अंश पाइरहने भन्ने स्थिति स्वीकार्य नहुने। ... अंशमा दाबी गर्ने पक्षले आफू अंशियार भएको नाता सम्बन्धमा र अंश नपाएको कुरा स्थापित गर्नु पर्दछ भने अंश पाइसकेको भनी प्रतिवाद गर्ने पक्षले सगोलको सम्पत्तिबाट कुनै सम्पत्ति वादीले पाएको भए वादीले के कुन मितिमा के कुन सम्पत्ति के कुन रुपबाट प्राप्त गरेको हो, सो सम्पत्ति वादीको हकभोग स्वामित्वमा आएको वा निजले बिक्री व्यवहार दान दातव्य वा अरू कारणबाट हाल निजको जिम्मामा नरहेको वा हक स्वामित्व समाप्त भएको भनी पुष्ट्याई गर्नुपर्ने। ... अंश बन्डा भएको लिखत प्रमाण व्यवहार भोगसमेतबाट देखिने हुनु पर्छ, प्रतिवादीको नाममा धेरै कित्ता जग्गा छ, तर वादीको नाममा एक कित्ता पनि दर्ता नामसारी नभएको परिप्रेक्ष्यमा अंशबन्डा भईसकेको ठहराउन न्यायोचित नहुने।

(बुद्धरत्न खड्गी, समेत वि. धर्म खड्गी, ने.का.प. २०६५ निर्णय नं. ७९२० अंक १)

अंश लिए पाएका लिखत, सम्पत्तिको दा.खा. दर्ता भोग, बिक्री ब्यवहारको कुनै तथ्य र प्रमाण पेस हुन नआएको अवस्थामा मौखिक जिकिरको आधारमा अथवा अन्यत्र रहे बसेको आधारमा मात्र अंश लिएको मान्ने अवस्था नहुने। ... एकासगोलमा नरहेको भन्ने कानूनबमोजिमको तथ्य र अवस्था कहिं कतैबाट खुल्न नआएको अवस्थामा आफू सगोलमा नरहेको र राजिनामाबाट खरिद गरेको सम्पत्तिलाई निजी आर्जनबाट खरिद गरेको सम्पत्ति हो भनी लिएको जिकिर तदनुसारको कुनै वैध लिखत वा अन्य कानूनबमोजिमको कुनै ग्रहणयोग्य प्रमाणबाट पुष्टि भएको देखिन नआउँदा प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार अन्यथा प्रमाणित नभएसम्म जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति भएको भनी अदालतले अनुमान गर्नुपर्ने। ... जग्गा खरिद बिक्रीको कारोबार गरी आर्जन गरेको रकमबाट खरिद गरेको भन्ने जिकिर लिएपनि सगोलमा रहेकै अवस्थामा सगोलको कुनै अंशियारले व्यापार Exclusive rigth, व्यवसाय अन्य कुनै कारोबार गरी त्यसरी आफ्नो नाममा खरिद गरेको सम्पत्ति सो खरिद गर्ने अंशियारको निजी हुने र अन्य अंशियारको अंश नलाग्ने भन्न नमिल्ने। ... सगोलको अंशियारले आफ्नो नाममा रहेका सम्पत्तिमा आफ्नो अर्थात् अन्य अंशियारबाहेकको आफ्नो निजी हक भनी दाबी गर्नका लागी कानूनले निजी हकको मानिने अपुताली वा बकसपत्रको लिखत अथवा वादीलगायत अन्य अंशियारसमेत साक्षी बसेको जग्गा खरिदसम्बन्धी कानून बमोजिमको लिखतसमेत पेस गरी सो कुरा स्थापित गराउन सक्नुपर्ने।

(नन्द किशोर शुक्ल वि. सरस्वती शुक्ल, ने.का.प. २०६५ निर्णय नं. ७९५९ अंक ४)

ग. विवाह बदर भएमा अंश पाउने

बिहावारिको महल बमोजिम विवाह बदर भएकोमा त्यस्ता दम्पत्तिबाट जन्मिएका छोराछोरीले निजहरूबाट अंश पाउँछन्। **(५क. नं.)**

विवाह बदर हुन सक्ने अवस्थाको बारेमा बिहावारिको महलमा हेर्न सकिन्छ। उक्त व्यवस्थाअनुसार विवाह बदर भएमा पनि त्यस्ता दम्पत्तिबाट जन्मिएका सन्तानले सोही दम्पत्तिबाट नै अंश पाउने हुन्छ।

घ. आमाको सम्पत्तिबाट मात्र अंश पाउने

कुनै खास लोग्ने नतुल्याई बसेकी स्वास्नीबाट जन्मेका सन्तानले बाबुको ठेगान नलागेमा आमाको सम्पत्तिमा मात्र अंश पाउँछन्।(७ नं.)

ङ. अंशमा दावा गर्न नपाउने

प्रकाश नगरी बाहिर राखेका स्वास्नीले वा उसबाट जन्मेका छोराछोरीले लोग्ने वा बाबु मरेपछि अंशमा दावा गर्न पाउँदैन। साबिक ऐनको अंशवन्डाको **८ नं. ...**

मुडिई विजया होम गर्नेले अंशमा दावा गर्न पाउँदैन। **साबिक ऐनको अंशवन्डाको ९ नं. ...**

अंशमा दावा गर्न नपाउने गरी साबिक ऐनमा भएका यी व्यवस्थालाई लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा **केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२** ले खारेज गरेको छ।

च. कर लगाई छुट्याउन नहुने

बाबु आमाको जिउ छउञ्जेल अंश दिन छोराछोरीले बाबु आमालाई बाध्य गराउन सक्ने छैनन्। म अहिले छुट्टिन्न भन्ने छोराछोरीलाई बाबुआमाले कर लगाई छुट्याउन पनि हुँदैन। स्वास्नीले पनि लोग्नेको जिउ छउञ्जेल लोग्नेको मन्जुरीविना अंश लिई छुट्टिन पाउँदिन। लोग्ने वा बाबु आमाले स्वास्नी वा छोराछोरीलाई इज्जत आमदअनुसार खान, लाउन र आवश्यकतानुसार उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ। सो नगरे अंश दिनुपर्छ **लोग्ने स्वास्नीको ४ नं.** लेखिएको कुरामा भने सोहीबमोजिम हुन्छ। **(१० नं.)**

ग. कार्यविधिः

मुद्दा दर्ताको अनुमति

अंश मुद्दामा नाबालकको तर्फबाट अंश मुद्दा दर्ता वा प्रतिवाद गर्न संरक्षकले **अ.वं. ८३ नं.** बमोजिमको अदालतको अनुमति लिनुपर्दछ। यस्तो अनुमतिको निवेदन स्रेस्तेदारले दर्ता गरी निकासाका लागि इजलाससमक्ष प्रस्तुत गर्नु पर्दछ। इजलासबाट त्यस्तो निवेदनमा अनुमतिको आदेश गर्दा देहायका विषय विचार गर्नुपर्ने हुन्छ :

१. नाबालक हो होइन ? सोसम्बन्धी कुनै कागजात वा सबुत पेस भए नभएको ?
२. निवेदक नाबालकको संरक्षक भएको सम्बन्धित स्थानीय निकायको सिफारिस।

संरक्षकको रूपमा मुद्दा गर्न अनुमति दिनुपूर्व अदालतले स्थानीय स्तरमा कर्मचारी पठाई सर्जमिनसमेत गर्न सक्नेछ।

अनुमतिको लागि परेको निवेदनमा एक महिनाभित्र निर्णय गरिदिनुपर्छ। **(अ.वं. ८३ नं.)**

प्रतिपादित सिद्धान्त

सौतेनी छोरा पनि सौतेनी आमाको प्राकृतिक संरक्षक हुन सक्ने

सामान्य अर्थमा कुनै पनि व्यक्तिलाई हेरचाह र सेवा सुश्रुषा गर्ने सबैभन्दा नजिकको हकवाला नै संरक्षक हुने हुन्छ। यस्तो संरक्षकको क्षेत्रभित्र मुख्यरूपमा पत्नी, छोरा, छोरी जस्ता नजिकका नातेदारहरू प्राथमिकताको क्रमअनुसार पर्ने। सौतेनी छोरा र भतिजाबीच हकवाला एवम् संरक्षकत्वको प्राथमिकता निर्धारण गर्नेसम्बन्धी विद्यमान कानूनी ब्यवस्थाबमोजिम सौतेनी छोराले प्राथमिकता नपाउने भन्न नमिल्ने। आफ्नो उदरको छोरा, छोरी नभएको अवस्थामा सौतेनी छोरा पनि सौतेनी आमाको प्राकृतिक संरक्षक हुनसक्ने र उसको सरक्षकत्वले भतिजोको संरक्षकत्वभन्दा प्राथमिकता पाउने।

(भक्तध्वज प्रधान वि. प्रेमध्वज प्रधान, ने.का.प. २०६६ अंक १० नि.नं. ८२४१ पृ. १६४९)

अंश मुद्दाको प्रारम्भिक सुनुवाइ र प्रमाण मुकरर

अंश मुद्दाको प्रारम्भिक सुनुवाइको चरणमा मूलतः प्रमाण मुकररको आदेश गरिन्छ। प्रमाण मुकररको आदेश गर्दा देहायका कुरा विचार गर्नुपर्ने हुन्छ :

१. फीरादपत्र र प्रतिउत्तरपत्र हेरी वादी र प्रतिवादीका बीच मुख नमिलेका कुरा यकिन गर्नुपर्ने। **(अ.वं. १८४ क. नं.)**

यसमा प्रतिवादीहरू सासु ससुरा र लोग्नेसमेतले इज्जत आमदअनुसार खान लाउन नदिई घरबाट निकाला गरेकोले मूल अंशियार तीन जना भएकोले तीन भागको एकभाग गरी मेरो लोग्नेको एक भागबाट मेरो आधा अंश छुट्याई पाउँ भन्ने वादी दाबी र निज वादी हाम्रो बुहारी श्रीमती नभएकोले अंश दिनुपर्ने होइन भन्ने प्रतिवादी जिकिर रहेको प्रस्तुत मुद्दामा वादी प्रतिवादी अंशियार नाता सम्बन्धका व्यक्तिहरू हुन् होइनन्? वादीले दाबी गरेबमोजिम अंश पाउने हो होइन ? भन्ने विषयमा वादी र प्रतिवादीहरूका बीचमा मुख नमिली इन्साफ गर्नुपर्ने देखिएकोले **अ.वं. १८४ क. नं** बमोजिम यो आदेश गरिदिएको छ। उल्लिखित विषयको निर्णयका लागि देहायबमोजिमको प्रमाण संकलन गर्नु :

(क) वादी प्रतिवादीका बीच नाता सम्बन्धबारे मुख नमिलेकोले प्रमाण खुलाई दुवै पक्षका नातातर्फ बयान गराउनु,

(ख) नातातर्फको बयानपश्चात् वादीले फीरादपत्रमा उल्लेख गरेको विवाह दर्ताको प्रमाणपत्रको अभिलेख सम्बन्धित गाउँ विकास समितिको कार्यालयबाट झिकाउनु,

(ग) वादी प्रतिवादीले फीराद र प्रतिउत्तरमा उल्लेख गरेका साक्षीहरू बुझ्नु।

२. **वादी प्रतिवादीहरू**का बीचमा अंशियार नै नभएको वा नातामा विवाद देखिएको अवस्थामा नातासम्बन्धी विषय यकिन गर्न आवश्यक प्रमाण बुझ्ने आदेश गर्नुपर्ने। नातासम्बन्धमा प्रमाण बुझ्दा सम्भव भएसम्म लिखित प्रमाणहरू संकलन गर्ने। जस्तै विवाह दर्ता प्रमाणपत्र, नाता कायम प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र आदि। लिखत प्रमाण नभएको अवस्थामा नाता सम्बन्धका बारेमा जानकार व्यक्तिलाई बुझ्न सकिन्छ। नाता कायमको विवाद यकिन गर्न सम्बन्धित वतनमा सर्जमिन गरी जानकारी संकलन गर्न पनि सकिन्छ।

३. **प्रतिउत्तर नपरेको** अवस्थामा सबै प्रतिवादीहरूको म्याद रीतपूर्वक तामेल भएको छ छैन हेर्नुपर्ने। म्याद जाँच गर्दा तामेली मितिबाट प्रतिवाद गर्ने समय बाँकी भए नभएको हेर्ने। तामेल भएको म्यादमा **अ.वं. ११० नं.** बमोजिमको रीत पुगे नपुगेको जाँच गर्ने। बेपत्ते तामेल भएकोमा सही वतनमा सहीरूपमा तामेल भए नभएको हेर्ने। आवश्यक संख्यामा म्याद तामेलीमा साक्षी राखे नराखेको हेर्ने। सम्बन्धित वडाका मानिस साक्षी राखे नराखेको हेर्ने। स्थानीय निकायका आधिकारिक प्रतिनिधि रोहवरमा राखे नराखेको हेर्ने। बेपत्ते टाँस तामेल गरेको वा घर दैलामा टाँस गरेकोमा एकप्रति म्याद सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडा कार्यालयमा बुझाए नबुझाएको हेर्ने। पत्रिकामा प्रकाशित भएको भए सही विवरण उल्लेख भए नभएको रुजु गर्ने आदि।

४. **प्रतिवादीमा उल्लेख** नभएको तर फीराद वा प्रतिउत्तरको पेटबोलीबाट अंशियार देखिएको अवस्था भए त्यस्तो व्यक्तिलाई **अ.वं. १३९ नं.** बमोजिम म्याद जारी गरी बयान गराई प्रतिवादी कायम गर्नुपर्ने देखिएमा तारेखमा राख्नुपर्ने हुन्छ। कहिलेकाहीँ कुनै अंशियार बेपत्ता भएको भनी वादी प्रतिवादीहरूको मुख मिलेर मुद्दा दर्ता भएको पनि हुन सक्छ। यस्तो अवस्थामा सोसम्बन्धी विषयमा पनि प्रमाण बुझी यकिन गर्नुपर्ने हुन्छ।

५. **वादी प्रतिवादीहरू**का बीचमा अंशियार नै नभएको वा नातामा विवाद देखिएको अवस्थामा नातासम्बन्धी विषय यकिन गर्न आवश्यक प्रमाण बुझ्ने आदेश गर्नुपर्ने। नातासम्बन्धमा प्रमाण बुझ्दा सम्भव भएसम्म लिखित प्रमाणहरू संकलन गर्ने। जस्तै विवाह दर्ता प्रमाणपत्र, नाता कायम प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र आदि। लिखत प्रमाण नभएको अवस्थामा नाता सम्बन्धका बारेमा जानकार व्यक्तिलाई बुझ्न सकिन्छ। नाता कायमको विवाद यकिन गर्न सम्बन्धित वतनमा सर्जमिन गरी जानकारी संकलन गर्न पनि सकिन्छ।

नाता कायम सम्बन्धमा प्रमाण बुझ्दा सम्भव भएसम्म सान्दर्भिक अन्य आधारहरू जस्तै पुराना अभिलेख, सरकारी अभिलेख, नाताका बारेमा जानकारी राख्ने मानिसहरू बुझ्ने, सर्जमिन गर्ने लगायतका प्रक्रिया अवलम्बन गर्नुपर्ने।

नाता सम्बन्धी विषयमा प्रमाणको आधारमा अंशियार देखिएको अवस्थामा मात्र पछि ठहरेबमोजिम हुने भन्ने बेहोरा उल्लेख गरी तायदाती माग गर्नुपर्ने।

६. **अन्य उपायहरूबाट** नाता कायम सम्बन्धी विषय यकिन हुन नसकेको अवस्थामा डी.एन.ए. परीक्षणको लागि पठाउँन सकिने।

मिसिलमा संकलन भएका प्रमाण आधारमा नाता कायम भएको यकिन गर्न नसकिएको अवस्थामा वादी प्रतिवादीको सम्बन्धबाट सन्तान जायजन्म भई सो सन्तानको पित्रृत्वको विषय टुंगो लगाउन डिएनए परीक्षण गर्ने गरी आदेश गर्न सकिन्छ। त्यस्तो परीक्षणमा परीक्षण हुने व्यक्तिको पहिचान र लिइएको नमूनाको सत्यता सन्दर्भमा विशेष ध्यान दिनुपर्ने हुन्छ। कतिपय अवस्था रक्त परीक्षण प्रतिवेदनलाई अदालतबाट स्वीकार नगरिएको अवस्था पनि छ।

प्रतिपादित सिद्धान्त

*विदेश गएको मानिससँग नियमित टेलिफोन सम्पर्क हुन सक्ने अवस्थामा फर्की आउने मिति थाहा हुने र विदेशको ठेगाना समेत थाहा हुने हुँदा यस्तो अवस्थामा **अ.वं. ८३(१) नं** आकर्षण हुन नसक्ने। विदेश गएको व्यक्तिलाई उमेर, सुस्तमनस्थिति र बहुलाएको व्यक्ति सरह राखे पनि खण्ड (च) मा पर्ने व्यक्तिको तर्फबाट जसलाई विवादको तथ्य नै थाहा हुँदैन, उसले दिएको प्रतिउत्तर र त्यस्तो व्यक्तिले दिएको प्रमाणको आधारमा इन्साफ गर्दा अदालत बहुतै होशियार हुनपर्ने। कुनै जातकको पितृत्वको विवादमा आमाको भनाइले महत्वपूर्ण स्थान रहन्छ। अन्य कुरासँग बाझिदैंन र परिस्थितिजन्य कुराहरूले समर्थन गर्दछ भने आमाको भनाइलाई नाताको विवादमा महत्वपूर्ण प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने। Intimate Sample कारणीबाट नै निकालिएको भन्नेमा विवाद नभई निर्विवाद रुपले कारणीबाट नै निकालिएको अवस्थामा प्रमाणमा लिनुपर्ने। Patterning सम्बन्धी विवाद, अपराध अनुसन्धान आदिमा DNA महत्वपूर्ण हुन्छ। तर, DNA Report प्रमाणमा लिन प्रयोगशाला (Laboratory) कोठाभित्र Sample निकाल्न कारणी र सम्बन्धित विशेषज्ञ मात्र प्रवेश गर्नुपर्ने।*

(राजीव गुरुङ्ग वि. नीता गुरुङ्ग, ने.का.प. २०६८ अंक ३ नि. नं. ८५७८ पृ. ३३४ फैसला मिति : २०६७।०२।११)

त्यसैले यो विषयमा विवाद नआउने गरी प्रक्रियासमेत यकिन गरी परीक्षण गर्न पठाउनुपर्ने हुन्छ। यसका लागि दुई वटा विकल्प प्रयोग गर्न सकिन्छ :

(क) सम्बन्धित पक्षको रोहबरमा चिकित्सक वा स्वास्थ्यकर्मीलाई अदालतमा नै बोलाई रगतको नमुना लिई सिलबन्दी गरी निर्धारित अदालतको कर्मचारीको माध्यमबाट समयमा विधि विज्ञान प्रयोगशालामा परीक्षणका लागि पठाउने। यसरी पठाउँदा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट प्रकाशित निर्देशिकाको पालना गरी कुनै पनि रूपमा (Chain of Custody) नटुट्ने गरी गर्ने।

(ख) रगत परीक्षणका लागि वादी प्रतिवादीलाई प्रयोगशालामा पठाई प्रयोगशालाबाट नै रगत संकलन गरी परीक्षणको व्यवस्था गर्ने।

७. **नाता कायम**को विषय यकिन भएपछि सोही आधारमा अंशियार देखिएको अवस्था खोली वादी प्रतिवादी सबैसँग तायदाती माग गर्ने आदेश गर्नुपर्ने।

प्रतिपादित सिद्धान्त

मानो छुट्टिएको प्रमाण नहुँदा मात्र फीराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्नुपर्ने।

अंशियारहरूले अलगअलग घरजग्गा जोतभोग गरेको देखिएतापनि लिखतअनुसार लिई पाई पैतृक अचल सम्पत्तिमा भागबन्डा गरी भिन्न भएको नदेखिँदा अचल जाय जेथा भागबन्डाको प्रयोजनका लागि सगोलमा नै रहेको देखिएको स्थितिमा अंश बन्डा हुनुपर्ने। ... एकै ठाउँ घरमा बस्दै आएका र एकै चुल्होबाट खानपिन गरी एकैसाथ घरजग्गा जोतभोग गर्दै आएको अवस्थामा कुनै लिखत नभएको भए स्थापित परम्पराअनुसार फीराद परेको अघिल्लो मितिलाई मानो छुट्टिएको मिति कायम हुनसक्ने भए तापनि वण्डापत्र लिखत पारित भइसकेपश्चात् पनि एकै सगोलमा चुल्हो मानो गर्दै आएको भनी अनुमान गर्न नमिल्ने। ... लिखत कार्यान्वयन नभएको कारण अचल सम्पत्तिको भागबन्डाको प्रयोजनका लागि अंशियारहरूलाई सगोलमा रहेको मान्नुपर्ने भए तापनि मानो छुट्टिए, नछुट्टिएको प्रश्नको निरुपण पारित बन्डापत्रको लिखतअनुसार हुनुपर्ने। ... मानो छुट्टिएको प्रमाण नहुँदा मात्र फीराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्नुपर्ने। ... चल सम्पत्ति बन्डा भएको वा मानो छुट्टिएको मिति यो हो भन्ने कुरा प्रमाणित गर्ने आधार नभएकोले लिखत भएको मितिलाई मानो छुट्टिएको मान्नुपर्ने। ... आफ्नो अंश हक कुनै अंशियारले लिन इन्कार गर्दै अंश छोडपत्रको लिखत पारित गरेमा मात्र कसैलाई अंशहकबाट वञ्चित गर्न सकिन्छ, अन्यथा कसैलाई कुनै अवस्थामा पनि अंश हकबाट वञ्चित गर्न नमिल्ने। ... मानो छुट्टिएको मितिभन्दा पछि आर्जन गरिएको घरजग्गा निजी आर्जनको हुनाले त्यस्तो सम्पत्तिबाट अरू अंशियारले अंश नपाउने।

(मैनादेवी पटेल वि. विन्देश्वरी दास, नजिर संग्रह दोस्रो भाग २०६६ सि.नं. १७ पृ. ११८ आदेश मिति : २०६४।१०।१७)

वादी प्रतिवादीबीच नाता पर्नु र उनीहरूबीच बन्डा भएको नपाइनु नै अंशबन्डा गरिदिनुपर्ने पूर्वाधार होइन। नाता पर्नु र अंशियार हुनु बिल्कुलै अलग स्थिति हुन्। सबै अंशियार नातेदार हुन्छन् तर सबै नातेदार अंशियार हुँदैनन्। तसर्थ नाता कायम भए पनि कुनै व्यक्ति कसैको अंशियार नठहर्न सक्छ। अंशबन्डा हुन सो सम्पत्तिको प्रकृतिको विश्लेषण गरेर मात्र त्यो बन्डा हुने वा नहुने निष्कर्ष निकाल्नुपर्ने हुन्छ। सम्पत्तिको विश्लेषण गरिने आधार नै पक्षहरूबाट प्राप्त हुने तायदाती हुने।

(सत्य नारायण कर्ण वि. इन्द्रमुखीदेवी कर्ण समेत, ने.का.प. २०६८ अंक ५ नि.नं. ८६०८ पृ. ७४६)

मानो छुट्टेको मितिका सम्बन्धमा

मानो छुट्टिएको मितिका सम्बन्धमा दुई पक्षबीच मुख नमिले तापनि घरायसी बन्डापत्रको लिखत खडा भएको कुरामा वादी र प्रतिवादीको मुख मिलेको र सोलाई कुनै पनि रूपमा निष्क्रिय तुल्याइएका प्रमाणको अभाव रहेको अवस्थामा मानो छुट्टिएको मिति कायम गर्ने प्रयोजनका लागि सो लिखतको मितिलाई आधार बनाउन मिल्ने। कसैको नाममा जग्गा रहनु वा त्यस्तो जग्गामा नक्सा पास गरी घर बनाउने क्रियाले अंशबन्डा भईसकेको वा सो घरजग्गा जसको नाममा छ, निजको एकलौटी हकभोगको वा निजको स्वआर्जनको भन्ने तथ्यलाई पुष्टि नगर्ने। घर व्यवहार सञ्चालनमा अवलम्बन गरिएका प्रक्रिया, सोसम्बन्धी सहमति वा समझदारीका कुराले अंश हकलाई प्रभावित पार्ने वा कसैलाई अंशहकबाट वञ्चित तुल्याउने वा अंशहकलाई संकुचन गर्ने भन्ने नहुने। अंशबन्डाको सन्दर्भमा घरसारका लिखत, सम्पत्तिको स्वामित्व वा भोग जस्ता विषयले मान्यता पाउन सक्दैन। त्यसको एकमात्र आधार भनेको पारित लिखत हो। पारित नभएको घरसारको बन्डापत्रमा कुनै कुरा उल्लेख हुँदैमा त्यसलाई निरपेक्ष रूपमा मान्यता दिने हो भने अंशबन्डाको महल निरर्थक हुन जाने र रजिष्ट्रेसन सम्बन्धी कानूनी व्यवस्था औचित्यहीन हुन पुग्ने।

(सन्तमाया महर्जन वि. रामचन्द्र महर्जन, ने.का.प. २०६७ अंक १ नि.नं. ८२९३ पृ. ४८)

८. **म्याद तारेख** गुजारी बसेको प्रतिवादीसँग पनि तायदाती माग गर्ने आदेश गर्नुपर्ने।

अदालतबाट जारी भएको म्यादमा उपस्थित नै नहुने प्रतिवादी वा प्रतिउत्तर दाखिल गरी तारेख गुजारेको अवस्थाका प्रतिवादीहरूसँग समेत तायदाती फाँटवारी माग गर्नुपर्ने हुन्छ। त्यस्तो अनुपस्थित प्रतिवादीको हकका तायदाती फाँटवारी पेस गर्ने भनी पुर्जी जारी गर्नुपर्ने हुन्छ। तोकिएको समयमा तायदाती पेस नगर्ने पक्षलाई **अंशबन्डाको महलको २२ नं.** बमोजिम पक्राउ पुर्जी जारी गर्नुपर्ने ब्यवस्था छ। प्रतिवादी पक्राउ परी आएमा अंश बन्डाका २०, २१, २२ र २३ नं. बमोजिम तायदाती फाँटवारी पेस गर्न लगाउनु पर्दछ।

९. **तायदाती पेस** भएपछि एक अर्कालाई तायदातीको विवरण सुनाउनु पर्ने। पेस भएको तायदाती फाँटवारी एक अर्कालाई सुनाउन लगाउनु पर्दछ। त्यसरी सुनाउँदा सो विवरणमा कुनै टिप्पणी वा प्रतिक्रिया भए सोसमेत खुलाई कागज गराउनु पर्दछ।

१०. **पेस भएको** तायदातीको विवरणअनुसारको दर्ता स्रेस्ताको अध्यावधिक विवरण सम्बन्धित निकायबाट झिकाउनुपर्ने। जस्तै : घर जग्गाको दर्ता स्रेस्ता उतार मालपोत कार्यालयबाट झिकाउने, शेयरको विवरण सम्बन्धित कम्पनी वा कम्पनी रजिष्ट्रारको कार्यालयबाट झिकाउने। पेस भएको सम्पत्तिको मूल्य खुलाउनु पर्ने र सोही आधारमा नपुग हुने कोर्ट फी दाखिला गर्न लगाउने।

११. **वादी पक्ष गरिब,** कमजोर र असहाय भएमा प्रतिनिधित्व गर्न वैतनिक कानून व्यवसायी नियुक्ति गर्नुपर्ने।

अंश मुद्दाका पक्षहरू मध्ये कुनै पक्ष (खास गरी वादी पक्षले) ले कानूनी सहायताका लागि अदालत समक्ष अनुरोध गरेमा निजको तर्फबाट प्रतिनिधित्व गर्न वैतनिक कानून व्यवसायीको सुविधा उपलब्ध गराउन सकिन्छ।

१२. **तायदातीमा पेस** भएको सम्पत्ति अंश मुद्दा टुंगो नलागुन्जेलसम्म बिक्री वितरण वा हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्नुपर्ने।

१३. **अंश दिइसकेको** वा पाइसकेको प्रतिवाद भएमा सोको प्रमाण पेस गर्न दाबी गर्ने पक्षलाई लगाउने।

१४. **मूल अंशियारमा** विवाह हुन बाँकी अंशियार कति छन् यकिन गर्ने। अंश मुद्दामा विवाह हुन बाँकी अंशियारहरू जति जना भएपनि सामान्यतया अंश लाग्ने सम्पत्तिको पाँच प्रतिशत विवाह खर्च पर सार्नु पर्ने हुन्छ। तर त्यस्तो विवाह खर्चको रकम एकजना अंशियारले पाउने अंशको दुई तिहाईभन्दा बढी हुनु हुँदैन। पहिलो पुस्ताका अंशियारले मात्र विवाह खर्च पाउने। विवाह हुन बाँकी अंशियारले आफ्नो समकक्षी अंशियारले पाउने सम्पत्तिबाट विबाह खर्च पाउने।

१५. **लाग्ने कोर्ट फी** दाखिल गर्न नसकी **कोर्ट फी ऐन, २०१७** को दफा २३ बमोजिमको सुविधाको माग गरेको अवस्थामा औचित्य र पेस भएका प्रमाण हेरी कोर्ट फी सुविधाको आदेश गर्नुपर्ने।

सुनुवाइको चरणमा

अंश मुद्दाको सुनुवाइ गर्दा देहायका कुराहरू विचार गर्नु पर्दछ :-

१. अंशियारको संख्या यकिन गर्नुपर्ने। पहिलो पुस्ता र त्यसपछिको पुस्ता छुट्याउनुपर्ने।

२. बन्डा नलाग्ने सम्पत्ति भनी दाबी लिएको अवस्थामा बन्डा नलाग्नु पर्ने कारण र आधार सो दाबी गर्ने सम्बन्धित पक्षबाट प्रमाण पेस गर्न लगाउने। विशेष गरी स्वआर्जनको सम्पत्तिको विषय दाबी गरेमा सोको प्रमाण पेस गर्नुपर्ने दायित्व पनि सम्बन्धित दाबी गर्ने पक्षमा नै रहने।

३. दुवै पक्षलाई आफ्नो दाबी जिकिरको पक्षमा बहस नोट पेस गर्न चाहेमा समय दिने।

४. वादी प्रतिवादी पक्षबाट कुनै नजिरको उल्लेखन भएमा कानून पत्रिका वा फैसलाको प्रतिलिपिबाट सो विषय यकिन गर्ने।

५. नाता कायम नहुने भएमा अंश नपाउने, नातामा विवाद नभएमा र अंश पाएको प्रमाण पेस नभएमा वा प्रमाण नपुगेमा अंशियार कायम हुने।

६. निजी आर्जन वा स्वः आर्जनको सम्पत्तिको दाबी गरेको विषय प्रमाणका आधारमा टुंगो लगाउने।

७. तायदातीमा पेस भएको विवरण र प्राप्त स्रेस्ता रुजु गर्न लगाउने।

८. दुवै पक्षको बहस र बहसनोट समेतलाई सन्दर्भको रूपमा उल्लेख गरी प्रमाणका आधारमा निर्णयमा पुग्ने।

९. कुनै अंशियारले शेषपछिको बकसपत्र दिएको अवस्थामा त्यस्तो बकसपत्र प्राप्त गर्नेले मुद्दा सकार गर्न पाउने।

घ. तायदाती माग गर्ने आदेश गर्दा

अंश मुद्दाको प्रारम्भिक सुनुवाइबाट वादीले अंश पाउन सक्ने अवस्था देखिएमा वादी प्रतिवादी दुवै पक्षबाट अंश बन्डा गर्नुपर्ने सम्पत्तिको तायदाती फाँटवारी माग गर्ने आदेश गर्नुपर्ने हुन्छ।
वादी प्रतिवादीहरूका बीचमा नातामा विवाद भएमा तायदाती फाँटवारी माग गर्ने आदेश गर्नु भन्दा पहिले नाता सम्बन्धको विषय यकिन गर्नुपर्ने हुन्छ।

३.२ मानाचामल

१. परिचय

मानिसलाई जीवनयापन अर्थात बाँच्नका लागी खान लाउन बस्ने ब्यवस्था आवश्यक पर्दछ। यसरी बाँच्नका लागी आवश्यक चिज या वस्तु वा सुविधाका लागी जन्म दिने बाबु आमा वा विवाह सम्बन्धमा बाधिए पछि श्रीमति लगायतका आश्रित परिवारका सदस्यलाई आफ्नो इज्जत आमदअनुसार खान लाउन दिई हेरचाह गर्नु पर्दछ। यदि खान लाउन दिई हेरचाह गर्न नसकेमा माना चामल दिनु पर्छ।

क. बाबु आमाको हेरचाह

ऐनबमोजिम बाबु आमा छोराछोरीहरूको अंशबन्डा गर्दा बाबु आमा कुनै छोरा वा छोरीसँग बस्न चाहेमा सो कुरा बन्डापत्रमा नै खुलाउनु पर्छ र त्यस्तो छोरा वा छोरीले बाबु आमालाई सँग राखी हेरचाह गर्नुपर्छ। बृद्ध बाबु आमाको आफ्नो आयस्ताले नै खान लाउन नपुगे वा हेरचाह गर्न सँग बसेका छोरा वा छोरी वा छोराको छोरा कोही नभए भिन्न बसेका छोरा वा छोरीले पनि आफ्नो इज्जत आमदअनुसार खान लाउन दिई हेरचाह गरी राख्नु पर्छ। **अंशवन्डाको महलको १०ख. नं. ...**

प्रतिपादित सिद्धान्त

बाबुले पनि छोरासँग अंश माग गर्न मिल्ने

*प्रचलित कानूनमा कहिँपनि बाबुआमा बाहेक अरू घरको मुख्य हुन सक्दैन भनेर किटान नगरिएकाले **अंशबन्डाको १० नं.** को कानूनी ब्यवस्था घरको मुख्यको रूपमा बाबुआमा रहेको अवस्थाको हकमा मात्र हो। जुन परिवारमा अंशबन्डा नभएका सगोलका अंशियारमध्ये बाबुआमा घरको मुख्य हुँदैनन् त्यस अवस्थामासमेत **अंशबन्डाको उक्त १० नं.** को कानूनी ब्यवस्था आकर्षित हुन्छ भन्न नमिल्ने। ... प्रचलित कानूनमा **लेनदेन व्यवहारको ८ नं.** ले सो ऐनद्वारा निर्धारित योग्यता भएका परिवारका जो कोही सदस्य पनि घरको मुख्य हुन सक्ने अवस्था देखिँदा बाबुले छोरासँग अंश माग्न मिल्दैन भन्ने भनाइ वा मान्यता युक्तिसंगत एवम् तर्कसंगत नहुने। ... आफूले आफ्नो जीवनकालमा आर्जित सम्पत्तिको सम्पूर्ण हिस्सा एकासगोलको आफ्नै छोराहरूको नाममा राखिदिएकोमा उनै छोराहरूले खान लाउन नदिई घरबाट निकाली दिएको अवस्थामा केवल कानूनी ब्यवस्थामा पिताले छोराहरूबाट अंश माग्ने कानून नभएको भन्ने कारणले मात्र अंश जस्तो नैसर्गिक हकबाट वञ्चित गर्न नमिल्ने।*

(बालेश्वर साहु वि. दुःखी साहुसमेत, ने.का.प. २०६३ अंक ९ नि.नं. ७७६० पृ. ११६९)

फैसलाबमोजिम अंश, रकम वा खर्च पाउने भएकी स्वास्नी मानिसले अंश, रकम वा खर्च नपाएमा सो बेहोरा खुलाई मुद्दा छिन्ने अड्डामा दरखास्त दिएमा पक्षहरू उही रहेछन् भने अड्डाले अंश, रकम वा खर्च नदिनेलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गरी फैसलाबमोजिम यथाशक्य छिटो अंश, रकम वा खर्च दिलाई दिनु पर्छ।

महिलाका लागि विशेष संरक्षण गर्नका लागि यो ब्यवस्था गरिएको छ। मुद्दा अन्तिम भएपछि यो ब्यवस्था आकर्षित हुन्छ। अंशका लागि छुट्टै अर्को मुद्दा गरिरहनु पर्दैन। अंश पाउनेले निवेदनको

रोहमा कारवाही र किनारा गर्नुपर्ने हुन्छ। फैसला बमोजिमको अंश रकम वा खर्च दिनु पर्ने पक्षलाई समेत झिकाई यो व्यवस्था बमोजिमको आदेश गर्नुपर्ने हुन्छ। **(१०ग. नं.)**

ख अंश छुट्याएपछि विवाह भए वा अंशियार थप भएमा

अंश लिई बेग्लै भएपछि आफ्नो र कोही स्वास्नी छोराछोरीको अंशसमेत मिसाई राखेको रहेछ भने पछि अरू स्वास्नी ल्यायो वा छोरा छोरी जन्मे भने बसेकाहरूको अंश जिउनी जम्मा गरी सँग बसेका र पछि ल्याए जन्मेका स्वास्नी छोराछोरीलाई ऐनबमोजिम अंश गरी दिनुपर्छ। आफ्नो अंश लिई बेग्लै भएपछि अर्को स्वास्नी ल्यायो वा छोरा छोरी जन्मे भने पछि ल्याए जन्मेकोले लोग्ने वा बाबुको अंश जिउनी सबै खान पाउँछन्। पछि ल्याए जन्मेकाले अघि अंश लिई पर सरेकोसँग अंशमा दैया गर्न पाउँदैन। **(११ नं.)**

अंशियार घटबढ भएमा

फीराद परिसकेपछि फैसला नहुँदै मुलुकी ऐनमा गरिएको संशोधनले छोरीलाई अंशियार कायम गरेको स्थितिलाई मुद्दा पर्दापर्दैको अवस्थामा एक अंशियारको जन्म भएसरह मान्नुपर्ने। दाबी नै नगरिएको विषयवस्तुमा निर्णय गर्न वा माग गरेको भन्दा बढी विषयमा अदालतले फैसला गर्न मिल्दैन भन्ने फैसलाको सामान्य नियम हो। तर, अंश जस्तो नैसर्गिक अधिकारको विषयमा वादीले दाबी गरेको अवस्थामा कायम रहेको अंशियारको संख्या पछि फैसला हुँदाको अवस्थामा घटी वा बढी हुन गएमा प्रमाणको आधारमा अंशियारहरूको वास्तविक संख्याबमोजिम निर्णय दिनुपर्ने विशेष अवस्था हुन जाने। एउटा बाबुबाट जन्मेको सन्तानले वा कुनै अंशियारले तत्काल कायम रहेको अंशियारको संख्याको आधारमा अंश मुद्दा दिए पनि मुद्दा चल्दाचल्दै अर्को सन्तानको जायजन्म भई अंशियारको संख्या बढ्न गयो वा कुनै अंशियारको मृत्यु भई कुल अंशियारको संख्या घट्न गएको अवस्था देखियो भने फैसला हुँदाको अवस्थामा कायम रहेको कुल अंशियारको संख्या यकिन गरी सो कायम रहेको अंशियारबीच बन्डा गर्ने गरी फैसला गर्नुपर्ने।

(निर्मला रोका वि. बालकृष्ण रोका, ने.का.प. २०७० अंक ३ नि.नं. ८९७२)

कसैको अंश भाग सगोल परिवारभित्रै कसैलाई दिँदा दाताको अंश भाग छुट्टिसकेको अवस्था वा आफ्नो भाग अंश छुट्याउन दाताले नालिस गरेको अवस्था वा त्यस्तो प्राप्त गर्नेले नै छुट्याई लिई नसकेको अवस्थामा दाताको तर्फबाट मुद्दा सकार गरेको अवस्था हुनुपर्ने। एकासगोलका अंशियाराबीच एकले अर्कोबाट सगोलको सम्पत्ति बकसपत्र पाएकै अवस्थामा पनि सो सम्पत्तिमा सबै अंशियारको भाग लाग्ने। अरू प्रतिवादीलाई अंश प्रयोजनार्थ बुझ्दा निजको मृत्यु भइसकेको देखिएको र पक्ष कायम भई कसैले सकार गरेको पनि नदेखिएको हुँदा पक्ष कायम नभई सकार नभएकोमा पहिले नै मृत्यु भइसकेको व्यक्तिलाई अंशियार कायम गर्न नसकिने।

(गोवर्धनलाल नकर्मीसमेत वि. कमला नकर्मी, ने.का.प. २०७० अंक ५ नि.नं. ९१६८)

ग. विधवा वा विधुरले अर्को विवाह गरेमा

विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउँछे। सन्तान नभएका विधवा वा विधुरले अर्को विवाह गरेमा निजले आफ्नो अंश आफूखुस गर्न पाउँछन्। सन्तान भएका विधवा वा विधुरले अर्को विवाह गरेमा सन्तान नाबालक भएसम्म त्यस्ता सन्तानको पालनपोषण र शिक्षादीक्षाको ब्यवस्था सोही सम्पत्तिबाट गर्नुपर्छ। सो काममा बाहेक त्यस्तो सम्पत्ति बन्डा र बेचबिखन गर्न पाउँदैनन्। सन्तान साबालक भएपछि आफ्नो अंशभाग आफूखुस गर्न पाउँछन्। त्यस्ती विधवाले अर्को विवाह गरी कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति अघिल्लो लोग्नेपट्टिका कुनै सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो लोग्नेपट्टिको हकवालाले पाउँछ।(१२ नं.)

घ. अन्यत्र बसेकी विधवाले लगाएको ऋण अपुताली खानेले तिर्नु नपर्ने

हकवालाले ऐनबमोजिम रीतसँग राखेकी अंश नलिएकी विधवा स्वास्नी मानिस आफ्ना घर नबसी अन्यत्रै गई बस्दा यस्ती विधवाले लाएको ऋण अपुताली खानेले तिरिदिनु पर्दैन।(१३ नं.)

ङ. ऋण वण्डा लाग्ने

बाबु लोग्नेका शेषपछि अंश गर्दा उसको काजक्रिया गरी बाँकी रहेको सँग बसेका र बेग्लै बसेकासमेत सबै छोराछोरी स्वास्नीसितका बाबु बाजे लोग्नेका आर्जनको ऋण धनमा सबै स्वास्नी छोराछोरीहरूलाई ऐनबमोजिम बाँडिदिनु पर्छ। बाबुका शेषपछि पनि कोही छोराछोरी आमासितसँग बसेका रहेछन् वा कोही पनि सँग बसेका रहेनछन् आफ्नो चित्त बुझी अंश नखोजी बेग्ला बेग्लै बसेका रहेछन् र आमा मरेपछि अंश गर्न पर्‍यो भने पनि आमाको काजक्रिया गरी बाँकी रहेको सबै बाबु बाजेका आर्जनका ऋणधनमा ऐनबमोजिम सबै छोराछोरीलाई बाँडिदिनु पर्छ। मानो छुट्टेपछिको ऋणधनमा ऐनबमोजिम गर्नुपर्छ। (१४ नं.)

च. जिउनी

अंश बन्डामा घटी बढी गरी लिनु दिनुलाई जिउनी भन्दछन्। जिउनी दिँदा उसले पाउने अंशभन्दा सयकडा पाँचसम्म बढ्ता दिएको सदर हुन्छ। जिउनी लिई दिइसकेपछि अंशै गरिपाउँ भनी यसै महलका ३२ नं. का म्यादभित्र उजुर गरे सो जिउनीसमेत मिसाई ऐनबमोजिम अंश गरी दिनुपर्छ।(१५ नं.)

छ. विवाह खर्च

विवाह नभएका छोरा छोरीको विवाह खर्च पर सार्दा विवाह नभएका छोराछोरी धेरै भएपनि थोरै भए पनि जम्मा धन सम्पत्ति दुई हजारदेखि बढ्ता ठहरे सयकडा पाँच, दुई हजारदेखि मुनि एक हजारसम्म धन सम्पत्ति ठहरे सयकडा दश, एक हजारदेखि घटी धन सम्पत्ति ठहरे सयकडा बीसका दरले विवाह खर्च पर सारी जस्तो हिसाबको अंश पाउँछ सोही हिसाबसित दामासाही गरी विवाह खर्च पनि बाँडिदिनु पर्छ। लेखिएबमोजिम बन्डा गर्दा विवाह खर्च पाउने एक जवान मात्र र अंश पाउने अंशियार धेरै जवान भई अंशियारले पाउने अंशभन्दा विवाह खर्च धेरै पाउने भएमा अंशियार एक जनाले पाउने अंशको चार खण्डको तीन खण्डसम्म विवाह खर्च पाउँछ बढी पाउँदैन। भाइभाइको अंश गर्दामा भए भाइभाइको छोरा छोरीहरूलाई विवाह खर्च पर सार्नु पर्दैन।(१७ नं.)

प्रतिपादित सिद्धान्त

विवाह खर्च सगोलमा रहेका अंशियारहरूका बीच अंशबन्डा हुँदाका बखत तत्काल कायम रहेको सम्पत्तिको आधारमा विवाह नभएका अंशियारहरूको लागि खर्चको व्यवस्था गरिने गरी कानूनबाट सिर्जना भएको अधिकार हो जसको सम्बन्ध बन्डा हुँदाका बखत विवाह नगरेका तथा विवाह भएका अंशियारबीच मात्र रहेको हुने। ... विवाह खर्चसम्बन्धी शब्दले नै नेपाली समाजमा चलिआएको परम्परागत संस्कार र विधिपूर्वक विवाह गर्दाको बखत आवश्यक पर्ने रकमको लागि खर्चको व्यवस्था गरिएको हो भनी मान्न सकिन्छ। यसरी छुट्याइएको खर्च विवाह गर्नुअगाडि नै कुनै पनि अंशियारले अन्य प्रयोजनको लागि खर्च गर्न सक्तैन। यस्तो अन्य काममा खर्च गर्न नसकिने रकम कलमलाई आधार बनाई आफ्नो बालबच्चालाई इज्जत आमदअनुसार खान लाउन र आवश्यकताअनुसार स्वास्थ्य उपचार र उचित शिक्षा दीक्षा दिनुपर्ने दायित्वबाट कुनै पनि अभिभावक पन्छिन नमिल्ने।... भरणपोषणको लागि नियमितरूपमा खर्चको प्रबन्ध मानाचामलबाट गरिन्छ भने बन्डा हुँदाका बखत अविवाहित अंशियारको विवाह गर्ने कार्यमा हुने खर्चको व्यवस्था विवाह खर्चका रूपमा गरिन्छ। यसरी फरक प्रसङ्ग र सन्दर्भमा प्रयोग हुने दुई भिन्न भिन्न अधिकारमध्ये एउटा अधिकार विवाह खर्च प्राप्त गरिसकेको हुँदा मानाचामल भराउन पर्दैन भन्ने कानूनअनुरूप मान्न नसकिने।

(राम खड्का वि. सरिता खड्का, ने.का.प. २०७१ अंक १० नि.नं. ९२७३)

ज. स्वआर्जन

मानो नछुट्टिइ बसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको महलको ८ नं. बमोजिम लगाएको ऋण सबै अंशियारलाई भाग लाग्छ। सोबाहेक कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री **अंश धनको महलको ५ नं.** बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्न वा पाउने अंशियारको निजी ठहरी आफूखुशी गर्न पाउँछ। बन्डा गर्न कर लाग्दैन। अंश नभए पनि मानो छुट्टिई भिन्न बसेका वा रजिष्ट्रेसन नगरी खती उपति आफ्नो आफ्नो गरी आफ्नो हिस्सासँग मात्र राखी खानु पिउनु गरेकोमा एकै ठाउँमा भएपनि मानो छुट्टिई भिन्न भएको ठहर्छ। त्यस्तो कमाएको धन लाएको ऋण आफ्नो आफ्नो हुन्छ।(१८ नं.)

(यस सम्बन्धमा थप जानकारीका लागि लेनदेन व्यवहारको ८ नं. र स्त्री अंश धनको ५ नं. को व्यवस्था हेर्न सकिन्छ।)

झ. दाइजो पेवा वा निजी आर्जन भन्नेले प्रमाणित गर्नुपर्ने

दाइजो पेवा वा निजी आर्जनको सम्पत्ति हो भनी जिकिर लिने पक्षले सो जिकिरको समर्थनमा वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित गराउन सक्नुपर्ने।

(सावित्री देवी बानियाँ वि. रामगोपाल वैश्य, ने.का.प. २०६७ नि.नं. ८४५४ पृ. १४६३)

अंश वण्डाको १८ नं. को उद्देश्य र मर्म

अंश वण्डाको १८ नं. *परिवारका सदस्यहरूको उद्यमशीलतालाई संरक्षण र प्रोत्साहन दिने कानून हो। सम्पत्ति आर्जनको इतिहास, स्रोत र लगानीको प्रकृति विश्लेषण गरी न्यायिक निष्कर्षमा पुगिएन भने* ***अंश बन्डाको १८ नं.*** *को उद्देश्य र मर्म मर्न पुग्ने।*

(जमरुद्दिन मियाँ वि. जियाउल हुसेन मियाँसमेत, ने.का.प. २०६९ अंक ५ नि.नं. ८८३० पृ. ५७८)

ञ. आमा बाबुका नाममा जुनसुकै स्रोतबाट आएको सम्पत्ति छोरा छोरीका लागि पैत्रिक सम्पत्ति नै मान्नु पर्ने

निजी ज्ञान सीपबाट आर्जन गरी खरिद गरेको भन्ने बस्तुनिष्ठ प्रमाणको अभावमा एकासगोलमा रहेको कुनै अंशियारको नाममा रहेको तथा खरिद गरेको सम्पत्तिमा सबै अंशियारको समान हक लाग्ने। ... एकासगोलमा रहे बसेको अवस्थामा कुनै अंशियारले अर्को अंशियारलाई सगोलको पैत्रिक सम्पत्ति हक हस्तान्तरण गर्दैमा त्यस्तो सम्पत्तिमा अन्य अंशियारको हकाधिकार समाप्त हुन्छ भन्न नमिल्ने। ...एकासगोलका अन्य अंशियारको अंश हकमा असर पर्ने गरी हक हस्तान्तरण गर्दैमा सगोलका अन्य अंशियारहरूको हक अधिकार माथि प्रतिकूल असर पर्न सक्दैन। साथै आमा बाबुका नाममा जुनसुकै स्रोतबाट आएको सम्पत्ति निजहरूका सन्तान अर्थात् दोस्रो तहमा अंशियार छोरा छोरीका लागि पैत्रिक सम्पत्ति नै मान्नुपर्ने र त्यसमा छोरा छोरीलाई बन्डा हुने।

(सानुमाया महर्जनसमेत वि. बुद्धिलाल महर्जन, ने.का.प. २०६९ अंक ३ नि.नं. ८७८८ पृ ४३६)

ट. बाबुको सम्पत्ति छोरा श्रीमतीको हकमा पैतृक सम्पत्ति नै मान्नुपर्ने

समान अंशियार भए तापनि समानस्तरका अंशियार नभई बुबा वा लोग्नेको सम्पत्तिमा छोरा र श्रीमतीको हक पहिले लोग्ने वा बाबुको हक सिर्जना भएपछिमात्र सिर्जना हुने हुँदा बाबु वा लोग्नेले जुनसुकै बेहोराबाट कमाएको सम्पत्तिमा र लगाएको ऋणसमेतमा छोरा स्वास्नीको उत्तिकै हक अधिकार सिर्जना हुने र दायित्व बेहोर्नु पर्ने भएकोले बाबुको सम्पत्ति छोरा श्रीमतीको हकमा पैतृक सम्पत्ति नै मान्नुपर्ने। ... अंशबन्डाको १० नं. को कानूनी व्यवस्थाबाट लाग्ने वा बाबुआमाले जुनसुकै बेहोराबाट प्राप्त गरेको सम्पत्ति छोरा छोरी र श्रीमतीको लागि पैतृक सम्पत्ति मान्नुपर्ने।

(सावित्री वि. पार्वती थापासमेत, ने.का.प २०६४ अंक २ नि.नं. ७८१४ पृ. १४०)

*पितृसत्तात्मक सामाजिक मनोविज्ञान अद्यापि विद्यमान रहेको अवस्थामा सगोलको आयले जग्गा खरिद गरी बुहारीको नाममा राखेको होला भनी विश्वास गर्न सकिने अवस्था नरहने। कामकाजी आय आर्जन गर्ने महिलाको रूपमा प्रतिवादीले शिक्षण पेशामा संलग्न रहेको र सो कुरालाई वादीहरूले अन्यथा भन्न सकेको देखिंदैन। आफ्नो निजी आर्जन र सीपबाट आर्जित सम्पत्ति नभएको भए वादीहरूले तत्कालीन अवस्थामा प्रतिवादीका नाममा नै उक्त जग्गा राजिनामा गरी कायम राखी राख्नपर्ने अवस्था नदेखिने। अंश मुद्दाको प्रतिउत्तर बेहोरामा प्रतिवादी हामीभन्दा स्रोतदार र आम्दानीवाला हुन् भनी स्वीकार गरी निजको आर्जन र सीपलाई अन्यथा भन्न सकेको देखिँदैन। यस्तो अवस्थामा निजको निजी आर्जन र सीपबाट आर्जित सम्पत्तिमा निजले आफूखुश गर्न सक्ने व्यवस्था **मुलुकी ऐन, अंशबन्डाको १८ नं.** ले गरेको कानूनको सारभूत पक्षलाई अन्यथा भन्न सक्ने नदेखिने।*

(नीना मानन्धरको वारेस भई आफ्ना हकमासमेत जुजुभाइ मानन्धर वि. श्रीमती सबिता मानन्धरसमेत, ने.का.प. २०७० अंश १० नि.नं. ९०७०)

ठ. बकस दिएको अवस्थामा

आफ्नो कानूनबमोजिमको अंश हकको सम्पत्ति शेषपछिको बकसपत्रको लिखत गरिदिएको स्थिति छ भने त्यस्तो अवस्थामा लिखतको अस्तित्वलाई अन्यथा प्रमाणित नगरेसम्म लिखतको मान्यता यथावत् रहेको मान्नुपर्ने हुन्छ र त्यस्तो बकसपत्रको लिखत बकसपत्र दिनेको मृत्यु भएपछि क्रियाशील भई त्यस्तो अंशहकको सम्पत्ति शेषपछिको बकस पाउनेमा सर्ने।

(श्यामगोपाल श्रेष्ठको संरक्षक ऐ.ऐ. बस्ने श्रीमती इन्द्रकुमारी श्रेष्ठ वि. ज्योति श्रेष्ठ, ने.का.प. २०७१ अंक १० नि.नं. ९२६९)

ड. बकसपत्र पाउनेले सकार गर्न पाउने

*बकसपत्र दिनेको मृत्यु भएपछि निजले गरिदिएको शेषपछिको बकसपत्रको नाताले निजको हक बकस पाउनेमा सर्ने र निज बकस दिनेको अंश भागमा बकस पाउनेको हक स्थापित हुने हुनाले मुद्दा चल्दा चल्दै बकस दिनेको मृत्यु भएकोमा निजले गरिदिएको शेषपछिको बकसपत्र बमोजिम निजको अंश भागको दैयादार बकस पाउने मानिने र निजले तत्कालीन **अ.वं.१७४,६२ नं.** बमोजिम सकार गर्न पाउने।*

(तारादेवी उपाध्याय वि. इन्द्रप्रसाद उपाध्याय पौडेलसमेत, ने.का.प. २०३२ अंक १ नि.नं. ९२४)

ढ. अरू हकवालाको साम्पत्तिक हकलाई निजहरूको मन्जुरीविना तिलाञ्जली दिने अधिकार परिवारको मुख्यलाई पनि हुँदैन।

*कुनै घरायसी लिखतको कार्यान्वयन भए नभएको निक्यौंल गर्नुपर्दा अदालत अति संवेदनशील हुनु पर्दछ। अकाट्य ठोस प्रमाणको अभावमा अनुमानको आडमा **अंश बन्डाको ३० नं.** प्रयोग गरी वण्डा भइसकेको निष्कर्ष निकाल्न नमिल्ने। ... घर व्यवहारबाट छुट्टि भिन्न भएको स्थापित हुन लिखतबमोजिम वण्डामा परेको सम्पत्ति वण्डा पाउने व्यक्तिहरूका नाउँमा नरम —गरम मिलेको हुनुका अतिरिक्त नामसारी दाखिल खारेज विक्री व्यवहार भएको हुनुपर्ने। ... आफूबाहेक अरू हकवालाको साम्पत्तिक हकलाई निजहरूको मन्जुरीविना तिलाञ्जलि दिने अधिकार परिवारको मुख्यलाई पनि हुँदैन। मुख्यले नै सम्पत्ति छाडेपछि निजको हकवालाको पनि हक गएको अर्थ निकाल्न न्यायोचित नहुने।*

(झिग्मी परवर विष्ट वि. करसांग लावांग, ने.का.प. २०६७ अंक ४ नि.नं. ८३५९)

ण. सगोलमा रहेको अवस्थामा बढे बढाएको सम्पत्ति सगोलकै मानिने

सगोलका अंशियारमध्ये एक अंशियारले अर्को अंशियारलाई बकसपत्र गरिदिएको अवस्थामासमेत त्यस्तो सम्पत्ति सगोलकै मान्नुपर्ने अवस्था भएको। खरिद गरेको स्वआर्जन भने तापनि त्यसको तथ्ययुक्त प्रमाण पेस गरी प्रमाणित गर्न सकेको अवस्था नदेखिँदा सगोलमा रहेको अवस्थामा बढे बढाएको सम्पत्ति सगोलकै मानिने र बन्डा लाग्ने प्रकृतिको हुने। बकसपत्र पाउनु वा खरिद गरि लिनुअघि नै बन्डा छुट्टिई अलग भईसकेको भन्ने कुनै प्रमाण पेस हुन सकेको अवस्था नदेखिएको हुँदा पहिले नै छुट्टि भिन्न भई सकेको मान्नु नसकिने।

(पदम न्यौपाने वि. आरती न्यौपाने, ने.का.प. २०७१, अंक १०, नि.नं. ९२७०)

*सगोलका अंशियारमध्ये जसको नाममा सम्पत्ति भएपनि त्यो उसैको एकलौटी हुँदैन। कुन सम्पत्ति बन्डा लाग्ने र कुन नलाग्ने भन्ने कुराको मापदण्ड **अंशबन्डाको १८ नं.** हो। एकाघरसँगका अंशियारमध्ये जोसुकैको नाममा रहेको सम्पत्ति सगोलको मानिने कुरा अनुमान हो र यो अनुमान पनि अन्यथा प्रमाणित भएमा कायम रहँदैन। तसर्थ, **प्रमाण ऐन, २०३१** को दफा ६(क) का आधारमा दाबी स्थापित हुने नभई विचाराधीन मुद्दामा प्रमाणका कडीमा यो अनुमान गरिने विषय मात्र हो। यस दफालाई **अंशबन्डाको १८ नं.** ले परिसीमित गर्ने। पैतृक सम्पत्तिबाट बढे बढाएको सम्पत्ति नभएको कुरामा वादीको सहमति नै छ। केवल त्यो सम्पत्ति आर्जन गर्न आफ्नो पक्षको पनि योगदान छ भन्ने वादीको कथन रहेको छ। तर, प्रतिवादीको नोकरी, आधिकारिक मध्यमबाट भारतबाट रकम नेपाल पठाएको मिति र जग्गा किनिएको मितिसमेतले वादीको जिकिरलाई पुष्टि गर्न नसक्ने।*

(जयन्त खड्कासमेत वि. लोकबहादुर खड्काको मु.स. गर्ने निजको पत्नी ऐ.ऐ. बस्ने पुष्पा खड्कासमेत, ने.का.प. २०७० अंक ६ नि.नं. ९०२५)

अंश लाग्ने नलाग्ने र अंश मुद्दामा के कुन सम्पत्तिमा अंश लाग्ने नलाग्ने सोको निराकरण तथ्य एवम् प्रमाणको आधारमा निराकरण हुनुपर्ने र अर्कोतर्फ एउटै दाताले एउटै मितिमा एकै कित्ताबाट कित्ताकाट गरी समान हैसियतका दुई व्यक्तिलाई एकै बेहोराले दिएको हालैको बकसपत्रमध्ये एउटालाई बन्डा नलाग्ने ठहर गर्नु र अर्कोलाई बन्डा लाग्ने ठहर गर्नु समन्याय र ***मुलुकी ऐन, अंशबन्डाको १८ नं.*** *को कानूनी ब्यवस्थासमेतको विपरीत हुने। सम्पत्ति राजीनामाबाट प्राप्त गरेको र सो सम्पत्ति निजी आर्जन देखिने गरी निजले अन्य विश्वसनीय प्रमाण प्रस्तुत गर्न नसकेकोले निजको निजी आर्जनको भन्न सकिने अवस्था नदेखिएकोले सगोलको सम्पत्ति मान्नुपर्ने।*

(वाहिद अलि गद्दी वि. अहमद अलि गद्दी, ने.का.प. २०७१ अंक १ नि.नं. ९११२)

बकसपत्रको लिखतमा दाताले उल्लेख गरेको बेहोरालाई अन्यथा प्रमाणित नभएसम्म स्वाभाविक हो भन्ने कुरा अदालतले अनुमान गर्नुपर्ने। ***अंशबन्डाको १८ नं.*** *मा उल्लिखित* ***"कसैबाट"*** *भन्ने शब्दले नजिकको हकदार, इष्टमित्र वा माइती मावलीपट्टिका व्यक्तिलाईमात्र सीमित नगरी उल्लिखित व्यक्तिबाहेक जोसुकै व्यक्तिलाई पनि जनाउने देखिन्छ। यसरी* ***अंशबन्डाको १८ नं.*** *मा उल्लिखित* ***"कसैबाट"*** *भन्ने शब्दले जो कोहीसमेत सम्झन मिल्ने हुँदा उक्त १८ नं. मा भएको ब्यवस्थालाई संकुचित व्याख्या गर्नु न्यायोचित नदेखिने। लिखतको बेहोराबाटै लिखतबमोजिम पाउने व्यक्तिले निजी तवरबाट प्राप्त गरेको भन्ने देखिन आएको अवस्थामा अन्यथा प्रमाणित नभएसम्म सो बेहोरालाई असत्य मानी थैली हालेर नै खरिद गरेको भनी अनुमान गर्नु कानूनसंगत एवम् न्यायोचित् नदेखिने।*

(चिरागमान सिँह कुँवर वि. ज्ञानु कुँवर, ने.का.प. २०६९ अंक ८ नि.नं. ८८६९)

निजी ज्ञान, सीप र प्रयासबाट आर्जन गरेको भनेको नितान्त आफ्नो पालामा आफ्नो मात्र श्रम, सीप र प्रयास परेको सम्पत्ति भनी अर्थ गर्नुपर्दछ। यदि सगोलका परिवार सबैको श्रम, सीप र प्रयास परेको छ भने त्यसमा कसैको पनि हक नमरोस् र यदि कुनै एक अंशीको मात्र निजी ज्ञान, सीप, श्रम र प्रयास परेको छ भने त्यसमा सहभागी नहुने अरू परिवार सदस्यलाई भाग बन्डा नलागोस् भन्ने कुरामा ध्यान दिनुपर्ने। विदेशमा रहेको छोराको आर्जनबाट स्वदेशमा बाबु आमाका नाममा जग्गा खरिद गरिएको अनुमान स्वाभाविक र तर्कसंगत हुन्छ। आफ्ना विरूद्ध न्यायिक अवधारणा बन्न जाने तथ्यको सम्बन्धित पक्षले खण्डन गर्न सक्दैन र सो खण्डनलाई पुष्टि गर्ने आधार प्रमाण केही दिन सक्दैन भने त्यो तथ्यले निजका विरुद्व प्रमाणको स्वरुप ग्रहण गर्ने।

(जमरुद्दिन मियाँ वि. जियाउल हुसेन मियाँ समेत, ने.का.प. २०६९ अंक ५ नि.नं. ८८३०)

लिखतमा बकसपत्र शब्द प्रयोग गर्दैमा त्यसमा उल्लिखित सम्पत्ति स्वतः बन्डा नलाग्ने प्रकृतिमा पर्ने होइन। तर बकसपत्र दाता र प्राप्तकर्ताको सम्बन्ध, बकसपत्र दिनुपर्ने कारणको औचित्यको प्रामाणिक विश्लेषण गरी निष्कर्ष निकाल्नपर्ने हुन्छ। सो बकसपत्रको लिखत गर्दा राजीनामासरह रकम लेनदेन भएको, अन्य अंशियारलाई अंश हकबाट वञ्चित गर्न मात्र बकसपत्र शब्द लेखिएको र दाताले प्राप्तकर्तालाई बकस दिनुपर्ने कुनै कारण तथा औचित्य नरहेको कुरा सो लिखतमा उल्लिखित सम्पत्ति बन्डा लागोस् भन्ने पक्षले प्रमाण दिई सो प्रमाणित भएमा बकसपत्र लेखिएको सम्पत्ति पनि बन्डा हुन सक्ने। सगोलकै सम्पत्ति लगानी गरी श्रीमतीका नाममा बकसपत्र गर्न जालसाजीयुक्त व्यवहार गरेको जिकिर प्रमाणबाट पुष्टि भएको स्थितिमा बकस पत्र शब्द लेखिँदैमा सोमा उल्लिखित सम्पत्ति बन्डा लाग्दैन भन्न नसकिने।

(सानुमाया महर्जनसमेत वि. रत्नमाया महर्जन, ने.का.प. २०६९ अंक ३ नि.नं. ८७८८)

आफ्नै आर्जनको कमाइबाट आमाका नाममा खरिद गरेको जग्गा भए तापनि त्यसको वस्तुनिष्ठ प्रमाण पेस हुन नसकेको अवस्थामा आमाका नाममा रहेको त्यस्तो जग्गा स्वाभाविकरूपमा सन्ततिहरूका लागि पैत्रिक सम्पत्ति मानिन्छ, त्यस्तो सम्पत्तिमा छोराको मात्र हक लाग्छ भनी छोरीलाई बाहेक गर्ने गरी व्याख्या गर्न नमिल्ने। पैत्रिक सम्पत्तिको योगदान रहेको भन्ने तथ्य कहिँकतैबाट स्थापित हुन नसकेको सम्पत्तिमा कसैले आफ्नो निजी आर्जनबाट जोडेको सम्पत्तिलाई सगोलको सम्पत्ति मान्न नसकिने। निजी आर्जनको सम्पत्तिमा सो आर्जन गर्ने अंशियारको निजी ठहरी आफूखुश गर्न पाउँछ भन्ने अंशबन्डाको १८ नं. मा स्पष्ट कानूनी ब्यवस्था रहेको हुँदा त्यस्तो सम्पत्तिमा अन्यलाई अंश हक नलाग्ने।

(योगेन्द्रमान श्रेष्ठसमेत वि. बस्ने रीता श्रेष्ठ, ने.का.प. २०६७ अंक १० नि.नं. ८४७५)

सम्पत्ति कुनै अंशियारको निजी हुने भन्ने प्रष्ट उल्लेख नभएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ६(ख) बमोजिम अन्यथा प्रमाणित नभएसम्म एकाघर सगोलका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अनुमान गरिने कानूनी ब्यवस्था क्रियाशील हुने।

(देवनाथ साह तेली वि. नन्दु साह तेली समेत, ने.का.प. २०६९ अंक ६ नि.नं. ८८४६ पृ ९५१)

मानो छुट्टिएको भन्ने वादी, बन्डा भएको भन्ने प्रतिवादी भएकोमा कानूनको रीतपूर्वकको लिखतको अभावमा बन्डा भएको भन्न नमिल्ने।

(रत्नदेवी श्रेष्ठसमेत वि. तेजबहादुर श्रेष्ठ, ने.का.प. २०३१ अंक १ नि.नं. ८३३)

त. अलग-अलग ठाउँमा व्यवसाय गरी बसेको भन्दैमा स्वतः मानो छुट्टिएको मान्न मिल्दैन

अलग—अलग ठाउँमा व्यवसाय गरी बसेको भन्दैमा स्वतः मानो छुट्टिएको मान्न मिल्दैन। अर्को स्थानमा बसी व्यवसाय गरे पनि अन्य कुनै परिवार सदस्य रहेको ठाउँमा सम्पत्ति जोर्न निजको योगदान नै नरहेको स्पष्टरूपमा प्रमाणबाट नदेखिएसम्म जो जहाँ छ त्यो उसैको आर्जन मान्न नसकिने। विभिन्न ठाउँमा बसोबास गर्ने क्रममा अंशियारमध्येका जुनसुकै व्यक्तिको नाममा सगोलको सम्पत्ति रहेको हुन सक्छ। अन्यथा प्रमाणित नभएसम्म वा कानूनबमोजिम निजी आर्जन ठहर्ने बाहेक एकाघर अंशियारमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने। व्यक्तिको अंशहक जस्तो विषयमा केवल अनुमानको आधारमा अंश नपाउने भनी ठहर गर्न न्याय र कानूनको रोहमा नमिल्ने।

(रामनिवास नाउ वि. गुलावीदेवी नाउ, ने.का.प. २०६७ अंक १० नि.नं. ८४९२)

बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति निजी आर्जनको रूपमा स्वीकार गरिने भए तापनि एकासगोलको अंशियारबाट अन्यत्र अरूको नाउँमा गई निजबाट पुनः बकसपत्रको रूपमा एकासगोलको अंशियारको नाउँमा हस्तान्तरण भई आएको अवस्थामा त्यस्तो बकसपत्रलाई निजी आर्जनको सम्पत्ति मान्न नमिल्ने हुँदा सगोलकै मान्नुपर्ने।

(रामबरण साह वि. मोहरी देवी, ने.का.प. २०७१ अंक ८ नि.नं. ९२३२)

अंश मुद्दा चल्दाका अवस्थामा विवादित जग्गा दर्ता नै भई नसकेको ऐलानी प्रकृतिको देखिन्छ। ऐलानी जग्गा दर्ता हुन्छ नै भन्ने प्रत्याभूति हुँदैन। भोगमा रहेको जग्गा तायदातीमा देखाउनै नहुने होइन। तर, दपोट जस्तो देवानी कसुर मानिएको दपोट गर्नेले नपाउने भनी सजायसरहको परिणाम निस्कने कार्य दर्ता बाँकी रहेको जग्गाका हकमा आकर्षित हुन्छ भन्न न्यायोचित नहुने। सबै अंशियार सगोलमा रहे भएकै समयमा एक अंशियारका नाममा नापी भई फील्डबुक तयार भई दर्ता प्रक्रियाअगाडि बढी भोगमा समेत रहेको अवस्थाको जग्गामा ***मुलुकी ऐन अंशबन्डाको १८ नं.*** *मा निजी आर्जन हुने भन्ने व्यवस्थाअनुसारको परिधिभित्र परेको मान्न नसकिने।*

(सन्तकुमारी राणा वि. भक्त कुमारी राणासमेत, ने.का.प. २०६८ अंक ४ नि.नं. ८६०३)

थ. व्यवहार चलाउन पाउने

अंश नलिएका स्वास्नी, छोरा **एकासगोलकी छोरी** वा विधवा बुहारी हुने मानिसको चल अचल सम्पत्तिमा देहायमा लेखिएबमोजिम हुन्छ :-

पिता पुर्खाका पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा एकासगोलकी छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुश गर्न

पाउँछ। अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काईस वर्ष नाघेका स्वास्नी, छोरा एकासगोलकी छोरी र विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ। मन्जुरी नलिई गरेको सदर हुँदैन।

आफ्ना पालामा आर्जेको चल अचल सबै एक स्वास्नी वा एक स्वास्नीपट्टिका छोरा एकासगोलकी छोरी मात्र भएकाले वा अरू छोरा एकासगोलकी छोरी स्वास्नी मरी त्यस्तो अवस्था हुन आएकाले पनि आफ्नो खुश गर्न पाउँछ। एकदेखि बढ्ता स्वास्नी वा एक स्वास्नीदेखि बढ्ता स्वास्नीपट्टिको छोरा एकासगोलकी छोरी वा एउटा स्वास्नी र अर्को स्वास्नीपट्टिका छोरा एकासगोलकी छोरी भएकाले सो भएका अवस्थामा भने मनपरेका स्वास्नी छोरा एकासगोलकी छोरीलाई दिनबाहेक आफ्नो खुशी गर्न पाउँछ। मन परेका कोही स्वास्नी छोरा एकासगोलकी छोरीलाईमात्र बकससमेत केही बेहोरा गरिदिन भने हुँदैन। सबै स्वास्नी छोरा एकासगोलकी छोरीलाई ऐनले पाउने भागबमोजिम दिएको भए मात्र सदर हुन्छ।

माथि दफा दफामा लेखिएबमोजिम आफूखुशी गर्न पाउनेमा स्वास्नी, छोरा एकासगोलकी छोरी र विधवा बुहारीको मन्जुरी नभए पनि र खुश गर्न नपाउनेमा अंश नलिएका एक्काईस वर्ष नाघेका स्वास्नी, छोरा एकासगोलकी छोरी र विधवा बुहारीहरूको मन्जुरी भए मात्र पिता पुर्खाका पालाको आर्जनको समेत चल अचल गैह्र सम्पत्ति मन परेका स्वास्नी, छोरा एकासगोलकी छोरी वा बुहारीलाई दिनसमेत आफूखुशी गरेको सदर हुन्छ।

माथि दफा दफामा लेखिएबमोजिम आफूखुशी गर्न नपाउने अवस्थामा पनि आफ्नो हकको अंश जति भने आफूखुशी गर्न पाउँछ।

माथि लेखिएबमाजिम दिन पाउने जति अंश बन्डा नहुँदै कुनै स्वास्नी छोरा एकासगोलकी छोरी वा बुहारीलाई लिखत गरी दिएको जतिपछि अंश बन्डा गर्दा बन्डा गर्नु पर्दैन। जसले पाएको हो उसले एकलौटी गरी खान पाउँछ। दिन नपाउने दिएको रहेछ भने पछि बन्डा गर्दा सोसमेत सबै सम्पत्तिमा मिसाई बन्डा गरिदिनु पर्छ।(१९ नं.)

(साविक ऐनको अंशवंण्डाको १९ नं मा अविवाहिता छोरी भन्ने उल्लेख भएकोमा लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ ले एकासगोलकी छोरी भन्ने व्यवस्था गरेको छ।)

द. व्यवहार चलाउन समकक्षी अंशियारको मन्जुरी लिनु पर्ने

पहिलो पुस्ताका मूल अंशियारहरू सगोलमा रहँदाको अवस्थामा घर व्यवहार चलाउनेले अचल सम्पत्ति बिक्री गर्नुपर्दा आफ्ना समकक्षी सोही पुस्ताका अंशियारहरूको मात्र सहमति र मन्जुरी लिनु पर्ने।

(सुरज बडही वि. समरिया बडहिनीसमेत, ने.का.प. २०६८ नि.नं. ८५८४ पृ ५१६)

ध. आफूखुश गर्न पाउने सम्पत्ति हक हस्तान्तरण गर्दा मन्जुरी लिनु नपर्ने

अंश नभएको सगोलको अचल सम्पत्ति कुनै बेहोराले बिक्री वा हक हस्तान्तरण गर्दा अनिवार्यरूपमा अंशियारको मन्जुरी लिनुपर्ने हुन्छ। ...अन्य अंशियारलाई बन्डा गर्नुनपर्ने आफूखुशी गर्न पाउने र बिक्री वितरण गर्दा कसैको मन्जुरीसमेत लिनुनपर्ने भएकोले घरको मुख्य व्यक्तिको हैसियतले आमाले आफ्नो पालामा आर्जेको अचल सम्पत्ति राजीनामा पारित गरी हक हस्तान्तरण गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने।

(महेन्द्र बहादुर कार्की वि. विरेन्द्रमाया कार्कीसमेत, ने.का.प. २०६९ अंक ५ नि.नं. ८८२१ पृ. ७०४)

अंशियारको बराबर अंश हक लाग्ने कुरामा कुनै द्विविधा छैन। महिलाले प्राप्त गर्ने अंश हकको स्रोत भनेको वैवाहिक नाताले पतितर्फको पैतृक सम्पत्ति र अविवाहित अवस्थामा जन्मको नाताबाट बाबुतर्फको पैतृक सम्पत्तिबाट अंश प्राप्त गर्ने कानूनबमोजिमका अंशका हकदार हुन्। यिनीहरूले कसैको कृपा वा दया—मायाबाट अंश पाउने नभई कानूनी प्रावधानबाट नै अंश पाउने हकदार भएकाले महिला तथा बालबालिकालाई नाम मात्रको अंश दिने कलुषित भावना तथा उद्देश्यले अभिप्रेरित भई गरिएका त्यस्ता लिखतलाई आधार मानी नाम मात्रको अंश दिने किसिमले निचोडमा पुग्नु भनेको न्यायको मार्ग अवरोध गर्नु समान हुने। पैतृक सम्पत्ति हाँगाको नाताले पहिला बाबु र त्यसपछि सन्ततिमा सरी आउने भए तापनि त्यस्तो पैतृक सम्पत्ति बाबुको एकलौटी मान्नुपर्ने ऐनको मनसायविपरीत हुने।

(तुलसीदेवी कुँवरसमेत वि. हिरालाल कुँवरसमेत, ने.का.प. २०६८ अंक ९ नि.नं. ८६९०)

न. अंशबापत नगर्दै बुझेको अवस्थामा अंशै छोडी वादीको अंश मार्ने नियत गरेको भन्न नसकिने

साक्षीको बकपत्र, गा.वि.स. को सिफारिस एवम् मृत्यु दर्ता प्रमाणपत्रसमेतमा उल्लेख भएका बेहोरा र सो बेहोरालाई अन्यथा हुने गरी ठोस सबुत प्रमाण गुजार्न नसकेको अवस्थामा सम्पत्तिको लालचामा दाबी गरेको भन्ने जिकिर हिन्दु परम्परा र सामाजिक बनोटका अवस्थालेसमेत मान्न नसकिने। ... अंश सम्बन्धमा हक मेट्ने, हदम्याद जाने, नोक्सान पार्ने, नभएको, नगरेको झुठा कुरा गरे भएको भनी मिति, अरू बेहोरा फरक पारेको अवस्था रह्यो भनी जालसाजको अवस्था जीवित छँदैको समयमा उठाउनुपर्ने। ...लिखतमा मन्जुरी नभएको भन्ने आधारमै सो लिखतलाई जालसाजीपूर्ण भन्ने दाबी तर्कसंगत नदेखिने। ...अंश बुझ्ने र छोडपत्र गर्ने फरक विषय भएकाले अंशबापत नगर्दै बुझेको अवस्थामा अंशै छोडी वादीको अंश मार्ने नियत गरेको भन्न नसकिने। ... अंश छोडपत्रको भरपाई लिखत पास गर्दा मन्जुरी लिनुपर्ने कानूनी व्यवस्थाको अभावलाई ***अंश बन्डाको १९(१)*** *ले स्पष्ट गरेको अवस्थामा पतिले अंश दिनेसँगबाट नगर्दै अंश लिई भरपाई गरी दिन कुनै अंशियारलगायत पत्नीसमेतको मन्जुरी लिनुपर्ने आवश्यकता नदेखिने।*

(शर्मिला सिलवाल वि. कृष्णकुमारी सिलवाल, विषयगत नजिर संग्रह भाग २ नि.नं १६, पेज नं. १००)

प. परिवारका सदस्यको मन्जुरीबिना व्यक्तिगतरूपमा जमानत दिएमा सो जमानत दिने व्यक्ति व्यक्तिगतरूपमा मात्र जवाफदेही हुने

एकाघर सगोलका मुख्य व्यक्तिले आफ्नो घर व्यवहार सञ्चालनको लागि लिएको ऋणमा सगोलका अन्य अंशियारकोसमेत दायित्व हुने भएपनि आफ्नै घर व्यवहारबाहेक अन्य व्यक्ति वा अर्को व्यक्तिको संस्था वा कम्पनीको कारोबारको लागि परिवारको कुनै सदस्यले व्यक्तिगतरूपमा गरिदिएको जमानतमा त्यस्तो जमानत गरिदिने व्यक्तिको परिवारका सदस्यसमेतमा जमानतको दायित्व बहन गराउन नमिल्ने। परिवारका सदस्यबाहेक अर्को व्यक्ति वा त्यस्तो अर्को व्यक्तिका नामको संस्थाले लिएको ऋणमा कुनै व्यक्तिले परिवारका सदस्यको मन्जुरीबिना व्यक्तिगतरूपमा जमानत दिएमा सो जमानत दिने व्यक्ति व्यक्तिगतरूपमा मात्र जवाफदेही हुन्छ। त्यस्तो ऋण नलिने नखाने अवस्थाका जमानी दिनेको व्यक्तिको परिवारका सदस्यमा जमानतको दायित्व बहन गराउनु न्यायपूर्ण नहुने। ऋणको प्रथम दायित्व सम्बन्धित ऋणी हुने र तत्पश्चात् जमानी दिने व्यक्तिमा हुन्छ सोबाहेक ऋणको साँवा ब्याज असुल नभएको भन्ने अर्थ गरी जमानत नदिने अन्य व्यक्तिको जग्गा तथा घर रोक्का राखी रहनु कानूनप्रतिकूल हुने।

(रतनकुमार खेतान समेत वि. राष्ट्रिय बाणिज्य बैंक, ने.का.प. २०७१ अंक ३ नि.नं. ९१३३)

बाबु, पतिले कानूनबमोजिम पाउने न्यायोचित अंश नबुझी कानूनीरूपमा अंश छोडपत्र गरेको वा लिँदै नलिएको अंश लिएको भनी लिखत खडा गरेको अवस्थामा त्यस्तो अंश छोडपत्र गर्ने वा नलिएको लिखतबाट अंश लिएँ पाएँ भनी अंश भरपाई गर्नेका पत्नी छोराछोरीले आफूहरूले पाउनुपर्ने अंश पति पिताबाहेकको सगोलका अंशियारउपर दाबी गर्न नसक्ने भन्न नमिल्ने। अंश हक नैसर्गिक हक हो। कसैले आफ्नो हक छोडपत्र गर्दा अरूको अंश हक पनि गुमेको अर्थ गर्ने हो भने नैसर्गिक हकबाट बञ्चित हुन पुग्दछ। के कति अंश बुझेको छ र समस्त सम्पत्तिको तुलनामा उसले बुझेको सम्पत्ति न्यायोचित छ भने मात्र उसका श्रीमती छोराछोरीले अरू अंशियारबाट दाबी गर्न नसक्ने। तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिको तुलना गर्दा अंश भपाई न्यायोचित नदेखिएको अवस्थामा उसले गरेको अंश छोडपत्र तथा अंश मुद्दाको मिलापत्रले कानूनतः मान्यता पाउन नसक्ने।

(विन्दुदेवी श्रेष्ठ वि. सनम श्रेष्ठसमेत, ने.का.प. २०६८ अंक १० नि.नं. ८७०१)

फ. सर्त बन्देजयुक्त मिलापत्र भएको भए अंश पाएको नमानिने

मिलापत्रका सर्तहरूबाट पाएका जग्गा भोगसम्म गर्न पाउने, आफ्नो नाममा दर्ता गर्न नपाउने हक हस्तान्तरण नहुने र शेषपछि पुनः प्रतिवादीहरूले नै खाने भन्ने सर्त बन्देज देखिँदा त्यस्तो जग्गालाई अंश जस्तो नैसर्गिक हकबाट प्राप्त हुने सम्पत्ति मान्न नमिल्ने। ... अंश भनेको अंशियार भएका नाताले स्वतः प्राप्त हुने अन्तरनिहीत अधिकार भएकाले अंश जस्तो अधिकारलाई कुनै सर्त बन्देजले निष्क्रिय वा संकुचित गर्न नसक्ने। ... मिलापत्रबमोजिमको सम्पत्ति वादीको नाममा गएको भन्न

देखाउन नसकेको अवस्थामा उक्त मिलापत्रबमोजिमको जग्गा वादीका नाममा जान सक्ने अवस्था नदेखिने। ... अंश हक आफ्नो उत्तराधिकारीमासमेत हस्तान्तरण हुँदै जाने प्रकृतिको अधिकार भएकोले अंशियारका नाममा दर्ता स्रेस्तासम्म कायम नहुने मिलापत्रबमोजिमको सर्त बन्देजबाट वादीले आफ्नो अंश लिए बुझेको भनी अर्थ गर्न नमिल्ने। ... अंश जस्तो कानूनी हक अधिकारलाई संकुचित गर्ने गरी भएको मिलापत्रको आधारमा वादीलाई अंश हकबाट वञ्चित गर्न नमिल्ने।

(वैरसु अमात मण्डल वि. जिवछीदेवी, ने.का.प. २०६४ अंक ३ नि.नं. ७८२६ पृ. ३५५)

ब. झगडिया हाजिर नभई म्याद तारीख गुजारी बसेकोमा थुनामा राख्न सकिने

अंशको नालिस परी आएकोमा अंशबन्डा गरिदिनुपर्ने देखिन आएपछि मुद्दा फैसला नगर्दै घरको लेनदेन कामकाज गर्ने जानकारसँग यसै महलका २३ नं. बमोजिम अंशबन्डा गर्नुपर्ने चल अचल धन र ऋणसमेत गैह्र श्री सम्पत्ति यत्तिकै हो, दवाए छपाएको छैन भन्ने धर्म भकाई फाँट लिई बन्डा गरिदिनु पर्छ। फाँट दिनुपर्नेले फाँट नदि अडियो भने त्यस्तालाई फाँटवारी नदिएसम्म यसै महलका २१ नं. बमोजिम छ महिनासम्म थुनी राख्नु पर्छ। फाँट दिएपछि थुनाबाट छाडी कानूनबमोजिम बन्डा गरिदिनु पर्छ। **(२० नं.)**

अंशबन्डा गर्नालाई ऐनले फाँट दिनुपर्नेले फाँट नदि धिङ्याई गरी बस्दा थुनिएकोमा थुनेका मितिले दुई दुई महिनामा फाँट देउ भने र अंश पाउँ भन्नेहरूलाई पनि तिमीहरूले पनि अंशबन्डा गर्नुपर्ने जो छ सो सबै घटी बढी नपारी फाँटवारी कागज लेखी ल्याउ भनी पुर्जी दिई भरपाई लिनुपर्छ। थुनेका मितिले छ महिनाभित्र थुनिएकाले फाँट दिए लिई ऐनबमोजिम बन्डा गरिदिनु पर्छ। छ महिनाभित्र फाँट दिएन भने सोही म्यादभित्र अंश पाउँ भन्नेले दिएको फाँटवारी कागज लिई थुनिएकालाई छाडी अंश पाउँ भन्नेले एकलौटी खानका लागि नदेखाएको वा नभएको धनमाल लेखिदिएको वा घटी बढी पारी लेखिदिएको छ भने आजका पैंतीस दिनभित्र जाहेर गर्नु म्यादभित्र जाहेर नगरे पछि तिम्रो अंशियारले एकलौटी खानेछ तिम्रो उजुर लाग्ने छैन भन्ने सो धिङ्न्याई गर्नेलाई पुर्जी दिई भरपाई लिई सो म्यादभित्र जाहेर गरे ऐनबमोजिम बन्डा गरिदिनु पर्छ। नआए अंश पाउँ भन्नेको हाम्रो सम्पत्ति अंश लाग्ने मैले थाहा पाएको यत्तिकै हो मैले ढाँटी घटी बढी पारी नभएको माल लेखी दिएको ठहरे ऐनबमोजिम सजायसमेत गर्नु भन्ने मुचुल्का लेखाई लिई सो मुचुल्का बमोजिमको चल अचल जो छ सबै ऐनबमोजिम लिई अंश बन्डा गरिदिनु पर्छ। दबाएकोमा नदबाउनेले ऐनबमोजिम खान पाउँछ। त्यस्तो धिङ्याई गर्ने चाहिंको उजुर लाग्दैन। **(२१ नं.)**

अंश मुद्दामा फाँट दिनुपर्ने झगडिया हाजिर नभई म्याद तारेख गुजारी बसेकोमा निजलाई तदारुखसाथ पक्राउ गरी फाँट लिनुपर्छ। बाटाका म्यादबाहेक एक महिनासम्म खोजतलास गर्दा पनि पत्ता नलागेमा वा पक्राउ भई ऐनका म्यादसम्म थुन्दा पनि फाँट नदिएमा अंश पाउँ भन्नेबाट फाँट लिई फाँट दिनुपर्ने मानिस हाजिर रहेको भए यसै महलका २१ नं. बमोजिम गरी र हाजिर नरहेको भए अंश पाउँ भन्नेले एकलौटी खानका लागि नदेखाएको छ भने बाटाका म्यादबाहेक पैंतीस दिनभित्र हाजिर भई जाहेर गर्नु म्यादभित्र जाहेर नगरेपछि तिम्रो अंशियारले एकलौटी खानेछ भनी सो फाँटको एकप्रति नक्कलसमेत पठाई म्याद टाँसी

दिनुपर्छ। सोबमोजिम म्याद टाँसिएकोमा हाजिर भई जाहेर गरेमा र नगरेमा समेत सोही २१ नं. बमोजिम बन्डा गरिदिनुपर्छ। अंशको फाँट दिनुपर्नेले फाँट नदिई वा पक्राउ भई नआई अंश पाउनेबाट सो २१ नं. बमोजिम फाँट लिनुपर्ने भएमा सो अंशको दावा गर्नेले पनि केही कारणले फाँट दिन सक्तिन भन्यो भने त्यसको सोही बेहोराको कागज गराई जुन बखत फाँट तयार गरी ल्याउँछ उसै बखत बुझी ऐन बमोजिम बाँकी कारवाही गर्ने भनी फैसला गरिदिनु पर्छ। त्यस्तो फैसला भएकामा पछि फाँट तयार गरी दरखास्त दिन आयो भने सो दरखास्त बुझी सो मिसिलबाट अघि गरी नसकेको गर्नुपर्ने बाँकी कारवाही जे जति छ ऐनबमोजिम गरी भरी भराई जो गर्नुपर्ने गर्नुपर्छ।(२२ नं.)

२. तायदाती फाँटवारी

बन्डा गर्नुपर्ने जग्गा, घर, धनमालसमेतको फाँटवारी खुलाई दिंदा जग्गाको चौतर्फी किल्ला रोपनी बिगाहा मुरी र तिरो लागेकोमा सोसमेत जे जे लागेको सो पनि र सो नलागेकोमा उब्जनी र घरको कवल नाल तला चार किल्ला कच्ची पक्की र अन्दाजी मोलसमेत र घरजग्गाबाहेक अरू थान गन्ती नाप तौल मुरी गजका दरले बिक्री हुने जिन्सी माल भए रहेको थान गन्ती नाप तौलको तायदात खोलाई त्यसको गाउँ बजारमा चलेको बिक्री दरले हुने नगदी अंक समेत खुल्न जानेमा सो पनि खुलाई खुल्न नसक्ने जतिमा अन्दाजी मोल बिगो खुलाई दिने लिने गर्नुपर्छ। बढी पारी मोल बिगो कसैको भन्ने उजुर परेमा साहु महाजन भलाद्मीसमेत जसबाट मोल तौल गर्नुपर्छ गराई बिगो कायम गर्नुपर्छ।(२३ नं.)

फाँट दिनु पर्नेसँग भएको ढुकुटीको साँचो सो फाँट दिनुपर्ने ठहरेको झगडिया म्याद तारेख गुजारी बसेको वा हाजिरै रहेकोमा पनि फाँट नदिंदा अंश पाउनेबाट फाँट दिने लिने भएमा त्यस्तो ढुकुटी खुलाई तायदाती खडा गराई पाउँ भनी उजुर गर्‍यो भने अड्डाले सो साँचो लिने झगडिया भए त्यसलाईसमेत र सो नभएमा एक थरी मात्र भए पनि झगडिया र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि र कम्तीमा अरू दुई जना भलाद्मीसमेत राखी ताल्चा खोली भएको तायदाती गरी बन्डा गरिदिनु पर्छ।(२४ नं.)

क. तायदातीमा कुनै सम्पत्ति लुकाउनु अंश दपोटको विषय बन्दछ

कागज गर्नु भन्नुको तात्पर्य कुनै घोषणा गर्नु हो, अर्को शब्दमा कुनै कुरामा आफ्नो प्रतिवद्धता जाहेर गर्नु हो। कुनै पक्षले अर्को पक्षसमक्ष कुनै कबुल गर्दछ र त्यो कबुल कानूनसम्मत छ भने त्यसले कागज गर्ने र गराउने दुवै पक्षलाई करारीय हक र दायित्व पनि सिर्जना गर्दछ। ***अंशबन्डाको २७ नं.*** *को प्रयोजनार्थ दबाए छिपाएको छैन भनी गरिने कागजलाई केबल* ***अंशबन्डाको २१ नं.*** *सँग मात्र आवद्ध छ भनी अर्थाउनु कानूनसंगत नहुने। तायदातीमा कुनै सम्पत्ति लुकाउनु अंश दपोटको विषय बन्दछ। तर, पारित बन्डापत्रमा पनि सम्पत्ति नलुकाएको, नदबाएको, घटी बढी नपारेको र यसो गरेको ठहरे नदबाउने नलुकाउनेले एकलौटी खानु भन्ने वाक्य उल्लेख हुन्छ भने यसलाई अंशबन्डाको २७ नं. को परिधिभित्र पर्दै पर्दैन भन्ने अर्थ गर्नु कानून र न्यायसंगत नहुने।*

(राजेन्द्रध्वज खड्का वि. बुनुमैया खड्कासमेत, ने.का.प. २०६८ अंक ४ नि.नं. ८६०० पृ. ६६७)

ख. अंश मुद्दामा नातामा विवाद भएको अवस्थामा

अंश मुद्दामा नातामा विवाद भएमा नाता सम्बन्ध यकिन हुने कागज प्रमाण बुझ्नुपर्ने हुन्छ। यसका साथै नाता सम्बन्धको टुंगो लगाउन डी.एन.ए. परीक्षण गर्ने आदेश गर्न सकिन्छ। तर यस्तो आदेश गर्दा अन्तिम विकल्पको रूपमा मात्र गर्नु उपयुक्त हुन्छ।

ग. डी.एन.ए. परीक्षण

नागरिकताको प्रमाणपत्रलाई नाताको प्रमाणपत्र भन्न नमिल्ने

नागरिकताको प्रमाणपत्रलाई नाताको प्रमाणपत्र भन्न नमिल्ने। नागरिकताको प्रमाणपत्र वादीसँग रहने वादीको प्रयोजनको लागि तयार हुने कागज भएकाले सो प्रमाणपत्र लिंदा प्रतिवादीको सहमति संलग्नता रहने कुरा हुँदैन। प्रतिवादीको सहमतिबेगर त्यहाँ लेखिएको बेहोरा अकाट्य प्रमाण हुन नसक्ने। नाताको कुरा स्वाभाविकरूपमा पहिलो रक्त सम्बन्धको कुरा र दोस्रो भावनात्मक कुरा हो, रक्त सम्बन्ध बारे भौतिक प्रमाणबाट पुष्टि गर्न वादी पक्ष अनिच्छुक देखिनुले वादीको विपक्षमा अनुमान गर्नुपर्ने। डी.एन.ए.परीक्षण गर्न असहयोग गर्नुका पछाडि सो डी.एन.ए.परीक्षण भए निजका विरूद्ध प्रमाण लाग्नसक्ने भएकाले नै अनुपस्थित रहेको अनुमान गर्नुपर्ने।

(भगुल चौधरी वि. संगिलाल चौधरी, ने.का.प. २०६७ अंक १ नि.नं. ८३०१ पृ. ११८)

नातामा विवाद भई अन्य सम्बद्ध सबुद प्रमाणबाट सो विवादका बारेमा निष्कर्षमा पुग्न नसकिने भएमा DNA जस्तो अत्याधुनिक वैज्ञानिक परीक्षण गराई निष्कर्षमा पुग्नुलाई अस्वाभाविक मान्न सकिंदैन तर अन्य प्रमाणबाट नातासम्बन्धी विवाद कायम रहेको नदेखिएमा सो परीक्षणको औचित्य अकाट्यरूपमा हुनुपर्दछ भन्न नमिल्ने। माना चामल मुद्दामा पुनरावेदन अदालतबाट भएको फैसलालाई स्वीकारी पुनरावेदनसमेत नगरी बसेको अवस्थामा एकपटक आफूले विपक्षीलाई स्वास्नीलगायतको नाताकी मानिस हुन् भनी स्वीकार गरी बसेको कुरामा माना चामल मुद्दामा भएको अन्तिम फैसलालाई प्रत्यक्षतः प्रभावित हुने गरी DNA परीक्षण गराउने आदेश गर्न न्यायोचित देखिन नआउने। माना चामल मुद्दामा भएको फैसलालाई स्वीकार गरेको अवस्थामा DNA परीक्षणको औचित्य नै कायम नरही समाप्त भएको तथा अन्य वस्तुगत प्रमाणबाट नातासम्बन्धी विवाद कायमै रहिरहेको अवस्थामा वा पेस भएका सबुद प्रमाण शंकास्पद रही नातासम्बन्धी विवादलाई टुंगोमा पुर्‍याउन सहयोग नगर्ने प्रकृतिका देखिएको अवस्थामा मात्र DNA परीक्षण गराई निष्कर्षमा पुग्न सकिने।

(टेकबहादुर थापा वि. इन्दिरा अधिकारीसमेत, ने.का.प. २०६६ अंक ११ नि.नं. ८२७२ पृ. १९१८)

प्रमाणहरूको सृंखलामा एउटा प्रमाण डी.एन.ए. परीक्षण पनि हुन सक्छ। तर अन्य प्रमाणहरूकै आधारमा पितृत्वको विषय यकिन गर्न सकिन्छ भने यो परीक्षण गराउन पर्ने बाध्यता अदालतलाई नहुन पनि सक्ने। पक्षले माग गर्दैमा डी.एन.ए. परीक्षण गराउने आदेश दिन अदालत बाध्य हुँदैन। यो परीक्षण माग गर्ने पक्षको भनाई प्रतिकूल राय आयो भने पनि उसले दण्ड जरिवानासमेतका कुनै दायित्व व्यहोर्न नपर्ने हुनाले नाता होइन भन्ने पक्षले मनोविनोद गर्न वा कसैप्रतिको इवी साँध्न वा महिलाको मानमर्दन गर्न वा सामाजिक तथा पारिवारिक संरचना खलबल्याउनका लागि डी.एन.ए. परीक्षण गर्ने आदेश सहायक नहोस् भन्ने कुरामा अदालत सधैं सतर्क रहनुपर्ने।

(बुद्ध अहिरसमेत वि. कल्लुर अहिर भन्ने जंगबहादुर समेत, ने.का.प. २०६६ अंक १० नि.नं. ८२५० पृ. १७२७)

ग. मोही हक बन्डा

भोगाधिकार बन्डा हुन सक्दैन भने स्वामित्व बन्डा हुन्छ। मोहियानीमा रहेको सम्पत्ति जग्गाधनी र मोहीबीच ***भूमिसम्बन्धी ऐन, २०२१*** *को संशोधित दफा २६ख., २६ग. र २६घ. बमोजिम विभाजित भएपछि सो मोहीका हैसियतले प्राप्त सम्पत्ति सगोलका अंशियारबीच* ***अंशबन्डाको*** *१ र १८ नं समेत बमोजिम बन्डा हुने। आफ्नै पालामा मोहियानी प्राप्त गरेको मोहीको नाताले आफूमा स्वामित्व आएको अवस्था र बाबु बाजेसमेतका पूर्वजको मोहियानी निजको मृत्युपछि जग्गाधनीले रोजिदिएका कारणले सरिआएको अवस्थालाई समान मान्न नमिल्ने। मोहियानी छोडपत्र वा जग्गाधनी र मोहीबीचको बाँडफाँडका माध्यमले कसैलाई प्राप्त हुन्छ भने त्यो उसको निजी श्रम, सीप र प्रयासको आर्जन मानी सो जग्गामा समानरूपले खेती गर्ने अन्य अंशियारलाई बन्डा नहुने मान्न अंशबन्डाको १८ नं.* ***भूमिसम्बन्धी ऐन,*** *२०२१ को दफा २(ख) र २६(१) को परिप्रेक्ष्यमा न्यायसंगत नहुने।*

(रामगोपाल चमार वि. कलावती चमार, ने.का.प. २०६९ अंक ३ नि.नं. ८७८७ पृ. ४३०)

घ. मोहीयानी हकमा अंश नलाग्ने

मोही हक अंशबन्डा वा अपुताली पर्ने हक होइन। मोहीयानी हक जो मोही हो त्यसैको मात्र हुन्छ। केबल परलोक भएपछि मोहीका एका सगोलका व्यक्तिहरूमध्ये जग्गाधनीले पत्याएको व्यक्तिमा सर्ने हो। मोहीको आफ्नो मोहियानी हक कसैसँग फैसला, मिलापत्र वा डिसमिस गराई समाप्त गराएमा मोहियानी हकमा अंशहक र अपुताली हक नलाग्ने हुनाले मोही परलोक भएपछि उसका एकासगोलका परिवारमध्ये जग्गाधनीले पत्याएको अवस्थामा हक हुन सक्नेमा व्यक्तिले आफ्नो हुँदै नभएको हक जाने भयो भनी नालिस गर्ने हक नरहने।

(छदुप्रसाद जयसबार वि. असर्फी कापड यादव, ने.का.प. २०७१ अंक ८ नि.नं. ९२३१)

३. पछि उजुर नलाग्ने

आफ्नो बन्डामा परी बन्डा उठाई लिइसकेपछि पछिबाट बिग्रे नासिएको रहेछ अर्को सट्टा गरिपाउँ भन्ने उजुर लाग्न सक्तैन। (२५ नं.)

४. जरिवाना हुने

अंश मुद्दामा फाँट दिनुपर्नेले फाँट नदिई अरूले दिएका फाँटबाट बन्डा भयो भने सो फाँट नदिनेलाई फाँट नदिए बापत अरू ऐनले हुने सजायमा फाँट नदिएका जम्माको सयकडा पाँच रुपैयाँका दरले थप जरिवाना गर्नुपर्छ। (२६ नं.)

५. अंश दपोट गर्नेले नपाउने

दबाए छिपाएको छैन भनी कागज गरिसकेपछि दबाए छिपाएको ठहर्‍यो भने त्यो धनमाल दबाउनेले पाउँदैन। नदबाउने अरू अंशियारले ऐनबमोजिम अंश गरी खान पाउँछन्। दबाएवापतको सजाय हुँदैन। (२७ नं.)

अंश मुद्दा परी तायदाती फाँटवारी मागिएको अवस्था नभई वादी प्रतिवादीहरूले बण्डापत्र गरी सम्बन्धित मालपोत कार्यालयबाट पारित गराई आआफ्नो अंश लिनु दिनु गरेको देखिएको अवस्थामा **अंशबण्डाको २७ नं.** को कानूनी व्यवस्थाले अंश दपोट गरेको *भन्न* नमिल्ने।

(सिता सिंह मल्ल वि. मञ्जुकुमार सिंह, ने.का.प. २०६७ नि.नं. ८४२३ पृ १२३८)

६. मन्जुरी नभए गोला हाल्नु पर्ने

अंशबन्डा गर्दा असल कमसल मिलाई दिने लिनेका मन्जुरी भएकोमा मन्जुरी बमोजिम र मन्जुरी नभएकोमा गोला राखी बन्डा गरिदिनु पर्छ। (२८ नं.)

७. अर्काका हकको ठहरिए दामासाहीले सट्टा भर्ना पाउने

अंशबन्डा भएका मितिले तीन वर्षभित्र आफ्ना अंश भागमा परेको चल अचल अर्काको हकको ठहरिएको वा सो तीन वर्षभित्र नालिस परेकोबाट अर्काको हकको ठहरिन गएको भए अंश खाने सबैबाट दामासाहीले सट्टा भर्ना लिन पाउँछ। (२९ नं.)

८. रजिष्ट्रेसन भएको हुनुपर्ने

अंशबन्डा गर्दा साक्षी राखी कानूनबमोजिम बन्डा छुट्याई बन्डापत्रको कागज खडा गरी लिने दिनेको र साक्षीका समेत सहिछाप गरी रजिष्ट्रेसन गर्नुपर्नेमा सो गरी राख्नुपर्छ। सोबमोजिम नभएको बन्डा सदर हुँदैन। तर यो ऐन प्रारम्भ हुँदासम्ममा बन्डापत्र खडा गरी वा नगरी घरसारमा नरम करम मिलाई अचल अंशबन्डा गरी छुट्टिई आफ्नो आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेजसमेत

गराई सकेको वा बन्डाबमोजिम आफ्नो आफ्नो भागका अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेकोमा व्यवहार प्रमाणबाट बन्डा भइसकेको ठहरेमा पछि बन्डापत्र रजिष्ट्रेसन भएको छैन वा बन्डा घटीबढी असल कमसल भयो भन्न पाउँदैन। रजिष्ट्रेसन नभए पनि बन्डा भएको सदर हुन्छ। पाउने अंशभन्दा घटी अंश जिउनी लिएकोमा र अंश छोडपत्र गरेकोमा भने रजिष्ट्रेसन भएको हुनुपर्छ।(३० नं.)

क. बन्डा भएको भनीएको लिखत कार्यान्वयन भएको रहेनछ भने त्यसले अंशबन्डाको ३० नं. को प्रयोजनका लागि कुनै अर्थ राख्दैन।

__अंशबन्डाको ३० नं.__ को प्रयोग र प्रयोजनका लागि विवादको स्वरुप, सम्पत्तिको प्रकृति एवम् वादी प्रतिवादीहरूको व्यवहार नै निर्धारक तत्त्व हुन्। यस कानूनले व्यवहार प्रमाणबाट बन्डा भएको मानिने सुनिश्चित आधार नदिई केवल केही निर्णायक तत्त्वहरूको परिधि तोकिदिएको छ। यही परिधिको सीमाभित्र रही प्रत्येक मुद्दाको वस्तुस्थिति र सबुत प्रमाणको मूल्याङ्कन गर्दै न्यायकर्ताले एउटा न्यायिक निष्कर्ष निकाल्नुपर्ने। ... परिवारको कुनै सदस्य उद्यमशील तथा परिश्रमी र कुनै सदस्य निष्क्रिय तथा उडन्ते भएको अवस्थामा उद्यमशील र परिश्रमी सदस्यको हित संरक्षण गर्दै समाजमा न्यायोचित वातावरणको स्थापना गर्नमा __अंशबन्डाको ३० नं.__ को उद्देश्य परिलक्षित छ। त्यसबेलाको बन्डा हुनपर्ने सम्पत्तिको न्यायोचित विभाजन भएको र यसलाई आफ्नो आचरणद्वारा अहिले अंश माग गर्ने पक्षसमेतले स्वीकारेको देखिनु नै व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको न्यायिक निचोड निकाल्ने पर्याप्त आधार हुने।... आचरणबाट बन्डा भएको कुरा अंशियारले स्वीकार्ने माध्यम लिखत, आपसी व्यवहार, आपसी कारोबार, अलग—अलग वासस्थान र समयको अस्वाभाविक अन्तराल हुन्। यी तत्त्वमध्ये एक वा एकभन्दा बढी अवस्थाको विद्यमानताले __अंशबन्डाको ३० नं.__ को आवश्यकता पुरा गर्दछ। यस कसीमा जति बढी तत्त्वलाई प्रमाणले अंगीकार गर्दछ त्यति बढी व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको कुरामा अदालत विश्वस्त हुने।... बन्डा भएको भनीएको लिखत कार्यान्वयन भएको रहेनछ भने त्यसले __अंशबन्डाको ३० नं.__ को प्रयोजनका लागि कुनै अर्थ राख्दैन। यदि यो लिखत कार्यान्वयन भएको सबुत प्रमाणले देखाउँछन् र सोअनुसार सम्पत्ति प्राप्त भई आ—आफ्नो व्यवहार भइआएको छ भने त्यसले निश्चित प्रामाणिक महत्त्व राख्ने। __...अ.बं. ७८ नं.__ अन्तर्गत हुने बयानमा कुनै पक्षका विरूद्ध पेस भएको लिखत प्रमाणको हकमा प्रतिक्रियाका साथ माग दाबी राख्ने अवसर उक्त पक्षलाई दिइएको हुन्छ। पक्षले माग नै नगरेको कुरामा अदालत प्रवेश नगर्ने।... सगोलका जग्गाहरूको दर्ता फुटेको र आफ्नो नाममा नापी दर्ता गराएका जग्गाहरू स्वतन्त्ररूपबाट बिक्री वितरण भोग चलन गरेकोसमेत तथ्यलाई __अंशबन्डाको ३० नं.__ को प्रयोजनका लागि व्यवहार प्रमाणबाट अलग भिन्न भएको मान्नुपर्ने। ... लामो समयदेखि आ—आफ्नो व्यवहार गरी बसी सम्पत्ति भोग चलन गरिआएको स्थितिले बन्डा भएको पुष्टि गरी __अंशबन्डाको ३० नं.__ को आवश्यकता पुरा गर्दछ। सम्पत्ति विभाजनमा नरम गरम मिलेको पाइनु __अंशबन्डाको ३० नं.__ को मूल सर्त हो। नरम गरम कुनै लिखत छ भने सो लिखत भएकै समयको सन्दर्भमा निरूपण गरिनु पर्ने।

(पुष्करप्रसाद वाग्ले वि. राधादेवी वाग्ले, ने.का.प. २०६६ अंक ९ नि.नं. ८२२७ पृ. १५२५)

*वादी पक्षको नाममा कुनै सम्पत्ति दर्ता रहेको छ भन्ने मात्रै आधारले **अंश बन्डाको ३० नं.** आकर्षित हुने र वादीले अंश नपाउने भनी अर्थ गर्न नमिल्ने। वादी प्रतिवादीहरूका बीचमा अंशबन्डा भइ सकेको भन्ने सम्बन्धमा अंशबन्डाको लिखत पनि नभएको र व्यवहार प्रमाणबाट अंश बन्डा भइ सकेको भनेर देखिने कुनै कागज प्रमाण पनि दाखिल हुन नसकेको अवस्थामा प्रत्यर्थी वादीले अंश नपाउने भन्न नमिल्ने। प्रतिवादीले मोहीयानीमा प्राप्त गरेको भनेको जग्गा निजले निजीरूपमा प्राप्त गरेको भन्ने नदेखिई बाबुको नाममा रहेको मोहीयानीको जग्गा मोही नामसारी गराई प्राप्त गरेको अवस्था देखिँदा बाजेको मोहीयानी जग्गाबाट सगोलको अंशियार वादीले पनि अंश नपाउने भन्न नमिल्ने।*

(लालबहादुर महर्जन वि. उमेश महर्जन, ने.का.प. २०७० अंक १० नि.नं. ९०६७)

९. रोक्का राख्न सकिने

अंश भाग छुट्याई पाउँ भन्ने नालिस परेकोमा अंश दिनुपर्ने भनी साबित भएको वा प्रमाणबाट पाउने देखिए अंशको फाँट दाखिल भईसकेपछि मेरो अंश हिस्सामा आउने जतिको आयस्ता रोक्का गरी पाउँ भनी वादीले दरखास्त दिए उसले पाउने भाग जतिको आयस्ता जग्गा मिच्नेको महलको १० नं. बमोजिमको रीत पुऱ्याई बन्डा नहुन्ज्यालसम्म रोक्का गरी बन्डा भईसकेपछि फुकुवा गरिदिनुपर्छ। (३१ नं.)

अंश मुद्दाको आयस्ता रोक्का गरी पाउँ भन्ने निवेदनमा स्रेस्तेदारले आदेश गर्ने ब्यवस्था **जिल्ला अदालत (बाह्रौ संशोधन) नियमावली,** २०७३ को नियम ७(ज) मा गरिएको छ।

क. रोक्का रहेको सम्पत्ति बेचबिखन गरे बदर हुने

*वादीसमेतको अंश हक लाग्ने जग्गा निजको मन्जुरीबेगर हक छाडी गरीदिएको देखिँदा त्यसरी हक छाडी दिंदा खडा भएका लिखतहरूलाई कानूनअनुरूप खडा भएको भनी भन्न नमिल्ने। अंश मुद्दा चल्दाचल्दै उक्त मुद्दामा रोक्का रहेको जग्गालाई कानूनबमोजिम फुकुवा नहुँदै प्रतिवादीले अन्य पुनरावेदक प्रतिवादीहरूलाई र.नं. १२६६, १२६७ र १२६८ को लिखतबाट बिक्री गरी हक हस्तान्तरण गरेको अवस्था देखिन्छ। मुलुकी ऐन, **जग्गा मिच्नेको ९ नं.** मा भएको कानूनी ब्यवस्थाले कानूनबमोजिम रोक्का भएको जग्गा फुकुवा नभई आफ्नो हक पुग्ने भएपनि अर्कालाई केही बेहोराले दिने र लिनेले पनि जानी जानी लिन हुँदैन दिए लिएको भए बदर हुन्छ भनी गरेको कानूनी ब्यवस्थाविपरीत पुनरावेदकहरूले रोक्का रहेको जग्गालाई लिखत गरी पारित गरे गराएको अवस्थासमेत देखिँदा उक्त विवादित र.नं का लिखतहरूले कानूनी मान्यता पाउने भन्न नमिल्ने।*

(ज्ञानु महर्जन वि. उमेश महर्जन, ने.का.प. २०७० अंक १० नि.नं. ९०६८)

१०. डिसमिस नहुने

अंश बन्डा गर्दा ऐनबमोजिम गरिदिनु पर्छ। घटी बढी गर्न हुँदैन। अंशमा चित्त नबुझ्ने सोह्र वर्ष नाघेकाले बन्डापत्रको कागज भएका मितिले र सोह्र वर्ष मुनिकाले सोह्र वर्ष नाघेका मितिले तीन महिनाभित्र नालिस नगरे लाग्न सक्तैन। अंश मुद्दामा वादीले तारेख गुजारे पनि मुद्दा डिसमिस नगरी ठहरेबमोजिम फैसला गर्नुपर्छ। (३२ नं.)

क. प्राङ्न्यायको सिद्धान्तको हवाला दिई निस्तेज गर्न नहुने

मुद्दा दर्ता भई पक्षले हक परित्याग गरेको वा अन्य कतिपय कारणले न्याययोग्य नभएको अवस्थामा पनि मुद्दा फर्छ्यौट हुन पुग्दछ वा सो गर्नुपर्ने हुन्छ मुद्दामा पक्षले तारेख गुजार्नु, दाबी पुग्न सक्दैन भन्नु रीत नपुर्‍याई दर्ता गरेको देखिनु, कोर्ट फी नै नपुग हुनु वा तिर्न नसक्नु आदि कतिपय अवस्थामा प्राविधिक किसिमले मुद्दा फर्छ्यौट गर्नुपर्ने हुन्छ। ती सबै अवस्था यथार्थमा फैसला होइनन्। फैसला गर्नु भनेको पक्ष विपक्षबीचको मुख मिले वा नमिलेको कुरा तय गरी के ठहर्छ सो इन्साफको रोहमा विचार गरिने स्थिति हो भनी बुझ्नुपर्ने। कम्तिमा पनि एकपटक फीराद परेपछि अर्कोपटक सोही विषयमा दाबी गर्न नसक्ने गरी अयोग्यता सिर्जना गर्ने गरी इन्साफ बोलेको स्थिति सुनिश्चित गर्नु ***अ.बं. ८५ नं.*** *आकर्षित हुनको लागि सान्दर्भिक देखिने। अंश, कानूनबमोजिम स्थापित कुनै खास परिवारमा जन्मेकै आधारमा प्राप्त हुने नैसर्गिक हकको विषय भएकोले व्यक्तिको नैसर्गिक हकलाई प्राङ्न्यायको सिद्धान्तको हवाला दिई निस्तेज गर्न नहुने। परिवारको सदस्य भएको नाताले कानूनबमोजिम अंश पाएको वा परित्याग गरेको टड्कारो स्थितिबेगर अंशको हक गुमेको अनुमानित तर्क गरी अंशको हकलाई निरर्थक वा उपभोग अयोग्य हुने गरी कुनै व्याख्या गर्नसमेत मिल्ने देखिन्न। अन्यथा सामान्य कार्यविधिगत वा प्राविधिक कारणले व्यक्तिले नैसर्गिक हक उपयोग गर्नबाट वञ्चित हुनुपर्ने अवस्था आउन सक्ने। अघि दायर गरेको अंश मुद्दामा हाललाई दाबी नपुग्ने गरी फैसला भएको देखिए तापनि सो निर्णय अन्तिम प्रकृतिको नभई तात्कालीक प्रकृतिको भएको र मुद्दामा हारजीतको फैसला नभएकोले अंशको नैसर्गिक हकलाई उपभोग गर्नबाट रोक लगाउन नमिल्ने।*

(महकुमारी गजुरेलसमेत वि. कान्छी गजुरेल, ने.का.प. २०६८, अंक ४, निर्णय नं. ८५९७)

११. हदम्याद

अंश बन्डा नै नभएको वा बन्डा हुँदा अंश बन्डा गोश्वाराको लिखत भएको र लिखत नभएपनि हिसाब शान्ति दुवै थरको भोग भएकोमा जहिलेसुकै पनि र लिखत र भोगै नभएकोमा अघि बन्डा भई बाँकी रहेको वा दबाए छिपाएको पाउँ भन्न आएमा भिन्न भिन्न जिउसम्म मात्र नालिस लाग्छ। अंश बन्डा गोश्वाराको लिखत भएकोमा आ–आफ्नो अंश हक लाग्ने जति अबन्डा आ–आफ्नो खुश हुन्छ। (३५ नं.)

प्रतिपादित सिद्धान्त

पत्नीलाई आफ्नो इज्जत आमदअनुसार खान लाउन दिनुपर्ने कानूनी दायित्व लोग्नेमानिसको हुँदा त्यस्तो दायित्व बहन नगरेमा त्यस्ता लोग्नेमानिसको आर्थिक हैसियतका आधारमा त्यस्ता पीडित महिलाले खान लाउनका लागि मानाचामल माग गर्न सक्दछन्। मानाचामल माग गर्नेले बढी रकमको दाबी गर्ने र माना चामल भराई दिनुपर्ने दायित्व भएको व्यक्तिले आफ्नो हैसियतभन्दा कम रकमका विषयमा प्रतिवाद गर्ने परिपाटी रहिआएको परिप्रेक्ष्यमा अदालतले त्यस्ता दाबी र प्रतिवादको अन्तर विरोधको चिरफार गरी एउटा केन्द्रविन्दुलाई आधार लिई भरी पाउने रकमको सीमा निर्धारण गर्नुपर्ने हुन्छ, जसले न्यायिक सन्तुलन कायम गर्न सकोस्। यसको सन्तुलन कायम गर्ने माध्यम आर्थिक हैसियत भएकाले यही आर्थिक हैसियतले उचित दायित्वको सीमा निर्धारण गर्ने।

(डा. राजाराम कार्की वि. उषा कार्की, ने.का.प. २०७० अंक ५ नि.नं. ९०१४)

१२. सम्बन्ध विच्छेद मुद्दामा अंश छुट्याउने प्रक्रिया

सम्बन्ध विच्छेद हुने निर्णय गर्दा अंश भराई दिने कार्यविधिः

(१) मुलुकी ऐन **लोग्नेस्वास्नीको महलको ४क नं.** बमोजिम लोग्नेस्वास्नी बीच सम्बन्ध विच्छेद हुने देखिएमा अदालतले निजहरूबीच अंश बन्डा गर्न लगाउँदा **अ.वं. महलको १३३ नं.** बमोजिम दुवै पक्षबाट अंशियारहरूको संख्या, नाम, थर, वतन खुलाई कागज गराई वादी प्रतिवादीबाहेक पनि अन्य अंश बन्डा हुन बाँकी अंशियार खुल्न आएमा निजहरूलाई **अ.वं. महलको १३९ नं.** बमोजिम झिकाई बुझी प्रतिवादीसरह तारेखमा राखी त्यसै मुद्दाबाट अंश दिलाई दिने सम्बन्धमा कानूनबमोजिम कारवाही किनारा गर्नुपर्दछ।

(२) उपनियम (१) बमोजिम अंश भराउनेसम्बन्धी कारवाही गर्दा मुलुकी ऐन, अंश बन्डाको महलबमोजिम सगोलको अंशियारहरूबाट तायदाती फाँटवारी पेस गर्न लगाउनुपर्दछ।

(३) स्वास्नीमानिस वादी भई दायर भएको सम्बन्ध विच्छेद गरिपाउँ भन्ने मुद्दामा वादी पक्षले जीविकाका निमित्त मासिक खर्च वा अंशतर्फ दाबी छाडी मिलापत्र गर्न चाहेमा निजको मन्जुरीले जीविकाका निमित्त मासिक खर्च वा अंश नलिने गरी मिलापत्र गर्न वा जीविकाको निमित्त मासिक खर्च वा अंशतर्फको दाबी छाडी सम्बन्ध विच्छेदतर्फ मात्र उपचार खोजेमा सम्बन्ध विच्छेदतर्फ मात्र बोली निर्णय गर्न वाधा पर्ने छैन।

(४) उपनियम (१) बमोजिम अंश बन्डा गर्न लगाउँदा **कोर्ट फी ऐन, २०१७** बमोजिम वादीबाट कोर्ट फी असुल गरेपछि प्रतिवादीबाट वादीलाई भराई दिनुपर्दछ।

जिल्ला अदालत (बाह्रौं संशोधन) नियमावली, २०७३ को ८५क.

क. रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने

अंश मुद्दा ठहरेबमोजिम हुने र विवादित अंश मुद्दा मातहत अदालतमा विचाराधीन नै रहेको अवस्थामा माथिल्लो अदालतबाट यसो वा त्यसो गर्नु भन्नु वा यो वा त्यो प्रमाण बुझ्नु भनी विवादित मुद्दा हेर्न सक्षम रहेको जिल्ला अदालतलाई आफ्नो अन्तिम निर्णय सुनाउनु अघि नै हस्तक्षेप गरेर आदेश गर्दै जाने हो भने सम्बन्धित अदालतलाई कानूनले प्रदान गरेको मुद्दा मामिला हेरी अन्तिम निर्णय गर्ने क्षेत्राधिकारको औचित्यसमेत समाप्त हुने। मुद्दाको कारवाही हुँदै जाँदा इन्साफको रोहमा उपयुक्त अवसरमा अधिकारप्राप्त अदालतले आवश्यक कुराको विचार गर्ने कुरा सधैं सुरक्षित हुन्छ। सोबाहेक कार्यविधिगत विषयमा दुई तह अदालतबाटसमेत न्यायिक परीक्षण भइसकेको स्थितिमा पनि सोमा चित्त नबुझाई रिट निवेदकले असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट निवेदन लिएर आउनुले विचाराधीन मुद्दामा प्रमाण बुझी शीघ्र इन्साफ गर्नलाई नै अनावश्यक विलम्ब गर्नुबाहेक अरू केही नदेखिने।

(दुर्गाप्रसाद कान्दु वि. सन्तोषकुमार कान्दु समेत, ने.का.प. २०७० अंक ९ नि.नं.९०५५)

ख. सम्बन्ध विच्छेद भएकी स्वास्नी मानिसको सर्वकालीन र पूर्ण अधिकार (Absolute Right) हुँदैन।

सम्बन्ध विच्छेद भएकी स्वास्नी मानिसले अर्को विवाह नगरेमा मात्र सो अंशमा पाएको सम्पत्ति आफ्नो जीवनभर मात्र भोग गर्न पाउने र निजको शेषपछि अघिल्लो लोग्नेका सन्तान वा लोग्नेले फीर्ता पाउने हुन्छ। यस्तो प्रावधानबाट यस्तो सम्पत्तिमा सम्बन्ध विच्छेद भएकी स्वास्नी मानिसको सर्वकालीन र पूर्ण अधिकार (Absolute Right) हुँदैन। अर्थात् निजले अर्को विवाह गरेमा निजको भरण पोषण र जीविकाको व्यवस्थापन अघिल्लो लोग्नेले गर्न नपर्ने।

(एल्भा श्रेष्ठ वि. कन्हैयाराज श्रेष्ठसमेत, ने.का.प. २०६७ अंक ११ नि.नं. ८५०९ पृ. १९३२)

३.३ विवाहसम्बन्धी

१. परिचय

मुलुकी ऐन बिहावारीको महलमा विवाह सम्बन्धी अन्य व्यवस्थाका अतिरिक्त विभिन्न कसुर र सजायसमेतको व्यवस्था गरिएको छ। विवाह सम्बन्धी कसुरमा महिला पीडित वा प्रतिवादी दुवै हुन सक्ने अवस्था रहन्छ। मूलतः विवाह सम्बन्धी कसुरमा बालविवाह, बहुविवाह, जबरजस्ती विवाह, झुक्याई विवाह, हाडनातामा विवाह जस्ता विषयहरू समेटिएका हुन्छन्।

विवाह सम्बन्धी कसुरमा सामान्यतया अदालतमा बालविवाह र बहुविवाह सम्बन्धी मुद्दा आउने गर्दछ। यी मुद्दामा **सरकारी मुद्दासम्बन्धी ऐन, २०४९** अन्तर्गत सरकारवादी फौजदारी मुद्दाको रूपमा प्रहरीले अनुसन्धान गर्ने र सरकारी वकिल कार्यालयले अभियोजन गर्ने गर्दछ।

मुलुकी ऐन बिहावारीको महलको २ नं. अन्तर्गत सजाय हुने मुद्दाका साथै जुनसुकै तरिकाबाट लोग्नेस्वास्नी कायम हुने गरी अर्को स्वास्नी ल्याएमा वा विवाह गरेमा वा राखेमा सोही महलको १० नं. अन्तर्गत सजाय हुने मुद्दासमेत **सरकारी मुद्दासम्बन्धी ऐन, २०४९** को **अनुसूची** १ मा समावेश भएको छ। (**२०४९।९।८ को अ.रि. ५१(क) को नेपाल राजपत्र**)

२. विशेषता

जबरजस्ती विवाह, झुक्याई विवाह, हाडनातामा विवाह जस्ता विषय दुनियावादी फौजदारी मुद्दाको रूपमा आउने गर्दछन्।

- सरकारवादी फौजदारी मुद्दाकोरूपमा आउने बाल विवाह र बहुविवाहसम्बन्धी मुद्दामा अनुसन्धानको चरणमा थुनामा राख्न अदालतले म्याद थप गर्नुपर्ने हुन्छ। त्यसरी म्याद थप गर्दा **सरकारी मुद्दासम्बन्धी ऐन, २०४९** को दफा १५ बमोजिम बढीमा २५ दिनसम्म थुनामा राख्न सकिन्छ।
- यस महलअन्तर्गतको मुद्दाको कारवाही र किनारा गर्दा सामान्य कार्यविधि अवलम्बन गरिन्छ।
- फरार रहेका प्रतिवादीका नाममा ३० दिनको समाह्वान जारी गरिन्छ। त्यस्तो म्याद गुज्रेमा **अ.वं. ५९ नं.** बमोजिम बढीमा ३० दिनसम्म थाम्न थमाउन पाइन्छ।
- अभियोगपत्रसाथ उपस्थित गराइएका वा अदालतबाट जारी भएको म्यादमा हाजिर हुन आएका प्रतिवादीलाई बयान गराई थुनछेकको आदेश गरिन्छ। थुनछेकको आदेश गर्दा **अ.वं. ११८ नं.** बमोजिम गर्नुपर्ने हुन्छ।
- अभियोगको प्रकृतिका आधारमा आवश्यक प्रमाण संकलन गर्न आदेश गर्नुपर्ने हुन्छ। यस्तो मुद्दामा जाहेरवालाको तर्फबाट पनि कानून व्यवसायीको प्रतिनिधित्व हुन सक्छ। असहाय पक्षलाई अदालतले वैतनिक कानून व्यवसायीको सहयोग उपलब्ध गराई दिनुपर्दछ।
- प्राप्त भएका प्रमाणको समुचित विवेचना गरी फैसला गर्नुपर्ने हुन्छ। कसुरको मात्राका आधारमा सजाय निर्धारण गर्नु पर्दछ। स्वास्नीमानिसले जानी जानी कानूनविपरीत अर्को विवाह गरेमा वा स्वास्नी भई बसेमा निजलाईसमेत **बिहावारीको १० नं.** बमोजिम सजाय हुनेछ। तर दोस्रो विवाह हो भन्ने थाहा नपाई विवाह गर्ने महिलालाई सजाय नहुने गरी अदालतबाट व्याख्या भएको छ।

प्रतिपादित सिद्धान्त

अनजानवश सौता भई पीडित हुन पुगेको अवस्थामा सबूद प्रमाणको अभावमा कसूरदार कायम गरी सजाय गर्नुबाट झन पीडा थपिने कार्य हुन जान्छ। तसर्थ, अन्जानमा सौता हुन जाने महिलालाई उसको हुने पतिको पहिले नै विवाह भई अर्को श्रीमती भएको भन्ने तथ्यको जानकारी उसलाई थियो भन्ने स्पष्ट प्रमाणको अभावमा कसूरदार ठहर गरी सजाय गर्न नमिल्ने।

(निर्मला बस्नेतको जाहेरीले नेपाल सरकार वि. भन्ने योगमाया चिमरिया बस्नेत ने.का.प. २०७० नि.नं.९१२४ पृ. २५३ फैसला मितिः २०७०/०३/२४)

विवाहसम्बन्धी कसुरमा पक्षको परिचयात्मक विवरण गोप्य राख्न सकिन्छ। तर बाल विबाहसम्बन्धी मुद्दामा पक्षको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने हुन्छ। थप जानकारीका लागि **विशेष प्रकृतिका मुद्दामा पक्षको परिचयात्मक विवरण गोप्य राख्ने निर्देशिका, २०६४** सान्दर्भिक हुनेछ।

३. कानूनी ब्यवस्था

क. हाडनातामा विवाह भएमा छुट्याई दिनुपर्ने

हाडनाता करणीको महलले सजाय हुने नातामा बाहेक यस महलका नं. मा लेखिएका कुराका अधीनमा रही आफ्नो इच्छानुसार राजीखुशीले बिहावारी गर्न हुन्छ। बिहावारी भएकोमा हाडनातामा पर्न गएको रहेछ भने ती लोग्ने स्वास्नीलाई छुट्याई दिनुपर्छ। जानी जानी त्यस्तो बिहावारी गरेकोमा हाडनाता करणीको महलमा लेखिएबमोजिम सजायसमेत हुन्छ। **बिहावारीको १ नं. ...**

ख. उमेर नपुगी विवाह भएमा

बिहावारी गर्दा महिला र पुरुषको उमेर **बीस वर्ष** नपुगी बिहावारी गर्न गराउन हुँदैन। (२ नं.) ....

(साविकको ऐनमा बिहावारी गर्दा महिला र पुरुषको उमेर संरक्षकको मन्जुरी भए अठार वर्ष र संरक्षकको मन्जुरी नभए वीस वर्ष हुनुपर्ने उल्लेख भएकोमा केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ ले सो व्यवस्थालाई संशोधन गरी बीस वर्ष कायम गरेको छ।)

कानून विपरित विवाह गरे गराएमा सो गर्ने गराउनेमध्ये उमेर पुगेका मुख्यलाई देहायबमोजिम हुन्छ।

- दश वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने छ महिनादेखि तीन वर्षसम्म कैद र एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ।
- दश वर्षदेखि माथि चौध वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ।
- चौध वर्षदेखि माथि अठार वर्ष नपुगेकी स्वास्नी मानिसको विवाह गरे गराएको रहछ भने छ महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

- बीस वर्ष उमेर नपुगेको स्वास्नी मानिस वा लोग्ने मानिसको विवाह गरे गराएको रहेछ भने छ महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।
- ऐनले विवाह गर्न पाउने हदभित्रको हो भनी ढाँटी विवाह गरे गरी दिएको नजानी विवाह गर्ने गराउनेलाई सजाय हुँदैन।
- यसरी विवाह गर्न गराउन नहुनेमा जानी जानी विवाहको काम गर्ने पुरोहित, लमी र अरू मद्दतीहरूमध्ये उमेर पुगेकोलाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ।
- विवाह भने भई नसकेको रीत दस्तुर पुर्‍याई छिनीसम्म सकेको रहेछ भने सो कुरा छिन्ने मुख्यलाई पाँच सय रुपैयाँसम्म जरिवाना गरी छिनी सकेको कुरा बदर गरिदिनु पर्छ।
- माथि उल्लेखित जरिवाना तिरे लिई सो जरिवाना त्यसै बालिका, स्वास्नी मानिस वा लोग्ने मानिसलाई दिनु पर्छ। नतिरेमा सो जरिवाना हुने व्यक्तिको मात्र अंश जायजात गरी उपर भएकाबाट सो लागेको जरिवानाको अंक जति सो बालिका, स्वास्नी मानिस वा लोग्ने मानिसलाई दिनुपर्छ। जायजातबाट सो जरिवानाउपर हुन नसके उपर नभएको जरिवानाको रुपैयाँ जतिमा तीन महिनासम्म कैद गर्नुपर्छ।
- लोग्ने मानिस वा स्वास्नी मानिसमध्ये कसैको उमेर **बीस वर्ष** नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछन् भने बीस वर्ष उमेर नपुगी विवाह भएकोले बीस वर्ष पुगेपछि मन्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ। ***(साविकको ऐनमा अठार वर्ष उल्लेख भएकोमा केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ ले सो व्यवस्थालाई संशोधन गरी बीस वर्ष कायम गरेको छ।)***

ग. विवाह गर्न कर नलाग्ने

विवाह निमित्त आफ्नो कुलको रीत दस्तुर दिए लिए पछि पनि विवाह गर्न नचाहे कर लाग्दैन। (३ नं.) ...

घ. ढाँटी विवाह गरेमा

कसैले पनि देहायको अवस्थाको पुरुष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउन हुँदैन। झुक्याई गरेको विवाह सो विवाह गर्ने कुनै व्यक्तिले मञ्जुर नगरेमा बदर गराउन सक्छ। झुक्याई विवाह गरे वा गराएमा दुई वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुन्छ। त्यस्तो जरिवानाको रकम क्षतिपूर्तिस्वरूप झुक्यानमा पर्नेलाई भराई दिनु पर्छ। (४ नं.)

शरीरमा मानव रोग प्रतिरोधक जिवाणु (एच.आई.भी.) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिको निको नहुने कडा रोग लागेको १

यौनाङ्ग नभएको, पुरुषत्वहीन भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भईसकेको..२

पूर्णरूपमा बोल्न वा सुन्न नसक्ने वा पूर्णरूपमा दृष्टिविहीन भएको ४

होस ठेगानमा नरहेको ५

विवाह भईसकेको ६
गर्भवती भईसकेको ७
नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी अदालतबाट सजाय पाएको ८

ङ. अर्को विवाह गर्न पाउने आधारहरू

यो नं. प्रारम्भ भएपछि एकासगोलमा बस्न नसक्ने कारणबाट लोग्ने र स्वास्नीबीच अंशबन्डा भई भिन्न् बसेमा बाहेक कुनै लोग्नेमानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्नेस्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की महिलासँग विवाह गर्न वा अर्को पत्नी राख्न् हुँदैन। (९ नं.)

उही अवस्थामा लोग्ने मानिसले स्वास्नी जीवित हुँदै र सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गर्न पाउने वा अर्को स्वास्नी राख्न् पाउने तर स्वास्नी मानिसले विवाह गरेमा वा अर्को लोग्ने राखेमा सजायको भागि हुनुपर्ने व्यवस्थालाई वैवाहिक विभेदकारी व्यवस्थाको संज्ञा दिनुपर्ने। ... मुलुकी ऐनको एघारौं संशोधनद्वारासमेत संशोधित ***बिहावारीको ९ नं.*** *को सशर्तात्मकरूपमा लोग्ने मानिसले मात्र बहुविवाह गर्न पाउने कानूनी व्यवस्था महिला र पुरुष बीच वैवाहिक रूपमा गरिएको विभेद स्पष्टरूपमा देखिन आउने। ... कुनै कानूनी व्यवस्था सामान्य तर्क र विश्लेषणको आधारमा अमान्य नहुने। ... निवेदकले उठाएका कानूनी प्रश्नका सम्बन्धमा हाम्रो सामाजिक परिवेश मूल्य मान्यताअनुरुप के, कस्तो कानूनी व्यवस्था हुनुपर्ने हो अध्ययन छलफल गरी उपयुक्त कानून निर्माण, संशोधन वा खारेज गर्ने व्यवस्था गर्नु भनी बिपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाउँमा निर्देशनात्मक आदेश जारी हुने।*

(अधिवक्ता चन्द्रकान्त ज्ञवालीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ने.का.प.२०६१ अंक ११ निर्णय नं. ७४५९)

बिहावारीको महलको ९ नं. *ले स्वास्नी मानिसले अंश मुद्दा दायर गर्दैमा लोग्नेले अर्को विवाह गर्न पाउने छुट दिएको छैन। अंश लिई भिन्न बसेको भन्नु मानो छुट्टिएको वा अदालतमा अंश मुद्दा परेको भनी कदापि हुन सक्दैन। यदि अंश मुद्दा परेको छ भने अंश पाउने ठहरी भएको फैसला कार्यान्वित भएर अंश छुट्याई सकेपछि मात्र त्यस्ती स्वास्नीले अंश लिई भिन्न् बसेको भन्न र मान्न सकिन्छ। त्योभन्दा अगावै अर्को पक्ष अर्थात् लोग्नेको सुविधा र पारिवारिक वा अन्य आवश्यकतालाई औचित्यको मापदण्ड बनाएर अंशमा नालिस परेको वा त्यसै अलग बसेको वा मानो छुट्टिएर अलग बसेको अवस्थालाई अंश लिई भिन्न् बसेको भनेर मान्न वा बिहावारीको ९ नं. को विस्तारित व्याख्या गर्न नमिल्ने।*

(नेपाल सरकार वि. कुमार थपलिया, ने.का.प. २०६४ अंक ९ नि.नं. ७८८४ पृ. १२६८)

हदम्याद

यस महलमा लेखिएको कुरामा सो कुरा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्तैन। (११ नं.)

सजायसम्बन्धी कानूनी ब्यवस्था

कसैले यो महलको ९ नं. मा लेखिएको कुराको विपरीत अर्को विवाह गरेमा वा स्वास्नी राखेमा निजलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवानासमेत हुनेछ। स्वास्नी मानिसले जानी जानी त्यस्तो विवाह गरेमा वा स्वास्नी भई बसेमा निजलाई पनि सोहीबमोजिम सजाय हुनेछ। (१० नं.)

कसैले अर्काकी स्वास्नीलाई विवाह गरी निजको धनमानसमेत लगेकोमा वा कुनै महिलाले अर्को विवाह गरी जाँदा आफूले लगाएको वा प्रयोग गर्ने लत्ताकपडा वा आफ्नो दाइजो, पेवा वा निजी आर्जनबाहेक पहिलो लोग्नेको धनमालसमेत लगेमा त्यसरी लग्न नपाउने धनमालको हकमा निजको पहिलो लाग्ने र निज मरेमा वा विदेश गएकोमा निजको हकदारले फीर्ता लिन पाउँछ। (१० क. नं.)

दण्ड सजायको ११क.(४) अनुसार बिहावारीको महलको १० नं. बमोजिम सजाय हुनेमा कैद बापत जरिवाना गर्न हुँदैन। थप जानकारीका लागि **दण्ड सजायको ११क. नं.** हेर्न सकिन्छ।

थाहा नपाई विवाह गर्ने महिलालाई सजाय गर्न नमिल्ने

अनजानवश सौता भई पीडित हुन पुगेको अवस्थामा सबुत प्रमाणको अभावमा कसुरदार कायम गरी सजाय गर्नुबाट झन् पीडा थपिने कार्य हुन जान्छ। तसर्थ, अन्जानमा सौता हुन जाने महिलालाई उसको हुने पतिको पहिले नै विवाह भई अर्को श्रीमती भएको भन्ने तथ्यको जानकारी उसलाई थियो भन्ने स्पष्ट प्रमाणको अभावमा कसुरदार ठहर गरी सजाय गर्न नमिल्ने।

(निर्मला बस्नेतको जाहेरीले नेपाल सरकार वि. योगिता भन्ने योगमाया चिमरिया बस्नेत, ने.का.प. २०७१ अंक २ नि.नं. ९१२४)

प्रतिपादित सिद्धान्त

मुद्दा चलाउने निकायले थाहा पाएकोलाई नै थाहा पाएको मिति कायम गर्नुपर्ने

*मुलुकी ऐन, **बिहावारीको महलको ११ नं.** मा भएको ब्यवस्थाबाट थाहा पाएको मितिबाट हदम्याद सुरू हुने र मुद्दा चलाउने सम्बन्धित निकायले थाहा पाएको मिति नै थाहा पाएको मिति कायम हुने देखिन आउने भनी मिति २०५६।८।१७ मा सिद्धान्तसमेत प्रतिपादित भएको।*

(रत्ना गुरुङ समेत वि. श्री ५ को सरकार, ने.का.प. २०६० अंक ३ र ४ नि.नं. ७१९७ पृ. २५३)

सरकारवादी हुने मुद्दाहरूमा थाहा पाएको मितिबाट ऐनको हदम्याद सुरू हुने अवस्थामा वारदातका सम्बन्धमा वादीले कहिले थाहा पायो ? सो नै हुनुपर्ने। ...अनुसन्धान तहकिकात गर्ने अधिकार प्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारवाही अगाडि बढ्न सक्ने भएकोले जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने। ...कानूनले फौजदारी मुद्दाकोरूपमा लिएको बहुविवाहसम्बन्धी कसुरको अनुसन्धान कारवाही गरी मुद्दा चलाउन सक्ने गरी कानूनबमोजिम अधिकारप्राप्त अधिकारीले वारदातको बारेमा जानकारी पाएपछि कानूनबमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन नसक्ने भन्न नमिल्ने।

(दिपक पाण्डे वि. श्री ५ को सरकार, ने.का.प. २०६३ अंक ५ नि.नं. ७६९४ पृ. ५५४)

असीमित वा खुल्ला हदम्यादकोरूपमा परिणत वा परिभाषित गर्न नमिल्ने

... बहुविवाह मुद्दा गर्नका लागि सीमित समयावधिको हदम्याद कानूनले निर्धारित गरेकोमा कुनै विवाद छैन। बहुविवाह मुद्दा दायर गर्ने खुल्ला वा असीमित हदम्याद वा जहिले पनि दायर गर्न सकिने भन्ने ऐनले ब्यवस्था नगरेकोले सीमित हदम्यादभित्रै बहुविवाह मुद्दा दायर गर्नुपर्ने ऐनको ब्यवस्था र उद्देश्य स्पष्ट छ। यसलाई एक वा अर्को तर्क वा कारणको आधारमा असीमित वा खुल्ला हदम्यादकोरूपमा परिणत वा परिभाषित गर्न नमिल्ने।

... वैवाहिक सम्बन्धलाई समाजले मान्यता प्रदान गरिसकेको, छोरा, छोरी जन्मिसकेको, तिनीहरूको जन्मदर्ता पनि गरिसकेको अवस्थामा पनि पहिलो पत्नी वा अनुसन्धान र मुद्दा गर्ने सरकारी निकायले थाहा नपाउनु भनेको सीमित हदम्यादसम्बन्धी कानूनी ब्यवस्थाको बेवास्ता वा उपेक्षा हुन जाने।

... बहुविवाहमा जहिले पनि नालिस लाग्छ भनी सोच्नु वा अर्थ गर्नु भनेको बिहावारी ऐनको हदम्यादसम्बन्धी कानूनी ब्यवस्था र यसको उद्देश्यलाई र विधायिकाको मनसायलाई पनि पराजीत गर्नु हो।

*समाजले मान्यता प्रदान गरिसकेको, छोरा छोरी जन्मिसकेको, तिनीहरूको जन्मदर्ता पनि गरिसकेको अवस्थामा पनि पहिलो पत्नी वा अनुसन्धान र मुद्दा गर्ने सरकारी निकायले थाहा नपाउनु भनेको सीमित हदम्यादसम्बन्धी कानूनी ब्यवस्थाको वेवास्ता वा उपेक्षा गर्नु हो। ... कुनै पति–पत्नीमाथि आजीवन बहुविवाहको अभियोग दायर हुन सक्ने भन्ने ऐनले ब्यवस्था गरेको छैन। त्यसकारण बहुविवाहमा जहिले पनि नालिस लाग्छ भनी सोच्नु वा अर्थ गर्नु भनेको बिहावारी ऐनको हदम्यादसम्बन्धी कानूनी ब्यवस्था र यसको उद्देश्यलाई र विधायिकाको मनसायलाई पनि पराजीत गर्नु हो। जहिलेसुकै पनि अभियोग दाबी गर्न सकिने भए **बिहावारीको ११ नं.** मा तीन महिने हदम्यादको सीमा नै उल्लेख गर्नुपर्ने थिएन।*

यसर्थ यस अदालतबाट निर्णय नं. ७६९४ मा पूर्ण इजलासबाट हदम्याद सम्बन्धमा प्रतिपादित कानूनी सिद्धान्तलाई ***बिहावारीको ११ नं.*** *लाई निष्क्रिय वा निष्प्रयोजन गर्ने गरी अर्थ, व्याख्या वा प्रयोग गर्न मिल्ने देखिँदैन। उक्त नजिरसँग सम्बन्धित मुद्दामा यस अदालतले त्यस्तो हुने गरी फैसला गरेको पनि छैन। त्यसलाई आफूखुशी ऐनको उद्देश्यविपरीत हुने गरी व्याख्या गर्न मिल्दैन। प्रस्तुत मुद्दाको परिस्थिति र तथ्यहरू उक्त नजिरको मुद्दासँग बिल्कुल फरक रहेको देखिँदा हदम्याद सम्बन्धमा प्रतिपादित उपरोक्त नजिर प्रस्तुत मुद्दामा आकर्षित हुने वा प्रयोग हुने अवस्था देखिन आएन। ...* ***बिहावारीको ११ नं.*** *ले* ***बिहावारीको ६ र ७ नं*** *का कुरामा भए गरेका मितिले र अरूमा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने कानूनी व्यवस्था गरेको परिप्रेक्ष्यमा प्रतिवादीहरू कमलमोहन चापागाइ र चन्द्रमाया धामीबीच २०४८ सालमा विवाह भएको र २०५० र २०५५ सालमा दुई छोरीहरूको जायजन्म भई २०५७ सालमा बानेश्वरस्थित घरमा बसेको देखिन्छ। साथै छोरीहरूको जन्मदर्ता एवम् आफूहरूको विवाह दर्ता समेत भईसकेको अवस्थामा तबसम्म सगोलमा नै रहेको भनी दाबी गर्ने जाहेरवालीलाई प्रतिवादीहरूबीच विवाह भएको कुरा २०६३।१।१५ मा थाहा पाएको भनी २०६३।३।७ मा जाहेरी दरखास्त दिएको र मिति २०६३।३।३० मा अभियोग दायर भएको देखिँदा उल्लिखित कानूनको हदम्यादभित्र प्रस्तुत अभियोगपत्र दायर भएको देखिन आएन।*

(कमलमोहन चापागाई समेत वि. देव चापागाईको जाहेरीले नेपाल सरकार, ने.का.प. २०६८, अंक ११ निर्णय नं. ८७१६)

विदेशमा अर्को विवाह गरेमा

ऐनमा भएको व्यवस्थाले नेपाल अधिराज्यका नेपाली नागरिकलाई एउटा स्वास्नी भई भईकन निजसँग सम्बन्ध विच्छेद हुनुबेगर अर्को स्वास्नी मानिससँग विवाह गर्न निषेध गरेको हुँदा नेपालको नागरिकको हैसियतबाट निज जहाँसुकै रहे पनि निजउपर सो ऐनले लगाएको प्रतिबन्ध छुट्न नसक्ने।

(नजिवुल्ला मियाँको जाहेरीले श्री ५ को सरकार वि. इन्द्रिस मियाँ, ने.का.प. २०४४ निर्णय नं. ३०११ अंक २)

३.४ सम्बन्ध विच्छेद

१. परिचय

- सम्बन्ध विच्छेद मुद्दा दुनियावादी फौजदारी मुद्दा हो।
- सम्बन्ध विच्छेद मुद्दा जिल्ला अदालतमा लाग्दछ। लोग्ने वा स्वास्नी जो सुकैले सम्बन्ध विच्छेदका लागि अदालतमा निवेदन दिन सक्छन्।
- सम्बन्ध विच्छेद गर्न चाहने पक्षले आफू रहेको वा प्रतिवादी रहेको इलाकाको जिल्ला अदालतमा यस्तो सम्बन्ध विच्छेदका लागि निवेदन दिन सक्छन्।
- सम्बन्ध विच्छेदका लागि निवेदन दिँदा सम्बन्धित पक्ष आफैं उपस्थित हुनु पर्दछ।
- सम्बन्ध विच्छेदको निवेदन दिने पक्षले आफ्नो परिचयात्मक विवरण खुल्ने कागज र विवाह दर्ताको प्रमाणपत्रसमेत साथै राखी सम्बन्ध विच्छेदको निवेदन दिनु पर्दछ।
- सम्बन्ध विच्छेदका लागि दिइने निवेदनमा निवेदन दिने पक्षको फोटोसमेत टाँस गरेको हुनुपर्दछ।
- निवेदनमा प्रतिवादीको म्याद तामेल हुन सक्ने गरी स्पष्ट वतन उल्लेख गर्नु पर्दछ।
- स्वास्नी मानिसले सम्बन्ध विच्छेदको निवेदन दिएको अवस्थामा गर्भ रहे नरहेको विषयसमेत उल्लेख गर्नु उपयुक्त हुन्छ।
- सम्बन्ध विच्छेदको दाबी गर्दा अंशमा दाबी भए नभएको समेत उल्लेख गर्नु पर्दछ। अंशमा दाबी भएकोमा अंशियारको विवरणसमेत संक्षेपमा उल्लेख गर्नु पर्दछ।
- अंशको दाबी सहितको सम्बन्ध विच्छेदको निवेदन परेमा निजको अंश दाबी भएको हक सम्म अंश पाउने भनी दाबी गरेको सम्पत्तिबाट रोक्का राख्न सकिने हुन्छ।
- त्यस्तो निवेदनमा जिवीकोपार्जन खर्चको समेत माग गर्न सकिन्छ।

२. कानूनी व्यवस्था

क. सम्बन्ध विच्छेद हुनसक्ने अवस्था

विहावारीको महलको २ नं. को ९ दफामा वा ४ नं. मा लेखिएको र देहायको अवस्थामा बाहेक लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुन सक्दैन। त्यस्तो अवस्था परी सम्बन्ध विच्छेद गर्नु परेमा पनि कारण खोली निवेदन गरी अड्डाबाट निर्णय भएपछि सो निर्णयबमोजिम मात्र सम्बन्ध विच्छेद हुन सक्तछ। **लोग्ने स्वास्नीको महलको १नं. ...**

स्वास्नीले लोग्नेलाई निजको मन्जुरीबेगर लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि छोडी अलग बस्ने गरेमा वा लोग्नेको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपन्च गरेमा वा स्वास्नीलाई निको नहुने यौनसम्बन्धी कुनै रोग लागेमा वा ... स्वास्नीले परपुरुषसँग करणी गराएको ठहरमा त्यस्ती स्वास्नीसित लोग्नेले आफ्नो सम्बन्ध विच्छेद गर्न पाउँछ १
लोग्नेले अरू स्वास्नी ल्याएमा वा राखेमा वा स्वास्नीलाई घरबाट निकालेमा वा खान लाउन नदिएमा वा स्वास्नीको खोज खबर नलिई हेरबिचार नराखी लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा वा स्वास्नीको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपन्च गरेमा वा लोग्ने नपुंसक हुन गएमा वा लोग्नेलाई

निको नहुने यौनसम्बन्धी कुनै रोग लागेमा वा लोग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा वा **जबरजस्ती करणीको महलको ३ नं.** को दफा ६ बमोजिम लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा त्यस्तो लोग्नेसित स्वास्नीलेसम्बन्ध विच्छेद गर्न पाउँछे २
लेखिएबाहेक अरू अवस्थामा दुवै थरीको मन्जुरी भएमा लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गर्न हुन्छ ३
उल्लिखित कानूनी ब्यवस्थाले सम्बन्ध विच्छेदका लागि आधारहरू तय गरेको छ। यस सम्बन्धमा सर्वोच्च अदालतबाटसमेत महत्त्वपूर्ण व्याख्याहरू यसप्रकार रहेका छन् :

*दोस्रो विवाह गरी विदेशमा नोकरी गरी बस्ने पतिसाथ बस्नसक्ने परिस्थिति प्रस्तुत मुद्दाको सन्दर्भमा सिर्जित भएको देखिँदैन। पति घरमै बसेको अवस्थामा पत्नीले निजको मन्जुरीबेगर **लोग्नेस्वास्नीको महलको १ नं.** को देहाय २ विपरीत अवस्था नभएको, पतिले साथै लान इन्कार गरेको स्थितिमा माइतमा बस्दै आएकी श्रीमतीसँग सम्बन्ध विच्छेद गरी पाउँ भनी लिएको दाबी मनासिब मान्न सकिन्न।*

(चिजकाजी गुरुङ्ग वि. आस माया गुरुङ्ग, ने.का.प. २०५५ नि.नं. ६४९४ पृ. ३०)

*ऐनले कानूनबमोजिमको मुद्दा मामिला दिन पाउने अधिकार सबैलाई छ। तर त्यसरी मुद्दा मामिला दिँदैमा ठूलो शारीरिक कष्ट हुने काम वा जाल प्रपञ्च गरेको भन्न मिल्दैन। त्यसलाई सम्बन्ध विच्छेद गर्ने आधार बनाउन पनि मिल्ने हुँदैन। मुद्दा मामिला दिँदैमा कुनै किसिमको शारीरिक कष्ट हुने जालप्रपञ्च गरेको हो भनी सो कुरा वादीले देखाउन सकेको पनि पाइँदैन। यस स्थितिमा **लोग्ने स्वास्नीको महलको १ नं.** को देहाय १ अनुसार सम्बन्ध विच्छेद गर्ने अवस्था विद्यमान रहेको देखिन आएन।*

(माधवी देवी राणा वि. ब्रम्ह शमसेर, ने.का.प. २०४० अंक ८ निर्णय नं. १७२४ पृ. ४५२)

क. अंश लिइसकेपछि सम्बन्ध विच्छेद हुन सक्ने

यथार्थमा पती पत्नीबीचको सम्बन्ध आपसी समझदारी र मेलमिलापबाट मात्र सुमधुर हुने हो। अन्यथा यी कुराको अभावमा त्यस्तो सम्बन्ध निरन्तर कायम राख्नुको कुनै औचित्य नरहने। ... अंश मुद्दा दायर गरी अंश पाउने फैसला प्राप्त गरेपश्चात् आफूले पाउने भाग आफ्ना नाममा दर्तासमेत गरिसकेको अवस्थामा आर्थिकरूपमा अब पतिसँग पूर्णतः भिन्न भई उनीसँग सरोकार नभएको र विगत २२ वर्षदेखि आफूखुशी माइतीमा बसेको अवस्थामा पारिवारिक पहिचानको लागि वैवाहिक सम्बन्धको निरन्तरता कायम गर्ने भन्ने जिकिर उचित नदेखिने। ... आपसी समझदारी र सुमधुर सम्बन्ध कायम भएमात्र सो सम्बन्ध निरन्तर कायम हुन सक्ने हो। तर एकपछि अर्को गर्दै विगत २२ वर्षसम्म चलेको निरन्तर विवाद झैझगडाले दुवै पक्षबीच शान्तिपूर्ण जीवन व्यतीत गर्ने भावना र अवस्था नभई झै-झगडा र विवादै विवाद निरन्तर रहिरहेको अवस्थामा त्यस्तो सम्बन्ध कायम राखी रहनुको कुनै औचित्य नहुने।

(कृष्ण शेरचन वि. पदमकुमारी शेरचन, ने.का.प. २०६७ अंक १० निर्णय नं. ८४८७)

ख. स्वतः सम्बन्ध विच्छेद हुने

स्वास्नीले अर्कोसँग विवाह गरेमा त्यस्तो लोग्ने स्वास्नीको सम्बन्ध स्वतः विच्छेद हुन्छ।२ नं. ...

ग. सन्तानको पालन पोषण

ऐनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भएको मितिले दुईसय बहत्तर दिनभित्र जन्मेको सन्तान अन्यथा प्रमाणित नभएमा सो सम्बन्ध विच्छेद भएको लोग्नेकै सन्तान ठहर्छ। त्यस्ता सन्तान र पाँच वर्ष नपुगेका वा पाँच वर्षदेखि माथिका नाबालक पाल्ने विषयमा देहायबमोजिम हुन्छ १
नाबालकलाई आमाले आफैं पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्छ २
यस नं. को १.... दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आमा बाबु दुवैको मन्जुरी भएमा त्यस्तो नाबालकलाई आमा बाबुमध्ये कुनैले वा आलो पालो गरी पाल्न पाउँछ ३
आमा बाबुमध्ये जोसुकैले पाले पनि नाबालकको अहित हुने अवस्था वा त्यस्तो अहित हुने मनासिब आशङ्का नभएमा पाल्ने आमा बाबुले नपाल्ने आमा वा बाबुलाई बीच बीचमा नाबालकसँग भेटघाट गर्ने मौका दिनुपर्छ। त्यस्तो मौका अर्को विवाह गर्ने आमाले पनि पाउँछे ४
आमाले पाल्दा बाबुले आफ्नो इज्जत आमदअनुसार नाबालकलाई खान, लाउन, शिक्षा र औषधी उपचारसमेतको मनासिब खर्च दिनुपर्छ। आमाले नपाली बाबुले त्यस्तो नाबालक पालेको रहेछ र बाबुभन्दा आमाको आयस्ता बढी रहेछ भने अड्डाले अवस्था विचार गरी आदेशद्वारा तोकिदिएबमोजिम त्यस्तो स्वास्नी मानिसले पनि नाबालकको खान, लाउन, शिक्षा र औषधी उपचारको खर्च बेहोर्नु पर्छ .....५।(३ नं.) ...

ग. अंश पाउने

सासु ससुरासमेत भई वा लोग्नेले मात्र खान लाउन नदिई घरबाट निकाला गरेको वा कुटपीट गरी दुःख दिने गरेको वा लोग्नेले अरू स्वास्नी ल्याए वा राखेकोमा त्यस्ती स्वास्नीले लोग्नेको अंशबाट आफ्नो अंश छुट्याई लिन पाउँछे। त्यस्ती स्वास्नी मानिस मरेमा वा निजले अर्को विवाह गरेमा उसले खाई लाई बाँकी रहे जति हकवालाको हुन्छ। सासुससुराले मात्र निकाला गरेकोमा इज्जत आमदअनुसार खान लाउन दिनुपर्छ।(४ नं.)

यस महलको १ नं. बमोजिम लोग्ने र स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा अदालतले निजहरूबीच अंशबन्डा गर्न लगाएर मात्र सम्बन्ध विच्छेद हुने निर्णय गर्नुपर्छ। सम्बन्ध विच्छेद हुने लोग्ने मानिसले नै अंश लिई नसकेको अवस्थामा अदालतले तायदाती माग गरी अंशियारहरूबीच अंशबन्डा गर्न आदेश दिई त्यस्तो लोग्ने मानिसको भागमा पर्ने अंश र सो अंशबाट सम्बन्ध विच्छेद गर्ने स्वास्नी मानिसले पाउने अंशको अन्जाम गरी अंशबन्डा नभएसम्मको लागि त्यस्ती स्वास्नी मानिसको जीविकाको निमित्त मासिकरूपले खर्च भराई दिनुपर्छ। अंश बन्डा भईसकेपछि सम्बन्ध विच्छेद भएकी स्वास्नी मानिसको अंशमा परेको सम्पत्तिमा निजको हक हुनेछ। त्यस्ती स्वास्नीमानिसले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति अघिल्लो लोग्नेपट्टिका सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो लोग्नेले पाउनेछ।(४ क. नं.)

घ. वार्षिक वा मासिक खर्च भराई लिन सक्ने

यस महलको ४क. नं. मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्ध विच्छेद हुने स्वास्नी मानिसले अंश नलिई सोबापत लोग्नेसँग वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा अदालतले त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको सम्पत्ति र आयस्ताको आधारमा वार्षिक वा मासिक खर्च भराई दिनु पर्छ। लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेसम्म मात्र भर्नु पर्छ। **(४ ख. नं.)**

यस महलको १ नं. बमोजिम सम्बन्ध विच्छेद भएकोमा दफा ४क. बमोजिम बन्डा गर्नुपर्ने कुनै सम्पत्ति नभई लोग्नेबाट अंश नपाएकी स्वास्नी मानिसले लोग्नेबाट खान लाउन खर्च भराउन चाहेमा र त्यस्तो लोग्नेको आम्दानी आयस्ता भएमा अदालतले त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको आयस्ताको आधारमा खान लाउन खर्च भराई दिनुपर्छ। लोग्नेले त्यस्ता खर्च त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेसम्मको लागि मात्र भर्नुपर्छ। **(४ ग. नं.)**

ङ. दाइजो पेवा मस्यौट भएमा

महिलाको दाइजो, पेवा वा स्त्री अंशधनको सम्पत्ति मास्दा अंश नभई एकाघरसँग बसेका अरू अंशियारहरूसमेत रहेछन् भने उमेर पुगेको सबै अंशियारहरूको मन्जुरीको लिखत भएमा वा त्यस्तो लिखत नभएपनि निजहरूको सहमतिबमोजिम त्यस्तो सम्पत्ति मासिएको प्रमाणित भएमा सो मासेको दाइजो, पेवा वा स्त्री अंशधनको सम्पत्ति लेनदेन व्यवहारको महलबमोजिम सबै अंशियारहरूको गोश्वारा धनबाट शोधभर्ना हुनसक्छ। **(५ नं.)**

च. मिलापत्र हुन सक्ने

सम्बन्ध विच्छेदका लागि परेको निवेदनमा प्रतिवादीले अदालतबाट जारी भएको म्याद बुझी आई प्रतिउत्तर दिई दुवै पक्ष मिली सम्बन्ध विच्छेद गर्न मन्जुर भई निवेदन दिएमा सम्बन्ध विच्छेद हुने गरी मिलापत्र गराउन सकिन्छ।

छ. मिलापत्रमा खुलाउनु पर्ने कुराहरू

सम्बन्ध विच्छेदमा मिलापत्र गराउँदा अंश वा जिवीकोपार्जनको खर्च र सन्तानको हेरचाह, संरक्षकत्व, पालन पोषण र भेटघाटको विषयमासमेत उल्लेख गर्न लगाउनु पर्दछ।

ज. फैसला गर्नुपर्ने समयावधि

संक्षिप्त कार्यविधि अपनाइने भएकोले सम्बन्ध विच्छेद मुद्दा ९० दिनभित्र किनारा गरिसक्नु पर्दछ। (संक्षिप्त कार्यिविधि ऐन, २०२८ को दफा १०)

कार्यविधि

- सम्बन्ध विच्छेदसम्बन्धी मुद्दामा संक्षिप्त कार्यविधि अपनाइन्छ।
- निवेदन दर्ता भएपछि विपक्षीका नाममा ७ दिनको म्याद जारी गरिन्छ।
- काबुबाहिरको परिस्थिति परी अदालतबाट जारी भएको म्याद गुज्रेमा १५ दिनको म्याद थप गरी प्रतिवाद गर्न सकिन्छ।
- अदालतबाट जारी भएको म्यादमा प्रतिउत्तर लिई आउने पक्षलाई तारेखमा राखिन्छ।
- काबु बाहिरको परिस्थिति परी तारेख गुज्रेमा पनि संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ८ बमोजिम पटकमा दिनसम्मको तारेख थाम्न थमाउन सकिन्छ।
- सम्बन्ध विच्छेदको निवेदनमा अंशको दाबी भएको अवस्थामा नातामा विवाद नभए सम्बन्धित अंशियारहरूको विवरण खुलाई तायदाती माग गर्ने आदेश गर्नु पर्दछ।

सम्बन्ध विच्छेद मुद्दामा अंश छुट्याउँदा अपनाउनु पर्ने कार्यविधि

सम्बन्ध विच्छेद हुने निर्णय गर्दा अंश भराई दिने कार्यविधिः (१) मुलुकी ऐन लोग्नेस्वास्नीको महलको **४क नं.** बमोजिम लोग्नेस्वास्नीबीच सम्बन्ध विच्छेद हुने देखिएमा अदालतले निजहरूबीच अंश बन्डा गर्न लगाउँदा **अ.वं. महलको १३३ नं.** बमोजिम दुवै पक्षबाट अंशियारहरूको संख्या, नाम, थर, वतन खुलाई कागज गराई वादी प्रतिवादीबाहेक पनि अन्य अंश बन्डा हुन बाँकी अंशियार खुल्न आएमा निजहरूलाई **अ.वं. महलको १३९ नं.** बमोजिम झिकाई बुझी प्रतिवादीसरह तारेखमा राखी त्यसै मुद्दाबाट अंश दिलाई दिने सम्बन्धमा कानूनबमोजिम कारवाही किनारा गर्नुपर्दछ।

(२) उपनियम

(१) बमोजिम अंश भराउनेसम्बन्धी कारवाही गर्दा मुलुकी ऐन, अंश बन्डाको महलबमोजिम सगोलको अंशियारहरूबाट तायदाती फाँटवारी पेस गर्न लगाउनुपर्दछ।

(३) स्वास्नीमानिस वादी भई दायर भएको सम्बन्ध विच्छेद गरिपाउँ भन्ने मुद्दामा वादी पक्षले जीविकाका निमित्त मासिक खर्च वा अंशतर्फ दाबी छाडी मिलापत्र गर्न चाहेमा निजको मन्जुरीले जीविकाका निमित्त मासिक खर्च वा अंश नलिने गरी मिलापत्र गर्न वा जीविकाको निमित्त मासिक खर्च वा अंशतर्फको दाबी छाडी सम्बन्ध विच्छेदतर्फ मात्र उपचार खोजेमा सम्बन्ध विच्छेदतर्फ मात्र बोली निर्णय गर्न बाधा पर्ने छैन।

(४) उपनियम (१) बमोजिम अंश बन्डा गर्न लगाउँदा **कोर्ट फी ऐन, २०१७** बमोजिम वादीबाट कोर्ट फी असुल गरेपछि प्रतिवादीबाट वादीलाई भराई दिनुपर्दछ।

जिल्ला अदालत (बाह्रौ संशोधन) नियमावली, २०७३ ८५क.

झ. सम्बन्ध विच्छेद मुद्दामा नातामा विवाद भएमा

- कहिलेकाँही सम्बन्ध विच्छेद मुद्दामा नातामा विवाद आउन सक्नेछ। यस्तो अवस्था आएमा पहिले नाता कायम रहे नरहेको विषय यकिन गर्नु पर्दछ।
- सम्बन्ध विच्छेद मुद्दामा नातामा विवाद देखिएमा नातासम्बन्ध देखिने प्रमाण पेस गर्न लगाउनु पर्दछ। नाता यकिन गर्न देहायका प्रमाण बुझ्न सकिन्छ :

  क. विवाह दर्ताको प्रमाण
  ख. नाताका बारेमा जानकारी राख्ने मानिसहरू
  ग. सम्बन्धित वतनमा सर्जमिन

नातासम्बन्धी विषयमा थप जानकारीका लागि यो परिच्छेदको पछिल्लो खण्ड हेर्न सकिन्छ।

अन्य कुराहरू

- सम्बन्ध विच्छेद हुने अवस्थामा सन्तानको जिम्मा र हेरचाह एवम् पालन पोषणको जिम्मेवारीको विषयमा समेत उल्लेख गर्नु पर्दछ।
- अंश दाबी नगरेको सम्बन्ध विच्छेद मुद्दामा दुवै पक्षको मुख मिलेमा पहिलो पेसीमा नै फैसला गर्न सकिन्छ।
- सन्तानको संरक्षकत्व र पालन पोषणको सम्बन्धमा विवाद भए सो सम्बन्धमा आवश्यक विवरण र प्रमाण संकलन गर्ने आदेश गर्न सकिन्छ।

ञ. अर्को विवाह गरी स्वतः सम्बन्ध विच्छेद भएमा अंश नपाउने

*लोग्ने स्वास्नीबीचमा सम्बन्ध विच्छेद हुने भएमा अदालतले निजहरूबीच अंश बन्डा गर्न लगाएर मात्र निर्णय गर्नुपर्ने भनी ऐ. को ४(क) नं. मा व्यवस्था गरेको पाइन्छ भने स्वास्नीले अर्कोसँग विवाह गरेमा **लोग्नेस्वास्नीको २ नं.** ले त्यस्तो लोग्नेस्वास्नीको सम्बन्ध स्वतः विच्छेद हुने हुँदा त्यस्तोमा अंशबन्डा गर्नुपर्ने गरी कुनै कानूनी व्यवस्था भएको नदेखिने। ... सम्बन्ध विच्छेदको प्रश्नसँग अंश बन्डाको प्रश्नसमेत निहीत रहेको विवादमा **लोग्नेस्वास्नीको १ नं.** को देहाय २ बमोजिम सम्बन्ध विच्छेदको माँग गर्ने वादी स्वयम्ले आफूले दायर गरेको मुद्दा अन्तिम टुङ्गो नलाग्दै अर्कोसँग विवाह गरेको र सोसम्बन्धी प्रमाण कागजहरू मिसिल संलग्न हुन आएको स्थितिमा त्यस्ता आधार प्रमाणलाई अनदेखा गर्न नमिल्ने।*

(बीपिन्द्र सुवेदी (खत्री) वि. बन्दना कार्की (भट्ट), ने.का.प. २०६८ अंक ८ निर्णय नं. ८६७३)

अंश नलिई वार्षिक वा मासिक खर्च जीविकोपार्जन खर्च माग भएको अवस्थामा त्यस्तो खर्च भराउनुभन्दा अगावै लोग्नेको आम्दानीको अवस्थाका बारेमा विवरण संकलन गर्नुपर्ने हुन्। यस विषयमा दुवै पक्षलाई

कागज आम्दानी र खर्चको अवस्थाका बारेमा कागज गराउन सकिन्छ। सामान्यतया : वार्षिक तथा मासिक खर्च भराउँदा देहायका आधारहरू लिन सकिन्छ :

क) लोग्नेको आम्दानीको अवस्था खुल्ने कुनै आधिकारिक कागजात भए सो कागजमा उल्लेख भएको आधारमा — जस्तै : पारिश्रमिक, निवृत्तीभरण, अन्य सुविधा, घर बहाल, कृषिको आम्दानी आदि)।
ख) औपचारिक कागजातहरू नभएमा दुवै पक्षले गरेको कागजमा उल्लेख गरिएको मूल्यका आधारमा।
ग) मिसिल संलग्न कागजातबाट देखिएका अन्य आधारहरूको मूल्याङ्कन गरी औचित्यका आधारमा।

लोग्नेको आयस्ताको अवस्था यकिन गरेपछि सो आयस्ताबाट निजले निर्वाह गर्नुपर्ने पारिवारिक जिम्मेवारी, पालन पोषण गर्नुपर्ने परिवारको संख्या, सन्तान भए उनको शिक्षा दीक्षाको प्रबन्ध, स्वास्नी मानिसको आर्थिक अवस्था र जीविकोपार्जनको स्रोत र परिवारको हैसियतसमेतका विषय विचार गरी जीविकोपार्जन खर्च निर्धारण गर्नु उपयुक्त हुन्छ।

३. पुनरावेदनको म्याद

सम्बन्ध विच्छेद मुद्दामा दाबी नपुगेमा वादी पक्षलाई र दाबी पुगेमा प्रतिवादी पक्षलाई, आंशिक दाबी पुगेमा दुवै पक्षलाई फैसलामा चित्त नबुझेमा सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न जानु भनी **संक्षिप्त कार्यविधि ऐन, २०२८** को दफा ११क. बमोजिम ३० दिनको पुनरावेदनको म्याद जारी गर्नुपर्ने हुन्छ।

सम्बन्ध विच्छेद सम्बन्धी मुद्दाको फैसलाको तपसिल खण्डमा उल्लेख गर्नुपर्ने कुराहरू

१. पुनरावेदनको म्याद
२. अंश पाउने भए सो कुरा, जीविकोपार्जन खर्च, सन्तानको हेरचाह एवम् संरक्षकत्व र पालन पोषण, भेटघाट
३. रोक्का राखिएको भए रोक्का फुकुवा सम्बन्धी,
४. पक्षको गोपनीयता कायम भएको भए सो कुरा,
५. सरोकारवालाले नक्कल पाउने कुरा,
६. दायरीको लगत कट्टा गरी अभिलेख शाखामा बुझाउने कुरा।

३.५ नाता कायम

१. परिचय

- नाता कायम मुद्दा जिल्ला अदालतमा लाग्दछ। यो मुद्दामा संक्षिप्त कार्यविधि अवलम्बन गरिन्छ।
- नाता कायमको विषय अक्सर पति पत्नीको नाता कायम गरी पाउँ भनी दायर हुने गर्दछ।
- पितृत्वसम्बन्धी विवादको विषयमा नाता कायमको विषय आउने गर्दछ।
- नाबालकको तर्फबाट नाता कायम गरी पाउँ भनी अरू हकवालालेसमेत फीराद दिन सक्ने अवस्था रहन्छ।
- नाता कायमसम्बन्धी विवादमा अन्य प्रमाणका अतिरिक्त डी.एन.ए. परीक्षण गराउन सकिन्छ।
- डी.एन.ए. परीक्षण नाता कायमका लागि भरपर्दो प्रमाण मानिन्छ तर सो परीक्षण गर्ने प्रक्रियामा स्वच्छता आवश्यक पर्दछ।

नाता कायमसम्बन्धी विषय अंश मुद्दामा पनि जोडिएर आउने गर्दछ। सोसम्बन्धी नजिरको बारेमा अंश बन्डासम्बन्धी परिच्छेद पनि सान्दर्भिक हुनसक्छ।

२. कानूनी व्यवस्था

कसैसँग आफ्नो नाता सम्बन्ध कायम गराई माग्न नालिस गर्न हुन्छ। नाबालक भए अरू हकवालाले समेत त्यस्तो नाबालकको नाता सम्बन्ध कायम गराई माग्न नालिस गर्न हुन्छ। **लोग्नेस्वास्नीको ५क नं. ...**

पितृत्वको कुरा सधैं अनुमानमै आधारित हुने र त्यस सम्बन्धमा अन्यथा प्रमाणित नभएसम्म आमाले भनेको कुरालाई साँचो मान्नुपर्ने।

(बच्ची विष्ट वि. कविन्द्र बहादुर विष्ट, ने.का.प. २०३४ अंक ५ नि.नं. १०५२ पृ. १३८)

प्रतिवादीहरूले वादीहरूलाई श्रीमती, छोरा नाताका व्यक्ति होइनन् भनी प्रतिउत्तर र बयान जिकिरसम्म लिएपनि सोको पुष्टि हुने कुनै प्रमाण गुजार्न नसकेको र निजका साक्षीले नाता सम्बन्धबारे थाहा नभएको भनी बकपत्र गरेको देखिएबाट सो जिकिर स्वतः खण्डित हुने। वादीहरूले वंशजका आधारमा नागरिकताको प्रमाणपत्र लिएकोमा आफूले पति र पिताको हैसियतले सनाखत नगरेको र नागरिकता जालसाजीमा छुट्टै मुद्दा दिएको हुँदा त्यस्तो नागरिकतालाई प्रमाणमा लिई नाता कायम गर्न नमिल्ने भन्ने जिकिर लिएकोमा सरकारी कार्यालयबाट विशेष कानूनअन्तर्गत जारी भएको नागरिकता जस्तो प्रमाणपत्र कसैले झुठ्ठा विवरणका आधारमा प्राप्त गरेमा सो बदर गराउने प्रक्रियाका सम्बन्धमा उक्त विशेष ऐनमा नै पृथक व्यवस्था रहेकोमा सोबमोजिम नगरी जालसाजी मुद्दा दिएको भरमा नागरिकताको प्रमाणपत्र विवादित भएकोले प्रमाणमा लिन नहुने भन्ने जिकिर समेत आधारहीन देखिने।

... पितृत्वको कुरा सधैं अनुमानमा आधारित हुने र त्यस सम्बन्धमा अन्यथा प्रमाणित नभएसम्म आमाको भनाई साँचो मान्नुपर्ने भन्ने मान्यतालाई यस अदालतद्वारा हिन्दु विधिशास्त्रको स्थापित सिद्धान्तकोरूपमा हालसम्म अनुसरण गरिँदै आइएको परिप्रेक्ष्यमा वादी दाबी र बयान तथा सोको समर्थनमा पेस भएका सबुत प्रमाण खण्डित हुने कुनै पनि प्रमाण स्वयम् प्रतिवादी पक्षबाट आउन नसकेको अवस्थामा वादी प्रतिवादीबीच नाता कायम हुने।

... नाता सम्बन्धनै अस्वीकार गर्ने प्रतिवादीहरूले वादीहरूलाई अघि नै अंश दिइसकेको होला भनी अनुमान गर्नुपर्ने अवस्था नरहने।

... तत्काल कायम रहेका अंशी—अंशीबीच भएको व्यवहारलाई बन्डापत्रको एक अंशीयार ... तर्फको अंश खाने पुनरावेदक वादीहरूले हाल आएर अन्यथा जिकिर लिन नमिल्ने भई उक्त बन्डापत्रबाहेकको गोश्वारा पैत्रिक सम्पत्ति बाँकी रहेको देखिन आए वा त्यस्तो पैत्रिक सम्पत्ति कुनै बखत निजहरूका पति र पिताका नाममा आउने अवस्था परेमा त्यसबाट पुनरावेदक वादीहरूले आफ्नो हक हिस्सा जति छुट्याई लिन पाउने।

(रोशन महर्जन वि. भुयुचा महर्जन, ने.का.प. २०६३ अंक ११ नि.नं. ७७८४ पृ.१४२०)

करणी र बच्चाको जन्मसम्बन्धी विवादमा मिसिल संलग्न प्रमाणका अतिरिक्त विवादसँग सम्बन्धित महिलाको बयानलाई गंम्भीरतापूर्वक हेर्नुपर्ने।

करणी र बच्चाको जन्मसम्बन्धी विवादमा मिसिल संलग्न प्रमाणका अतिरिक्त विवादसँग सम्बन्धित महिलाको बयानलाई गम्भीरतापूर्वक हेर्नुपर्ने। सामान्यतया आफ्नो सतित्व एवम् इज्जत, चरित्र र प्रतिष्ठामा आँच आउने वा लान्छना लाग्ने गरी कुनै पनि महिलाले एउटा पुरुषसँग करणी लेनदेन भएको अवस्थामा अर्को व्यक्तिउपर लान्छना लाउनुपर्ने अवस्था नहुने। एउटा पुरुषसँग करणी गरी गराई सोको कारणबाट गर्भ रही बच्चासमेत जन्मेको कुरालाई अर्को पुरुषको करणीबाट सो बच्चा जन्मेको हो भनी अर्को व्यक्तिलाई लान्छना लगाउनुपर्ने कारणको विद्यमानता नरहेकोले प्रतिवादीबाहेकको व्यक्तिको करणीबाट जन्मेको भनी अनुमान गर्न नमिल्ने।

(लिलबहादुर क्षेत्री वि. चित्रा वि.क., ने.का.प. २०६५ अंक १० नि.नं. ८०२६ पृ. १२५०)

वादी र प्रतिवादी दुवैबीच यौन सम्बन्ध भएको र बच्चा जन्मेको कुरा स्थापित भएको स्थितिमा वादी प्रतिवादी बीच वैवाहिक सम्बन्ध कायम हुन आउने हुँदा वादी र निजको साक्षी खनिसरा तिलीजाको बयान र बकपत्रमा तथ्यगत कुरामा केही फरक पर्दैमा उक्त बयान बकपत्रलाई प्रमाणमा ग्रहण गर्न मिल्दैन भन्न नमिल्ने हुँदा वादी र प्रतिवादीबीच वादी दाबी बमोजिम नाता कायम हुने र अंशसमेत छुटयाई पाउने ठहर्‍याएको पुनरावेदन अदालत पोखराको फैसला मनासिब ठहर्ने।

(मानसिंह पूर्जा वि. टुल्कुमाया पूर्जा, ने.का.प. २०५६ अंक ७ नि.नं. ६७५५ पृ. ५३५)

पतिसँग सहवास भई सन्तानोत्पत्ति हुन नसक्ने जस्ता प्रमाणको अभावमा पतिले वादी तथा निजबाट जन्मेको सन्तान छोरालाई अदालतमा उपस्थित भई अस्वीकार नगरेको अवस्थामा वादीबाट जन्मेको छोरा अर्काको वीर्यबाट जन्मेको भनी भन्न सकिने ठोस आधार प्रमाण नभएकोले पति नाता कायम गरी न्वारान गराई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने।

(मोहन बहादुर बस्नेत वि. जयन्ती भारती, ने.का.प. २०४८ अंक ७ नि.नं. ४३३० पृ. ३७९)

सम्बन्ध विच्छेद मुद्दा र अंश मुद्दा एकै लगाउको देखिँदा अंश मुद्दा र लगाउको सम्बन्ध विच्छेद मुद्दासमेत साथै निर्णय गर्नुपर्नेमा अंश मुद्दा मुल्तबी राखी सम्बन्ध विच्छेद मुद्दामा निर्णय गरेको नमिल्ने। ... सम्बन्ध विच्छेद मुद्दामा वादीको दाबी र प्रतिवादीको भनाईबाट समेत प्रतिवादीबाट जन्मेकी छोरी वादीको हो होइन सो निर्णय बिन्दुमा पुगेपछि मात्र सम्बन्ध विच्छेदमा निर्णय हुने हुँदा नाताको विवादको हकमा दुवै अंश र सम्बन्ध विच्छेदमा निर्णय नगरी एउटै अंश मुद्दाबाट निर्णय गरे हुने।

(चन्द्रकुमारी अधिकारी वि. प्रभाकर अधिकारी, ने.का.प. २०४६ अंक ५ निर्णय नं. ३८२८)

विदेश गएको मानिससँग नियमित टेलिफोन सम्पर्क हुनसक्ने अवस्थामा फर्की आउने मिति थाहा हुने र विदेशको ठेगानासमेत थाहा हुने हुँदा यस्तो अवस्थामा अ.वं. ८३(१) नं आकर्षण हुन नसक्ने।... विदेश गएको व्यक्तिलाई उमेर, सुस्त मनस्थिति र बहुलाएको व्यक्तिसरह राखे पनि खण्ड (च) मा पर्ने व्यक्तिको तर्फबाट जसलाई विवादको तथ्य नै थाहा हुँदैन, उसले दिएको प्रतिउत्तर र त्यस्तो व्यक्तिले दिएको प्रमाणको आधारमा इन्साफ गर्दा अदालत बहुतै होशियार हुनपर्ने। ... कुनै जातकको पितृत्वको विवादमा आमाको भनाइले महत्त्वपूर्ण स्थान रहन्छ। अन्य कुरासँग बाझिदैंन र परिस्थितिजन्य कुराहरूले समर्थन गर्दछ भने आमाको भनाइलाई नाताको विवादमा महत्त्वपूर्ण प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने। ... Intimate sample कारणीबाट नै निकालिएको भन्नेमा विवाद नभई निर्विवाद रुपले कारणीबाट नै निकालिएको अवस्थामा प्रमाणमा लिनुपर्ने। ... सम्बन्धी विवाद, अपराध अनुसन्धान आदिमा DNA महत्त्वपूर्ण हुन्छ। तर, DNA Report प्रमाणमा लिन प्रयोगशाला (Laboratory) कोठा भित्र Sample निकाल्न कारणी र सम्बन्धित विशेषज्ञ मात्र प्रवेश गर्नुपर्ने।

(राजीव गुरुङ्ग वि. नीता गुरुङ्ग, ने.का.प. २०६८ अंक ३ नि. नं. ८५७८ पृ. ३३४ फैसला मिति : २०६७।०२।११)

जातकका सम्बन्धमा सामान्यतया आमाको भनाइ विश्वासनीय हुने भए तापनि सोको पुष्ट्याइ गर्ने पर्याप्त आधार हुनुपर्ने।

(पूर्णा सुनुवार वि. इन्द्र बहादुर भण्डारीसमेत, ने.का.प. २०५२ अंक ६ नि.नं. ६०३१ पृ. ५३६)

३. हदम्याद

यस महलको १ नं. मा लेखिएको र जारीको कुराबाहेक अरू कुरामा भए गरेका मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्तैन। (६ नं.)

४. कार्यविधि

संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अवलम्बन गरिन्छ।

३.६ करणीसम्बन्धी अपराध

१. परिचय

करणी यौनजन्य हिंसाको एउटा रूप हो। यसलाई विभिन्न प्रकारका अपराधको रूपमा वर्गिकरण गरिन्छ। आसय करणी, जबरजस्ती करणी, हाडनाता करणीलाई मुलुकी ऐनमा छुट्टा छुट्टै महलमा समेटिएको छ। यससम्बन्धी कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ अलग्गै कानून समेत पारित भएको छ।

२. विशेषता

विचारणीय प्रमुख विषयहरू

- आशय करणी र यौन दुर्व्यवहारसम्बन्धी मुद्दा व्यक्तिवादी फौजदारी मुद्दा भएकोले पीडित महिला फीरादपत्र (उजुरी) लिई अदालत प्रवेश गर्दछ।
- फीरादपत्रमा प्रतिवादीले कुन कार्य गरी यौन दुर्व्यवहार गरेको हो भन्ने कुरा यकिनसाथ उल्लेख गर्नुपर्ने हुँदा सोही आधारमा बुझ्नुपर्ने प्रमाण यकिन गर्न सकिन्छ।
- त्यस्तो कार्य गर्दा सम्बन्धित महिला/बालिकाको मन्जुरी रहे नरहेको कुरा पनि फीरादपत्रमा खुलाउनु पर्दछ।
- बालिकाको हकमा मन्जुरीको अर्थ नरहने हुँदा न्यायकर्ताले त्यसतर्फ पनि विचार पुऱ्याउनु पर्दछ।
- मुद्दाको अनुसन्धान अभियोजन दौरान पीडितको नाम ठेगान लगायतका सूचनाको पूर्ण गोपनियता कायम गर्ने।
- सुनुवाइ गर्दा बन्द इजलासमा गर्नुपर्दछ।
- फीरादपत्रमा क्षतिपूर्तिको माग नै नगरेको भए पनि सम्बन्धित महिला/बालिकाले महसुस गरेको पीडाको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नु पर्दछ।
- क्षतिपूर्ति भराउँदा सहजरूपमा भरी भराउ हुने ब्यवस्था गरिनुपर्ने।

३. कानूनी ब्यवस्था

३.१ मुलुकी ऐन, आशय करणीको महल

क. यौन दुर्व्यवहार गरेको मानिने

कसैले कुनै महिलाको मन्जुरीबिना निजको संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वभाविकरूपमा कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौनसम्बन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र, तस्वीर देखाएमा, यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग यस्तै अन्य कुनै किसिमले **अस्वभाविक, अवान्छित वा अमर्यादित व्यवहार** गरेमा वा निजलाई करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानिनेछ।

(आशय करणीको महलको १ नं., लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ बाट संशोधित व्यवस्था)

आफू वा अरूसँग गैर कानूनी करणी गर्न स्वास्नीमानिसलाई फकाउने र बेश्या गमनको लागि सम्पर्क र ब्यवस्था गरी दिने कार्य दण्डनीय हुन्छ। **(५ नं.)**

ख. क्षतिपूर्ति भराइदिनु पर्ने

यौन दुर्व्यवहारबाट पीडित व्यक्तिलाई कसुरदारबाट मनासिब माफीकको क्षतिपूर्तिसमेत भराई दिनुपर्छ। **(१ नं.)**

ग. हदम्याद

यौन दुर्व्यवहारसम्बन्धी मुद्दामा सो कुरा प्रकाश भएका मितिले पैंतीस दिनभित्र अदालतमा नालिस दिनु पर्दछ।

घ. कार्यविधि

मुद्दाको प्रकृति

यौन दुर्व्यवहार/आशय करणीसम्बन्धी **मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९** को अनुसूची १ भित्र नपर्ने हुँदा यसमा पीडित पक्ष स्वयम् दुनियाँवादी फौजदारी मुद्दाका रूपमा फीरादपत्र लिई अदालत प्रवेश गर्नुपर्ने हुन्छ।

ङ. सजायसम्बन्धी कानूनी ब्यवस्था

यौन दुर्व्यवहार गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुन्छ। आफू वा अरुसँग गैरकानूनी करणीका लागि फकाउने वा बेश्या गमनका लागि सम्पर्क र ब्यवस्था गरिदिने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ।

(साबिक ऐनमा गैरकानूनी करणीका लागि फकाउने वा बेश्या गमनका लागि सम्पर्क र ब्यवस्था गरिदिने व्यक्तिलाई छ महिनादेखि दुई वर्षसम्म कैद वा पाँच सय रुपैयाँदेखि छ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ब्यवस्था भएकोमा लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ ले थप सजायको व्यवस्था गरेको छ।)

प्रतिपादित सिद्धान्त

आशय करणी एक यस्तो अपराध हो जसमा मानसिक इच्छा अर्थात् करणी गर्ने इच्छा उद्देश्य आफूमा सीमित राखी मानसिक आशय पुरा गर्न परस्त्रीको शरीरमा छुनेसम्मको कार्य हुन्छ। जब त्यस्तो कार्यले आशय करणीको लक्ष्मण रेखा पार गर्दछ तब त्यस्तो कार्य जबरजस्ती करणीको घेराभित्र प्रवेश भएको मान्नुपर्दछ।

(श्री ५ को सरकार वि.प्रदीप भट्टराई, स.अ. बुलेटिन, वर्ष १४ अंक १९, पृ. १४)

कार्यस्थल एवम् सार्वजनिक स्थलहरूमा हुने यौनदुराचारलाई निरुत्साहित गर्नका लागि उपयुक्त न्यायिक निर्देशन जारी गर्न माग दाबी लिई परेको रिट निवेदनमा सर्वोच्च अदालतबाट देहायबमोजिमको आदेश जारी गरिएको पाइन्छ :

*लैङ्गिक न्यायमा विशेष महत्त्व राख्ने CEDAW को धारा २ ले कुनै पनि किसिमको यौनजन्य दुर्व्यवहार महिला विरूद्ध हुने भेदभाव भएको हुँदा यस्तो भेदभाव निमूर्ल गर्न राज्यपक्षले विधायिकी तथा अन्य उपायहरू अपनाउनु पर्ने दायित्व सुम्पिएको पाइन्छ। हाम्रो कानूनी ब्यवस्था संविधानले प्रत्याभूत गरेको समानता र स्वतन्त्रताको हकको बाधकको रूपमा रहेको यौनजन्य दुर्व्यवहारलाई नियन्त्रण गर्ने सवालमा अपर्याप्त रहेको, साथै अन्तर्राष्ट्रिय सन्धिहरूअनुरुपको ब्यवस्था कार्यान्वियनको लागि विद्यमान कानूनको संशोधन वा कानून नभएको अवस्थामा कानून बनाउन कारबाही चलाउनु पर्ने कुरालाई **नेपाल सन्धि ऐन, २०४७** को दफा ९ को उपदफा (२) ले ब्यवस्था गरेबाट अन्तर्राष्ट्रिय सन्धि महासन्धिद्वारा सिर्जित दायित्वसमेतको परिपालना हुने गरी यौनजन्य दुर्व्यवहारसम्बन्धी कानून निर्माण गर्नु वाञ्छनीय देखिन आएको छ। त्यसैले यौनजन्य दुर्व्यवहार सम्बन्धमा यसका सबै पक्षलाई समेट्ने गरी जो जस्तो आवश्यक पर्ने हुन्छ, अध्ययन गरी गराई उपयुक्त कानून निर्माणका लागि आवश्यक ब्यवस्था गर्नु।*

(अधिवक्ता शर्मिला पराजुलीसमेत वि. मन्त्रिपरिषद् सचिवालयसमेत, रिट नं. ३४३४/२०६०, आदेश मिति : २०६०।११।२९)

३.२ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

क. कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्न वा गराउन नहुने

कार्यस्थलमा हुने **यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१** ले कुनै पनि व्यक्तिले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्ने कार्यलाई निषेध गरेको छ। **(दफा ३)**

ख. व्यवस्थापक समक्ष गुनासो दिन सकिने

कार्यस्थलमा कुनै किसिमको यौनजन्य दुर्व्यवहार भएमा पीडित कर्मचारी, सेवाग्राही वा निजको तर्फबाट जोसुकै व्यक्तिले कसुरवार विरूद्ध कार्यालयका व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्दछ। सो गुनासो उपर व्यवस्थापकले तुरुन्त छानविन गरी कारबाही गर्नुपर्दछ। **(दफा ६)**

ग. उजुरी दिन सक्ने

कार्यस्थलमा भएको यौनजन्य दुर्व्यवहारबाट पीडित हुने पक्ष वा निजको तर्फबाट जोसुकैले घटना घटेको ९० दिनभित्र जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी समक्ष प्रमाण सहित उजुरी दिन सक्दछ। **(दफा ७ र दफा १४)**

घ. मिलापत्र गर्न सक्ने

पीडित पक्ष र आरोपित दुवै पक्षले चाहेमा प्रमुख जिल्ला अधिकारी समक्ष मिलापत्रको लागि संयुक्त निवेदन दिनसक्दछ। यस्तोमा प्रमुख जिल्ला अधिकारीले आवश्यक परामर्श गरी मिलापत्र गराइदिनुपर्दछ। **(दफा ८)**

ङ. सजायको व्यवस्था

कुनै व्यक्ति कसुरवार ठहरिएमा निजलाई छ महिनासम्म कैद वा पचास हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुन्छ। यदि व्यवस्थापक स्वयंले कानूनको पालना नगरेको ठहरिएमा पच्चीस हजार रुपैंयासम्म जरिवाना हुन्छ। **(दफा १२)**

च. क्षतिपूर्ति भराइदिनुपर्ने

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारबाट पीडित व्यक्तिलाई कसुरदारबाट मनासिब माफीकको क्षतिपूर्तिसमेत भराई दिनुपर्छ। **(दफा १३)**

छ. हदम्याद

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी मुद्दामा सो कुरा भएका मितिले ९० दिनभित्र जिल्ला प्रशासन कार्यालयमा नालिस दिनु पर्दछ। **(दफा ७)**

ज. कार्यविधि

मुद्दाको प्रकृति

- यस प्रकृतिका मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र नपर्ने हुँदा दुनियाँवादी फौजदारी मुद्दाका रूपमा फीरादपत्र जिल्ला प्रशासन कार्यालयमा दायर हुन्छ।
- उजुरीको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि अपनाउनु पर्दछ।
- पीडितले लिखित रुपमा अनुरोध गरेमा मुद्दाको सुनुवाई बन्द इजलासबाट गर्नुपर्दछ। **(दफा १५)**
- यस मुद्दामा चित्त नबुझ्ने पक्षले ३५ दिन भित्र उच्च अदालतमा पुनरावेदन दिनसक्दछ। **(दफा १६)**

प्रतिपादित सिद्धान्त

कानूनी व्यवस्थाको अभावले गर्दा डान्सरेस्टुरेन्टमा काम गर्ने कामदारहरुको आर्थिक, सामाजिक, मानसिक, एवं कार्यथलोको वातावरणीय संरक्षण हुन नसकेको र महिला कामदारहरु महिला भएकै कारण उनीहरु माथि थप यौनशोषण समेत हुन पुगेको भन्ने कुरामा संवेदनशील भई कानून निर्माण तर्फ यथासक्य चाँडो आवश्यक व्यवस्था सरकारले गर्नुपर्ने देखिन्छ। त्यसलाई नियमित गर्न क्याविन, डान्सरेस्टुरेन्ट, डान्सबार, दोहोरीसाँझ तथा मसाजपार्लरको स्थापना त्यसको संचालन, त्यसको दायरा र त्यसमा काम गर्ने कामदारको सेवाको सुरक्षा, महिला कामदारमा हुने यौनशोषण नियन्त्रण र सजायको व्यवस्था वातावरणीय स्वच्छता समेत समावेश गरी कानून निर्माण गर्नु भनी विपक्षी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ।

(प्रकाशमणी शर्मा समेत वि. नेपाल सरकार समेत, ने.का.प. २०६५ अंक ८ नि.नं. ७९९५ पृ. ९९९)

३.६.क जबरजस्ती करणी

१. परिचय

कुनै पनि व्यक्तिसँग इच्छा विपरित शारीरिक सम्बन्ध कायम राख्नु जबरजस्ती करणी हो। जबरजस्ती करणी समाजमा महिला विरूद्ध हुने यौनजन्य अपराध मध्ये गम्भीर तथा महिलाको शारीरिक तथा मानसिक पक्षा आघात पार्ने अमानवीय अपराध हो। कसैले कुनै पनि महिलालाई डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी करणी गर्नु जबरजस्ती करणी मानिन्छ।

क. जबरजस्ती करणी भएको मानिने अवस्था

कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा जबरजस्ती करणी गरेको ठहर्छ। सोह्र वर्षभन्दा कम उमेरकी बालिकाका हकमा भने निजको मन्जुरी लिई वा नलिई कुनै व्यक्तिले करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ। **(जबरजस्ती करणीको महलको १ नं.)**

निम्नलिखित अवस्थामा मन्जुरी लिई गरेको करणीलाई मन्जुरी मानिदैन।

(क) डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मन्जुरीलाई मन्जुरी मानिदैन।

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मन्जुरीलाई मन्जुरी मानिदैन।

निम्नलिखित अवस्थामा भएको करणीलाई जबरजस्ती करणी मानिन्छ।

(क) योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि करणी गरेको मानिनेछ।

(ख) गुद्द्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्गबाहेक अन्य कुनै चिजवस्तु योनीमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिनेछ।

(यो ब्यवस्था लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा जबरजस्ती करणीको महलमा थप गरिएको हो।)

साबिकको ब्यवस्था :

कन्या, विधवा वा अर्काकी सधवा स्वास्नी मानिसमा सोह्र वर्ष मुनिकीलाई उसको मन्जुरी लिई वा नलिई जुनसुकै बेहोरासँग करणी गरेपनि र सोह्र वर्ष नाघेकीको राजिखुशीविना बेमन्जुरीले जुनसुकै तरहसँग भएपनि जोरजुलुम गरी वा डरधाक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेकोसमेत जबरजस्ती करणी ठहर्छ।

साबिक १ नं. मा रहेको उल्लिखित ब्यवस्थाले वैवाहिक बलात्कारलाई नसमेटेको भन्ने आधारमा परेको एउटा रिट निवेदनमा देहायबमोजिमको आदेश जारी भएको देखिन्छ :

वैवाहिक बलात्कारलाई पनि फौजदारी अपराधको रूपमा अर्थ गर्नु संविधानको समानतासम्बन्धी हकको भावना, नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू तथा

पारिवारिक, फौजदारी कानूनमा युगानुकूल भएका परिवर्तित मान्यता अनुकूल, उचित र सन्दर्भयुक्त देखिन आउँदछ। कुनै पनि स्वास्नी मानिसको मन्जुरीबिना जबरजस्ती करणी जस्तो अमानवीय निकृष्ट आपराधिक कार्य गर्ने लोग्नेमानिसले पीडित स्वास्नीमानिस आफ्नै विवाहित पत्नी भएको कारणबाट त्यस्तो फौजदारी कसुरबाट उन्मुक्ति पाउँदछ भन्न नमिल्ने भई त्यस्तो कार्यबाट उत्पन्न फौजदारी दायित्व निजले बेहोर्नुपर्ने हुन्छ।

*वैवाहिक बलात्कार पनि दण्डनीय अपराध भएकाले सामान्य उनाउ व्यक्तिले गर्ने जबरजस्ती करणी र पतिले गर्ने जबरजस्ती करणीको परिणाम एकैनासको हुने नभएकाले तत्सम्बन्धी प्रमाण, परिस्थिति र सजायको मात्राको औचित्यको विषयमा, **जबरजस्ती करणीको ८ नं.** ले बाह्य व्यक्तिद्वारा हुने बलात्कारमा सृजित परिणामको परिकल्पना गरेकोले पतिले आफ्नै स्वास्नीलाई जबरजस्ती करणी गरेको सम्बन्धमा जबरजस्ती करणी गर्ने पतिबाट अलग बस्न पाउने, सो सम्बन्ध विच्छेद गर्न पाउने गरी तत्काल राहत दिलाउने विषयमा, निषेधित बाल विवाहको अवस्थामा भएको जबरजस्ती करणीको अपराधको मात्रा कायम गर्ने सम्बन्धमासमेत वैवाहिक सम्बन्धको विशेष स्थिति र पतिको हैसियतसमेतलाई विचार गरी वैवाहिक बलात्कारसम्बन्धी कानूनी ब्यवस्थालाई पूर्णता दिनुपर्ने भएकाले तत्सम्बन्धमा आवश्यक कानून संशोधन विधेयक संसदमा पेस गर्नु।*

(अधिवक्ता मीरा ढुंगानासमेत वि. कानून, न्याय तथा संसदीय ब्यवस्था मन्त्रालयसमेत, रिट नं. ५५/२०५८, आदेश मितिः २०५९।१।१९, विशेष इजलास)

उल्लिखित आदेश जारी भएपछि लैङ्गिक समानता कायम गर्न केही **नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३** द्वारा मुलुकी ऐनको जबरजस्ती करणीको महलमा संशोधन भई वैवाहिक बलात्कारलाई पनि दण्डनीय बनाइयो।

प्रतिपादित सिद्धान्तहरू

जबरजस्ती करणीसम्बन्धी विधिशास्त्रीय मान्यता र यस सम्बन्धमा नेपाल कानूनमा भएको पछिल्लो विकासले पनि जबरजस्ती करणी हुनका लागि योनीमा लिङ्ग पुरै प्रवेश भएको हुनु नपर्ने देखिन्छ। त्यसमा पनि अत्यन्त कम उमेरकी बालिकामाथि भएको यस किसिमको जघन्य अपराधमा योनीमा लिङ्ग पुरै प्रवेश नभएको भन्ने कुरालाई मात्र आधार बनाएर बालिकामाथि भएको जबरजस्ती करणीलाई जबरजस्ती करणीको उद्योगका रूपमा परिभाषित गर्नु न्यायोचित हुँदैन। ... करणी गर्ने ईच्छा वा मनसायले पूर्णता प्राप्त गरेको क्रियालाई अपराधले पूर्णता पाएको अवस्था अर्थात् Commission of the Crime को रूपमा लिनु पर्ने। जबरजस्ती करणीका लागि सम्पूर्ण प्रयास गरेको, त्यसमा कहीँकसैबाट हस्तक्षेप नभएको, तर बालिकाको उमेर अत्यन्त कम भएकै कारणले मात्र योनीभित्र लिङ्ग प्रवेश नगरेको अवस्थालाई अपराधको गाम्भिर्यता घटाइने आधार बनाउन नमिल्ने र सोही आधारमा जबरजस्ती करणीको उद्योगको रूपमा मात्र सीमित गराउन नमिल्ने।

(नेपाल सरकार वि. टेकबहादुर क्षेत्री, ने.का.प. २०६६ अंक ५ नि.नं. ८१४२ पृ. ७४३)

आठ वर्षकी नाबालिकालाई आफ्नो लिङ्ग खेलाउन लगाई खाटमा सुताई बलपूर्वक निजको योनीमा लिङ्ग पुर्‍याई वीर्य स्खलन गराएको कार्य जबरजस्ती करणीको कसुर नहुने भन्न नमिल्ने। अबोध अवस्थाकी बालिकालाई आफ्नो लिङ्ग चलाउन लगाउने र निजको योनीद्धारसम्म लिङ्ग पुर्‍याई वीर्य स्खलन गराई आफ्नो यौन सन्तुष्टि लिने कार्यलाई केवल करणीको उद्योग मात्र हो भनी व्याख्या गर्नु जबरजस्ती करणी सम्बन्धी कानूनी ब्यवस्थाको भावनाअनुकूल नहुने। जबरजस्ती करणीको कसुर खासगरी महिलाको शरीर र इज्जत माथि यौनेच्छा पुरा गर्ने उद्देश्यबाट गरिने आक्रमणको रूपमा लिनु पर्ने। योनीमा लिङ्ग प्रवेश नगरे सम्म जबरजस्ती करणीको कसुर हुँदैन भनी सबै अवस्थामा व्याख्या गर्ने हो भने शारीरिक रूपमा कमजोर महिलामाथि हुने यौनजन्य अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था आउन सक्ने।

(विष्णु अधिकारी वि.नेपाल सरकार, ने.का.प. २०६३ अंक २ नि.नं. ७६५२ पृ. २३२)

जबरजस्ती करणी वारदातको प्रमाणको पहिलो कडी भनेकै स्वयम् पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षण। प्रतिवादीहरूले अदालतमा इन्कारी बयान गर्नु मात्र निर्दोषिताको आधार बन्न नसक्ने। पीडितको मौकाको कागज, सनाखत कागज र बकपत्र, जाहेरवाला र मौकामा बुझिएका व्यक्तिको भनाई, पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट कसुर प्रमाणित हुने आधार प्रशस्त हुने।

(नेपाल सरकार वि. सरोज हिङ्गमाङ्गसमेत, ने.का.प. २०६७ अंक ९, नि.नं. ८४६९ पृ.१६१०)

जबरजस्ती करणी जस्तो अपराधमा अन्य मुद्दामा जस्तो अंक गणितीय हिसाबबाट हेर्नु भन्दापनि नारीको अस्मितामा गम्भीर आँच आउने विषय भएकोले अदालतले संवेदनशील रूपमा विचार गर्नुपर्ने।

(बमबहादुर कठायत वि.नेपाल सरकार, ने.का.प. २०६२ अंक १०, नि.नं. ७६११ पृ.१२५१)

जबरजस्ती करणीको कसुर स्थापित हुन पीडितको कन्याजाली च्यातिएको हुनुपर्ने अवस्थालाई पूर्वसर्तको रूपमा लिन मिल्दैन। Hymen is Intact भएको अवस्थामा पनि जबरजस्ती करणीको कसुर स्थापित हुन सक्ने। घटनाबाट पीडित व्यक्तिले घटनाको सम्बन्धमा अदालतमा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने।

(नेपाल सरकार वि. रमेश भन्ने वीरबहादुर सार्की, ने.का.प. २०७० अंक १०, नि.नं. ९०६५ पृ.१२५९)

फौजदारी मुद्दामा अभियुक्तले अपराध गरेको हो होइन भन्ने सबुतहरूको आधारमा निर्णय गरिन्छ। अपराधीलाई बचाईदिने नियतले स्वयम् पीडितलगायत कसैले बयान दिनसक्ने स्थितिलाई ध्यानमा राखी न्यायकर्ताले निर्णय दिँदा कसैले सफाई दिने बयान दिँदैमा अभियुक्त निरपराध ठहर गर्नुपर्ने वा कसैले अभियुक्त विरूद्ध बयान दिँदैमा अपराधी ठहरिने पर्ने भन्न मिल्दैन। व्यक्तिको भनाईलाई सबुदैको रूपमा मात्र लिन सकिन्छ, तर अकाट्य प्रमाण मान्न नसकिने।

(श्री ५ को सरकार वि. श्याम माझी, ने.का.प. २०६१, अंक ७, नि.नं. ७४११. पृ.८९३)

जबरजस्ती करणीको वारदात कायम हुनको लागि योनीभित्र लिङ्ग प्रवेश गरेको हुनुपर्ने वा योनीभित्र वीर्य स्खलन भएको हुनपर्ने वा पिडितको योनीको कन्याजाली च्यातिएको हुनुपर्ने भन्ने कुरा उल्लेख नभएको अवस्थामा लिङ्ग र योनी बिच सामान्य घर्षण पर्याप्त देखिने।

(भीमबहादुर पोखरेल वि. श्री ५ को सरकार, ने.का.प. २०६३, अंक ४ नि.नं.७६८२ पृ.४६२)

जबरजस्ती करणीको अपराधमा पीडित स्वास्नी मानिसको योनीको डाक्टरी जाँच गरिँदा पुरुष वीर्य फेला पर्नु नपर्नुबाट जबरजस्ती करणीको अपराध नभएको भन्ने प्रमाणित हुने अवस्था देखिन आउँदैन। पुरुष वीर्य फेला पर्नुबाट जबरजस्ती करणीको साथै पुरुष वीर्य स्खलन भएको तथ्यसमेत प्रमाणित हुने कुरा हुन्छ। तर त्यहाँ पुरुष वीर्य स्खलन नभएकोमा फेला पर्ने अवस्था रहँदैन। त्यस्तोमा जबरजस्ती करणी नै नभएको भनी अरू प्रमाणको उपेक्षा गर्न मिल्दैन। त्यसमा पनि पुरुष वीर्य फेला पर्नु वा नपर्नुमा वारदातको कति समयपछि परीक्षण भएको हो भन्ने कुरा महत्त्वपूर्ण हुने।

(मधुकर राजभण्डारी वि. श्री ५ को सरकार, ने.का.प. २०५७, अंक १० र ११ नि.नं. ६९४९, पृ. ७५०)

जबरजस्ती करणीको महलको ४ नं. *मा जबरजस्ती करणी गर्ने भएको कुरा जानी, थाहा पाई, छल गरी सँग लागी जाने, समाउने र सो काममा मद्दत दिनेलाई तीन वर्षसम्म कैद गर्नुपर्छ भन्ने उल्लेख भएबाट सो नं.को प्रयोजनका लागि जबरजस्ती करणी गर्नु नपर्ने र वारदातस्थलमा गई मुख्य अभियुक्तलाई मद्दत गर्नु नै पर्याप्त हुने।*

(राजु वस्नेत वि. नेपाल सरकार, ने.का.प. २०६३, अंक ३ नि.नं. ७६६६, पृ. ३४३)

मेडिकल जाँच गर्दासमेत जबरजस्ती करणी भएको हो, होइन यकिन हुन नसकेकोमा घटनास्थल प्रकृति मुचुल्का र सनाखत कागज मात्रैको आधारमा यी प्रतिवादीसमेत भई जबरजस्ती करणी भए गरेको रहेछ भन्न नमिल्ने।

(हिरालाल चौधरी वि. नेपाल सरकार, ने.का.प. २०६१, अंक ७ नि.नं. ७४१४ पृ.९१९)

पीडितलाई जबरजस्ती करणी गर्न लिङ्ग पसाउने बित्तिकै पीडितले हो हल्ला गरेको कारणबाट प्रतिवादीले लगातार करणी गर्न नसकेको अवस्थामा तत्काल वीर्य स्खलन नभएको पनि हुनसक्ने स्थिति देखिएकोले योनीमा विर्य नदेखिएको र Hymen नच्यातिएको हुन सक्ने अवस्था पनि स्वाभाविक हुँदा सोबमोजिम चिकित्सकको प्रतिवेदनकै आधारमा प्रतिवादी बेकसुरदार हुन् भनी मान्न नमिल्ने। पीडितलाई करणी गर्नका लागि सम्पूर्ण परिस्थितिहरू पार गरिसकेको, तर जबरजस्ती करणीको कार्य सम्पन्न भईसकेको नदेखिएको अवस्थामा प्रतिवादीलाई सफाई दिने गरी भएको पुनरावेदन अदालतको फैसला उल्टी हुने।

(श्री ५ को सरकार वि. कमलकुमार ओली, ने.का.प. २०६२, अंक ७ नि.नं. ७५७० पृ. ८६९)

जबरजस्ती करणीको महलको ७ नं. *मा बेश्या स्वास्नी मानिसलाई उसको राजिखुशीविना बेमन्जुरीले जुनकसुकै तरहसँग भएपनि जोरजुलुम गरी करणी गरेमा पाँच सय रुपैयाँ सम्म जरिवाना वा एक वर्षसम्म कैद हुनेछ भन्ने उल्लेख भएकोबाट प्रतिवादीहरूले जबरजस्ती करणीको कसुर गरेको ठहर भईसकेपछि उक्त कानूनी ब्यवस्थाबमोजिम सजाय गर्दा पीडित महिला बेश्या हुन् भन्ने प्रमाणित हुनु अनिवार्य हुने। पीडित महिलाको Hymen मा पहिला नै प्वाल परेको मात्र कुरालाई आधार मानी निजले पहिला पनि यौन सम्पर्क राखेको भन्ने निर्णयमा पुगी त्यसै कुराको आधारमा तथ्यगत आधारविना* ***जबरजस्ती करणीको ७ नं.*** *को ब्यवस्था आकर्षित हुने गरी भएको पुनरावेदन अदालतको फैसला तथ्य र कानूनमा आधारित भएको नदेखिने। अदालत स्वयंमले मनोगतरूपमा पीडित जाहेरवाली बेश्या हुन् भन्ने निष्कर्षमा पुगी प्रतिवादीहरूलाई* ***जबरजस्ती करणीको ७ नं.*** *बमोजिम सजाय हुने ठहर गरेको फैसला कानूनी ब्यवस्थाअनुकूल नभई त्रुटिपूर्ण देखिने।*

(श्री ५ को सरकार वि. आकाश भन्ने रामबहादुर अधिकारीसमेत, ने.का.प.२०६२ अंक ९ नि.नं. ७५९८ पृ. ११४७)

जुन बखत योनी परीक्षण गरिएको हो, त्यसबेला नै पीडितको योनीमा दाद, चिलाउने, कन्याउने इत्यादि रहे भएको भन्ने उल्लेख नगरी बकपत्रमा आएर उक्त कुरा उल्लेख गेको देखिएबाट योनी परीक्षण प्रतिवेदन पेस गर्ने हेल्थ असिस्टेण्टको भनाईलाई ***प्रमाण ऐन, २०३१*** *को दफा १८ बमोजिम प्रमाणयोग्य मान्न नमिल्ने।*

(श्री ५ को सरकार वि. स्वस्ती बराल, ने.का.प. २०६२, अंक ११ नि.नं. ७६२६ पृ.१४२५)

अनुसन्धान अधिकारीबाट हुने कानूनअनुरुपको अनुसन्धानबाट संकलित यथार्थपरक र वस्तुनिष्ठ प्रमाणहरू नै कसुर ठहर गर्न मद्दत पुग्ने पहिलो खुट्किलो हो। त्यो खुट्किलो नै कमजोर, आधारविहिन र कानूनअनुरुप भएको छैन र जाहेरवाला र स्वयम् पीडित पनि अनुसन्धानको क्रममा प्रहरीमा बयान गर्दा एकै बेहोरा उल्लेख नगरी अदालतमा बकपत्र गर्दा फरक फरक बयान गरी आफूउपर अपराध नै नभएको भन्ने बकपत्र गर्दछन् भने अन्य प्रमाणको अभावमा शंकाको भरमा कसुर कायम गरी पीडित ब्यक्तिलाईसमेत न्याय प्रदान गर्न सरल र सुगम हुन नसक्ने। निश्चय पनि कुनै आमाले आफ्नु छोरीको अस्मिता र भविष्यमाथि प्रश्न चिह्न लाग्ने गरी उजुर गर्ने अवस्था आउदैन। तर यसको अर्थ पीडितको आचरण र व्यवहार तथा अनुसन्धान अधिकारीबाट कानूनअनुरुपको अनुसन्धान भएको छैन भने अनुमानका भरमा कसुरदार कायम गर्न नमिल्ने।

घटनाको विश्वसनियता पुष्टि हुने आधार र पीडितले आफूले बच्न गरेको प्रयास देखिने वस्तुनिष्ठ आधारमा कसुर प्रमाणित हुने हुन्छ। यी सबै कुराको अभावमा जाहेरी पीडक वा निजको आमा वा नजिकको नातेदारको परेको भन्ने आधारमा मात्र कसैलाई कसुरदार प्रमाणित गर्नु न्याय र कानूनको मान्य सिद्धान्त भित्रनपर्ने।

जबरजस्ती अपराधमा मूल चश्मदिद गवाह अर्थात् प्रत्यक्ष प्रमाण साधरणतया प्राप्त हुन सक्दैन, खासगरी करणीसम्बन्धी अपराधमा करणी गरिएकी पीडित नै प्रमुख प्रमाण हो, प्रमाण ऐनले जबरजस्ती करणीबाट पीडित व्यक्तिलाई नै प्रमुख प्रमाण मानेको छ। सो ऐनको दफा १०(१)(ख) मा कुनै घटना वा अवस्थाबाट पीडित व्यक्तिले व्यक्त गरेको कुरा प्रमाणमा लिइने प्रमाण मानेको छ। तर यस मुद्दामा पीडतले प्रहरीमा बयान गर्दा आफूउपर प्रतिवादीहरूले जबरजस्ती करणी गरिएको भनीएको तर अदालतमा बयान गर्दा त्यसको ठिक विपरीत बकपत्र गरेको देखिन्छ। पीडितले अदालतसमक्ष गरेको बकपत्रलाई प्रमाणमा लिन नमिल्ने अवस्था नदेखिने।

फौजदारी अपराधमा साक्षीहरूलाई डर, धाक, धम्की दिएर वा कुनै आर्थिक प्रलोभनमा पारेर प्रतिवादी वा अभियुक्तहरूले Hostile बनाउँछन् यस्तोमा साक्षीलाई Winning away गरेको भनिन्छ। अन्य प्रमाण भएमा साक्षीलाई Winning away गर्दैमा अपराध कायम नहुने वा प्रतिवादी अभियुक्तलाई सफाई प्राप्त हुने होइन। यस्तोमा झुठा बकपत्र (Perjury) गरेमा साक्षी वा पीडित स्वयमलाई पनि सजाय हुन सक्ने।

चार वर्षको उमेर भएकी अबोध बालिका प्रतिवादीको पाशविक कार्यको शिकार भएको स्पष्ट देखिएको र जबरजस्ती करणी जस्तो पीडितको चरित्रमा भविष्यसम्म असर पर्ने संवेदनशील मुद्दामा अनुसन्धानको क्रममा तथा अदालती कारवाहीको क्रममा भएको साना तिना त्रुटिहरूलाई केलाई अभियोजन पक्षद्धारा संकलित प्रमाणमा शंका देखाई कसुर स्थापित नै नभएको भनी प्रमाणित गर्न खोज्नु मनासिब नहुने।

(श्री ५ को सरकार वि. वासुदेव पौडेल, ने.का.प. २०६० अंक ९ र १० नि.नं. ७२६६ पृ. ७०८)

दश वर्ष नपुगेको बालिकाले कसैप्रति रिसइवी लिने वा कसैलाई फसाउने भावनाले गलत र झुठा कुराको पोल गर्ने भन्ने कुरा ६ वर्षको नाबालिकामा विचार गर्नेसम्मको शक्ति पनि विकास भइनसकेको हुनाले सम्भव हुँदैन। तसर्थ पीडित बालिकाको बकपत्र **प्रमाण ऐन, २०३१** *को दफा ३८ भित्रको भई दफा १०(१)(ख) बमोजिमको स्वीकारयोग्य प्रमाण (Admissible Evidence) मानिने। प्रचलित कानूनले बाहेक गरेको अवस्थामा बाहेक पीडित अदालतसमक्ष उपस्थित भई बकपत्र गरेपछि त्यस्तो प्रमाणलाई अदालतले प्रमाणमा लिनुपर्ने। पीडित ६ वर्षको नाबालिका जसलाई करणी भन्ने कुरा र पुनरावेदकले आफूलाई के गर्न लागेको भन्ने कुरा नै थाहा हुन सक्ने अवस्था हुँदैन, त्यस्तो नावालिकले सोह्र वर्ष नाघेको बालिगले जस्तो आफ्नो इच्छाविपरीत हुने करणीमा आफ्नो सतीत्व (Chastity) नष्ट गर्न लाग्यो भनी बचाउको लागि हरसम्भव प्रयत्न गर्ने र विरोध गर्ने जस्तो आत्मरक्षाको प्रयत्न गर्ने प्रश्न नै नआउने।*

(रणबहादुर कुमाल वि. नेपाल सरकार, ने.का.प. २०६४ अंक ११ नि.नं. ७९०० पृ.१४६२)

प्रतिवादीको लिङ्कको पूर्ण प्रवेश (Complete Penetration) र योनीमा वीर्य स्खलन (Emission of Semen) नभएको अवस्थामा यसैलाई आधार बनाएर यसैको अभावमा प्रतिवादीले पीडितउपर करणी नगरेको र करणीको उद्योग मात्र गरेको भनी ठहर गर्नु न्यायसंगत नदेखिने। जबरजस्ती करणी हुनको निम्ति स्त्रीको योनीभित्र पुरुष जनेन्द्रीय पूर्णरूपमा प्रवेश भएकै हुनुपर्ने, स्त्रीको कन्याजाली च्यातिएको वा फाटेकै हुनुपर्ने वा पुरुष वीर्य योनीमा स्खलन भई योनीको वरीपरी वीर्य वा सोको दाग लागेकै हुनुपर्ने अनिवार्यतासमेत नरहेको अवस्थामा वीर्य स्खलनसहित वा रहित योनीको बाह्य भागभित्र आंशिक लिङ्ग प्रवेश गराउनु मात्र पनि कानूनी प्रयोजनको निम्ति जबरजस्ती करणीको कसुर हुन पर्याप्त हुने।

(नेपाल सरकार वि. अर्जुनबहादुर पाण्डे, ने.का.प. २०६५ अंक १ नि.नं. ७९२३ पृ.११०)

बालिकाको मुख, टाउकोलगायत शरीरका विभिन्न भागमा लिङ्गको घर्षण गराई पिसाबसमेत फेरिदिएको भन्ने आधारमा मात्र पीडित बालिकालाई जबरजस्ती करणी गरेको भन्ने स्थापित नहुने। पीडित बालिकाउपर उल्लिखित यौन दुर्व्यवहार गर्दा बालिका रुँदै चिच्याउँदै कोठा बाहिर निस्की आमा भएतर्फ गएकीले प्रतिवादीले जबरजस्ती करणी गर्न नपाएको र जबरजस्ती करणीको अपराधको उद्योगसम्म गरेको देखिने। मुद्दाको अनुसन्धान तहकिकातको कारवाही जबरजस्ती करणीको उद्योगतर्फ केन्द्रित भई अप्राकृतिक मैथुनतर्फ अनुसन्धान तहकिकातको कारवाही भएको देखिएन। तसर्थ अप्राकृतिक मैथुनको वारदात स्थापित हुने कुनै सबुद प्रमाण संकलन भएको देखिन नआउँदा अप्राकृतिक मैथुनतर्फको कसुर स्थापित हने अनुसन्धान तहकिकातको अभावमा सो कसुर कायम गरी प्रतिवादीलाई सजाय गर्न नमिल्ने।

(नेपाल सरकार वि. राजेश क्षेत्री, ने.का.प. २०६५ अंक ६ नि.नं. ७९८३ पृ. ७८५)

प्रतिवादीको लिङ्गमा घाउ चोट नभएको कुरालाई प्रतिवादीको निर्दोषिताको प्रमाण मान्न नसकिने। योनीमा औंला घुसाएको भनेपनि औंला घुसाएको भनेकै आधारमा जबरजस्ती करणीको आरोपबाट प्रतिवादीलाई कम सजाय हने अवस्था नदेखिने।

(नेपाल सरकार वि. बाबु पौडेल क्षेत्री, ने.का.प. २०६६ अंक ३ नि.नं. ८०९९ पृ.४२९)

करणी गरेको तथ्य शंकारहित तवरबाट पुष्टि नभएको भनी फौजदारी न्यायको शंकाको सुविधा प्रतिवादीले पाउँछ भन्ने सिद्धान्तको गलत व्याख्या एवम् प्रयोग गरी आरोपित कसुरबाट सफाइ दिन नमिल्ने।

(नेपाल सरकार वि. वीरबहादुर टमाटा, ने.का.प. २०६६ अंक ४ नि.नं. ८१२७ पृ.६३२)

पहिला अनुसन्धान अधिकारीसमक्ष जबरजस्ती करणी भएको हो भनी कागज गरिदिएको र सो कुरा प्रतिवादीको बयानलगायतका अन्य प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा पछि अदालतमा आएर जबरजस्ती करणी भएको होइन भनी पीडित तथा अन्य व्यक्तिले बकपत्र गरेको आधारमा मात्र प्रतिवादीको स्वीकारोक्ति तथा चिकित्सकीय प्रतिवेदन (Medical Report) को प्रतिकूल हुनेगरी जबरजस्ती करणी भएको होइन भन्ने निष्कर्षमा पुग्न नसकिने। अन्य प्रमाणबाट कसुर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको बकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिंदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र) अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहिनताको स्थिति सिर्जना भई अन्तत समाज नै अराजकतातर्फ जाने। जबरजस्ती करणीको अपराध सामान्य प्रकृतिको अन्य अपराध जस्तो होइन। सामान्यतया अन्य अपराधमा पीडकले गर्ने आपराधिक कार्य (Criminal Act) बाट एक वा अर्को प्रकार र परिमाणको प्रतिफल प्राप्त हुन्छ। त्यो प्रतिफल आर्थिक लाभ होस, ईबी साधन होस् अथवा मनोवैज्ञानिक सन्तुष्टि (Psychological Satisftaction) नै किन नहोस् , एक वा अर्को प्रकारका प्रतिफलका लागि मानिसले अपराध गर्दछ। त्यसैले अपराधबाट हुने लाभ वा प्रतिफलको आधारमा अन्य अपराधहरूको स्वरुप र गम्भीरता निर्धारण हुन्छ। जबरजस्ती करणीको अपराध भिन्न प्रकृतिको विशेष र गम्भीर अपराध हो। यसको स्वरुप र गम्भीरताको मापन दुई प्रकारले हुन्छ, पहिलो मापदण्ड हो पीडितलाई हुने क्षति र दोस्रो हो पीडकलाई प्राप्त हुने प्रतिफल। एउटी सात वर्षिया नाबालिकासँगको घृणित आपराधिक कार्यको सन्दर्भमा अरू कार्यहरू गरिसकेको अवस्थामा पीडितका योनीमा पीडकको लिङ्ग प्रवेश आंशिक वा पूर्ण जे जस्तो अवस्थाको भएपनि जबरजस्ती करणीको कसुर प्रमाणित हुन त्यति नै पर्याप्त हुन्छ। उद्योग भनेको जबरजस्ती करणीको प्रयास गर्नुसम्म हो। जबरजस्ती करणी गर्ने कामको प्रारम्भ गरिसकेपछि उद्योगको अवस्था रहंदैन। त्यो काम जुन चरणसम्म गरेको भएपनि कामको उद्योग नभई कामै गरेको ठहरिने।

(नेपाल सरकार वि. मोईला भन्ने मुवारक मिर मुसलमान, ने.का.प. २०६७ अंक ९ नि.नं. ८४६६ पृ. १५८८

प्रतिवादीको उमेरसम्बन्धी विवाद देखिएको एउटा मुद्दामा सर्वोच्च अदालतले विद्यालयबाट प्राप्त चारित्रिक प्रमाणपत्रमा खुलेको जन्म मितिलाई मान्यता दिई निर्णय गरेको पाईन्छ।

(नेपाल सकार वि. जीवन रिजाल, ने.का.प. २०६८ अंक ९ नि.नं. ८६९१ पृ. १६०६)

मुद्दा चलिसकेपछि खडा गर्न सकिने अप्रमाणित र परीक्षण गर्नसमेत सम्भव नरहेको लिखतलाई प्रमाणमा लिन नमिल्नाले चिनालाई उमेरसम्बन्धी प्रश्नमा निर्णायक मान्न नसकिँदा त्यसलाई प्रमाणका रूपमा ग्रहण गर्न नसकिने।

चिकित्सकले लेखिदिने उमेरसम्बन्धी प्रतिवेदनलाई विशेषज्ञको रायको रूपमा प्रमाणको वर्गमा राखिन्छ। अनुमानका आधारमा निकालिने निष्कर्षको वैज्ञानिक परीक्षणबाट पुष्टि हुन आवश्यक छ। प्रस्तुत परीक्षण गर्ने चिकित्सकको बकपत्रबाट निजको निश्कर्षमा वैज्ञानिक परीक्षणका आधार देखिदैनन्। अन्य प्रमाणले देखाइरहेको वस्तुस्थितिप्रतिकूल राय निश्चयात्मक प्रमाण हुन नसक्ने।

बिद्यालयमा भर्ना हुँदाका बखत बाबु, आमा वा अभिभावकले उल्लेख गरी दिएको विवरणअनुरुप राखिएको अभिलेखअनुसार नै विद्यालयले खुलाई पठाएको जन्ममितिलाई नै आधार लिनुपर्ने।

भविष्यमा यसो पर्ला भनी कल्पना गर्न नसकिने अवस्थामा लेखाइएको जन्ममिति प्रमाणहरूको वर्गमा कसैको उमेर निर्धारण गर्ने सर्वोत्तम प्रमाण हो। कानूनले नै अन्यथा ब्यवस्था गरेकोमा बाहेक विद्यालय भर्ना हुने क्रममा लेखाई दिएको जन्ममितिमा अविश्वास गर्न नसकिने।

जाहेरी दरखास्त घटनाको सम्बन्धमा उजुरी वा प्रथम सूचना भएकोले यदि जाहेरी नै नपरे पनि घटनाको बारेमा जानकारी हुन आएमा प्रचलित कानूनी ब्यवस्थाबमोजिम प्रहरीले आफै पनि अनुसन्धान गर्नसक्ने अवस्था रहेकोले केवल जाहेरी तुरुन्त नदिएको भन्ने मात्र आधारमा अपराधको गाम्भीर्यताको न्यून मूल्याकंन गर्न नमिल्ने। ढिलो जाहेरी परेको भन्दैमा जबरजस्ती करणीको वारदात स्थापित नहुने भनी भन्न नमिल्ने।

(नेपाल सरकार वि. रामहरि लामिछाने, ने.का.प. २०६८ अंक १० नि.नं. ८६९५ पृ. १६५७)

पहिले घटेको वारदातको सम्बन्धमा अनुसन्धान तहकिकात भई अदालतमा मुद्दा दर्ता भएपश्चातको मिति राखी विवाह दर्ता प्रमाणपत्र बनाई पेस गरेको कार्यलाई प्रमाणमा ग्रहण गरी कसुरबाट उन्मुक्ति दिन नसकिने। बलात्कारपछि भएको विवाहका आधारमा अपराधीलाई उन्मुक्ति दिने हो भने निश्चित् रूपमा दण्डहीनताले प्रधानता पाई समाजमा राज्यप्रति नकारात्मक प्रभाव पर्ने। लोग्ने स्वास्नीबीच पनि जबरजस्ती करणी भएमा अपराध हुने ब्यवस्थालाई स्वीकार गरिसकेको अवस्थामा जबरजस्ती

करणी भएपश्चात् विवाह गरी प्रतिवादी र जाहेरवालीबीच लोग्ने स्वास्नीको सम्बन्ध स्थापित हुँदैमा जबरजस्ती करणीको अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउने भनी निष्कर्षमा पुग्नु कानूनसंगत नहुने।

(नेपाल सरकार वि. रवीन भन्ने नारायण पौडेल खत्री समेत, ने.का.प. २०६८ अंक २ नि.नं. ८५६४ पृ.३१६)

नाबालिका १६ वर्ष भन्दामुनिको स्वास्नीमानिसलाई सहमतिले नै करणी गरे पनि मुलुकी ऐन, ***जबरजस्ती करणीको महलको १ नं.****को कसुर भित्रपर्ने हुँदा सहमतिमा करणी भएको जबरजस्ती करणी हुँदैन भन्ने इन्कारी जिकिर स्वीकार्य नदेखिने।*

(नेपाल सरकार वि. शंकर विश्वकर्मा, ने.का.प. २०६९, असोज, नि.नं.८८४४, पृ.९४०)

कानूनले नै असक्षम भनी घोषणा गरेको व्यक्तिलाई घरमा परिवारका कोही मानिस नभएको मौका पारी गरिएको सहमतिपूर्वकको करणी पनि जबरजस्ती करणीकै परिभाषाभित्र पर्ने हुँदा प्रत्यर्थी प्रतिवादीले अभियोग माग दाबीबमोजिमको कसुर गरेको स्थापित हुने।

(नेपाल सरकार वि. सुदामा श्रेष्ठ, सअ बुलेटिन २०६७ अंक ५ पूर्णांक ४३५, पृ.१४)

मुलुकी ऐन, ***जबरजस्ती करणीको महलको ९क नं.****मा उल्लिखित अप्राकृतिक मैथुनको कसुरमा* ***पशु करणीको महलको ४ नं.*** *अकर्षित हने भन्न नमिल्ने। विधायिकाले नै नाबालकउपरको अप्राकृतिक मैथुनलाई जबरजस्ती करणीको परिभाषाभित्र पारेको देखिएको अवस्थामा त्यस्तो क्रियालाई व्याख्याको माध्यमबाट बाल दुराचार (Child abuse) मान्न नसकिने।*

(मोल्हुसेन हेन्ड्रिक ओटो वि. नेपाल सरकार, ने.का.प. २०६९ अंक ७ नि.नं. ८८६० पृ.१०९६)

महिला र पुरुष दुवैको उमेर पुगेको छ र जबरजस्ती करणीको १ नं. विपरीतको कार्य नगरी दुवैको मन्जुरीबाट कुनै महिला र पुरुषबीच आपसी सहमतिमा करणी लिनुदिनु गरेको कार्यलाई Unlawful Act मानेको छैन। यसरी कानूनले नै Unlawful Act भनी परिभाषित नगरेको अवस्थामा उमेर पुगेका महिला र पुरुषबीच आपसी सहमतिमा स्थापित गरिएको सम्बन्धलाई कानूनविपरीतको कार्य मानी सजाय गर्न कानूनले नै बन्देज लगाउने।

(नेपाल सरकार वि. विकास भन्ने लोकबहादुर विश्वा, ने.का.प. २०७० अंक ११ नि.नं. ९०७५ पृ.१३४५)

ख. थप सजाय हुने अवस्था

हाडनाताकी स्वास्नीमानिसको जबरजस्ती करणी गरेमा यस महलबमोजिमको सजायमा हाडनातामा करणी गर्नेको महलमा लेखिएको सजाय समेतथपी सजाय हुने **(२ नं.)**

गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिकरूपमा जबरजस्ती करणी गरेमा थप पाँच वर्ष कैदको सजाय हुने **(३क नं.)**

यो ब्यवस्था लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा संशोधन गरिएको हो। साविकमा यो ब्यवस्थाको सट्टामा देहायबमोजिमको ब्यवस्था रहेको थियो।

महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गरेमा थप पाँच वर्ष कैदको सजाय गर्नु पर्दछ।

- आफूलाई मानव रोगप्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) को रोग भएको थाहा पाउँदा पाउँदै जबरजस्ती करणी गरेमा थप एक वर्ष कैदको सजाय हुने (३ख नं.)
- कुनै नाबालकसँग कुनै किसिमको बाल यौन दुराचार (पेडो फाएल) गरे गराएमा जबरजस्ती करणी गरेको मानी थप एक वर्षसम्म कैद सजाय हुने **(९क नं.)**

ग. जबरजस्ती करणीको उद्योग गर्नेलाई आधा सजाय हुने

जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ। **(५ नं.)**

जबरजस्ती करणी उद्योग मुद्दामा प्रतिवादीले आशय करणीको जिकिर लिन सक्ने सम्भावना रहन्छ। कतिपय मुद्दामा उद्योग र आशयबीचमा भिन्नता छुट्याउन कठिन पनि हुन्छ। त्यसैले अभियोग दाबीमा उल्लेख गरिएको बेहोरा, मुद्दामा अन्तरनिहीतसमग्र तथ्य र सम्बद्ध कानूनी ब्यवस्थालाई मिहिन रूपमा केलाएर निष्कर्षमा पुग्नु पर्दछ।

प्रतिपादित सिद्धान्त

जबरजस्ती करणीको अपराध र यसको उद्योगका बीचमा मनसाय र कार्यका दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता रहेको हुँदैन। केवल अपराधले पूर्णता पाउन मात्र बाँकी रहेको स्थितिलाई उद्योगको रूपमा चित्रित गरिएको छ। मनसायपूर्वक गरिएको अपराधमा मनसाय, तयारी, उद्योग र पूर्ण अपराधका चार चरणहरूमध्ये मनसाय र तयारीसम्मको चरणमा त्यस्तो अपराध गर्न चाहने व्यक्तिले आपराधिक कार्य घटाउनको लागि कुनै कार्य गरेको हुँदैन। तसर्थ, यो चरणसम्म अपराधको उद्योगको प्रश्न) उठ्दैन।

तर त्यस्तो अपराध गर्न चाहने व्यक्तिले तयारीको चरणलाई पार गरी आपराधिक कार्य गरेको देखिएमा त्यो कार्य उद्योगसम्म मात्र सीमित रहेको मान्न नमिल्ने। केवल पूर्ण अपराधको लागि परिभाषित आपराधिक कार्य स्थापित हुन नसकेमा त्यस्तो कार्यलाई मात्र सो अपराधको उद्योगकोरूपमा ग्रहण गर्नुपर्ने। आपराधिक कार्य भईसकेको तर पूर्णता नपाएको अवस्था भएमा मात्र त्यो उद्योग हुने हो। यदि त्यस्तो कार्यले पूर्णता पाएको अवस्था भएमा सो कार्यले पूर्ण अपराध नै स्थापित हुन जाने हुन्छ, यस्तो अवस्थालाई उद्योगसम्म मात्र मान्न नमिल्ने।

(नेपाल सरकार वि राजेन्द्र सिंह सिख, ने.का.प. २०६८ अंक ४ नि.नं. ८५९९ पृ. ६५८

वारदात निर्विवादरूपमा पुष्टि भएको तथा पीडितको Labia majora/Labia minora मा निल डाम रहेको भन्ने अस्पतालको प्रतिवेदनबाट देखिँदा प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिमको जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिने।

(नेपाल सरकार वि. डिल्लीराम भन्ने डिल्लीप्रसाद भण्डारी, ने.का.प. २०६१ अंक ८ नि.नं. ७४२५ पृ.१०२५)

पीडितले बकपत्र गर्दा लिङ्ग पसाएको भनी बकपत्र गरेपनि Laboratory Examination मा Sparmatazoa नदेखिएको, करणी भएको एकिन हुने अन्य ठोस सबुत रहेको नदेखिएको, Labia Majora मा घर्षणसम्म भएको तथा विशेषज्ञको परीक्षण प्रतिवेदनको निष्कर्षमा जबरजस्ती करणी गर्न खोजिएको भन्ने उल्लेख भएको अवस्थाबाट पीडितउपर जबरजस्ती करणीको वारदात भएको नदेखिई सको उद्योग सम्म भएको देखिन आउने।

(नेपाल सरकार वि. तपसी कुर्मी, ने.का.प. २०६३, अंक ९ नि.नं. ७७६२ पृ.११८४)

नाबालिका बच्चीको योनीमा आफ्नो लिङ्ग रगडेर योनीमै वीर्य स्खलन गरी यौन आनन्द लिएको अवस्थामा सानो बच्चाको अविकसित योनीमा वयस्क मानिसको उत्तेजित लिङ्ग पुरा प्रवेश नगरेको कारणले मात्रै उद्योग ठहर्‍याउनेतर्फ नतिजामा पुग्दा विधायिकाले जबरजस्ती करणीको महलले पीडकलाई जुन सजायको ब्यवस्था गरेको हो त्यसको औचित्य समाप्त हुन जाने। नाबालक र कम उमेरका बालिकाउपर हुने सबै करणीका वारदातमा उद्योग ठहर्‍याउनु पर्छ भन्ने कानूनले ब्यवस्था गरेको मान्न नमिल्ने। लिङ्ग नपसेकै कारणले मात्र सबै मुद्दामा उद्योगसम्म मात्रको कसुर ठहर्‍याउँदा विधायिकाले परिकल्पना गरेको ऐनको उद्देश्य र मक्सद मर्न जाने।

(बद्री खत्री वि. नेपाल सरकार, ने.का.प. २०७१ अंक ६ नि.नं. ९१८६ पृ. ८७९)

चिकित्सकको प्रतिवेदनमा May be attempted Penetration भन्ने राय उल्लेख भएको देखिएकोले जबरजस्ती करणीको उद्योगको कसुर कायम हुने।

(नेपाल सरकार वि. शिवबहादुर बानिया, स.अ. बुलेटिन वर्ष ११ अंक २२ पृ.११)

घ. जबरजस्ती करणी गर्न अह्राउनेलाई आधा सजाय हुने

अह्राई जबरजस्ती करणी गर्न लगाएको भए सो अह्राउनेलाई करणी भईसकेकोमा करणी गर्नेलाई हुने सजायको र करणी हुन नपाएको उद्योगसम्म गरेको भए उद्योग गर्नेलाई हुने सजायको आधा सजाय गर्नुपर्छ। (६ नं.)

ङ. सतित्व रक्षाको लागि प्रतिवाद गर्दा पीडक मरेमा सजाय नहुने

कसैले आफूलाई जबरजस्ती करणी गर्ने मनसाय लिई बन्धक गरी वा हातपात, छेकथुन, बाँध छाँद आक्रमण इत्यादि जोर जुलुम गर्न लागेकोमा कुनै महिलाले त्यस्तो जुल्मीको पञ्जाबाट उम्की भागी आफूलाई करणी गर्नबाट रोक्न नसक्ने विश्वास भएमा वा विश्वास गर्नुपर्ने मनासिब कारण भएमा र तत्काल कसैको संरक्षण वा मद्दत उपलब्ध हुने वा हुन सक्ने अवस्था नभएमा र त्यस्तो जुल्मीलाई आफ्ना अक्कल बर्कतले सक्नेसम्मका उपाय तत्काल केही नगरे आफूमाथि करणी हुनेसम्मको ठूलो डर, त्रास परी करणी लिन नपाउँदै वा उसै बखत, आफ्नो जोडबल पुग्न नसक्नेमा करणी लिईसकेपछि पनि सोही कुराको रिस थाम्न नसकी उसै बखत करणी लिएकै थलामा वा लपेट्दै गई हतियार लाठो, ढुङ्गा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन। (८ नं.)

यसअघि ८ नं. मा देहायबमोजिमको ब्यवस्था रहेको थियो :

आफूलाई जबरजस्ती करणी गर्ने मनसाय लिई उद्योग गरी हातपात, छेकथुन, बाँध छाँद इत्यादि जोरजुलुम गर्न लाग्यो र त्यस बखत कराई गुहार मागी वा अरू केही उद्योग गरी त्यस्तो जुल्मीको पन्जाबाट उम्की भागी आफ्नो धर्म बचाउन नसक्ने अवस्था परी त्यस्ता जुल्मीलाई आफ्ना अक्कल वर्कतले सक्नेसम्मका कुरा केही नगरे आफ्नो धर्म नष्ट हुनेसम्मको ठूलो डर त्रास परी करणी लिन नपाउँदै वा उसै बखत आफ्नो जोडबल पुग्न नसक्नेमा करणी लिइसकेपछि पनि सोही कुराको रिस थाम्न नसकी उसै बखत करणी लिएकै थलामा वा त्यहीदेखि लखेट्दै गई एक घण्टाभित्र हतियार, लाठो, ढुङ्गा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन। एक घण्टा उप्रान्त मारेमा पाँचहजार रुपैयाँसम्म जरिवाना वा दश वर्षसम्म कैद हुन्छ।

प्रतिपादित सिद्धान्त

जबरजस्ती करणी गरेको रिस थाम्न नसकी पछिल्लो करणी लिएको एक घण्टाभित्रै करणी लिएको थलोमै खुकुरीले काटी मारेकोमा यो नं. आकर्षित हुने।

(श्री ५ को सरकार वि. धनमाया, ने.का.प. २०३१ पृ. १२३)

आफ्नी स्वास्नीमाथि जबरजस्ती करणी गर्न खोजी परास्त भएको अवस्थामा श्रीमतीकै गुहारबाट लोग्ने कोठामा पुग्दा निज मृतकलाई भेटी तत्काल उठेको रिसको आवेगमा चक्कुले हानेको र निजको मृत्यु भएकोमा सतित्व बचाउन कराउने स्वास्नीमानिसलाई जबरजस्ती करणीको ८ नं. बमोजिमको सुविधा प्राप्त भई कुनै सजाय नभई निजको लोग्नेलाई ***ज्यान सम्बन्धीको १७(३) नं.*** *बमोजिम सजाय भएको।*

(श्री ५ को सरकार वि. हनिफसमेत, ने.का.प. २०४४ पृ.१२३५)

करणी हुन नपाउँदै छुट्याई उठाइदिएको र करणी गर्न लाग्दा छुट्याइदिएपछि उम्कन सक्ने अवस्था छँदाछँदै ज्यान मारेकोमा सतित्व रक्षाको सुविधा प्राप्त नभई ज्यान सम्बन्धीको १३(१) को कसुर कायम गरी ***अ.वं. १८८ नं.****बमोजिम ५ वर्ष कैद गरिएको।*

(श्री ५ को सरकार वि. बाल मञ्जरी समेत, ने.का.प. २०४० पृ.२७९

निष्क्रियता (Passive Observation) लाई आपराधिक सहयोगको संज्ञा दिन नमिल्ने

घटनास्थलमा मौजुद रही जाहेरवालीलाई प्र. कुमारबहादुरले जबरजस्ती करणी गर्दाको अवस्थामा बचाउनको लागि केही नगरी चुप लागी हेरी रहेको कार्यले प्र. कुमार बहादुरलाई मद्दत गरेको भनी ***जबरजस्ती करणीको*** *४ नं. बमोजिमको सजायको माग दाबी लिएको देखिए तापनि निज गोविन्द थापाले प्र. कुमारबहादुरलाई सक्रियतापूर्वक सहयोग पुर्‍याएको देखिदैन। घटनास्थलमा चुप लागी हेरिरहेको अवस्थामा अपराधिक कार्यमा सहयोग पुर्‍याएको संज्ञा दिन मिल्दैन र यस्तो कार्य जबरजस्ती करणीको ४ नं. को परिधिभित्र पर्दैन।*

(श्री ५ को सरकार वि. कुमारबहादुर अधिकारीसमेत, ने.का.प. २०५६ अंक २ नि.नं. ६६७६ पृ.१५२)

च. क्षतिपूर्ति भराउनु पर्ने

- कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराए बमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनु पर्नेछ। त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भीर्यता, कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडा समेतविचार गरी निर्धारण गर्नुपर्नेछ। **(१० नं.)**
- नाबालकसँग बाल यौन दुराचार (पेडोफायल) गरे गराएमा जबरजस्ती करणी भएको मानी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी मनासिब माफीकको क्षतिपूर्ति भराईदिनु पर्नेछ। **(९क नं.)**

छ. गुद्‌द्वार मैथुन अप्राकृतिक मैथुन मानिने

- **जबरजस्ती करणीको ९ नं.**ले नाबालकसँग गरेको कुनै किसिमको अप्राकृतिक करणीलाई अपराधजन्य भनेर परिभाषित गरिरहेको देखिँदा गुद्‌द्वार मैथुन गरेको कार्य अप्राकृतिक करणीको परिभाषा नभएकोले अपराध होइन भनेर दण्डित नहुने भन्न नमिल्ने।
- विधायिकाले **जबरजस्ती करणीको महलमा ९क** थप गरेर नाबालकमाथि गरिने अप्राकृतिक करणीलाई जबरजस्ती करणीको समकक्ष मात्र नभएर त्योभन्दा अझ कडा अपराधको श्रेणीमा राखी त्यस्तो अपराधका लागि उक्त महलको ३ नं. मा वर्णित सजायमा थप सजाय समेत निर्धारण गरेको पाइँदा ९क. नं. र ३ नं. परस्पर पुरक बन्न पुगेका देखिएका छन्। अर्थात् ३ नं., ९क नं.को पूरक अर्थात् ९क. नं. मा समावेश भएसरह हुन पुगेको छ। त्यस्तो हुँदा ९क. नं. ले नाबालकसँग गरिने अप्राकृतिक करणीलाई सजायको भागी बनाएर ३ नं. को सजायमा अरू थप सजाय गर्ने ब्यवस्था गरेको पाइने।

(फौजदारी कानूनसम्बन्धी महत्त्वपूर्ण नजिरहरू २०६३ भाग ५ पृ. ८६)

नोटः लैगिंक समानता कायम गर्ने ऐन २०७२ ले जबर्जस्ती करणी महलको दफा ९क लाई संशोधन गरेको छ। जसअनसार अप्राकृतिक मैथुन भन्ने ऐनका शब्दहरुको सट्टा बाल यौन दुराचार (पेडोफाइल) भन्ने शब्द राखिएको छ।

- मुद्दाको फैसला गर्दा जबरजस्ती करणी ठहर भएकोमा सोही फैसलामा कसुरदारबाट भराई दिनु पर्ने क्षतिपूर्ति समेत उल्लेख गरी सम्बन्धित महिलालाई भराइदिनु पर्दछ। सो प्रयोजनको लागि मुद्दा दायर भए लगत्तै अदालतले आरोपित व्यक्तिको अंश लगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्दछ। कसुरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसुरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा अदालतले सम्बन्धित महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्न सक्नेछ। त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्तिबापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ (१०ग नं.)

नोटः पीडक आर्थिकरूपमा कमजोर भएकै कारणबाट पीडितले उचित क्षतिपूर्ति पाउन नसकेको अवस्थालाई दृष्टिगत गरी छुट्टै क्षतिपूर्ति कोषको ब्यवस्था हुनु पर्ने भनी सर्वोच्च अदालतबाट आदेश जारी भएको सन्दर्भमा लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा जबरजस्ती करणीको १०ग नं. मा महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति भराइदिने ब्यवस्था थप गरिएको हो।

प्रतिपादित सिद्धान्त

बालबालिका सम्बन्धी ऐनको परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जबरजस्ती करणीको अपराधमा rapist बालकको अधिकार मात्र हेर्ने हो भने Rape पीडित बालिकाको हकको संरक्षण हुन सक्ने अवस्था देखिँदैन। वस्तुतः यस प्रकारको अपराधमा पीडितका विरूद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जबरजस्ती करणीको अपराधले समाजमा विकृति र विसंगति ल्याउन सक्ने सम्भावनालाई नकार्न सकिदैन। जबरजस्ती करणीको अपराधमा पीडक कसुरदारबाट पीडित जुनसुकै वयस्क महिलाले पाउने कानूनबमोजिमको क्षतिपूर्ति बच्चा महिला अर्थात् बालिकाले पाउँदैन भनी तर्क गरी व्याख्या गर्दै जाने हो भने समाजमा दण्डहीनतालाई प्रोत्साहन दिएको मानिन्छ। बालबालिकासम्बन्धी ऐनको ब्यवस्थाले नाबालक कसुरदारलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिब क्षतिपूर्तिको हकमा समेत छुट पाउने भनी सो कानूनी ब्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिन आउँछ। जबरजस्ती करणीको अपराधमा सजायको वर्गीकरण पीडित बालिकाको उमेरको आधारमा गरिएको र यस्तो अपराधमा संलग्न rapist बालक प्रमाणित भए ***बालबालिका सम्बन्धी ऐन, २०४८को दफा ११*** *मा आपराधिक दायित्व बेहोर्नु पर्ने कुरा उल्लेख भएको आधारमा पीडितले पाउने क्षतिपूर्तिसमेत सोही सजाय भित्र पर्ने भनी कानूनले स्पष्ट नगरेको कुरालाई स्वाभाविकरूपमा अर्थबोध नगरी बलपूर्वक व्याख्या गर्नु सान्दर्भिकसमेत हुँदैन। सजायसम्बन्धी कुरा र आर्थिक क्षतिपूर्तिको विषय भिन्नाभिन्नै प्रकृति र अवस्था हुन्। यसलाई एउटै दृष्टिकोणले हेर्न पनि मिल्दैन।*

(क कुमारको जाहेरीले नेपाल सरकार वि. पवनकुमार हरिश्चन्द्र यादवसमेत, ने.का.प. २०६७ अंक ११ नि.नं. ८४९४ पृ. १८०२ पूर्ण इजलास)

नोटः यो मुद्दामा प्रतिवादी हरिचन्द्र यादवको अंशको फाँटवारी अदालतबाटै माग गरी निजको अंश भागमा पर्ने जम्मा सम्पत्तिलाई २ भाग लगाई १ भाग पीडित ख कुमारीको नाममा नामसारीसमेत गरि दिनु भनी तपसिल खण्डमा निर्देशित समेत गरिएको छ।

जबरजस्ती करणीको १० नं. *को प्रावधान प्रतिवादीहरूले जबरजस्ती करणीको कसुर गरेपछि पीडितको हकमा स्वतः आकर्षित हुने अर्थात् सोही महलको ३ नं. सँग अभिन्नरूपले गाँसिएको ब्यवस्था हो। पीडितले अदालतमा आई प्रतिवादीहरूदाई निर्दोष भनी बकपत्र दिँदैमा ऐनको ब्यवस्था निष्क्रिय हुने गरी उक्त १० नं. आकर्षित नगर्ने निर्णय न्यायसंगत नठहर्ने।*

(श्री ५ को सरकार वि. श्याम माझी, ने.का.प. २०६१ अंक ७ नि.न. ७४११ पृ.८९३)

जबरजस्ती करणीको महलको १० नं. बमोजिमको वादी दाबीका सन्दर्भमा सुरूले प्रतिवादी नेपाली नागरिक नदेखिएको आधारमा उक्त दाबी नपुग्ने गरी फैसला गरेकोमा पुनरावेदन अदालतबाट सो हदसम्म उल्टी गरी वादी दाबी अनुसार प्रतिवादीको आधा अंश पीडितलाई भराई दिनु पर्ने ठहराएकोमा सोतर्फ प्रतिवादीले पुनरावेदनपत्रमा कुनै जिकिर पनि नलिएको र यी प्रतिवादीको नेपाल अधिराज्यभित्र रहेको चल अचल सम्पत्तिबाट भराउन मिल्ने नै हुँदा त्यसतर्फ केही विचार गर्न नपर्ने।

(नागेन्द्र साह भन्ने विन्देश्वर साह वि. श्री ५ को सरकार, ने.का.प. २०६१ अंक १ नि.नं. ७३१६, पृ. ७६)

पीडितलाई क्षतिपूर्ति भराउनेसम्बन्धी मुलुकी ऐन, जबरजस्ती करणीको १० नं.को कार्यान्वयनमा दण्ड सजायको महलको ४६ नं. को कार्यविधि अपनाउन नपर्ने।

(नेपाल सरकार वि. राकेशकुमार सिंह, ने.का.प. २०६४ अंक १ नि.नं. ७८१० पृ.८६)

ज. पीडितलाई क्षतिपूर्ति सरकारबाट उपलब्ध गराउने

जबरजस्ती करणी जस्ता महिला हिंसासम्बन्धी मुद्दाहरूमा अदालतबाट भएको फैसलाबमोजिम पीडकबाट पीडितले प्राप्त गर्ने क्षतिपूर्तिबापतको रकम पीडितले सहजै प्राप्त गर्न नसकेको परिप्रेक्ष्यमा त्यस्तो रकम राज्यले प्रतिवादीबाट असुल गर्ने गरी तत्काल नेपाल सरकारले नै उपलब्ध गराउनु पर्ने गरी एउटा मुद्दामा सर्वोच्च अदालतबाट फैसला भएको पाइन्छ।

प्रस्तुत मुद्दाकी पीडित क कुमारीले प्रतिवादीहरूबाट भराई पाउने ठहर भएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट तत्काल उपलब्ध गराई सो रकम प्रतिवादीहरूबाट सरकारी बिगोसरह असुल उपर गर्नु गराउनु एवम् अब उप्रान्त यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति रकम एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्काल उपलब्ध गराउने ब्यवस्था मिलाउन यथाशीघ्र आवश्यक र उपयुक्त पूर्वाधारको निर्माण गर्नु गराउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने।

(नेपाल सरकार वि. लक्ष्मी माया वि.क., मुद्दाः मानव बेचबिखन, बालविवाह, जबरजस्ती करणी, ०६७ -CR- १२८८, फैसला मिति २०७१।१०।१९।२)

झ. वैवाहिक बलात्कारबाट पीडित स्वास्नी मानिसका हकमा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिने

लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेको विषयमा परेको उजुरीको प्रारम्भिक छानबिनबाट स्वास्नीलाई तत्काल वा मुद्दा किनारा नहुँदासम्म संरक्षण दिन आवश्यक देखिएमा अदालतले लोग्नेका नाममा देहायबमोजिमको आदेश जारी गर्न सक्छ। **(दफा ९ख)**

- स्वास्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, स्वास्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन।
- स्वास्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन।
- दुवैलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा लोग्नेलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा स्वास्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन।
- स्वास्नीलाई कुनै प्रकारले दुख दिने वा सताउने कार्य नगर्न र स्वास्नीको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन।

यो व्यवस्था लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा थप गरिएको हो।

२. पीडित महिलाको बयान गराउने प्रक्रिया

जबरजस्ती करणीको महलअन्तर्गतको कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित स्वास्नी मानिसको बयान गराउँदा महिला प्रहरी कर्मचारीले गराउनु पर्नेछ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सकिने। त्यसरी बयान गराउँदा पीडितको सहजता र मर्यादालाई ध्यानमा राखी पीडित मैत्री वातावरणमा सकभर एकै पटक बयान गराउनु पर्ने। **(१०क नं.)**

३. बन्द इजलासको व्यवस्था

जबरजस्ती करणीको महलअन्तर्गत कुनै मुद्दाको कारबाही चल्दा सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित स्वास्नीमानिस र निजको संरक्षक तथा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र इजलासमा उपस्थित हुन सक्ने गरी बन्द इजलासको व्यवस्था गरिनु पर्दछ। **(१०ख नं.)**

४. गोपनीयता कायम गर्ने

नेपालको अन्तरिम संविधान, २०६३ *ले मौलिक हकअन्तर्गत गोपनीयताको हक समावेश गरी न्यायिक उपचारको हकसमेतको प्रत्याभूत गरेको भए तापनि सोको संरक्षणका लागि निश्चित कानूनी व्यवस्थाको अभावमा एच.आई.भी/एड्स संक्रमित व्यक्तिले आफू संक्रमित भएको स्थितिमा, महिलाले आफूविरूद्ध हिंसा भएको स्थितिमा र बालबालिकाले कानूनसँगको द्वन्द्व बेहोरेको स्थितिमा आफूउपर भएको अन्याय विरूद्ध उपचार माग्न वा न्यायमा पहुँच पाउन व्यवधान महसूस गरेको अनुभव भइरहेको, मुद्दा मामिलाको अनुसन्धानदेखि फैसला कार्यान्वयनसम्मका कारवाहीको क्रममा र सोपश्चात्को अवधिमा समेत निजहरूको व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखिदिएको कारण आत्मसम्मानपूर्वक जीवनयापन गर्नमा थप संकट र असुविधा बेहोर्नु परिरहेको सन्दर्भमा यस्ता वर्गका व्यक्तिको*

*गोपनीयताको अधिकारको संरक्षण गर्न कार्यविधिसहितको आवश्यक कानूनी व्यवस्था गर्न नेपाल सरकारको नाममा यस अदालतबाट निर्देशात्मक आदेश जारी गर्ने निर्णय भएको र सोबमोजिम आवश्यक कानून बनाई व्यवस्थित नभएसम्मका लागि पूर्णरूपमा न्याय गरी उचित उपचार प्रदान गर्न **नेपालको अन्तरिम संविधान, २०६३** को धारा १०७(२) द्वारा प्रदत्त अधिकारअन्तर्गत यस अदालतको अन्तर्निहित अधिकार प्रयोग गरी उपर्युक्त विशेष प्रकृतिका मुद्दा मामिलाको कारवाहीका हरेक चरणमा लागू हुने गरी गोपनीयताको हक संरक्षणको लागि गोपनीयता कायम राख्नेसम्बन्धी निर्देशिका जारी गरिएको छ।*

(अधिवक्ता सपना मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, ने.का.प. २०६४ अंक ९ निर्णय नं. ७८८० पृ. १२०८)

(सो निर्देशिकाको पूर्णपाठ परिच्छेद अनुसूची २ मा समावेश गरिएको छ।)

५. अपुताली खाने उद्देश्यले जबरजस्ती करणी गरेमा वा गर्न लगाएमा अपुताली खान नपाउने

अपुताली खानाका लागि कसैले कुनै स्वास्नीमानिसको जबरजस्ती करणी गरेमा वा गर्न लगाएमा त्यस्तो जबरजस्ती करणी गर्ने वा गर्न लगाउनेले सो स्वास्नी मानिसको अपुताली खान पाउँदैन। (९ नं.)

६. हदम्याद

जबरजस्ती करणीको कुरामा सो भए गरेको मितिले ६ महिनाभित्र नालिस दिनु पर्दछ। **(११ नं.)** ***(साविक ऐनमा जबरजस्ती करणीको मुद्दामा ३५ दिनको हदम्याद रहेकोमा लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ ले हदम्याद बढाएको हो।)***

हदम्याद सीमित भएकाले वारदात भएपछि नजिकको प्रहरी कार्यालयमा यथासक्य छिटो अपराधको सूचना दिने (सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३) र अदालतमा अभियोगपत्र दायर भएपछि वादी पक्षको साक्षीकारूपमा अदालतमा उपस्थित भई बकपत्र गर्नुपर्ने जिम्मेवारी पीडित पक्षमा रहन्छ।

७. कार्यविधि

जबरजस्ती करणीसम्बन्धी मुद्दा **सरकारी मुद्दासम्बन्धी ऐन, २०४९** को अनुसूची १ भित्र पर्ने हुँदा सरकारवादी फौजदारी मुद्दाकारूपमा यसको अनुसन्धान प्रहरीद्वारा हुन्छ र सरकारी वकिलले अभियोजन गर्दछन्।

८. थुनछेक/आदेश

थुनछेक आदेश गर्दा विचार गर्नुपर्ने कुराहरू

- अभियोगपत्र साथ उपस्थित गराइएका प्रतिवादीको तत्कालै बयान गराई निजलाई मुलुकी ऐन, **अ.वं. ११८ नं.** बमोजिम थुनामा राखी वा धरौट लिई वा अ.वं. ४७ नं. बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश गर्नु पर्दछ।
- प्रतिवादी चुक्ता भएपश्चात् थुनछेककै क्रममा जाहेरवाला, पीडित, घटना विवरण कागज गर्ने व्यक्तिहरू, पीडितको स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञलाई झिकाई बकपत्र गरिनु पर्दछ। त्यसरी साक्षी बकपत्रका लागि तोकिएको दिनमा प्रतिवादीलाई समेत आफ्ना साक्षी उपस्थित गराउन लेखी उपस्थित गराएमा बकपत्र गराउनु पर्दछ। प्रतिवादीले अदालतकै तर्फबाट साक्षी बुझी पाउन अनुरोध गरेमा म्याद जारी गरी झिकाई बुझ्न सकिन्छ।
- प्रतिवादी अनुपस्थित (फरार) रहेको अवस्थामा फरार प्रतिवादीका नाममा म्याद जारी गरी तदनुरूप उपस्थित भएमा वा अवधि समाप्त भएपछि मात्र प्रमाण बुझ्ने आदेश गरिन्छ।
- पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनका लागि मुद्दा दायर भए लगत्तै पीडकको अंशलगायतको सम्पत्ति रोक्का गर्नु पर्दछ।
- पीडितको बकपत्र यथासम्भव महिला कर्मचारीबाट गराउनु पर्दछ र त्यसरी बकपत्र गराउँदा निजको सहजता र मर्यादालाई ध्यानमा राखी पीडित मैत्री वातावरणमा गराउनु पर्दछ।

९. सुनुवाइका क्रममा विशेष ध्यान दिनु पर्ने कुराहरू

जबरजस्ती करणी मुद्दा सरकारवादी फौजदारी मुद्दा भएकाले यसमा सामान्यतः अभियोगपत्र साथ पेस भएका र बुझ्नु पर्ने भनी उल्लेख भएका प्रमाणहरूमा सीमित रही प्रमाण बुझ्ने आदेश गर्नु पर्दछ। तर कतिपय अवस्थामा अदालतबाट समेत थप प्रमाण बुझ्नु पर्ने हुन सक्छ। यस प्रकृतिको मुद्दामा देहायका विषय महत्त्वपूर्ण मानिने हुँदा प्रमाण बुझ्दा र प्रमाणको मूल्याङ्कन गर्दा ती विषयलाई ध्यान दिनु पर्दछ।

- जाहेरी बेहोरा
- पीडितको कागज
- पीडितको उमेर खुलेको प्रमाण (अस्पतालबाट जारी जन्म प्रमाणपत्र, जन्मदर्ता प्रमाणपत्र, विद्यालयबाट प्राप्त चारित्रिक प्रमाणपत्र वा विद्यालय भर्ना हुँदाको अभिलेख, सरकारी अस्पतालबाट भएको परीक्षण प्रतिवेदन आदि)
- घटनास्थल मुचुल्का
- घटना विवरण कागज
- पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन
- पीडकको स्वास्थ्य परीक्षण प्रतिवेदन
- स्वाव परीक्षण प्रतिवेदन
- वैज्ञानिक परीक्षण प्रतिवेदन
- पीडित एवम् पीडकले वारदातको समयमा लगाएका कपडा लगायतका घटनास्थलमा भेटिएका भौतिक सबुत

- भौतिक सबुतको परीक्षण प्रतिवेदन
- गोपनीयता कायम गरिएको बेहोरा
- अभियोग मागदाबी (सजाय, क्षतिपूर्ति)
- थप सजायको मागदाबी रहेको भए सो कुरा आदि।

१०. सुनुवाइका क्रममा विचार गर्नुपर्ने अन्य कुराहरू

- जबरजस्ती करणी मुद्दाको सुनुवाइ बन्द इजलासमा गरिनु पर्दछ।
- क्षतिपूर्ति भराउँदा सहजरूपमा भरी भराउ हुने गरी निर्देशित गर्नु पर्दछ।
- जबरजस्ती करणी मुद्दा जिल्ला अदालत **(बाह्रौं संशोधन) नियमावली, २०७३** को दफा २३ग अन्तर्गत पर्ने हुँदा अदालतमा अभियोगपत्र पेस भएपछि अभियोग लगाइएका सबै प्रतिवादीहरू उपस्थित गराइएकोमा निजहरूको बयान गराई लगातार प्रमाण परीक्षण गरिनु पर्दछ।
- अदालतले तोकेको दिनमा अभियोजनकर्ताले समेत साक्षी गवाह पेस गर्नुपर्ने हुँदा थुनछेकके क्रममा सरोकारवालासँग समन्वय गरी दिन तोक्नु पर्दछ।
- प्रतिवादीले बयान गर्दा खुलाएका साक्षी प्रमाणहरू तत्कालै निजले उपस्थित गराउन वा प्रमाण पेस गर्न सक्ने भएमा सुनुवाइलाई निरन्तरता दिई प्रमाण परीक्षण गर्नु पर्दछ र थप प्रमाण परीक्षण गर्न आवश्यक नभए तत्कालै निर्णय गर्नसमेत सकिन्छ।

११. सजायसम्बन्धी कानूनी ब्यवस्था

जबरजस्ती करणी मुद्दाको सजायसम्बन्धी कानूनी ब्यवस्था

पीडितको उमेर	पीडकलाई हुने सजाय
१० वर्षभन्दा कम उमेरकी बालिका	१० देखि १५ वर्षसम्म कैद
१० वर्ष वा सोभन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिका	८ वर्षदेखि १२ वर्षसम्म कैद
१४ वर्ष वा सोभन्दा बढी १६ वर्षभन्दा कम उमेरकी बालिका	६ वर्षदेखि १० वर्षसम्म कैद
१६ वर्ष वा सोभन्दा बढी २० वर्षभन्दा कम उमेरकी महिला	५ वर्षदेखि ८ वर्षसम्म कैद
२० वर्ष वा सोभन्दा बढी उमेरकी महिला	५ वर्षदेखि ७ वर्षसम्म कैद
लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा (वैवाहिक बलात्कार)	३ वर्षदेखि ५ वर्षसम्म कैद

लैङ्गिक समानता कायम गर्न केही **नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३** द्वारा मुलुकी ऐनको जबरजस्ती करणीको महलमा संशोधन भई वैवाहिक बलात्कारलाई पनि दण्डनीय बनाइएको, तर अत्यन्त कम सजाय तोकिएको हुँदा त्यसलाई चुनौती दिई परेको एउटा रिट निवेदनमा सर्वोच्च अदालतले देहायबमोजिमको निर्देशनात्मक आदेश जारी गरेको पाइन्छ :

बलात्कारलाई एक जघन्य अपराध घोषित गरेपछि सजायमा वैवाहिक बलात्कार र गैरवैवाहिक बलात्कारबीच विभेद गरी नाताको आधारमा त्यस्तो फौजदारी अपराधको सजायमा वैवाहिक बलात्कामा कम सजाय गरी वर्गीकरण गर्नुको कुनै औचित्यपूर्ण आधार नदेखिएको, थप सजायमा भन्दा वैवाहिक

बलात्कारको मूल कसुरमा कम सजाय हुने ब्यवस्था रही एउटा गम्भीर फौजदारी अपराधमा नाताको आधारमा कम सजाय हुने जबरजस्ती करणीको ३ नं. को देहाय (६) को असामञ्जस्यपूर्ण कानूनी ब्यवस्था रहेको देखिन आएको छ। तसर्थ समानताको सिद्धान्तको अनुकूल हुने गरी थप सजाय भन्दा मूल सजाय कमी हुने गरी भएको तथा वैवाहिक बलात्कार र गैरवैवाहिक बलात्कारको अपराधको बीचमा भएको विभेदपूर्ण सजायको ब्यवस्थामा सामञ्जस्यता ल्याउने गरी आवश्यक र न्यायोचित ब्यवस्था गर्नेतर्फ आवश्यक पहल गर्नु भनी प्रत्यर्थी कानून, न्याय तथा संसदीय ब्यवस्था मन्त्रालयसमेतका नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

(जितकुमारी पंगेनी समेत वि. कानून, न्याय तथा संसदीय ब्यवस्था मन्त्रालयसमेत, ने.का.प. २०६५ नि.नं. ७९७३ पृ. ६६४)

उल्लिखित आदेशसमेतलाई मध्यनजर गरी लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा सजायको ब्यवस्थामा सामञ्जस्यता ल्याउन वैवाहिक बलात्कारमा तीन वर्ष देखि पाँच वर्षसम्म कैद सजाय हुने ब्यवस्था गरिएको हो। त्यसअघि साबिकमा उक्त कसुरका लागि ३ महिना देखि ६ महिनासम्म कैदको ब्यवस्था रहेको थियो।

प्रतिपादित सिद्धान्तः हदम्याद बढाउने गरी कानूनमा सुधार गर्नु

जबरजस्ती करणीको अपराधमा पीडितको शारीरिक परीक्षण, अभियुक्तको शारीरिक परीक्षण, पीडितको लुगाको परीक्षण, अपराध भएको ठाउँको परीक्षण, अभियुक्तको बयान, परीक्षण प्रतिवेदन आई विभिन्न प्रमाण संकलन गर्न समय लाग्दछ। एक त जाहेरी दरखास्त ढिलो गरी पर्ने, अर्कोतर्फ वारदातको मितिबाट ३५ दिनभित्र अनुसन्धान तहकिकात पुरा गरी अभियोगपत्र दायर गरी सक्नु पर्ने वर्तमान हदम्याद अपर्याप्त हुन्छ।

जबरजस्ती करणीको महलको ११ नं. *को हदम्यादको वर्तमान ब्यवस्था ज्यादै कम भई पीडितलाई न्याय दिलाउने कार्यमा बाधा पर्न गएको देखिएकाले पीडितहरूको सामाजिक मनोविज्ञान, अनुसन्धानमा लाग्ने समय र न्यायमा पहुँचको अवस्थालाई ध्यानमा राखी अपराधको गम्भीरतालाई हेरी प्रभावकारी अनुसन्धान र अभियोजन गर्न सक्ने गरी पर्याप्त हदम्यादको ब्यवस्था गर्ने हिसाबले उक्त ११ नं. मा ब्यवस्था भएको हदम्याद बढाउने गरी कानूनमा सुधार गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।*

(अधिवक्ता सपना प्रधान मल्ल वि. कानून, न्याय तथा संसदीय ब्यवस्था मन्त्रालय समेत, आदेश मितिः २०६५।३।२७, संयुक्त इजलास)

नोटः उल्लिखित आदेशसमेतलाई आधार बनाई लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा जबरजस्ती करणीको ११ नं. मा संशोधन गरी हदम्याद बढाइएको हो।

३.६.ख हाडनाता करणी

१. परिचय

नाता सम्बन्धभित्र हुने करणीलाई नियन्त्रण गर्न हाडनाता करणीको महलमा ब्यवस्था गरिएको छ। यो दुनियाँवादी फौजदारी मुद्दा हो।

२. विशेषता

- दुनियावादी फौजदारी मुद्दा भएकाले फीरादपत्रमा घटना सम्बन्धी सम्पूर्ण बेहोरा उल्लेख गर्नु पर्दछ।
- हाडनाताकी महिलालाई जबरजस्ती करणी भएको अवस्थामा जबरजस्ती करणीको अभियोगपत्रमा नै हाडनाताको समेत दाबी रहेको हुन्छ र सोही मुद्दाबाट हाडनातातर्फ समेत निर्णय दिनु पर्दछ।
- वारदातपछि पीडितले स्वास्थ्य परीक्षण गराएको भए सोको प्रतिवेदन पनि महत्त्वपूर्ण मानिने हुँदा सो सम्बन्धमा पनि थप कुरा बुझ्न सकिन्छ।
- त्यसरी स्वास्थ्य परीक्षण गराएको अवस्था भए सम्बन्धित विशेषज्ञलाई पनि बुझ्न सकिन्छ।
- करणीसम्बन्धी मुद्दामा गोपनीयता कायम गर्नुपर्ने हुँदा फीराद परेपछि अदालतले यथासम्भव गोपनीयता कायम गर्ने प्रयास गर्नुपर्दछ र सोसम्बन्धी विवरण तयार गरी मिसिल सामेल राख्नु उपयुक्त हुन्छ।
- फीरादपत्रमा के के मागदाबी (सजाय, क्षतिपूर्ति) लिइएको छ, ती सबै मागदाबीलाई सम्बोधन हुने गरी प्रमाण बुझ्नुपर्दछ।
- थप सजायको मागदाबी रहेको भए सो कुरामा पनि प्रमाण बुझ्नुपर्दछ।
- नाता सम्बन्ध सजाय निर्धारणको मुख्य आधार भएकाले नाता सम्बन्ध यकिन गर्नका लागि नाता खुल्ने कागज, साक्षी, सर्जमिन, नाता बारेमा जानकार व्यक्तिलाई बुझ्न सकिन्छ।
- पटक कायम गरी सजाय निर्धारण गरिने ब्यवस्था रहेकाले पहिलो पटक हो वा पटक पटक त्यस्तो क्रिया भएको हो भन्ने सम्बन्धमा पनि हेरिनु पर्दछ।
- राजीखुसीले वा जबरजस्ती हो भन्ने तथ्यले पनि महत्त्व राख्ने हुँदा त्यस सम्बन्धमा पनि प्रमाण बुझ्नु पर्दछ।
- स्वास्नी मानिसलाई सजाय हुनु पर्ने नपर्ने के हो भन्ने कुरा पनि हेरिनु पर्दछ।
- जात वा कुलमा चलेको चलनलाई कानूनले संरक्षण गरेको हुँदा के कुन जातबीच त्यस्तो सम्बन्ध भएको हो, निजहरूले त्यसतर्फको दाबी लिएको अवस्था छ, छैन हेरिनु पर्दछ।

३. कानूनी ब्यवस्था

मुलुकी ऐन, २०२० हाडनाता करणीको महल

क. पटकपटक हाडनाता करणीको कसुर गरेमा सजाय

हाडनाता करणी मानिने भनी उल्लेख गरिएबमोजिमको नाताकी स्वास्नीमानिसको करणी गरे वापत एक पटक सजाय भईसकेपछि पुनः सोही स्वास्नीमानिसको करणी गरेमा निजलाई पचास रुपैयाँ

जरिवाना हुन्छ र सोबमोजिम जरिवाना गरिसकेपछि निजले पुनः सोही स्वास्नीमानिसको करणी गरेमा तेस्रो पटकदेखि निजलाई प्रत्येक पटकलाई बढीमा तीन महिनासम्म कैद हुन्छ। **(हाडनाता करणीको महलको ९ नं.)**

ख. राजीखुसीले करणी गराउने स्वास्नी मानिसलाई पनि सजाय हुने

हाडनाता करणी अन्तर्गत लोग्नेमानिसलाई सजाय हुने कसुरमा राजीखुसीले करणी गराउने स्वास्नीमानिसलाई लोग्नेमानिसलाई हुने सजायको चार खण्डको एक खण्ड सजाय हुन्छ। त्यस्तो सजाय गर्दा तीन वर्षभन्दा बढी कैद हुने भएमा तीन वर्षसम्मको मात्र कैद गर्नुपर्छ।(**१० नं.**)

(लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा हाडनाता करणीको महलको साबिकका ९ नं. र १० नं. लाई खारेज गरेको छ।)

ग. हाडनातामा विहावारी गरेकोमा सजाय

जानी जानी हाडनातामा विहावारी गरेमा हाडनाता करणीको महल बमोजिम सजाय हुन्छ। हाडनातामा विहावारी भएकोमा लोग्ने स्वास्नीलाई छुटाई दिनुपर्दछ। **(विहावारीको महलको १ नं.)**

आफ्ना जात वा कूलमा चली आएको चलन अनुसार विवाह वा करणी गरेमा सजाय नहुने

हाडनाता करणीको महलका अन्य नं. हरूमा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्ना जात वा कूलमा चली आएको चलन अनुसार विवाह वा करणी गर्न हुने नाता सम्बन्धमा विवाह वा करणी भएकोमा यो महलबमोजिम सजाय हुने छैन। **(१०क नं.)**

घ. थप सजाय

अ. साधुले चाहेको अवस्थामा हुने थप सजाय : हाडनाता करणीको महलका अन्य नं. हरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस महलबमोजिम सजाय हुने नाताका कुनै सधवा स्वास्नीको करणी गरेको रहेछ र **साधुले जारीको महलबमोजिम** कैदको सजायसमेत गराउन चाहन्छ भने यस महलबमोजिम हुने सजायमा सो कैदको सजायसमेत थपी कैद गरिदिनु पर्छ तर सोबमोजिम थपी कैद गर्दा छ वर्षभन्दा बढी कैद हुन जाने रहेछ भने एक वर्ष मात्र थप कैद गर्नुपर्छ। **(११ नं.)**

(लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा जारीको महल खारेज गरेको छ। यसर्थ हाडनाता करणीको ११ नं ले गरेको थप सजायको व्यवस्था लागु हुने अवस्था देखिदैन।)

आ. हाडनाताकी स्वास्नीमानिसको जबरजस्ती करणी गरेमा हुने थप सजाय : हाडनाताकी स्वास्नीमानिसको जबरजस्ती करणी गरेमा यस महलबमोजिमको सजायमा हाडनातामा करणी गर्नेको महलमा लेखिएको सजायसमेत थपी सजाय हुन्छ। जन्म कैदको सजाय पाउनेमा भने जबरजस्ती करणी बापतको सजाय थप हुँदैन। **(जबरजस्ती करणीको २ नं.)**

४. हदम्याद

हाडनाता करणीको महल अन्तर्गतको कसुर भएकोमा त्यस्तो कसुर गर्ने व्यक्तिको जिउसम्म नालिस गर्नु पर्दछ। (१२ नं.)

५. कार्यविधि

हाडनाता करणीसम्बन्धी **मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन,** २०४९ को अनुसूची १ भित्र नपर्ने हुँदा यसमा पीडित पक्ष स्वयम् दुनियावादी फौजदारी मुद्दाका रूपमा फीरादपत्र लिई अदालत प्रवेश गर्नुपर्ने हुन्छ। यसको लागि अ.वं. १० नं. बमोजिम अदालतको अनुमति लिई सर्वसाधारण जो सबैले पनि वादी भै चलाउन सक्ने व्यवस्था छ।

६. हाडनाता करणी गरेको मानिने नाता र हुने सजायसम्बन्धी कानूनी ब्यवस्था

नाता	सजाय	ब्यवस्था
आफूलाई जन्माउने आमा	जन्मकैदको सजाय हुने	१ नं.
आफ्ना एकै बाबु वा आमाबाट जन्मेका दिदी बहिनी वा आफूले जन्माएका छोरी	दशवर्ष कैदको सजाय हुने	१ नं.
सौतेनी आमा—छोरा, एकै हाँगाको ससुरा—बुहारी, बाजे नातिनी वा पनातिनी, जेठाजु भाई बुहारी वा देवर भाउजू बीच करणी लिने दिनेलाई	चार वर्षदेखि छ वर्षसम्म कैदको सजाय	२(१) नं.
एकै हाँगाको तीनपुस्तासम्मको बज्यू नाति वा पनाति, बाजे नातिनी बुहारी, एकै हाँगाको ठूलो बाबु वा काका भतिजी, एकै हाँगाको भतिजो ठूली आमा वा काकी, एकै हाँगाको ससुरो भतिजी बुहारी, फुपू भदा, मामा भाञ्जी वा माइजू भानिज, आमातर्फका ठूली आमा वा सानी आमा भतिजो र आफ्नी पत्नी तर्फको सासू ज्वाईं बीच करणी लिने दिनेलाई	तीनवर्षदेखि छ वर्षसम्म कैदको सजाय	२(२) नं.
उल्लिखितबाहेक सात पुस्ताभित्रका अन्य नाताका बीच करणी लिनेदिनेलाई हाँगो, नाता र पुस्तासमेत विचार गरी	एकवर्षदेखि तीनवर्षसम्म कैदको सजाय	२(३) नं.
उल्लिखित बाहेक अन्य नाताका बीच करणी लिने दिनेलाई नाता विचार गरी	तीन महिनादेखि एक वर्षसम्म कैदको सजाय	२(४) नं.

यो ब्यवस्था लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा संशोधित ब्यवस्था हो। साबिकमा रहेको नाता सम्बन्धको जटिल ब्यवस्थालाई सरलरूपमा प्रस्तुत गर्दै सजायको ब्यवस्थामा पनि केही फेरबदल गरिएको छ। साबिकको ब्यवस्थालाई पनि देहायमा प्रस्तुत गरिएको छ।

प्रतिपादित सिद्धान्त

वादीले चार पुस्ताभित्रको नातामा जानीजानी हाडनाता करणी गरेकोले सजाय गरि पाउँ भन्ने जुन दाबी लिएको छ, त्यसलाई प्रतिवादीले अस्वीकार गरी हाडनातामा करणी नगरेको भनी प्रतिउत्तर फीराएको देखिन्छ। वादी प्रतिवादीको बीचमा हाडनातामा करणी भएको हो भनी वादीले आफ्नो फीरादपत्रमा लेखेको बाहेक अन्य प्रमाणबाट पुष्टि गराउन सकेको पाइँदैन। वादीका साक्षीले चार पुस्ताभित्रको भनी लेखिदिएको पाईएपनि तथ्ययुक्त सबुतबाट पुष्टि नभएको, मुलुकी ऐन हाडनातामा करणी गर्नेको महलको १०क नं. को कानूनी ब्यवस्था हेर्दा यस महलमा अन्य नं.हरूमा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो जात वा कूलमा चलि आएको चलन अनुसार विवाह वा करणी गर्न हुने नाता सम्बन्धमा विवाह वा करणी भएकोमा यो ऐनबमोजिम सजाय हुने छैन भन्ने कानूनी प्रावधान रहेको देखिन्छ। आफ्नो जात वा कूलमा चलि आएको चलन नभएको भनी जिकिर लिई हाडनातामा करणी गरेको कुरा तथ्ययुक्त अन्य सबुत प्रमाणबाट वादीले पुष्टि गराउन सकेको नदेखिएको अवस्थामा केवल फीराद दाबीको मात्र आधारले हाडनातामा करणी गरेको भन्न ठहराउन न्यायोचित नदेखिने।

(फाइ तुल मिया वि. अब्दुल करिम मिया समेत, ने.का.प. २०५७ चैत्र नि.नं. ६९६६ पृ.८५५)

समाह्वान म्याद गुजारी प्रतिउत्तर नफीराई बसेकै कारणले प्रतिवादीउपरको हाडनाता करणीउपरको मुद्दामा दाबी पुष्टि गर्ने प्रमाणकोरूपमा लिन नमिल्ने।

(नगेन्द्रबहादुर खत्री वि. बलाराम खत्री र स.अ. बुलेटिन २०६६ वर्ष ८ अंक ९ पृ.३८)

DNA परीक्षणको प्रतिवेदनबाट बालिका स्वस्तिकाको जैविक बाबु प्रतिवादी रविन खड्का भएको प्रमाणित भएको स्थितिमा प्रतिवादी रविन खड्का र प्रतिवादी चमेली खड्काबीच करणी लिनु दिनु भएको पुष्टि भएको र प्रतिवादी चमेली खड्का र रविन खड्का सात पुस्ताभित्रका देवर भाउजू नाताका देखिँदा सात पुस्ताभित्रको हाडनाता करणी भएको कारण प्रतिवादीहरूलाई हाडनाताको ४ नं. बमोजिम सजाय हुने।

(चमेली खड्का वि. नेत्रबहादुर खड्का, स.अ. बुलेटिन २०६६ माघ वर्ष १८ अंक २० पूर्णांक ४२२ पृ. २)

हाडनाता करणी गर्नेको ४ नं. *को ब्यवस्थाको अभिप्राय समाजमा व्यभिचार रोक्नु हो र यस्ता कुरामा विधायिकाको बुद्धि विवेकमा अदालतबाट हस्तक्षेप गरिनु सामान्यतया उपयुक्त पनि हुँदैन।*

(तारादेवी पौडेल वि. मन्त्रिपरिषद् सचिवालय समेत, ने.का.प. २०५८, कार्तिक र मंसिर, नि.नं. ७०१६, पृ.३७५)

३.७ घरेलु हिंसा

१. परिचय

मुलुकी ऐन, अ.वं. महलको ११ नं. को दफा ४ख. मा महिला वादी वा पुनरावेदक भएको लैङ्गिक हिंसा वा घरेलु हिंसासम्बन्धी मुद्दालाई सुनुवाइको प्राथमिकतामा राखिएको छ।

सो दफाले लैङ्गिक हिंसाको परिभाषा यस प्रकार गरेको छ :- लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनुपर्छ र सो शब्दले लिंङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारीरूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ।

- कसले कुन प्रकृतिको हिंसा (मानसिक, शारीरिक, यौनजजन्य, आर्थिक यातना) गरेको हो, कुन मितिमा हिंसा भएको हो, माग गरेको उपचार के हो (कैद, जरिवाना, अन्तरिम संरक्षणात्मक आदेश, सुरक्षाको ब्यवस्था, उपचार गर्नुपर्ने अवस्थामा पीडकबाट उपचार खर्च भराउने कुरा) भन्ने कुरा फीरादमा खुलाउनु पर्दछ, फीरादमा उल्लेख भएका विषयवस्तुमा आधारित भई प्रमाण बुझ्ने कुरा निर्धारण गर्न सकिन्छ।
- गम्भीर प्रकृतिको घरेलु हिंसा (अङ्गभङ्ग गरेको, तेजाब वा अन्य पदार्थ छर्किई वा त्यस्तो पदार्थले पोले डामेको, यौनजन्य यातनासम्बन्धी) भएको अवस्थामा प्रहरीमा जाहेरी दरखास्त दिने ब्यवस्थासमेत ऐनले गरेको छ।
- फीराद वा अभियोगपत्रबाट पीडितले उपचार गराएको देखिएको अवस्थामा सो सम्बन्धमा यकिन गर्नका लागि थप बुझ्न सकिन्छ।
- के आधारमा के कति क्षतिपूर्ति भराउनु पर्ने हो भन्ने कुरा फीराद वा अभियोगपत्रमा उल्लेख भएको भए सोही आधारमा प्रमाण बुझ्नु पर्दछ।
- अन्य प्रमाणबाट वारदात यकिन गर्न कठिन भएको अवस्थामा गाउँ सर्जमिन समेत गराउन सकिन्छ।
- अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिने हुँदा देहायबमोजिमको आदेश गर्न सकिन्छ : आवश्यकतानुसार मनोपरामर्शको ब्यवस्था, उपचारको ब्यवस्था, सुरक्षाको ब्यवस्था।
- सुनुवाइ गर्दा बन्द इजलासमा कायम गरिनु उपयुक्त हुन्छ।
- उपचार गराएको अवस्था भए उपचारको रकम पीडकले बेहोर्नु पर्ने गरी ब्यवस्था गरिनु पर्दछ।
- अदालतले तोकेको दिनमा वादी प्रतिवादीले समेत साक्षी गवाह पेस गर्नुपर्ने हुँदा प्रारम्भिक सुनुवाइकै क्रममा सम्बन्धित पक्षसँग समन्वय गरी दिन तोक्नु पर्दछ र त्यसरी साक्षी परीक्षण गरे पश्चात् थप प्रमाण परीक्षण गर्न आवश्यक नभए तत्कालै निर्णय गर्न समेत सकिन्छ।

२. विशेषता

- घरेलु हिंसासम्बन्धी मुद्दा **जिल्ला अदालत (बाह्रौं संशोधन) नियमावली, २०७३ को** नियम २३ग अन्तर्गत पर्ने हुँदा अदालतमा फीरादपत्र/उजुरी पेस भएपछि निरन्तर सुनुवाई अन्तर्गत लगातार प्रमाण परीक्षण गरिनु पर्दछ।
- पीडितलाई क्षतिपूर्ति भराउन सकिने हुँदा त्यसरी भराइएको क्षतिपूर्ति सहजरूपमा भरी भराउ हुने ब्यवस्था गरिनु पर्दछ।

३. कानूनी ब्यवस्था

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६

- कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना नै घरेलु हिंसा हो। **(दफा २ को खण्ड (क)**
- घरेलु सम्बन्धको परिभाषाभित्र बंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा कुनै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध बुझिन्छ। साथै सँगै बसेका जोडी (living together relation) वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेत यसमा पर्ने गरी ऐनको संशोधित व्यवस्था रहेको छ। **(दफा २ (ख)**, यो ब्यवस्था लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा **केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२** द्वारा संशोधित ब्यवस्था हो।
- ऐनले शारीरिक यातना, मानसिक यातना, यौनजन्य यातना र आर्थिक यातना शब्दलाई छुट्टा छुट्टैरूपमा परिभाषित गरेको छ। ऐनको संशोधित व्यवस्था अनुसार मानसिक यातना भित्र आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य समेत पर्दछ। त्यस्तै शारीरिक यातना अन्तर्गत तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा पुराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने कार्य समेत जनाउँदछ।
- घरेलु हिंसाकै विषयमा गम्भीर प्रकृतिको घरेलु हिंसाका सम्बन्धमा जाहेरी दरखास्त दिन सकिने ब्यवस्था गरी त्यसलाई सरकारवादी फौजदारी मुद्दाकारूपमा कारबाही गरिने ब्यवस्थासमेत गरिएको छ **(दफा ५क)**। ***यो ब्यवस्था लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा थप गरिएको हो।***

क. घरेलु हिंसा गर्न गराउन नहुने (दफा ३)

- कसैले पनि घरेलु हिंसा गर्न गराउन वा सो कुराको उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्न हुँदैन।
- त्यस्तो कार्य गरेमा घरेलु हिंसाको कसुर गरेको मानिनेछ।

ख. उजुरी र कारबाही

- घरेलु हिंसा भएको, भईरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सोसम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकायसमक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ। **(दफा ४.१)**
- घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइदिनु पर्नेछ। तर जाहेरी परेको अवस्थामा प्रचलित कानूनबमोजिम हुनेछ। **(दफा ४.८)**
- त्यसरी उजुरी परेपछि पीडकलाई झिकाउँदा पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरूबीच मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीकर्ताको सहमति भएमा माथि उल्लिखित म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सोही बेहोरा उल्लेख गरी उजुरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालतसमक्ष पठाइदिनु पर्नेछ। **(दफा ४.११)**
- त्यसरी अदालतसमक्ष पठाइएको अवस्थामा अदालतले सोही उजुरीको आधारमा कारबाही र किनारा गर्नुपर्नेछ। **(दफा ५.१)**
- पीडितले चाहेमा सोझै अदालतमासमेत उजुरी दिन सक्नेछ। **(दफा ५.२)**।

ग. जाहेरी दिन सक्ने

अङ्गभङ्ग गरेको वा तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातनासम्बन्धी घरेलु हिंसाको कसुर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानूनबमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिन सक्ने र प्रहरी कार्यालयले यस्ता मुद्दामा अनुसन्धान तहकिकात गर्ने र मुद्दा दायर गर्ने ब्यवस्थासमेत गरिएको छ। यो प्रकृतिको मुद्दा नेपाल सरकार वादी भई चल्दछ।

अधिवक्ता ज्योति पौडेल समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेतको रीटमा सर्वोच्च अदालतबाट जारी भएको आदेशसमेतलाई दृष्टिगत गरी लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा **केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२** द्वारा यो ब्यवस्था थप भएको हो। यसबाट घरेलु हिंसाको विषयमा व्यक्तिवादी फौजदारी मुद्दा र सरकारवादी फौजदारी मुद्दाकारूपमा कारबाही हुने अवस्था सिर्जना भएको छ। **(दफा ५क र दफा १२ग)**

घ. अन्तरिम संरक्षणात्मक आदेश

१. उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :

- पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

- पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,
- पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न,
- गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,
- पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,
- पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन।

२. उजुरीको प्रारम्भिक छानबिनबाट पीडितको अतिरिक्त निजका नाबालक सन्तान वा निजसँग आश्रित कुनै व्यक्तिलाई समेत कुनै संरक्षण दिन आवश्यक देखिएमा अदालतले माथि उल्लेख भएबमोजिमको आदेश दिन सक्नेछ। **(दफा ६)**

ङ. मुद्दाको सुनुवाइ बन्द इजलासमा गरिने

- पीडितले अनुरोध गरेमा घरेलु हिंसाको उजुरीसम्बन्धी कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नुपर्ने।
- त्यसरी बन्द इजलासमा कारबाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्ने। **(दफा ७)**

च. उपचारको रकम पीडकले बेहोर्नु पर्ने

घरेलु हिंसाबाट पीडित व्यक्तिलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले बेहोर्नु पर्ने र कुनै कारणले पीडकले तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले तत्काल त्यस्तो खर्च उपलब्ध गराई पीडकबाट असुल उपर गर्नु गराउनु पर्नेछ।
घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिकरूपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले बेहोर्नु पर्नेछ।
तर आर्थिक अवस्था कमजोर भई वा कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालय वा सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्नेछ। तर पछि सो कार्यालयले पीडकबाट सरकारी बाँकी सरह असुल गर्नु वा गराउनुपर्नेछ। **(दफा ९)**

छ. पीडितलाई क्षतिपूर्ति भराउन सकिने

- पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियतसमेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफीकको क्षतिपूर्ति भराइदिन सक्नेछ। (दफा १०)

ज. निःशुल्क कानूनी सहायता उपलब्ध गराउनु पर्ने

- नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समितिमार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउनेछ। **(दफा १२ख)**
- यो ब्यवस्था लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा थप गरिएको हो।

४. हदम्याद

घरेलु हिंसाको कसुर भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्दछ। **(दफा १४)**।

५. कार्यविधि

संक्षिप्त कार्यविधि अबलम्वन गरिने (दफा ८)

घरेलु हिंसासम्बन्धी मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अवलम्बन गरिन्छ। घरेलु हिंसासम्बन्धी मुद्दामध्ये गम्भीर प्रकृतिको मुद्दा (दफा ५क मा उल्लिखित) **सरकारी मुद्दासम्बन्धी ऐन,** २०४९ को **अनुसूची** १ मा समावेश भएको मानिने हुँदा (दफा १२ग) त्यस्तो मुद्दा सरकारवादी फौजदारी मुद्दाकारूपमा अनुसन्धान, अभियोजन र कारबाही हुन्छ। त्यसबाहेकका मुद्दामा पीडित पक्ष स्वयम्ले दुनियावादी फौजदारी मुद्दाकारूपमा उजुरी/फीरादपत्र दायर गर्नुपर्ने हुन्छ।

६.सजायसम्बन्धी कानूनी ब्यवस्था

कसैले अङ्गभङ्ग गरी वा तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराई वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पारिदिने गरी शारीरिक यातना वा यौनजन्य यातनासम्बन्धी घरेलु हिंसाको कसुर गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ। **(दफा १३)**

(मुलुकी ऐन कुटपीटको महलको दफा १४ लाई लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ द्वारा भएको संशोधन अनुरुप "तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराएमा वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पारेमा कसुरको प्रकृति हेरी अनुहारमा कुरुप पारेमा पाँच वर्षदेखि आठ वर्षसम्म कैद र एकलाख रुपैयादेखि तीनलाख रुपैयाँसम्म जरिवाना र शरीरको अन्य अंग कुरुप पारेमा वा जीउमा पीडा गराएमा तीन वर्षदेखि आठ वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एकलाख पचास हजार रुपैयाँसम्म जरिवाना गर्नुपर्छ। यसरी जरिवाना वापत प्राप्त पूरै रकम पीडतलाई घा खर्च वापत दिनुपर्छ")

- माथि लेखिएबाहेकको अन्य घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

- घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।
- घरेलु हिंसाको कसुरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ।
- सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरूद्ध यस ऐनबमोजिमको कसुर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ।
- अदालतबाट जारी भएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

नोट : संस्थागत ब्यवस्था

- पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने ब्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्ने। **(दफा ११)**
- सेवा केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक सेवा कोष स्थापना गर्ने। **(दफा १२)**

प्रतिपादित सिद्धान्त

महिलाउपर असमान व्यवहार गरी महिलालाई पुरुषभन्दा तल्लो वर्ग अर्थात् Innferior मान्ने र सोहीअनुसार व्यवहार गर्ने र महिलाउपर एसिड खन्याई कुरूप पार्ने जस्ता महिलाउपर हुने यस्ता गम्भीर घरेलु हिंसामा वर्तमान कानूनी ब्यवस्था अपूरो र अपर्याप्त भएकाले देहायबमोजिम गर्नु भनी नेपाल सरकारका नाममा देहायबमोजिमको निर्देशनात्मक आदेश जारी गरिदिएको छ :

*१. निवेदकद्वय आफूलाई पतिले एसिड खन्याएकोले कारवाहीको लागि प्रहरीसमक्ष उजुरी लिएर जाँदा नलिएको भन्ने देखिन्छ। **घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६** को कमजोरी माथि उल्लेख गरिसकिएको छ। जाहेरी लिएर दर्ता गरेकै भए पनि प्रहरीको अधिकार के हुने प्रहरीले अनुसन्धान गर्न पाउने नपाउने, मुद्दा चलाउन पाउने नपाउने भन्नेबारे ऐन मौन छ, ऐनमा कुनै ब्यवस्था देखिँदैन। महिला पीडित भएको घरेलु हिंसासम्बन्धी अपराधमा घरेलु हिंसाको अपराधको परिभाषा व्यापक गरी प्रभावकारी सजायको ब्यवस्था गरी घरेलु हिंसासम्बन्धी अपराधलाई माथि उल्लेख गरिएको कारणले गर्दा सरकार वादी पनि बनाई Private Prosecution लाई पनि Option दिने कानूनी ब्यवस्था गरी सकभर तालिम प्राप्त महिला प्रहरी अनुसन्धानकर्ताद्वारा अपराधको अनुसन्धान हुन उपयुक्त हुने हुनाले महिला पीडित हुने घरेलु हिंसासम्बन्धी मुद्दाको कानूनलाई माथि उल्लेख गरिएका कुराहरू पनि समावेश गरी संशोधन गरी अपराधको अनुसन्धान उपलब्ध भएसम्म महिला प्रहरीद्वारा गराउने कानूनी ब्यवस्था गर्ने।*

२. महिला विरूद्ध हुने घरेलु हिंसासम्बन्धी यस्ता अपराधबाट पीडित व्यक्ति महिला हुने हुँदा घरेलु हिंसाबाट पीडितले चाहेमा पीडित महिलाको लागि उपलब्ध भएसम्म महिला कानून व्यवसायी यदि

उपलब्ध नभए अन्य लिङ्गीय कानून व्यसायीको सेवा निःशुल्क राज्यले निरन्तर उपलब्ध गराउने ब्यवस्था गर्ने।

३. *वर्तमान कानूनअनुसार महिला पीडित हुने यस्ता घरेलु हिंसासम्बन्धी मुद्दा पनि साधारण जिल्ला अदालतबाट हेर्ने ब्यवस्था भएको देखिन्छ।* ***घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६*** *को दफा ७ मा बन्द इजलासबाट हेर्ने भन्ने ब्यवस्था भए तापनि साधारण अदालतबाट मुद्दा हेर्रिंदा घरेलु हिंसा पीडित महिलाले न्याय छिटो छरितो र सुलभ तरिकाले पाउन सक्ने देखिँदैन। तसर्थ घरेलु हिंसाबाट पीडित मुद्दाका लागि उपलब्ध भएसम्म महिला न्यायाधीशहरूले मुद्दा हेर्ने ब्यवस्था गरी सुरू तहमा छुट्टै Fast Track Court गठन गर्न वान्छनीय हुन्छ। तर हामीकहाँ महिला न्यायाधीशको संख्या ज्यादै कम भएकोले त्यो सम्भव नहोला। घरेलु हिंसा पीडित मुद्दाको लागि छुट्टै अदालत गठन गर्दा* ***नेपाल सरकारले संविधान****को धारा १४(३) को प्रतिबन्धात्मक वाक्यांशको ब्यवस्था र धारा २० को महिलाको मौलिक हकको संरक्षण गर्ने आफ्नो संवैधानिक कर्तव्य पुरा गरेको मानिन्छ। महिला र बालबालिका दुवै अति संवेदनशील वर्ग हुन्। यी दुवै वर्गलाई राज्यको संरक्षण आवश्यक पर्छ। महिला पीडित भएको सबैखाले मुद्दा र खास गरी घरेलु हिंसासम्बन्धी महिला पीडित भएको मुद्दामा अन्य मुद्दामा जस्तो साधारण अदालतबाट मुद्दा हेर्रिंदा महिलाहरूले न्याय पाएपनि लामो परिश्रम र ढिला गरी न्याय पाउने र न्याय पाउन सामान्य अदालतमा जाँदा Humiliate भएर न्याय प्राप्ति गर्ने अवस्था आउँछ। त्यसैले राज्यले महिला पीडित भएका सबै खाले फौजदारी मुद्दा र खासगरी घरेलु हिंसासम्बन्धी मुद्दा मात्र हेर्ने बेग्लै अदालत गठन गर्दा त्यस्तो अदालतबाट पीडित महिलाले छिटो छरितो र Humiliate नभई सुलभ न्याय पाउने हुनाले महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिंसाबाट पीडित मुद्दा हेर्ने एउटा छुट्टै Fast Track Court गठन गर्नेतर्फ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको ध्यानाकर्षण गरिएको छ।*

महिला पीडित भएको फौजदारी मुद्दा हेर्ने छुट्टै Fast Track Court गठन गर्न कानून आवश्यक पर्छ। यसको साथै जनशक्ति, रकम एवम् भौतिक पूर्वाधार पनि आवश्यक पर्ने हुँदा सोबारे पहिला अध्ययन हुनुपर्छ। पहिला अध्ययन हुन आवश्यक देखिएकोले उक्त कुराहरू अध्ययन गरी नेपाल सरकार महिला तथा बालबालिका मन्त्रालयसमक्ष प्रतिवेदन पेस गर्न देहायको चार सदस्यीय समिति गठन गरिदिएको छ। Fast Track Court गठनसम्बन्धी समितिले दिएको राय नेपालमा एकै पटक लागू गर्न कठिन हुनसक्छ तसर्थ क्रमशः नेपाल सरकारले लागू गर्दै जानू भनी निर्देशनात्मक आदेश समेत जारी गरिदिएको छ।

(अधिवक्ता ज्योति पौडेल समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत, रिट नं. ०६४–WO–०४२४, ने.का.प २०६७, नि.नं. ८५०७ पृ. १९०३आदेश मिति: २०६६।४।२८।४, संयुक्त इजलास)

त्यसै गरी यौनजन्य अपराध र हिंसाबाट पीडितलाई क्षतिपूर्ति दिनका लागि आवश्यक ब्यवस्था गर्न सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भएको छ। **(स.अ. बुलेटिन २०७२ माघ-२ (१६-२९) पृ. ३५)**

३.८ गर्भपतन/जातक हत्या

१. परिचय

कुनै महिलाले बोकेको गर्भ अस्वाभाविकरूपमा पतन गराउनु गर्भपतन हो। तर जन्मिएको बच्चालाई कर्तव्य गरी मार्नु जातक हत्या हो। गर्भपतन प्राकृतिक र कृत्रिम गरी दुई खालका हुन्छन्। मानवीय शक्ति प्रयोग गरी गरिने गर्भपतनलाई कृत्रिम गर्भपतन भनिन्छ।

कानूनले निर्धारण गरेको अवधि र प्रक्रिया अवलम्बन गरी गरिने गर्भपतनलाई स्वाभाविक मानिन्छ। तर कानूनले निर्धारण गरेको अवधि नाघेको वा कानूनले निर्धारण गरेको प्रक्रिया पुरा नगरी गरेको गर्भपतनलाई अपराध मानिन्छ।

२. विशेषता

कानून विपरीतको गर्भपतनलाई सरकारवादी फौजदारी मुद्दाको अनुसूची १ मा समावेश गरिएको छ। गर्भपतनसम्बन्धी मुद्दामा कसुरको प्रकृति र कसुरको अवस्थालाई विचार गरी सजाय गरिने अभ्यास रहेको छ। सर्वोच्च अदालतले पनि यस विषयमा उदार दृष्टिकोण लिएको पाइन्छ।

मुलुकी ऐनमा भएको एघारौं संशोधन, २०५८ तथा **लैङ्गिक समानता कायम गर्नेसम्बन्धी ऐन, २०६३** ले गर्भपतनको विषयलाई क्रमशः नियमन गर्दै आएको पाइन्छ।

गर्भपतनसम्बन्धी ब्यवस्था ज्यानसम्बन्धीको महल अन्तर्गत राखिएको भए तापनि यो ज्यानसम्बन्धी कसुर नभई छुट्टै कोटीको कसुरकोरूपमा परिभाषित छ र सजायको ब्यवस्थामा पनि भिन्नता रहेको छ। **मुलुकी ऐनको एघारौं संशोधन, २०५८** देखि निश्चित अवस्थामा गर्भपतनलाई कानुनी मान्यता प्रदान गरिएको छ। खास गरी गर्भ बोक्ने महिलाको स्वीकृति यसका लागि अपरिहार्य मानिन्छ। जातक मारेको वा बाल हत्या गरेको विषय ज्यान सम्बन्धी कसुर मानिन्छ। जातक हत्या गरेको विषयमा गरिने सजायको बारेमा सर्वोच्च अदालतले अन्य मुद्दाको तुलनामा फरक दृष्टिकोण अंगीकार गरेको छ।

३. गर्भपतनसम्बन्धी मुद्दाको म्याद थपमा विचार गर्नुपर्ने कुराहरू

१. सम्बन्धित महिलाको बयान भएको छ छैन ? बयान भए आरोपको बारेमा निजले के जवाफ दिएको छ ?
२. शारीरिक परीक्षण गराएको अवस्था छ छैन ? परीक्षण गराएको भए थप उपचारको आवश्यकता देखिएको छ, छैन ?
३. कति समयावधिको गर्भपतन भएको दाबी गरिएको छ ?
४. जातक फेला परेको अवस्था छ, छैन ?

४. सुनुवाइ गर्दा विचार गर्नुपर्ने कुराहरू

१. अधिकार प्राप्त अधिकारीसमक्ष र अदालतको बयानमा अभियोग दाबीउपर गर्भपतन भएकी महिलाको जवाफ के रहेको छ ?
२. चिकित्सकको प्रतिवेदनमा गर्भपतन भएको कारणबारेमा के उल्लेख गरिएको छ ?
३. कति अवधिको गर्भ पतन भएको छ ?
४. गर्भपतनमा सम्बन्धित महिलाको भूमिका के रहेको देखिन्छ ?
५. गर्भपतन भएकी महिलाको पारिवारिक अवस्था र गर्भपतन गर्नुपर्ने कारणहरू मिसिलबाट के के देखिन्छन् ?
६. गर्भपतन गराउँदाको अवस्थामा मतियार कोको रहेका छन् ?
७. प्राप्त प्रमाणबाट कसुरको प्रकृति कस्तो रहेको छ ?

५. कानूनी ब्यवस्था

क. गर्भपतन गर्न पाउने आधार र प्रक्रिया

- **ज्यान सम्बन्धीको महलको २८ख. नं.** : यस महलको २८ नं. मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नेपाल सरकारले तोकेबमोजिमको प्रक्रिया अपनाई निर्धारित योग्यता पुरा गरेका इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मीले गर्भपतन गराएकोमा यस महलबमोजिम गर्भ तुहाएको मानिने छैन :
- गर्भ बोक्ने महिलाको मन्जुरीले बाह्र हप्तासम्मको गर्भपात गरेकोमा,
- जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ त्यस्तो गर्भ बोक्ने महिलाको मन्जुरीले गर्भपात गराएकोमा,
- गर्भपात नगराएमा गर्भ बोक्ने महिलाको ज्यानमा खतरा पुग्न सक्तछ वा निजको स्वास्थ्य शारीरिक वा मानसिकरूपले खराब हुन सक्तछ वा विकलाङग बच्चा जन्मन्छ भन्ने प्रचलित कानूनबमोजिम योग्यता प्राप्त चिकित्सकको राय भई त्यस्तो महिलाको मन्जुरीले गर्भपात गराएकोमा।

६. हदम्याद

कसुरदार आफैं मुख साबित भई त्यसैबाट उठेको मुद्दामा बाहेक गर्भ तुहायो भन्ने कुरामा सो तुहाएको तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन। **(३३ नं.)**

सरकारले गर्भपतनलाई ब्यवस्थापन गर्न **सुरक्षित गर्भपतन सेवा निर्देशिका,** २०६० जारी गरेको छ।

७. सजायसम्बन्धी कानूनी ब्यवस्था

क. गर्भपतन गराएमा हुने सजाय

- **ज्यानसम्बन्धी महलको २८ नं.** : कसैले गर्भ तुहाएमा वा गर्भ तुहाउने नियतले वा गर्भ तुहिन सक्तछ भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने कारण भई कुनै काम गर्दा गर्भ तुहिन गएमा निजलाई देहायबमोजिम सजाय हुनेछ :

- बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद,
- पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद,
- पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद,

- कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन। त्यसरी गर्भपतन गराउनेलाई देहायबमोजिमको सजाय हुन्छ :
  - बाह्र हप्तासम्मको गर्भ भए एक वर्ष कैद,
  - पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्ष कैद,
  - पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्ष कैद, **(२८ क.नं.)**

ख. लिङ्ग पहिचान गरी गर्भ तुहाएमा

- कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै काम गर्न गराउनु हुँदैन। त्यस्तो काम गर्ने गराउनेलाई तीन महिनादेखि छ महिना सम्म कैद हुनेछ। **(२८ ग नं.)** :

- लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउनेलाई छ महिनादेखि दुई वर्षसम्म कैद हुनेछ। **(२८ घ. नं.)**

ग. गर्भ तुहाउनेलाई सजाय

- केही रिस इवीले गर्भवती स्वास्नीमानिसलाई केही कुरा गर्दा गर्भ तुहिन गयो भने गर्भ तुहाउने मनसायले गरेको रहेनछ भने पनि बात लाग्छ। **(२९ नं.)**
- यस महलको २९ नं. बमोजिम केही गर्दा बाह्र हप्तासम्मको गर्भ पतन हुन गएकोमा एक वर्षसम्म कैद, पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा तीन वर्षसम्म कैद र सो भन्दा बढीको गर्भ पतन हुन गएकोमा पाँच वर्षसम्म कैद गर्नुपर्छ। **(३२ नं.)**

(साविकको ऐनमा स्वास्नीमानिस गर्भवती छ भन्ने कुरा जानी जानी थाहा पाई गर्भ पतन गरेको रहेछ भने पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा तीन महिना र पच्चीस हप्ता नाघेको गर्भ तुहिएमा छ महिना कैद गर्ने गरी व्यवस्था थियो।)

प्रतिपादित सिद्धान्त

गर्भपतन र जातक हत्या सम्बन्धी अदालतबाट भएका केही महत्त्वपूर्ण फैसलाहरू

लास जांच मुचुल्कामा घाँटीमा कपडाको रस्सी बाँधिएको उल्लेख भएको र शव परीक्षण प्रतिवेदनमा डाक्टरको रायमा घाँटी कसी (Strangulation) मारिएको भन्ने उल्लेख हुँदा पुनरावेदिकाबाहेक अरू कुनै व्यक्तिले नवजात शिशुको घाँटी कसी मार्नुपर्ने स्थिति प्रमाण परिबन्दबाट देखिन नआएकोसमेत हुँदा पुनरावेदिका प्रतिवादी भीमकला वलाललाई अभियोग दाबीको कसुरदार ठहराई मुलुकी ऐन ***ज्यानसम्बन्धीको १३(३) नं.*** *बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरेको पुनरावेदन अदालत बुटवलको*

*इन्साफ मुनासिब ठहर्ने।... प्रतिवादी भीमकला बलाल वर्ष २२ की देखिएकी उमेर र अवस्थाले गर्दा परपुरुषको गर्भ रहन गएको र मौकैमा गर्भपतन गर्न गराउन नसकी महिना पुगेको जातक जन्मेको र लोकलज्जाबाट बच्न ठहरेबमोजिमको अपराध गरेको देखिए तापनि सर्वश्वसहित जन्मकैदको सजाय अपराध अनुसारको सजाय नहुने भई चर्को पर्ने देखिएको र पुनरावेदन अदालत र सुरू अदालतले ७ वर्ष कैद सजाय गर्ने गरी राय लगाएको भए तापनि ४ वर्ष कैद सजाय गरेबाट एकातिर फौजदारी न्यायको मकसद पुरा हुने र अर्को तर्फ विवशताबस् कलिलो उमेरको मानवीय कमजोरीका कारणले सामाजिक लाजगालको स्वाभाविक विवशताबाट हुन गएको अपराधको सजायबाट शेष जीवन व्यतित गर्न निज प्रतिवादी भीमकलाले त्राण पाउने देखिएकोले **अ.बं. १८८ नं.** बमोजिम निजलाई कैद वर्ष ४ मात्रको सजाय हुने।*

(भीमकला बलाल वि. श्री ५ को सरकार, ने.का.प. २०६० नि.नं. ७२२५ पृ. ४४४)

भ्रुणको स्वतन्त्र अस्तित्व हुँदैन र त्यसको अस्तित्व भनेको आमाको गर्भभित्रै मात्र हुन्छ। त्यसैले भ्रुणको कुनै स्वार्थ मान्ने नै हो भने पनि आमाकै विरूद्ध त्यस्तो स्वार्थ वहाल रहन्छ भन्न नमिल्ने। ... लोग्नेको बाबु हुने अधिकारको दाबी बेला बखतमा नहुने होइन, त्यसो भए स्वास्नीको आमा हुने हकको सम्बोधन पनि हुनुपर्ने हुन्छ। लोग्नेलाई बाबु हुने रहर पुरा गर्न पत्नीले सबै अनिच्छा र शारीरिक जोखिम वा प्रतिकूलताको अतिरिक्त बाध्य हुनुपर्छ भनी मानेको खण्डमा पत्नीले आफ्नो शरीरमाथिकै नियन्त्रण गुमाउँछ, जसको परिणामस्वरूप प्रत्यक्ष एवम् परोक्षरूपमा निरन्तर अधिनस्थता कबुल गर्नुपर्ने हुन्छ। जसरी पत्नीले अनिच्छुक पतिलाई बाबु बन्न कर गर्न र शारीरिक क्रिया गर्न बाध्य गर्न सक्तैन, त्यसैगरी पुरुषले पनि महिलालाई बाध्य गर्न नसक्ने। ...प्रजनन् स्वास्थ्य एवम् प्रजनन् अधिकारको बृहत परिवेशभित्र सन्तान जन्माउने वा नजन्माउने दुवै कुराको निर्णय पर्दछ र सोअन्तर्गत गर्भ रहिसकेको तर सन्तान उत्पादन गर्न अनिच्छित भएकोले गर्भ निरन्तर गर्न नचाहेको अवस्थामा गर्भपतन गर्ने अधिकार पनि सम्मिलित भएको मान्नुपर्ने। ... प्रजनन्को अधिकार भनेको प्रजनन् गर्नै पर्ने बाध्यताकोरूपमा बुझ्न मिल्दैन, प्रजनन् गर्न पाउने अधिकारअन्तर्गत प्रजनन् गर्न नचाहेमा सो नगर्ने पनि अधिकार सम्मिलित हुन्छ। जसरी कुनै काम गर्न पाउने अधिकारअन्तर्गत काम नगर्न पाउने स्वतन्त्रता पनि निहित रहेको मानिन्छ, त्यसरी नै प्रजनन् अधिकारलाई हेर्नुपर्ने। ...गर्भपतन सेवाको बैधता वा त्यसको उपलब्धताको सान्दर्भिकता त्यो सेवा जरुरी भएको मानिसको लागि पहुँचयोग्य (Accessible) तथा शुल्क तिर्न सक्ने गरी सुलभ (Affordable) भए मात्रै सार्थक हुने। ... गर्भपतन स्वास्थ्यसम्बन्धी समस्या भएको, स्वास्थ्यको हक व्यक्तिको मौलिक हक भई जीवनकै हकका‍रूपमा हेर्नुपर्ने र हाम्रो देशको संविधानले सामाजिक न्यायको हक समेतलाई मान्यता दिएको साथै राज्यको नीति निर्देशक सिद्धान्तले महिलाको हकको विशेष संरक्षण गर्ने राज्यको दायित्वको रूपमा स्वीकार गरेको हुनाले महिलाको गर्भपतनसम्बन्धी हक वा गर्भसँग सम्बन्धित समस्यालाई नितान्त निजी समस्या मानी सार्वजनिक उत्तरदायित्वबाट अलग्याउन नमिल्ने। ... संविधान र प्रचलित कानूनले जन्मनुपूर्व नै भ्रुणको हकमा जीवनलगायतको हकको मान्यता विकास नगरेको अवस्थामा गर्भपतनसम्बन्धी विषयलाई ज्यान सम्बन्धी महलको अंग बनाउनुको औचित्य

नदेखिने।... कठोर फौजदारी कानूनको अंगकोरूपमा रहेको ज्यानसम्बन्धी महलको अभिन्न अंगकोरूपमा नयाँ अधिकारकोरूपमा उदीयमान भएको गर्भपतनको अधिकारलाई पूर्ववत् राखी राख्नु विरोधाभाषपूर्ण र सर्वथा अमिल्दो देखिएकोले हाल भएको संशोधित व्यवस्थाको मर्मलाई हृदयंगम गर्दै गर्भपतनलाई एउटा छुट्टै र विशिष्ट विषयको रूपमा छुट्टै कानून बनाई व्यवस्थित गर्नु जरुरी देखिन आउने। ... गर्भपतनसम्बन्धी समस्यालाई केवल गर्भको भ्रुणलाई जन्म दिने वा नदिने, गर्भपतन गराउन पाउने वा नपाउने प्रश्नमा मात्रै सीमित गरेर नहेरी समग्र महिला स्वास्थ्यसँग सम्बन्धित विषयकोरूपमा पनि हेर्नु पर्ने हुँदा गर्भपतनको अधिकार हनन् वा सो सेवा दिन इन्कार गरेबाट वा स्तरहीन सेवा दिएबाट पर्न आएको बहुपक्षीय समस्याहरूको सम्बोधनको लागिसमेत कानूनी उपचारको राम्रो प्रावधान हुन जरुरी देखिन्छ। कानूनी उपचारको बारेमा विचार गर्दा कसुरदारलाई सजाय, पीडितलाई क्षतिपूर्ति, पीडितको स्वास्थ्य सहुलियतसम्बन्धी अन्य व्यवस्थाहरूको समेत व्यवस्था गर्नुपर्ने। – गर्भपतनसम्बन्धी अधिकारले राज्य पक्ष वा सेवा प्रदायक पक्षसँग निश्चित दायित्वको अपेक्षा गर्ने हुनाले यसलाई राज्यको स्वविवेक वा स्वेच्छिकरूपमा मात्रै हेर्न नमिल्ने।

(लक्ष्मीदेवी धिक्त वि. श्री ५ को सरकार, ने.का.प. २०६७ अंक ९ नि.नं. ८४६४ पृ. १५५१)

*प्रतिवादी फुलमायाले आफ्नो विवाहित लोग्नेसँग नबसी माइती घरमा बसी आएको अवस्थामा परपुरुष देउकुमार थापामगरसँगको करणीले अवैध गर्भ बोकी जिउँदो छोरी जातक जन्माई सामाजिक भय र लाजको कारणबाट मारी जुवाले खोलामा फ्याँकी छोडेको देखिन आउँदा अभियोग दाबीबमोजिम निजलाई **ज्यानसम्बन्धी महलको १३(३) नं** बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहराएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला सदर हुने। ... विवाहित स्त्री कतिपय कारणवश माइतीमा बस्नु पर्ने अवस्था पर्ने र २४ वर्षकी यौवनावस्थामा माइती गाउँकै देउकुमार थापाले विवाह गर्छु भनी ललाई फकाई करणी लिनुदिनु गरेको र गर्भ रहेको थाहा पाएपछि गर्भ फाल्नुपर्छ भनी भागी बेपत्ता भएको देखिँदा सामाजिक अनुशासन, लोकलाजबाट बच्न अवैध सम्पर्कको कारणबाट जन्मेको कारण नवजात शिशुलाई मारेको देखिदा ग्रामीण अबला स्त्रीले ती लोक लाजका अपगालबाट बच्न जन्मेको शिशुलाई जन्मेकै स्थान जुवाले खोलामा मारी छाडी हिडेको देखिन आउँदा ठहर भएको कसुर अनुसारको सजाय गर्दा चर्को पर्ने हुँदा प्रतिवादी फुलमाया मगरलाई **अ. बं. १८८ नं.** बमोजिम कैद वर्ष चार वर्ष दश महिना दश दिन मात्र हुने।*

(फूलमाया मगर वि. नेपाल सरकार, ने.का.प. २०६० अंक ५।६ नि.नं. ७२३१ पृ. ४८०)

बच्चा जन्माउने आमाले जिउँदो बच्चालाई कर्तव्य गरी मारेको भनी सजाय गर्न सो कुरा पुष्टि हुने ठोस सबुत आवश्यक पर्ने। ... जिउँदो जन्मेको बच्चा मार्ने मनसाय भए प्रतिवादीले तत्कालै कर्तव्यजन्य कुनै कार्य गरी मार्न कुनै कुराले वाधा पुर्‍याएको देखिँदैन। बच्चा मरेको जन्मेको कारण खोल्सीमा छाडी हिडेको भन्ने प्रतिवादीको भनाइ निश्चयात्मक प्रमाणबाट खण्डन नभएसम्म त्यसरी छाडी हिँडेको कारणबाट शिशु मरेको भनी अनुमान गरी प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने।

(नेपाल सरकार वि. लालमाया गुरुङ, ने.का.प. २०६३ अंक ४ नि.नं. ७६८३ पृ. ४७२)

गर्भपतन गराउने कार्य यी प्रतिवादी मानबहादुर खत्रीले गरेको भन्ने नभई चिकित्सकहरूबाट गराएको भन्ने उल्लेख भएको र के कुन चिकित्सकको क्लिनिकमा के कसरी गर्भपतन गराएको भन्ने बेहोरा खुल्न नआएको भन्ने प्रहरीको प्रतिवेदनसमेत मिसिल संलग्न रहेको देखिँदा गर्भपतन गराएको तथ्य नै स्थापित नभइ सकेको स्थितिमा यी प्रतिवादीलाई कसुरदार ठहराएको नमिलेकोले अभियोग दाबीबाट सफाइ दिनु पर्नेमा सुरू फैसला केही उल्टी गरी गर्भपतन गरेको ठहराएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी भई सुरु जिल्ला अदालतले गरेको फैसला मुनासिब भई सदर हुने।

(मानबहादुर खत्री वि. चन्द्रप्रसाद फूयाँल, ने.का.प. २०६० अंक ४ नि.नं. ७२१० पृ. ३२५)

*मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा, घाँटी भाँचिएको र श्वास प्रश्वास क्रिया बन्द भई मृत्यु भएको भन्ने देखिन्छ। जातक मृतक अवस्थामा जन्मिएको भए घाँटी भाँचिनु पर्ने कारण देखिँदैन। मानबहादुरसँगको अवैध सम्बन्धमा जन्मिएको भई लोकलाजबाट बच्न घाँटी थिची मारेको हुँ भन्ने निजको अधिकार प्राप्त अधिकारीसमक्ष भएको बयानलाई शव परीक्षण प्रतिवेदनले पुष्टि गरी रहेको अवस्थामा जातक मरेको जन्मिएको थियो भन्ने निजको अदालतसमक्षको बयानलाई अन्य कुनै प्रमाणले समर्थन नगरेको अवस्थामा विश्वास गर्न नसकिने। ... अवैध सम्बन्धबाट जन्मिएको जातकलाई मारेको भन्ने अधिकार प्राप्त अधिकारीसमक्ष भएको यिनको बयानलाई शव परीक्षण प्रतिवेदनले पुष्टि गरेको र अदालतसमक्ष भएको यी प्रतिवादीको इन्कारी बयानलाई समर्थन गर्ने अन्य कुनै प्रमाण आउन नसकेको अवस्था हुँदा जातक जिउँदै जन्मिएको र लोकलाजबाट वच्न यिनले कर्तव्य गरी मारेको देखिंदा यि प्रतिवादी मीरा तामाङलाई मुलुकी ऐन, **ज्यानसम्बन्धीको १३(३) नं.** बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०५८।८।१४ को फैसला मिलेको देखिँदा सदर हुने। ... अवैध सम्बन्धबाट जन्मिएको बच्चालाई लोकलाजबाट बच्नको लागि मारेको अवस्था हुँदा सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भनी ५ वर्ष मात्र कैद सजाय गर्न उपयुक्त हुने भनी अ.बं. १८८ नं. बमोजिम लगाएको रायसमेत मुनासिब देखिँदा जाहेर भएको राय र साधक सदर हुने।*

(नेपाल सरकार वि. मीरा तामाङ्ग, ने.का.प. २०६० अंक ९/१० नि.नं. ७२७७ पृ. ७९७)

मृतकको पोस्टमार्टम प्रतिवेदन हेर्दा मृत्युको कारणमा This is a case of strangulation and the cause of deatb is due to asphyxia भन्ने रहेबाट मृतक जातक जिउँदो जन्मिएको र निजको मृत्यु अप्राकृतिकरूपबाट नै भएको देखिन्छ। बच्चा रोएको आवाज सुनेको भन्ने कृष्णकुमारको भनाइलाई अन्यथा हो र निजले त्यस्तो बेहोरा लेखाइ गम्भीर अपराधको दोषी यी प्रतिवादीलाई करार गर्नुपर्ने अवस्था रहे भएको मिसिल संलग्न तथ्य र आधारबाट देखिन नआउनुका साथै प्रतिवादी स्वयम्ले समेत सो कुराको पुष्टि गरी आफ्नो निर्दोषिता प्रमाणित गर्न सकेको पाइँदैन। आफूले अवैध गर्भधारण गरेकोमा निज साबितै रहेको बच्चा जन्मने बेथा लागेपछि जंगलतिर गएको भन्नेमा साबित रहेको बच्चा जन्मिएपछि पनि कतै प्रकाश नगरी लुकाइराखेको अवस्थाबाट समेत यी प्रतिवादी कसुरदार रहिनछन् भन्न सकिने अवस्था नहुँदा जिउँदो बच्चा जन्माई मारेको पुष्टि हुन आउँछ। बच्चा

*मार्नेमा यी प्रतिवादीकै संलग्नता रहेको देखिन आएबाट सफाइ दिने गरेको सुरू फैसला उल्टी गरी मुलुकी ऐन **ज्यानसम्बन्धी महलको १३(३०) नं.** अनुसार प्रतिवादी वति भन्ने मनकुमारी घिमिरेलाई सर्वश्वसहित जन्मकैद हुने ठहराएकोले पुनरावेदन अदालत बाग्लुङको साधक जाहेरी फैसला मिलेकै देखिँदा सदर हुने।*

(श्री ५ को सरकार वि. मनकुमारी घिमिरे, ने.का.प. २०५६ अंक १२ नि.नं. ६८३५ पृ. ९०१)

मरेको जातक फेला पर्दैमा जिउँदो नै जन्माई मारेको भन्न स्पष्ट सबुत प्रमाणको अभावमा नमिल्ने। जिउँदो बच्चा जन्माई मारेको हो भनी निष्कर्षमा पुग्दा पनि आफ्नो नवजात सन्तानप्रतिको ममता, जुन प्राकृतिकरूपले मातृकोखबाट निस्कन्छ त्यसलाई पनि न्यायकर्ताले बिर्सिन सक्दैन।

(कमला विश्वकर्मा वि. श्री ५ को सरकार, ने.का.प. २०४२ अंक २ नि.नं. २२७२ पृ. १७६)

बालक पैदा भएपछि कर्तव्य गरी मारी फलेको भन्ने सबुद प्रमाण कतैबाट देखिँन आउँदैन यसरी कर्तव्य गरी मारेकै हो भन्ने कुनै ठोस प्रमाण कतैबाट गुज्रन नआएको हुँदा जन्मेको बालकलाई कर्तव्य गरी मारेको भन्न केवल मरेको बच्चाको लास फेला परेको प्रहरीको जाहेरीको आधार र जातक फाल्न लगेको कारणबाट मात्र जिउँदो जन्मेको बालक मारेको भनी ठहर गर्न नमिल्ने।

(श्री ५ को सरकार वि. पार्वती सार्किनी, ने.का.प. २०४३ अंक ८ नि.नं. २८३६ पृ. ८४७)

जातक बच्चालाई यसले यसरी मार्‍यो भन्ने प्रतिवादीले उल्लेखसम्म पनि गर्न नसकेको तथा जातकको अस्वाभाविक मृत्यु भएको भन्ने पुष्टि भएको यस अवस्थामा प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान तथ्ययुक्त तरिकाबाट पुष्टि भएको मान्न नसकिने। व्यक्तिले साक्षी राखी कर्तव्य गर्ने भन्ने स्वाभाविक प्रक्रिया नहुने, यस्तो प्रत्यक्ष प्रमाण नभएका अवस्थामा परिस्थितिजन्य प्रमाणलाई राम्ररी छानबिन गरी निष्कर्षमा पुग्नु पर्ने। प्रत्यक्ष प्रमाणको अभाव छ भनी त्यसको लाभ अभियुक्त मात्रलाई दिने हो भने परिस्थितिजन्य प्रमाणको धारणा मृतप्रायः हुने स्थिति सिर्जना हुन जाने।

(श्री ५ को सरकार वि. ठूली भन्ने कान्छी तामाङ्ग, ने.का.प. २०४५ अंक ११ नि.नं. ३६५२ पृ. ११९६)

*जन्मिएको बच्चाको नाल काटी बाँध्नु पर्नेमा नबाँधेको कारणबाट रक्तश्राव भई बच्चाको मृत्यु हुन गएको भन्ने देखिँदा मार्ने नियतबाट त्यस प्रकारको क्रिया गरेको भन्ने मिसिल प्रमाणबाट नदेखिने, केवल होस नपुर्‍याई नाल बाँधी नदिएको कारणबाट जातक बच्चीको मृत्यु हुन गएको भन्ने देखिन आएको स्थितिमा श्री ५ को सरकारको पुनरावेदन जिकिरबमोजिम **ज्यानसम्बन्धीको १३(३)** अन्तर्गतको अपराध गरेको भन्न सकिने अवस्था नरहने।*

(श्री ५ को सरकार वि. चिनीमाया तामाङ्ग, ने.का.प. २०४६ अंक ३ नि.नं. ३७५६ पृ. २८७)

विवाहित लोग्नेबाहेकका परपुरुषसँगको अनुचित सम्बन्धबाट गर्भ रहन गई जन्मेको जातक बच्चालाई अरूले देखे थाहा पाए बेइज्जत हुन्छ भन्ने लागी लोकापवादबाट मुक्त हुन नवजात शिशुलाई कर्तव्य गरी मारेको भन्ने देखिँदा घटी सजायको लागि क्षेत्रीय अदालतले लगाएको राय मनासिब देखिँदा अपराध गर्दाको अवस्थाको विचारबाट समेत प्रतिवादीलाई ***ज्यानसम्बन्धीको १३(३) नं.*** *का ऐनबमोजिम सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिन आएकोले निज प्रतिवादीलाई* ***अ.बं. १८८ नं.*** *बमोजिम कैद वर्ष ५ पाँच मात्र सजाय हुने।*

(श्री ५ सरकार वि. पुतली मगर्नी, ने.का.प. २०४७ अंक १० नि.नं. ४२११ पृ. ६५२)

परपुरुषसँगको सहवासबाट गर्भ रहन गई जातक जन्मेको र अभियुक्त हात खुट्टा नचल्ने कुंजी भएको तथा लोकापवादबाट समेत बच्नसम्म कर्तव्य गरी मारेको भन्ने देखिँदा पूर्व योजना बनाई रिसइवी समेतको कारणबाट कर्तव्य गरी मारेको भन्ने देखिंदैन तसर्थ घटी सजायको लागि राय लगाएको मनासिब देखिँदा अपराध गर्दाको अवस्थामा समेतको विचारबाट यस्तो स्थितिमा अभियुक्तलाई ***ज्यान सम्बन्धीको १३९३० नं.*** *का ऐनबमोजिम सर्वश्व सहित जन्मकैद गर्दा चर्को पर्ने देखिन आएको हुँदा अभियुक्तलाई* ***अ.बं. १८८ नं.*** *बमोजिम कैद वर्ष १४ चौध मात्र हुने।*

(श्री ५ को सरकार वि. हनुमाया घर्तिनी, ने.का.प. २०४७ अंक ९ नि.नं. ४२०४ पृ. ६२८)

जन्मेको जातक मारी गाडेको देखिन आएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३०) बमोजिम जन्मकैदको सजाय गर्ने ठहऱ्याएको सुरू तथा अञ्चल अदालतको इन्साफ सदर गरेको क्षेत्रीय अदालतको फैसला मनासिब देखिने।

(श्री ५ को सरकार वि. मनकुमारी गुरुङ्ग, ने.का.प. २०४७ अंक ६ नि.नं. ४१५८ पृ. ४७४)

नोटः गर्भपतनसम्बन्धी छुट्टै कानून बनाउन निर्देशन

लक्ष्मीदेवी धिक्त समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको २०६३ सालको रिट नं. ०७५७ मा मिति २०६६।२।६ मा सर्वोच्च अदालतले आदेश गर्दै देहायको व्यवस्था गर्न निर्देशनात्मक आदेश जारी गरेको छ :

- गर्भपतनसम्बन्धी छुट्टै विस्तृत ऐन बनाउने,
- गर्भपतन सेवालाई विस्तार र विकेन्द्रीकरण गर्नुपर्ने ताकि सुरक्षित एवम् कानूनी गर्भपतनमा सबैको पहुँच पुगोस्,
- सरकारद्वारा कोषको निर्माण गरियोस् ताकि गर्भपतन सेवाबापत लाग्ने सेवा शुल्क तिर्न नसक्ने गरि-ब असहाय महिलाले सो सेवा प्राप्त गर्न सकून्,
- सरकारद्वारा गर्भपतनसम्बन्धी अधिकारको बारेमा राष्ट्रव्यापी सचेतना कार्यक्रम सञ्चालन गर्ने।

३.९ मानव बेचबिखन तथा ओसारपसार/जिउ मास्ने बेच्ने

१. परिचय

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा सरकारवादी फौजदारी मुद्दा हो। यो सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची १ मा समावेश भएको मुद्दा हो। यस मुद्दामा सामान्य कार्यविधिको प्रयोग गरिन्छ।

मुलुकी ऐनमा जिउ मास्ने बेच्नेसम्बन्धी महलको ब्यवस्था गरी कसुर र सजायको ब्यवस्था गरिएको थियो। पछि विशेष ऐनकोरूपमा **जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३** जारी गरियो। सो ऐनलाई प्रतिस्थापन गर्दै हाल **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४** जारी गरिएको छ। मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनर्स्थापना गर्ने सम्बन्धमा कानूनी ब्यवस्था गर्न यो ऐन बनेको देखिन्छ।

२. विशेषता

मानव बेचबिखनसम्बन्धी मुद्दाको कारवाही र किनारा बन्द इजलासबाट गरिनेछ। त्यस्तो बन्द इजलासमा मुद्दाको कारवाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन्।

मानव बेचबिखनसम्बन्धी मुद्दा निरन्तर सुनुवाइ हुने मुद्दाको सूचीमा पर्दछ। **(जिल्ला अदालत (बाह्रौ संशोधन) नियमावली, २०७३ को दफा २३ग)**

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा नैतिक पतन देखिने प्रकृतिको कसुरकोरूपमा पनि रहेको छ। तर सो प्रयोजनका लागि सरकारी वकिलले अभियोग दाबीमा सो कुरा उल्लेख गर्नुपर्ने हुन्छ। मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा वारेण्ट जारी हुने मुद्दा हो। **(अ.वं. ९४ नं.)**

मानव बेचबिखनसम्बन्धी मुद्दामा म्याद थप गर्दा विचार गर्नुपर्ने कुराहरू

- पीडितको बयान प्रमाणित भएको छ, छैन ? प्रमाणित भएको भए बयानमा के कस्ता कुराहरू खुलाएको अवस्था छ ?
- अभियुक्तको स्वास्थ्य परीक्षण भएको छ, छैन ?
- कानून व्यवसायीसँगको भेटघाटको सुविधा
- हिरासतको अवस्था (कहिले पक्राउ परेको हो ? ...)
- अभियुक्तको बयान भएको छ, छैन ?
- अभियुक्तको शारीरिक परीक्षण गराइ पाउँ भन्ने दाबी रहको छ, छैन ?

३. कानूनी ब्यवस्था

क. बहिर्क्षेत्रीय अधिकार

यो ऐनले बहिर्क्षेत्रीय अधिकारक्षेत्रको ब्यवस्था गरेको छ। यो ऐन नेपालभर लागू हुनेछ र नेपालबाहिर

बसी नेपाली नागरिक विरूद्ध यो ऐनबमोजिमको कसुर गर्ने जुनसुकै व्यक्तिको हकमा पनि लागू हुने ब्यवस्था गरिएको छ। **(दफा १ (३)**

ख. कसुर र अनुसन्धान सम्बन्धी ब्यवस्था

दफा ३. मानव बेचबिखन र ओसारपसार गर्न नहुने : (१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिनेछ।
दफा ४. मानव बेचबिखन र ओसारपसार गरेको मानिने : (१) कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछ :—

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
(ग) प्रचलित कानून बमोजिमबाहेक मानिसको अङ्ग झिक्ने,
(घ) वेश्यागमन गर्ने।

(३) कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ :-

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने।

ग. उजुरकर्ताको नाम गोप्य राखिने

मानव बेचबिखनसम्बन्धी कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्ने र त्यस्तो उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन अनुरोध गरेमा निजको नाम गोप्य राख्नु पर्ने ब्यवस्था ऐनले गरेको छ। **(दफा ५)**

घ. बयान प्रमाणित गराउने

बयान प्रमाणित गराउने : (१) दफा ५ बमोजिमको उजुर पीडित आफैले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ। **(दफा ६)**

(२) प्रहरी कार्यालयले उपदफा (१) बमोजिम बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसँग सम्बन्धित कसुरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भए सोही बेहोरा र भनेबमोजिम नभएमा के कति फरक छ सो बेहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ।

पीडितको बयान प्रमाणित गर्दा अपनाउनु पर्ने प्रक्रिया

- पीडितको बयान अनुसन्धान अधिकृतसमक्ष भएको हुन्छ। सो बयानसहित सो बयान प्रमाणित गर्नका लागि पीडितलाई नजिकको जिल्ला अदालतमा उपस्थित गराइएको हुन्छ।
- अदालतले सो बयानमा लेखिएको बेहोरा पीडितलाई सुनाई निजले भनेबमोजिम लेखिएको रहेछ भने सो बयानमा सनाखतसमेत गराई जिल्ला न्यायाधीशले प्रमाणित गरिदिनु पर्दछ। सो बयानसँग सम्बन्धित कसुरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भएपनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले कानूनबमोजिम प्रमाणित गरिदिनु पर्दछ। त्यसरी प्रमाणित गर्दा बयानको शिर पुछारमा समेत थप्न नपाउने गरी दस्तखत गरिदिनु पर्दछ।
- बयान प्रमाणित भएपछि सोको अभिलेख छुट्टै अभिलेख किताबमा राख्नु पर्दछ र न्यायाधीशले सो किताबमा समेत प्रमाणित गरिदिनु पर्दछ।
- प्रमाणित भएको बयानको एक प्रति नक्कल अदालतले अभिलेखका लागि सुरक्षित राख्नु पर्दछ।

प्रतिपादित सिद्धान्त

मुद्दा हेर्ने न्यायाधीशसमक्ष गरेको प्रमाणित बयानलाई दबाव र प्रभावमा भए गरेको मान्ने हो भने न्याय प्रणाली नै निष्फल हुने अवस्था रहन्छ। मुद्दाको न्याय निरूपण गर्ने न्यायाधीशसमक्ष भएको त्यस्तो प्रमाणित बयान नै स्वतन्त्रतापूर्वक नभएको भन्ने अविश्वसनीय कथनलाई स्वीकार गर्न नसकिने। ...जाहेरवाला पीडित Hostlie हुन सक्ने महसुस गरी अदालतबाटै पीडितको बयान प्रमाणित गराउनु पर्ने कानूनी प्रावधान विधायिकाद्वारा राखिएको र सोबमोजिम नै प्रमाणितसमेत भएको बयान बेहोरालाई पछि आएर होइन भनीदिएको भरमा प्रमाण ग्राह्य नहुने भन्न नहुने।... पीडितहरूले पछिल्लो समयमा अदालतमा बकपत्र गर्दा दिएको अभिव्यक्ति जे भएपनि सोभन्दा अघि निजहरूको उद्धार गरी गरेको कागज एवम् अदालतमा समेत उपस्थित भई प्रमाणित गरिदिएको बयान कागजको मान्यतालाई नै शून्य हुने गरी पछिल्लो समयमा अदालतमा गरेको बकपत्रको अभिव्यक्ति ग्राह्य एवम् विश्वसनीय मान्न नसकिने। ... फौजदारी अपराधमा अभियुक्तले अपराध गरेको हो कि होइन भन्ने वस्तुगत तथ्य र सबुत प्रमाणहरूको आधारमा निर्णय गर्ने कुरा भएकोले अपराधीलाई बचाउ गर्ने नियतले प्रमाणित बयानलाई अन्यथा भनी Hostile भई पीडितले बकपत्र गर्दैमा अपराध छिप्न नसक्ने।

(श्याम भन्ने रुपबहादुर क्षेत्री वि. नेपाल सरकार, ने.का.प. २०६८ अंक १२ नि.नं. ८७३२ पृ. २०२४)

कुनै महिलाले आफूलाई कसैले बेच्यो भनी जाहेरी दिई सोहीअनुरूप बयान प्रमाणित गराएकै भरमा निजको सो कथनलाई समर्थन गर्ने अन्य प्रमाण भए नभएतर्फ नहेरिने हो भने ***जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३*** *को दफा ७ को कानूनी प्रावधानको दुरुपयोग हुन सक्ने भएकाले उक्त दफा ७ को प्रावधानलाई एकतर्फीरूपमा पीडित भनी जाहेरी दिने वा बयान प्रमाणित गराउनेको सन्दर्भमा मात्र नहेरी अपराध घटे नघटेको, आरोपित प्रतिवादीले अपराध गरेको प्रमाण रहे नरहेको, प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण दिन सके नसकेको समग्र वस्तुतर्फ अदालतको ध्यान जानुपर्ने।*

(नेपाल सरकार वि. रविन्द्र सिलवाल, ने.का.प. २०६६ अंक २ नि.नं. ८०७३ पृ. २२७)

मूलतः पीडितको मौकाको प्रमाणित बयानलाई मिसिल संलग्न अन्य प्रमाणहरूले सिलसिलाबद्धरूपमा समर्थित गरेको अवस्थामा जिउमास्ने बेच्ने मुद्दाकी पीडितले अदालतमा उपस्थित भई बकपत्र नगरेको कारणले मात्रै सो घटना नभएको र त्यसमा संलग्न प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने भन्ने हुँदैन। जिउ मास्ने बेच्ने जस्तो गम्भीर प्रकृतिको मुद्दामा पीडित व्यक्तिले मौकामा गरेको बयान प्रमाणित गराउनु पर्ने कानूनी व्यवस्थाको खास प्रयोजन र महत्त्व हुन्। सो कुरालाई नजरअन्दाज गरी केवल पीडितको बकपत्रलाई मात्र कसुर स्थापित गर्ने प्रमाणकोरूपमा हेरिनुपर्छ भन्ने सूत्रवत् मान्यता राख्नु न्यायोचित् र विवेकसम्मत् हुन सक्तैन किनभने जिउ मास्ने बेच्ने जस्तो गम्भीर प्रकृतिको कसुर जसमा सामान्यतः महिला नै पीडितकोरूपमा रहेका हुन्छन्, त्यस्तो कसुर कुनै एउटा व्यक्तिले मात्र चाहेर वा एउटा व्यक्तिको मात्र संलग्नताले पुरा हुने होइन। यस्तो कसुरमा एकभन्दा बढी व्यक्ति संलग्न रहने हुँदा यो एउटा संगठित अपराध अन्तर्गत पर्ने कसुर हो। यस्तो कसुरबाट पीडित महिला जहिलेसुकै पनि सो कसुरमा संलग्न प्रतिवादीहरूको सामूहिक सञ्जालमा संलग्न कुनै पनि व्यक्तिको वा कसुरदारहरूको सामूहिक निसाना वा डर, त्रास, धम्की र वा प्रलोभनमा पर्ने सम्भावना रहिरहन्छ। फलस्वरूप यस्ता प्रकृतिका कसुरमा संलग्न कसुरदारहरूले पीडित महिला वा निजका घर परिवारका सदस्य समेतलाई अनावश्यक प्रलोभन दबाब वा डर धाक, धम्की दिई पीडितलाई अदालतमा बकपत्र गर्न जान नसक्ने अवस्था सिर्जना गर्ने वा प्रतिकूल साक्षी (Hostile Witness) को रूपमा बकपत्र गर्न बाध्य पार्ने सम्भावना हुन्छ। यही यथार्थलाई मनन गरीकन नै प्रचलित ***मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४*** *को दफा ६(२) मा पीडितको मौकाको बयान मुद्दा हेर्ने अदालतबाट प्रमाणित गराई राख्ने गरी छुट्टै विशेष व्यवस्था गरिएको देखिन्छ। तदनुरूप अदालतबाट एकपटक कानूनबमोजिम प्रमाणित भइ रहेको पीडितको बयान अन्य प्रमाणहरूबाट खण्डन नभएसम्म सोकसुर स्थापित गर्ने एउटा आधारभूत एवम् अकाट्य प्रमाणकोरूपमा ग्राहय हुन आउँछ। त्यसकारण प्रस्तुत विवादमा पीडितको बकपत्र नभएको भन्ने जिकिरबाट मात्रै निजको अदालतबाट प्रमाणित बयानलाई प्रमाणमा लिन नमिल्ने भनी यी प्रतिवादीको निर्दोषिता पुष्टि हुन सक्तैन।*

(तेजबहादुर रानामगर वि. नेपाल सरकार, ने.का.प. २०६९, अंक ४ निर्णय नं. ८८०४)

मौकामा जिल्ला न्यायाधीशसमक्ष प्रमाणित बयानमा उल्लेख गरेको कुरालाई मिसिलबाट देखिएको परिस्थिति र प्रमाणबाट समर्थित भएको खण्डमा महत्त्वहीन र निष्प्रभावीरूपमा लिन नमिल्ने ... अदालतमा पीडितको भनाइ प्रमाणित भएपछि निजले अदालतमा बकपत्र गर्दा अन्यथा भन्नुले खास असर पार्ने हुँदैन। मौकामा प्रमाणित भएको त्यस्तो भनाइलाई मिसिलबाट देखिएको परिस्थिति र अन्य प्रमाणबाट समर्थित भएको खण्डमा प्रमाणमा लिनुपर्ने ... मिसिल संलग्न प्रमाण एवम् मिसिल संलग्न तथ्यले देखाएको परिस्थितिले प्रतिवादीउपरको अभियोग पुष्टि हुने अवस्था निःसन्देहात्मकरूपमा देखापर्दछ भने अदालतमा प्रमाणकोरूपमा पेस गरिएको व्यक्तिले प्रतिकूल भनाइ राखे पनि फौजदारी न्यायको उद्देश्यलाई अनदेखा गरी निर्णय गरिन नहुने।

(कमलादेवी चौलागाईको जाहेरीले नेपाल सरकार वि. प्रत्यर्थी खेमराज पाण्डे समेत, ने.का.प. २०६६ अंक ६ निर्णय नं. ८१६६)

ङ. प्रमाणको भार

सो ऐनको दफा ९ मा प्रमाणको भारसम्बन्धी विशेष ब्यवस्था गरिएको छ :

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ। **(दफा ९)**

प्रतिपादित सिद्धान्त

पीडितको मौकाको बयानलाई कसुर प्रमाणित गर्ने मुख्य प्रमाणकोरूपमा लिएको भन्ने सम्बन्धमा विचार गर्दा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ अनुसार मानव बेचबिखन तथा ओसारपसारको कार्य कठोर दायित्वभित्रको अपराध हो। यस्तो अपराधमा प्रमाणको भार प्रतिवादीमा रही शंकाको सुविधान अभियुक्तले नपाउने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसारको कार्य गर्न पीडितलाई निज बसिरहेको घर वा स्थानबाट अन्यत्र लगेको होइन भन्ने कुराको वस्तुनिष्ठ प्रमाण निजहरूले नै पुऱ्याउन सक्नु पर्ने हुन्छ तर त्यस्तो प्रमाण प्रतिवादीहरूको तर्फबाट पेस हुन सकेको पाइँदैन। पीडितको मौकाको बयानलाई अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूको भनाइसमेतका अन्य स्वतन्त्र प्रमाणबाट समेत प्रतिवादीहरूले गरेको अभियोग दाबी बमोजिमको कसुर पुष्टि भइरहेको देखिन्छ। तसर्थ प्रतिवादीहरूको तर्फबाट बहसको क्रममा पीडित अदालतमा बकपत्रका लागि उपस्थित नभएको हुँदा मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष भएको पीडितको बयानलाई मुख्य प्रमाणकोरूपमा लिएकोले सो गर्न नमिल्ने भन्ने बहस जिकिरसँगसमेत सहमत हुन सकिएन।

(लोकबहादुर सार्की समेत वि. ख कुमारीको जाहेरीले नेपाल सरकार, मानव बेचबिखन, जबरजस्ती करणी र बालविवाहसम्बन्धी मुद्दा, २०६७ CR १२८८)

च. पीडितले छुट्टै कानून व्यवसायी राख्न सक्ने

यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ। **(दफा १०)**

छ. दोभाषेको ब्यवस्था

यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, सांकेतिक भाषाविज्ञ वा अनुवादक राख्न सक्नेछ। त्यसरी दोभाषे, सांकेतिक भाषा विज्ञ, वा अनुवादक राख्दा लागेको रकममध्ये तोकिएबमोजिमको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्नेछ। **(दफा ११)**

ज. पीडित साक्षीलाई सुरक्षाको व्यवस्था तथा दैनिक भ्रमण भत्ता

ऐनको दफा २६ को संशोधित व्यवस्था अनुसार उजुरकर्ताले प्रहरीमा उजुर गरेका कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रुपमा गरेको बकपत्र वा महिला मानव अधिकार रक्षाको लागि खटिएका अधिकारकर्मीले पीडितलाई कुनै सहयोग उपलब्ध गराएको आधारमा प्रतिशोधात्मक कारबाहीमा पर्नसक्ने कारण देखाई सुरक्षाको लागि प्रहरी कार्यालयमा अनुरोध गरेमा प्रहरीले निम्नलिखित सुरक्षाको व्यवस्था गरिदिनुपर्नेछ।

(क) मुद्दाको कारबाहीका सिलसिलामा अड्डा अदालत आउँदा जाँदा सुरक्षा दिने।

(ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने

(ग) केन्द्रमा राख्ने

झ. पीडितलाई सजायबाट उन्मुक्ति

सजाय नहुने : आफूलाई किन्न, बेच्न, वा बेश्यावृत्तिमा लगाउन लागेको, लगेको, किनेको, बेचेको वा बेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नुपर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्कन वा भाग्न मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोरजुलुम गरेमा, ज्यान लिन लागेमा वा जबरजस्ती करणी गर्न खोजेमा बल प्रयोग नगरे त्यस्तो बाधा विरोध वा जोरजुलुमबाट वा पक्राउबाट भाग्न, उम्कन, ज्यान जोगाउन वा आफूलाई जबरजस्ती करणीबाट बचाउन नसक्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने, जोर जुलुम गर्ने, ज्यान लिन खोज्ने वा जबरजस्ती करणी गर्न खोज्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन। **(दफा १६)**

ञ. क्षतिपूर्ति

अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफीकको क्षतिपूर्ति भराइदिनु पर्नेछ। (दफा १७)

लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ ले ऐनको दफा १७ को उपदफा (१क) थप गरी कसुरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसुरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले पुनर्स्थापना कोषबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ। सोबमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिएबमोजिम निजको नाबालक छोरा छोरीलाई र त्यस्ता छोरा छोरी नभएमा निजमा आश्रित बाबु आमालाई दिइनेछ। पीडितको नाबालक छोरा छोरी वा आश्रित बाबु आमा नभएमा त्यस्तो क्षतिपूर्तिको रकम पुनर्स्थापना कोषमा जम्मा गर्नुपर्नेछ।

ट. सम्पत्ति जफत गर्नुपर्ने

कसैले यस ऐनअन्तर्गतको कसुरबाट कुनै चल–अचल सम्पत्ति प्राप्त गरेको रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुने ब्यवस्था गरिएको छ। कसैले यस ऐनअन्तर्गतको कसुर मानिने कार्य गर्न वा गराउनको लागि आफ्नो घर, जग्गा वा सवारी साधन जानी–जानी प्रयोग गरेको वा प्रयोग गर्न दिएको प्रमाणित भएमा त्यस्तो घर, जग्गा वा सवारी साधन जफत हुनेछ। **(दफा १८)**

ठ. पुरस्कारको ब्यवस्था

(१) यस ऐनअन्तर्गत कसुर मानिने कुनै कार्य गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना कसैले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई दफा १५ बमोजिम भएको जरिवानाको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरूप दफा १४ बमोजिमको पुनर्स्थापन कोषबाट प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्ति एक जनाभन्दा बढी भएमा निजहरूलाई त्यस्तो रकम दामासाहीको दरले दिइनेछ। **(दफा १९)**

ड. सजायमा छुट दिन सकिने

दफा २१. सजायको माग दाबीमा छुट : (१) यस ऐनबमोजिमको कसुर गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसुर स्वीकार गरी सो कसुरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुर्‍याएको र निजले पहिलो पटक कसुर गरेको रहेछ भने त्यस्तो कसुरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा पच्चीस प्रतिशतसम्म सजाय छुट दिन सक्नेछ। तर, निजले गरेको सहयोग अन्य सबुत प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकिललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजउपर पुनः मुद्दा दायर गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा यस दफाबमोजिम सजायको मागदाबीमा छुट दिन सकिने छैन :-

(क) मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन,

(ख) बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा,
(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेको।

ढ. नैतिक पतन देखिने

दाबी गर्न सक्ने : यस ऐनबमोजिमको कसुरमा अदालतमा मुद्दा दर्ता गर्दाका बखत सम्बन्धित सरकारी वकिलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसुर गरेको हो भनी दाबी लिन सक्नेछ।(दफा २२)

ण. बन्द इजलासबाट सुनुवाइ हुने

बन्द इजलासमा कारबाही हुने : (१) यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिनेछ।

(२) बन्द इजलासमा कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन्। **(दफा २७)**

४. थुनछेक/आदेश

क. अभियुक्तलाई थुनामा राखी कारबाही गर्नुपर्ने

ऐनको दफा ८ ले मानव बेचबिखनसम्बन्धी मुद्दामा थुनछेकको आदेशका लागि विशेष ब्यवस्था गरेको छ।

निम्नलिखित कसूर सम्बन्धी मुद्दामा कारबाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले कसूर गरेको भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी कारबाही गर्नुपर्नेछ।

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने
(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने
(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने

उल्लिखित ब्यवस्था लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ बाट गरिएको संशोधित ब्यवस्था हो।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जारी हुँदा सो ऐनको दफा ८ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) बाहेक सो दफाका अन्य कसुरसम्बन्धी मुद्दामा कारबाही गर्दा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नुपर्नेछ भन्ने ब्यवस्था गरिएको थियो। सो ब्यवस्था संविधानसँग बाझिएको भनी अधिवक्ता कमलेश द्विवेदीले दिएको निवेदनबाट उक्त ब्यवस्थाको न्यायिक पुनरावलोकन गर्दै सर्वोच्च अदालतले सो ब्यवस्थालाई अमान्य र बदर गरेको थियो। **(अधिवक्ता कमलेश द्विवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, विषय : उत्प्रेषण समेत। रिट नं. ०६४—WO—००२७, आदेश मिति : २०६६।३।११)** सो आदेशमा भनीएको छ :

ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) बाहेक सो दफाका अन्य कसुरसम्बन्धी मुद्दामा अभियोग लगाई मुद्दा दर्ता गरिएको अवस्थामा अभियोग लागेका अभियुक्तलाई थुनामा राखी कारवाही गर्नुपर्ने अनिवार्य कानूनी ब्यवस्था रहेको देखिन आयो। अभियोग लागी दर्ता भएका मुद्दामा मुद्दा हेर्ने अधिकारीसमक्ष पेस भएको अवस्थामा अनुसन्धानको त्रुटि, कानूनको प्रयोगमा त्रुटि, अधिकारक्षेत्रात्मक त्रुटि, प्रमाण मूल्याङ्कनबाट कसुरदार हो भन्न नसकिने र नमिल्ने आदि अवस्थाहरू देखिन सक्दछन्। प्रमाणबाट कसुरदार नदेखिने, क्षेत्राधिकारको अभाव, प्रत्यक्ष कानूनी त्रुटि रहेको अवस्थामा समेत थुनामा राखी कारवाही गर्नुपर्ने बाध्यात्मक ब्यवस्था गरी न्यायपूर्ण विकल्प खोज्ने अधिकार अदालतलाई दिएको छैन। यदि यसरी अभियुक्तलाई मुद्दा चलाएपछि थुनामा राखेरै कारवाही गर्नुपर्ने र त्यसको न्यायपूर्ण विकल्प मुद्दा हेर्ने अधिकारीले खोज्नै नपाउने हो भने अभियोगपत्रका साथ अभियुक्तलाई अदालत समक्ष पेस गर्ने, अभियुक्तलाई सफाईको मौका दिने, कानून व्यवसायीहरूद्वारा बहस गरिने र त्यस क्रममा असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराई निजको समेत प्रतिनिधित्व सुनिश्चित गरिनेलगायतका स्वच्छ सुनुवाइका प्रक्रियाहरू अवलम्बन गर्नुको औचित्य रहँदैन। त्यस्तो अवस्थामा न्याय र न्यायका सर्वमान्य सिद्धान्त सबै ओझेलमा पर्न जान्छन्।... मुद्दाको कारवाहीको सिलसिलामा प्रमाण वा अन्य कुराबाट थुनामा नै नबस्नु पर्नेमा पनि थुनामा राखी कारवाही गर्दा त्यसरी थुनामा रहने व्यक्तिको वैयक्तिक स्वतन्त्रता पनि स्वाभाविकरूपमा निलम्बनमा रहन्छ। ... न्यायिक अधिकारीले न्यायपूर्ण कारवाही अगाडि बढाउन मौका नदिई थुनामा राखी कारवाही गर्न बाध्य तुल्याउने गरी गरिएको कानूनी ब्यवस्थाले मुद्दा हेर्ने अधिकारीलाई न्यायिक मनको प्रयोगमा ताला लगाई अधिकार शून्यको स्थितिमा पुर्‍याउँछ र वैयक्तिक स्वतन्त्रताको हक र स्वच्छ सुनुवाइको हकको सम्मान सम्भव हुँदैन। यति मात्र होइन स्वतन्त्र न्यायपालिकासम्बन्धी आधारभूत मान्यताहरू समाप्त हुन जान्छ। ... अभियोगपत्र, अभियोगपत्रका साथ पेस भएका प्रमाणहरू, अभियुक्तको बयान र दुवै पक्षका कानून व्यावसायीहरूको बहस जिकिरलगायतका तत्काल प्राप्त प्रमाणहरूको अध्ययन एवम् मूल्याङ्कन गर्ने र त्यस्तो अध्ययन र मूल्याङ्कनका आधारमा अभियोगका सम्बन्धमा कुन प्रक्रियाअन्तर्गत कारवाही अघि बढाउने भन्ने निर्णयमा पुग्ने मुद्दा हेर्ने अधिकारीको अधिकारलाई निष्कृयः र निःस्तेज पार्ने दफा ८ को प्रावधान धारा २४ द्वारा प्रदत्त न्यायसम्बन्धी हक अनुकूल र न्यायका मान्य सिद्धान्तसँग मेल खाने प्रकृतिको समेत देखिएन। ... अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गर्ने र मुद्दाको सुनुवाइ हुने तर मुद्दा हेर्ने अधिकारीले थुनछेक सम्बन्धमा न्यायिक मन एवम् विवेक प्रयोग गर्ने अवस्था नदिने कार्य कानूनी राज्यको पक्षपोषण नभई उपहास मात्र हुन्छ। तसर्थ दफा ८ ले मुद्दा दायर हुनासाथ प्रमाणबाट कसुरदार नदेखिने अवस्थामा समेत अभियुक्तलाई थुनामा नै राख्नु पर्ने ब्यवस्थालाई संविधान एवम् न्यायको मान्य सिद्धान्त अनुकूलको मान्न सकिएन। ... **अ.वं. ११८** को ब्यवस्था सो ऐन अन्तर्गतको मुद्दाको थुनछेकमा पनि पर्याप्त देखिन्छ। अतः धारा २४ को उपधारा (५), (९) द्वारा प्रदत्त हक एवम् न्यायका मान्य सिद्धान्तसमेतको प्रतिकूल हुँदा आजैको मितिबाट दफा ८ लाई अमान्य र बदर घोषित गरिदिएको छ।

सर्वोच्च अदालतको सो आदेशपश्चात् उक्त कानूनी ब्यवस्था संशोधन गरी माथि उल्लेख गरिएअनुसारको ब्यवस्था गरिएको हो।

(लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, नेपाल राजपत्र २०७२।६।१४ मा प्रकाशित भएको छ।)

५. सजाय सम्बन्धी कानूनी ब्यवस्था

दफा १५. दण्ड सजाय : (१) दफा ३ बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुनेछ :—

कसुर	दण्ड सजाय
(क) मानिस किन्ने वा बेच्नेलाई	बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना,
(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्राअनुसार	दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना,
(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई	दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना,
(घ) वेश्यागमन गर्नेलाई	एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना।
(ङ) किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई, विदेश लैजानेलाई	दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिवाना,
नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई	दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिवाना।
(क) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई	एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,
(ख) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई	सात वर्षदेखि दश वर्षसम्म कैद,
(ग) मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरुत्साहन, षडयन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई	सो कसुर गर्दा हुने सजायको आधा सजाय।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराका हकमा देहायबमोजिम हुनेछ :— (क) किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचेबापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाएबापत	छुट्टाछुट्टै सजाय,
(ख) किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचेबापत र त्यस्तो कसुर गरेबापत	छुट्टाछुट्टै सजाय,
(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम छुटाइ लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाई लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेबापत	छुट्टाछुट्टै सजाय।
(३) दफा ३ बमोजिमको कसुर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसुर गरेबापत हुने सजायको अतिरिक्त सो सजायको	पच्चीस प्रतिशत थप सजाय हुनेछ।
(४) कसैले दफा ३ बमोजिमको कसुर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनको हाडनाता करणीको महलबमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त सो सजायको	दश प्रतिशत थप सजाय हुनेछ।
(५) कसैले दफा ३ बमोजिमको कसुर पुनः गरेमा प्रत्येक पटक कसुर गरेबापत सो कसुर गरेमा हुने सजायको	एक चौथाई थप सजाय हुनेछ।

(६) दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई	तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ।

उजुर गर्ने व्यक्ति आफैले एकपटक दिएको बयान बिपरित पुर्पक्षको क्रममा बयान दिएमा (Hostile), सत्य तथ्य ढाँटेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद सजाय हुने व्यवस्था संशोधित ऐनको दफा १५(६) ले गरेको छ।

प्रतिपादित सिद्धान्त

*जाहेरवाला (पीडित) ले प्रतिवादीले ललाई फकाई बम्बैको वेश्यालयमा बेची आएको भन्नेसमेत मौकामा गरि दिएको बयान तथा सो बयान प्रमाणित भई अदालतमा गरिदिएको बकपत्र समेतका कागज प्रमाणबाट सो कुरालाई थप समर्थन गरी दिएको अवस्था र सो ऐनको दफा ७ बमोजिम पीडितको बयान झुठ्ठा हो र बेचबिखन वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको होइन भन्ने कुराको युक्तियुक्त प्रमाण प्रतिवादीले पुऱ्याउन सकेको नदेखिएको समेतका अवस्थालाई आधार बनाई पुनरावेदक प्रतिवादी पासाङ दावा तामाङ (लोप्चन) ले **जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३** को दफा ४(क) को कसुरमा ऐ. दफा ८/१ अनुसार कैद वर्ष १० (दश) गर्ने गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०५५।५।१६ को इन्साफ मिलेकै देखिँदा सदर हुने।*

(पासाङदावा तामाङ वि. श्री ५ को सरकार, ने.का.प. २०५८ अंक ३/४ नि.नं. ६९९२ पृ. १८८)

*ऐनमा प्रयोग भएको बहिर्क्षेत्रीय शब्दले राज्यको भौगोलिक **सीमा (Territory)** मात्र नसमेटी राज्यको सीमाबाहिर पनि **जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३** को कसुरलाई स्पष्टरूपमा समेटेकाले नेपालको कानूनविपरीतको अपराधमा विदेशमा विदेशी अदालतले नेपालको कानूनबमोजिम सजाय दिने अवस्था रहंदैन। भारतीय दण्ड संहिता नेपाल अधिराज्यभित्र लागू हुने नेपालको कानून नभएको हुँदा भारतमा भारतीय कानूनबमोजिम कारवाही चलेको अवस्थालाई नेपालको कानूनबमोजिम कारवाही चलेको भन्न नमिल्ने।*

(रामप्रसाद सिटौला वि. नेपाल सरकार २०६६ दोस्रो भाग क्रम संख्या ८ पृ. ७४)

पीडित कलिलो उमेरकी बालिका भएको, प्रतिवादीको भाँडा माझी जीवन गुजारा गर्नुपर्ने अवस्थाको देखिएको र पीडित यौन क्रियाकलापमा संलग्न भएको थाहा छ भनी प्रतिवादीले आफ्नो जानकारीलाई स्वीकार गरेको देखिन्छ। यस स्थितिबाट पीडित यौन क्रियाकलापमा संलग्न भएको कुरामा बिवाद देखिन्न। जहाँसम्म प्रतिवादीले बेश्यावृत्तिमा संलग्न गराएको हो वा होइन भन्ने कुरा छ, सो सम्बन्धमा पीडित जाहेरवालीले बेश्यावृत्तिको सिलसिलामा ग्राहकबाट रकम प्रतिवादीले लिने गरेको बेश्यावृत्ति होटलभित्र वा बाहिर पठाई गराउने भनेको, होटलमा आएको व्यक्तिसँग यौन सम्पर्क गराएको कारणबाट गर्भवतीसमेत भएको जिकिर लिएकोबाट पीडित निरन्तर यौनजन्य हिंसा र शोषणबाट पीडित भएको देखिन आएको छ। बेश्यावृत्तिको कार्यमा लगाई गरिने शोषणको कार्य कामको प्रकृतिले नै गोप्य प्रकृतिको हुने भई सार्वजनिकरूपमा प्रकाश पर्ने खालको हुँदैन। त्यसैले अन्य प्रत्यक्ष साक्षीहरूबाट जाहेरवालीको भनाई पुष्टि हुन पर्छ भन्ने कसुरको प्रकृतिसँग मिल्दो हुँदैन। पीडितको उमेर र अवस्था, तथा प्रतिवादीसँगको सम्बन्धको स्तरबाट पीडितले पूर्वाग्रह लिई प्रतिवादी उपर नभएको कुराको आरोप लगाएको भन्ने निष्कर्षमा आउन पर्ने अवस्था मिसिलबाट देखिन आउँदैन। यस्तो स्थितिमा पीडितको भनाइलाई विश्वास गर्नु नपर्ने कारण देखिन्न। यस्तो प्रकृतिको कसुरमा कति सबुत आवश्यक छ भनी परिमाणात्मक रूपले किटान गर्न सकिने कुरा नभई मिसिलको तथ्यबाट आरोपित कार्यको आधारभूत तथ्य स्थापित छ वा छैन ? पीडितको भनाई र आरोप बीच तादात्म्य छ छैन, पीडितको विश्वासनीय मान्न सकिने आधार छ वा छैन ? भन्ने आधारमा तार्किक निश्कर्षमा पुगि निर्णय गर्नुपर्ने अवस्था रहन्छ। ... उपरोक्त उल्लेख भएझैं पीडितले आफू प्रतिवादीको होटलमा कार्य गरी सो अवस्थामा यौन शोषण गरिएको भनेको, पीडितले प्रतिवादीको होटलमा काम गरेको कुरा स्थापित देखिएको, यौन सम्बन्धको कारण पीडित गर्भवती भएको कुरा प्रतिवादीले थाहा पाएको स्वीकारै गरेको देखिएको र आफू यौन शोषित भएको तथ्य सविस्तार वर्णन गरी अदालतमासमेत पीडितले बकपत्र गरेकोबाट सो भनाई अखण्डित देखिन आउँछ। अर्कोतिर प्रतिवादीले निजउपर पीडितले झुठ्ठा पोल लगाउने कारण सप्रमाण पुष्टि गर्न नसकेको देखिन्छ। प्रतिवादीले पीडितले कुनै कारणले झुठ्ठा पोल उजुर गरेको भन्छ भने सो पुष्टि गर्ने प्रतिवादीको दायित्व हुन्छ। यस अवस्थामा अभियोग पत्र बमोजिमको कार्य प्रतिवादीले गरेको सिद्ध भएको ठहर गरी सुरूको इन्साफ सदर गर्ने गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६१।८।६ को फैसला मिलेकै देखिँदा सदर हुन्छ।

(माया पुन वि. प्रिया राईको जाहेरीले नेपाल सरकार, फैसला मिति : २०६३ साल मार्ग २० गते)

प्रतिवादी माइली तामाङ्गले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रहेपनि सो इन्कारीलाई साक्षी सबुत पेस गरी प्रमाणित गर्न सकेको मिसिलबाट देखिंदैन। जाहेरवालीले प्रतिवादीउपर किटानी जाहेरी दिई सोहीअनुसार निजले गरेको किटानी बयान जिल्ला अदालतबाटसमेत प्रमाणित भई सकेको छ। चुनावको रिसईवीले जाहेरवालीले आफूलाई पोलेको भनी प्रतिवादीले जिकिर लिए तापनि सो कुरा मिसिलबाट तथ्ययुक्तरूपमा प्रमाणित भएको पाइँदैन। चुनावी कारणले मात्र भारतमा लगी वेश्यावृतिमा लगाएको भन्ने जस्तो गम्भीर कसुरमा जहेरवालीले यी प्रतिवादी माइली तामाङलाई पोलेको होला

भनी विश्वास गर्न सकिने मनासिब आधारसमेत देखिएको छैन्। पीडितले घटना विवरणलाई सिलसिलाबद्धरूपमा खुलाई किटानीसाथ वेश्यावृतिमा लगाएको भनी लेखाईदिएपछि सो बेहोराअनुसार आफूले वेश्यावृतिमा लगाएको होइन भनी ***जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३*** *को दफा ७ बमोजिम प्रतिवादीले प्रमाणित गर्न सक्नु पर्नेमा सोअनुसार आफ्नो निर्दोषिता प्रमाणित गर्न सकेको पाइँदैन। पीडित जाहेरवाली आफू बम्बैबाट अन्य व्यक्तिको सहयोगमा काठमाडौं फर्की आउन सफल भएकी भनी लेखाएको तथा निज बम्बैमा भएको भनीएको अवधिमा नेपालमै रहे बसेको थिइन भन्ने प्रमाणसमेत मिसिलबाट देखिँदैन। जाहेरवाली याङजी घलेले अदालतसमक्ष आई बकपत्र गर्दा आफ्नो मौकाको जाहेरी बेहोरा र अदालतबाट प्रमाणित बयान प्रतिकूल हुने गरी बकपत्र गरेकी भए तापनि त्यसरी Hostile हुँदा देखाइएको आधार पत्यार लायक देखिँदैन्। चुनावको रिसइवीले प्रतिवादीलाई फसाउनकै लागि जाहेरी बेहोरामासमेत सही गरेकी भन्ने निज पीडितको अदालतको बकपत्र विश्वासनीय देखिँदैन। मौकैमा जाहेरवालीले गरेको प्रमाणित बयान प्रतिकूल हुने गरी लामो समयपछि बकपत्र गरेकै आधारमा निजको मौकाको प्रमाणित बयान प्रमाण लिन मिल्दैन भन्ने हुँदैन। विधायिकाले जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ मा नै पीडितका मौकाको भनाई अदालतबाट प्रमाणित हुने ब्यवस्था गरेको परीप्रेक्ष्यमा सोलाई प्रमाण ग्राह्य बनाउन नै हो। भरपर्दो प्रमाणकोरूपमा ग्राह्य बनाउन नै पीडितको बयान मौकैमा अदालतबाट प्रमाणित गरिने ब्यवस्था गरिएको हो भनी मान्नु पर्ने हुन्छ, सो उद्देश्य नभए विधायिकाले उक्त ब्यवस्था गर्नुको प्रयोजन नै देखिँदैन। यस अदालत संयुक्त इजलासबाट सम्वत् २०५७ सालको फौ.पु.नं. २३५४ पुनरावेदक बमबहादुर थापा वि. नेपाल सरकार भएको जिउ मास्नेबेच्ने मुद्दा तथा संवत २०६० सालको फौ.पु. नं. ३३२४ को अपसिरा वदेनी वि. नेपाल सरकार भएको जिउ मास्नेबेच्ने मुद्दामा पीडितले आफ्नो प्रमाणित बयान प्रतिकूल Hostile हुने बकपत्र गरे तापनि अदालतबाट प्रमाणित बयानलाई नै आधार लिएर प्रतिवादीलाई कसुरदार ठहराइएको पाइन्छ। प्रस्तुत मुद्दामा ती मुद्दाहरूमा स्थापित सिद्धान्तसँग असहमत हुनु पर्ने अवस्था देखिँदैन। तसर्थ जाहेरवालीले Hostile बकपत्र गरेकै आधारमा प्रतिवादी माइली तामाङ्ग निर्दोष रहेकी भनी मान्न सकिएन। निज प्रतिवादीले अभियोग दाबी अनुसार पीडित याङजी घलेलाई बम्बै लगी वेश्यावृत्तिमा लगाएको प्रमाणित हुन आयो। ... अब प्रतिवादी इमान सिं भन्ने मानबहादुरको सम्बन्धमा विचार गर्दा निज प्रतिवादीले अदालतसमक्ष बयान गर्दा कसुरमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ। मिसिल प्रमाणबाट निज प्रतिवादीले अभियोग दाबी अनुसारको कसुर गरेको भनी तथ्ययुक्त तवरले प्रमाणित हुन सकेको देखिंदैन। शंकाकै आधारमा जिउ मास्नेबेच्ने जस्तो गम्भीर अपराधको कसुरदार कायम गर्नु फौजदारी न्याय सिद्धान्त अनुरूप हुँदैन। तसर्थ पुनरावेदन अदालत पाटनले निज प्रतिवादीलाई अभियोग दाबीबाट सफाई दिएको फैसला मिलेकै देखिन्छ।*

(याङजी घलेको जाहेरीले नेपाल सरकार वि. राममती भन्ने माईली तामाङ्ग, र इमान सिंह तामाङ्ग भन्ने मानबहादुर, फैसला मिति : २०६४ साल बैशाख ३१ गते)

एकपटक चिन्दै नचिनेको नाता सम्बन्ध नै नपर्ने भनी बयान गर्ने प्रतिवादीले अर्को पटक श्रीमती भएको अरूले झुक्याएर बिक्री गरेको भन्ने जस्ता तथ्य व्यक्त गर्नुले निजको भनाइमा विश्वसनीयता नदेखिई भई आपराधिक मनसाय रहेको कुरा स्पष्ट हुन्छ। आफ्नी श्रीमतीलाई अरू कसैले बेचिदिएको भए लोग्ने जस्तो नाताको व्यक्तिले कानूनी कारवाही चलाउन पर्नेमा सो समेत नगरी चुप लागि बस्नु स्वाभाविक नभएकोबाट समेत निज कसुरदार होइन भन्न मिल्ने अवस्था रहेन। ... जिउ मास्ने बेच्नेसम्बन्धी कसुर निरपेक्ष दायित्व (Absolute Liability) अन्तर्गतको गम्भीर अपराध हो। जाहेरवालालगायतका तत्काल बुझिएका व्यक्तिहरूले अदालतमा बकपत्रसमेत गरी प्रतिवादीमा कसुर प्रमाणित गरिदिएको अवस्थामा त्यसको प्रतिकूल जिकिर लिने पक्षले अनिवार्यत प्रमाण प्रस्तुत गर्नुपर्नेमा बयान गर्दासमेत कुनै साक्षी प्रमाण राखेको देखिँदैन। अनुसन्धानको क्रममा भएको बयान निजको स्वेच्छाविरूद्धको भन्ने तथ्यसमेत स्थापित हुन सकेको देखिदैन। वैवाहिक सम्बन्ध जस्तो पवित्र सम्बन्ध कायम राखी एक अबोध महिलालाई दिल्ली घुम्न जाने भनी बहाना बनाई भारतमा लगी मालवस्तु जस्तो प्रक्रियाबाट बेचिदिने कार्यलाई अमानवीय, क्रूर प्रकृतिको रहेकोमा कुनै विवाद छैन। ... महिलाहरूको मानवीय संवेदनशीलताको रक्षा गर्न बनेको ***जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३*** *ले असुरक्षित वर्गलाई सुरक्षा प्रदान गर्ने उद्देश्य राखेको छ। यस्तो संवेदनशील विषयलाई समाजले गम्भीरतापूर्वक लिएको हुन्छ। अदालतलेसमेत सोहीबमोजिमको दृष्टिकोण राख्नु पर्ने हुन्छ। कसुर गरेको होइन भनी कोरा इन्कारीलाई विश्वास गर्न सकिने हुँदैन।*

(धुम्वे गोम्बु तामाङ्ग वि. नेपाल सरकार, फैसला मिति : २०६५ साल असोज १ गते)

महिला उपर हुने यौन शोषणमा अन्य फौजदारी अपराधमा जस्तो प्रत्यक्षदर्शी प्रमाण नहुन सक्छ। पीडित व्यक्ति र पीडितको शारिरीक परीक्षण प्रतिवेदन नै प्रमुख प्रमाण हुने। नारीहरूलाई वेश्यावृत्तिमा लगाउनु जघन्य अपराध हो। यसप्रकारको वेश्यावृत्तीमा लगाउने अपराधलाई हाम्रो नेपाल कानूनले मात्र होइन अन्तराष्ट्रिय रुपमा पनि यसलाई गंम्भीरताका साथ लिइएको पाइने। महिलाहरूको हक संरक्षण गर्ने त्यस्तो कानूनी व्यवस्थाको अक्षर र भावना (Letter and spirit) लाई मनन गरेर ऐनको व्याख्या गर्नुपर्ने।

(सुरेश लामा समेत वि. श्री ५ को सरकार, जिउ मास्ने बेच्ने, ने.का.प. २०६२ अंक ७ नि.नं. ७५७१ पृ. १३७ फैसला मितिः२०६२/०७/०२)

प्रहरीमा भएको साबिती जबरजस्ती भएको भने पनि सो कुरालाई साबित गर्न यथेष्ट प्रमाण पेस गर्न सकेको नपाइदा जबरजस्ती सहीछाप गराइएको भनी मौखिक जिकिरलाई प्रमाणकोरूपमा ग्राह्य मान्नु कानूनसम्मत नहुने। प्रतिवादीले जाहेरवालीलाई भारतको बम्बैमा लगी बिक्री गरेको होइन भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, जाहेरवालीको किटानी जाहेरी तथा अदालतबाट जाहेरवालीको प्रमाणित बयान र पीडितको बयानलाई प्रहरीमा कागज गर्ने बालकुमारी चापागाईसमेतको अदालतमा भएको बकपत्रबाट पुष्टि भएको र सो पीडितको अदालत समक्ष भएको प्रमाणित बयानलाई ***जिउ***

मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ *को दफा ७९२० बमोजिम उक्त कुरालाई झुठ्ठा हो भनी प्रतिवादीहरूले सबुत प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिँदा केवल पुनरावेदन जिकिर दिँदैमा प्रतिवादीहरू निर्दोष छन् भनी अनुमान गर्ने अवस्था नरहने।*

(भीमबहादुर परियार वि. श्री ५ को सरकार, ने.का.प. २०६० अंक ९/१० नि.नं. ७२८२ पृ. ८२३)

प्रतिवादीहरू रामशरण पुडासैनी तथा कृष्णप्रसाद पुडासैनीले पार्वती राना मगरसँग मिली भारतको वम्बै पुर्‍याई बिक्री गरी फर्केका र बिक्री भएको ठाउँबाट भाग्न सफल भई भारतीय प्रहरीहरूको सहयोगमा नेपाल आएका भनी पीडित पक्ष इन्द्रकला श्रेष्ठ तथा शारदा थापा मगरको किटानी जाहेरी परेको देखिन्छ। उक्त जाहेरी दरखास्त तथा अनुसन्धान अधिकारीसमक्ष निजहरूले गरेको बयान अदालतबाट प्रमाणित भएको छ। ***जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३*** *को दफा ६(२) बमोजिम पीडित पक्षको अदालतद्वारा प्रमाणित भएका बयानमा उल्लिखित कुरा झुठ्ठा हो भनी खण्डन गर्ने तथा स्वास्नी मानिसलाई बेचबिखन गर्न लगेको होइन भनी प्रमाण पुर्‍याउनु पर्ने भार उक्त ऐनको दफा ७ बमोजिम प्रतिवादी पक्षमा रहेको पाइन्छ। तर सोबमोजिम प्रतिवादीहरूले गर्न सकेको पाइँदैन। जाहेरवालीहरूसँग यी प्रतिवादीको रिसइवी भई सोही रिसइवीका आधारमा जाहेरी दिएको भन्ने तथ्य पनि मिसिलबाट देखिएको छैन। प्रतिवादीहरू प्रहरीमा कागज गर्दा जाहेरवालीहरूलाई बम्बैमा लगी बिक्री गरेकोमा साबित भएका छन्। अदालतमा बयान गर्दा प्रतिवादी कृष्णप्रसाद कसुरमा इन्कार रहे पनि शारदा थापा मगरलाई श्रीमती तुल्याई भारतको भिवन्डी भन्ने ठाउँमा लगेको कुरामा साबित छन्। सो ठाउँमा आफूले शारदा थापालाई किन एक्लै छोडी आए सोको उपयुक्त कारण एवम् आधार निजले खुलाउन सकेको पाइँदैन। जेठी स्वास्नीसँग झगडा भएकोले फर्की आई सोही रिसइवीले जाहेरी दिएको हो भनी प्रतिवादी कृष्णप्रसादले बयान गरेको पाइयो। तर सो कुरा तथ्यसाथ पुष्टि भएको छैन। तसर्थ पीडित पक्षको जाहेरी र सो जाहेरीका समर्थन हुने गरी अदालतसमक्ष भएको प्रमाणित बयानलाई प्रतिवादीले अन्यथा प्रमाणित गर्न नसकेको र प्रतिवादीहरूको प्रहरीसमक्षको बयान उल्लिखित आधारबाट पुष्टि भइरहेकोले अन्यथा भन्न सकिने अवस्था नहुँदा पुनरावेदक प्रतिवादी कृष्णप्रसाद पुडासैनी तथा रामशरण पुडासैनीलाई* ***जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३*** *को दफा ८(१) बमोजिम कैद वर्ष १५ (पन्ध्र) गर्ने गरेको सुरू चितवन जिल्ला अदालतको फैसला सदर गरेको श्री पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको देखिँदा सदर हुने।*

(कृष्णप्रसाद पुडासैनीसमेत वि. श्री ५ को सरकार, ने.का.प. २०५४ अंक ९ नि.नं. ६४३७ पृ. ५०३)

अभियुक्तहरूउपरको आरोप, जाहेरवालाको जाहेरी र बकपत्र बाहेक अन्य संकलित प्रमाणबाट पुष्टि हुन सकेको नपाइँदा केवल जाहेरी दरखास्तकै आधारमा जिउ मास्ने बेच्ने जस्तो गम्भीर अपराधमा अभियुक्तलाई दोषी ठहर गर्न कानून संगत नहुने।

(श्री ५ को सरकार वि. सलिम मिया, ने.का.प. २०४६ अंक १० नि.नं. ३९५८ पृ. १०१९)

प्रमाण ऐन, २०३१ *को दफा २५ ले कसुर प्रमाणित गर्ने भार वादीको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ जिउ मास्ने बेच्ने कार्यलाई नियन्त्रण गर्न बनेको जिउ मास्ने बेच्ने (कार्य नियन्त्रण) ऐन, २०४३ को दफा ७(२) अनुसार निर्दोषिताको प्रमाण पनि यिनै प्रतिवादीले पुऱ्याउनु पर्ने हुन्छ भने यस अलावा* ***प्रमाण ऐन, २०३१*** *को दफा २७ अनुसार सजाय हुन नपर्ने कुराको प्रमाण पनि यिनै प्रतिवादीले पुऱ्याउनु पर्ने कानूनी व्यवस्था रहेकोमा यी प्रतिवादी डालु भन्ने बाटुली लामाले आफ्नो साक्षी सबुत प्रमाण केही दिन सकेको पाइँदैन। केवल इन्कारीकै भरमा आरोपित कसुर यी प्रतिवादीले गरिनन् होला भनी सम्झन नमिल्ने।*

(नेपाल सरकार वि. प्रेमकुमारी थापा मगर समेत, ने.का.प. २०५४ अंक ११ नि.नं. ६४७० पृ. ६५१)

३.१० बोक्सी

परिचय

- बोक्सी नेपाली समाजमा रहेको अन्धविश्वासको जगमा उभिएको विकृत धारणा हो।
- यसबाट बढी मात्रामा महिला पीडित हुनु परेको अवस्था देखिएको छ।
- समाजमा गडेर बसेको यो धारणालाई मेटाउन र बोक्सीको आरोप लगाएर व्यक्ति विशेषलाई प्रताडित गर्ने क्रियालाई दण्डनीय बनाउनु पर्ने आवश्यकताबोध गरी सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भएपछि केही **नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३** द्वारा मुलुकी ऐन, अदलको महलमा यससम्बन्धी कानूनी व्यवस्था थप गरिएको थियो।
- कुनै व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमले यातना दिने जस्तो अमानवीय कार्यलाई दण्डनीय बनाई सामाजिक कुरीति तथा अन्धविश्वासकोरूपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने उद्देश्यले विशेष कानूनकारूपमा **बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७१** तर्जुमा गरिएको छ। यो ऐनले बोक्सीको आरोप र बोक्सीको आरोपसम्बन्धी कसुरको परिभाषा गरेको छ। यसले पीडितको संरक्षणसम्बन्धी ब्यवस्था, अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिने ब्यवस्था, पीडकलाई सजाय र पीडितलाई क्षतिपूर्तिसमेतको ब्यवस्था गरेको छ।
- सामाजिक कुरीति र अन्ध विश्वासमा आधारित कसुरकोरूपमा बोक्सीसम्बन्धी कसुर रहेको छ। कसले कुन प्रकृतिको आरोप लगाएको हो (बोक्सीको आरोप लगाएको, गाली बेइज्जती गरेको, परिवारको सदस्यप्रति अपमानजनक व्यवहार गरेको, सामाजिक बहिष्कार गरेको, बसोबास गरेको ठाउँबाट निकाला गरेको), कुन मितिमा त्यस्तो कसुर भएको हो, माग गरेको उपचार के हो (कैद, जरिवाना, अन्तरिम संरक्षणात्मक आदेश, सुरक्षाको ब्यवस्था, उपचार गर्नुपर्ने अवस्थामा पीडकबाट उपचार खर्च भराउने कुरा) भन्नेसमेतका विषय अभियोगपत्रमा खुलाउनु पर्दछ।
- फीरादमा उल्लेख भएका विषयवस्तुमा आधारित भई प्रमाण बुझ्ने कुरा निर्धारण गर्नुपर्दछ।
- अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिने हुँदा देहाय बमोजिमको आदेश गर्न सकिन्छः आवश्यकतानुसार मनोपरामर्शको ब्यवस्था, उपचारको ब्यवस्था, पीडित स्वयम् र परिवारको सुरक्षाको ब्यवस्था, पीडित स्वयम् र परिवारको पुनर्स्थापनाको ब्यवस्था गर्नुपर्ने ब्यवस्था छ। **बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७१ को दफा १०**
- उपचार गराएको अवस्था भए उपचारको रकम पीडकले बेहोर्नु पर्ने गरी ब्यवस्था गरिनु पर्दछ।
- पीडितलाई क्षतिपूर्ति भराउन सकिने हुँदा त्यसरी भराइएको क्षतिपूर्ति सहज रूपमा भरिभराउ हुने ब्यवस्था गरिनु पर्दछ।
- अदालतले तोकेको दिनमा वादी प्रतिवादीले समेत साक्षी गवाह पेस गर्नुपर्ने हुँदा प्रारम्भिक सुनुवाइकै क्रममा सम्बन्धित पक्षसँग समन्वय गरी दिन तोक्नु पर्दछ र त्यसरी साक्षी परीक्षण गरेपश्चात् थप प्रमाण परीक्षण गर्न आवश्यक नभए तत्कालै निर्णय गर्नसमेत सकिन्छ।

२. विशेषता

बोक्सीको आरोप सम्बन्धी मुद्दा **जिल्ला अदालत (बाह्रौं संशोधन) नियमावली, २०७३** को दफा २३ग अन्तर्गत समावेश भईसकेको अवस्था नरहे पनि अदालतमा अभियोगपत्र पेस भएपछि लगातार प्रमाण परीक्षण गरी शिघ्र न्याय निरुपण गरिनु उपयुक्त हुन्छ।

- यो मुद्दा सुनुवाइ गर्दा बन्द इजलासमा कायम गरिनु उपयुक्त हुन्छ।

३. कानूनी व्यवस्था

क. बोक्सीको आरोपसम्बन्धी कसुर

देहायको कार्य गरेमा बोक्सीको आरोप सम्बन्धी कसुर गरेको मानिन्छ :

- बोक्सीको आरोप लगाउने,
- बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने,
- बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने,
- बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने,
- बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने,
- धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने,
- बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाँउमा घुमाउने वा कुनै किसिमले क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने, **(दफा ३)**
- उल्लिखित कुनै कार्य गर्न उद्योग गर्ने, त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने
- बोक्सीको आरोपमा अंगभंग गर्ने,
- बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानि नोक्सानी गर्ने।

ख. उजुरी र कारबाही तथा पीडितको संरक्षण

- कुनै ठाँउमा बोक्सीको आरोपसम्बन्धी कसुर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सोसम्बन्धी विवरण खुलाई यथासक्य छिटो सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ। त्यसरी लिखित जाहेरी दरखास्त दिन ल्याएमा तुरुन्तै र मौखिक रूपमा सूचना दिएकोमा प्रहरी कार्यालयले निजको कुरा दरखास्तकोरूपमा लेखी निजको सहीछाप गराई दर्ता गर्नुपर्नेछ।त्यसरी दरखास्त वा सूचना प्राप्त हुन आएमा प्रहरी कार्यालयले चौबीस घण्टाभित्र पीडकलाई झिकाई वा पक्राउ गरी प्रचलित कानूनबमोजिम अनुसन्धान तथा तहकिकात गर्नुपर्नेछ।

- पीडितलाई तत्काल मनोविमर्श सेवा उपलब्ध गराउन आवश्यक देखिएमा प्रहरी कार्यालयले सम्बन्धित विज्ञद्वारा निजलाई मनोविमर्श सेवा उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ।
- प्राप्त भएको दरखास्त वा सूचना उपर प्रारम्भिक रूपमा छानबिन गर्दा पीडित, निजको परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयले तत्काल सुरक्षाको समुचित व्यवस्था मिलाउनु पर्नेछ। **(दफा ४, ५ र ६)**

ग. कारबाहीसम्बन्धी विशेष व्यवस्था

- तत्काल प्राप्त प्रमाणबाट अभियुक्त बोक्सीको आरोपसम्बन्धी कसुरको कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा अदालतले प्रतिवादीलाई थुनामा राखी कारबाही गर्नुपर्नेछ। **(दफा ८)**
- पीडितले चाहेमा बोक्सीको आरोप सम्बन्धी कसुरसँग सम्बन्धित मुद्दाको प्रतिरक्षा गर्न छुट्टै कानून व्यवसायी राख्न सक्नेछ। **(दफा ९)**

घ. अन्तरिम संरक्षणात्मक आदेश (दफा १०)

१. अदालतले मुद्दाको कारबाहीको क्रममा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा मुद्दाको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहायबमोजिम गर्न आदेश जारी गर्न सक्नेछ :

- पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,
- गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,
- पीडित बसेको ठाउँ, बाटोघाटो वा कार्यालयमा गई, कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,
- पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कार्य गर्न वा गराउन।

२. मुद्दाको कारबाहीको क्रममा पीडितको परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई संरक्षण दिन आवश्यक देखेमा अदालतले त्यस्तो व्यक्तिको संरक्षणको लागि उपयुक्त आदेश जारी गर्न सक्नेछ।

ङ. पीडितलाई क्षतिपूर्ति भराउन सकिने

बोक्सीको आरोप सम्बन्धी कसुरको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडकको आर्थिक हैसियतसमेतलाई विचार गरी अदालतले पीडकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनेछ।

पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो क्षतिपूर्ति उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा अदालतले उपयुक्त ठहर्‍याए बमोजिमको रकम नेपाल सरकारले व्यहोर्ने गरी आदेश गर्न सक्नेछ। **(दफा १२)**

च. उपचारको रकम पीडकले बेहोर्नु पर्ने

- पीडित शारीरिक वा मानसिकरूपमा अशक्त भएको कारणले अस्पताल वा स्वास्थ्य केन्द्रमा उपचार गराउनु परेमा निजलाई उपचार गराउँदा लागेको र कुरुवा राख्दा भएको सम्पूर्ण खर्च पीडकले बेहोर्नु पर्नेछ।
- तर पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च तथा कुरुवा खर्च व्यहोर्न नसकी पीडित आफैले वा प्रहरी कार्यालयबाट त्यस्तो रकम खर्च गरेको भए पीडित वा प्रहरी कार्यालयले त्यस्तो रकम प्रचलित कानूनबमोजिम स्थापना भएको लैङ्गिक हिंसा निवारण कोषबाट सोधभर्ना लिन सक्नेछ। **(दफा १३)**

छ. मुद्दाको सुनुवाइ बन्द इजलासमा गरिने

- पीडितले माग गरेमा बोक्सीको आरोपसम्बन्धी कसुर मानिने मुद्दाको सुनुवाइ बन्द इजलासबाट गरिने। **(दफा १८)**

ज. संस्थागत ब्यवस्था

- पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने ब्यवस्था गर्नुपर्ने देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको सेवा केन्द्रमा राख्ने ब्यवस्था गर्नुपर्ने,
- त्यसरी सेवा केन्द्रमा रहेको पीडितलाई सेवा केन्द्रले आवश्यकता अनुसार कानूनी सहायता, मनोविमर्श वा मनोवैज्ञानिक सेवा वा आर्थिक सहायता उपलब्ध गराउन सक्ने **(दफा १४)**

४. हदम्याद

बोक्सीको आरोपसम्बन्धी कसुर भए गरेको मितिले नब्बे दिनभित्र जाहेरी दरखास्त वा सूचना दिनु पर्नेछ। **(दफा १७)**

५. विशेष ध्यान दिनु पर्ने कुराहरू

- बोक्सीको आरोप सम्बन्धी मुद्दालाई **सरकारी मुद्दासम्बन्धी ऐन, २०४९** को अनुसूची १ भित्र समावेश गरिएको हुँदा सरकारवादी फौजदारी मुद्दाकारूपमा यसको अनुसन्धान प्रहरीद्वारा हुन्छ र सरकारी वकिलले अभियोजन गर्दछन्।
- वारदात भए पछि नजिकको प्रहरी कार्यालयमा यथासक्य छिटो अपराधको सूचना दिने **(सरकारी मुद्दासम्बन्धी ऐन, २०४९** को दफा (३) र अदालतमा अभियोगपत्र दायर भएपछि वादी पक्षको साक्षीकारूपमा अदालतमा उपस्थित भई बकपत्र गर्नुपर्ने जिम्मेवारी पीडित पक्षमा रहन्छ।

६. सजायसम्बन्धी कानूनी ब्यवस्था (दफा ११)

बोक्सीको आरोप लगाएमा	छ महिना देखि दुई वर्षसम्म कैद र पाँच हजारदेखि बीस हजार रुपैंयाँसम्म जरिवाना हुने।
बोक्सीको आरोपमा गाली बेइज्जती गरेमा वा बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गरेमा	एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजारदेखि तीस हजार रुपैंयाँसम्म जरिवाना हुने
बोक्सीको आरोपमा सामाजिक बहिष्कार गरेमा वा बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गरेमा	दुई वर्षदेखि पाँच वर्षसम्म कैद र बीस हजारदेखि पचास हजार रुपैंयाँसम्म जरिवाना हुने।
धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाएमा	तीन वर्षदेखि सात वर्षसम्म कैद र तीस हजारदेखि पचहत्तर हजार रुपैंयाँसम्म जरिवाना हुने।
बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्य गरेमा	पाँच वर्षदेखि आठ वर्षसम्म कैद र पचास हजारदेखि एकलाख रुपैंयाँसम्म जरिवाना हुने।
बोक्सीको आरोपमा अंगभंग गरेमा	प्रचलित कानूनबमोजिम हुने सजायमा थप दश प्रतिशत सजाय हुने।
माथि उल्लिखित कार्य गर्न उद्योग गरेमा, त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिएमा वा सो कार्य गर्न मद्दत गरेमा	मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने।
माथि उल्लिखित कुनै कार्य गर्ने वा बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गरे वा गराएमा	छ महिनादेखि दुई वर्षसम्म कैद र पाँच हजारदेखि बीस हजार रुपैंयाँसम्म जरिवाना हुने।
कसैले आफ्नो संरक्षण वा अभिभावकत्वमा रहेको व्यक्ति विरूद्ध बोक्सीको आरोपसम्बन्धी कसुर गरेमा वा सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले बोक्सीको आरोपसम्बन्धी कसुर गरेमा	माथि उल्लेख गरिएको सजायमा पच्चीस प्रतिशत थप सजाय हुने।

कसैले बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानि नोक्सानी गरी क्षति पुर्‍याएमा	छ महिनादेखि दुई वर्षसम्म कैद र पाँच हजारदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुने। सो क्षति बराबरको रकम पीडकबाट पीडितलाई भराई दिनुपर्ने।
अदालतबाट जारी भएको अन्तरिम संरक्षणात्मक आदेश पालन नगरेमा वा कसैले बोक्सीको आरोप सम्बन्धी कसुरको अनुसन्धान तथा तहकिकातसम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा	तीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनादेखि नौ महिनासम्म कैद वा दुवै सजाय हुन सक्ने।

७. साविक कानूनी ब्यवस्था

कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोपमा निजलाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने, सामाजिक बहिष्कार गर्ने वा अन्य कुनै अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने काम गरेमा वा कुनै रोग लागेको व्यक्तिलाई त्यस्तो रोग लागेको कारणबाट तिरस्कार वा अमानवीय वा अपमानजनक व्यवहार गरी निजलाई बसोबास गरेको ठाउँबाट निकाला गरेमा तीन महिनादेखि दुई वर्षसम्म कैद वा पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। **(मुलुकी ऐन, अदलको महलको १०ख नं.)**

मुलुकी ऐनमा अदलको महलमा गरिएको यससम्बन्धी ब्यवस्थाले बोक्सीको आरोप सम्बन्धी मुद्दालाई **सरकारी मुद्दासम्बन्धी ऐन, २०४९** को **अनुसूची १** भित्र नपारी पीडित पक्ष स्वयम्ले नै दुनियावादी फौजदारी मुद्दाकारूपमा फीरादपत्र लिई अदालत प्रवेश गर्नुपर्ने बाध्यता रहेको थियो।

बोक्सीको आरोपसम्बन्धी मुद्दामा सोसम्बन्धी कार्य भए गरेको मितिले पैंतीस दिनभित्र अदालतमा नालिस दिनु पर्ने ब्यवस्था अदलको महलमा गरेको थियो।

नोटः २०६३ साल अघिसम्म यससम्बन्धी कानूनी ब्यवस्थाको अभावमा बोक्सीको आरोप लगाउने कार्य दण्डनीय थिएन, जसलाई दण्डनीय बनाउनु पर्ने आवाज उठेको र २०६१ सालमा सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश समेत जारी भएपछि केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा मुलुकी ऐन अदलको महलको १०ख नं. मा यससम्बन्धी ब्यवस्था थप गरिएको पाइन्छ।

प्रतिपादित सिद्धान्त

बोक्सीको निराधार र अन्धविश्वासी आरोप लगाई कुनै पनि स्त्रीलाई नग्न पारी गाउँ घुमाउनु, गुहु घोली खुवाउनु जस्ता अति अमानुषिक व्यवहार गरी महिलाको अस्मिता, इज्जत, मान, प्रतिष्ठामा आघात पुऱ्याउने गरी गर्ने सम्पूर्ण क्रिया अपराधिक क्रियाकै श्रेणीभित्र पर्दछ। महिला वर्गमाथि बोक्सीको आरोप लगाई हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम, नियन्त्रण एवम् सजाय गर्ने प्रभावकारी ऐनको अभाव रहेकोले त्यस्तो प्रभावकारी ऐनको तर्जुमा गर्न तथा सामाजिक सचेतना अभिवृद्धि गरी रुढीवादी, अन्धविश्वास अज्ञानता हटाउने उद्देश्यले (Awareness Program) समेत सञ्चालन गर्न गराउन अपरिहार्य हुन गएकोले सो समेत गर्न श्री ५ को सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।

(रेश्मा थापासमेत वि. मन्त्रिपरिषद् सचिवालयसमेत (रिट नं. २८९१/२०५८), आदेश मितिः २०६१।४।२६, संयुक्त इजलास)

अनुसूचीहरू

अनुसूची १

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, १९७९

(नेपालले २२ अप्रिल १९९१ तद अनुसार ५ चैत २०४८ मा अनुमोदन गरेको)

यस महासन्धिका पक्ष राष्ट्रहरू,
संयुक्त राष्ट्र संघको बडापत्रले मौलिक मानव अधिकार, मानव मात्रको प्रतिष्ठा र मूल्य तथा पुरुष र महिलाको समान अधिकारप्रतिको विश्वासलाई पुनः पुष्टि गरेको कुरा उल्लेख गर्दै,

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले भेदभावको अग्राह्यताको सिद्धान्तलाई पुष्टि गरेको, सबै मानिसहरू स्वतन्त्र जन्मेका, प्रतिष्ठा र अधिकारमा समान भएका तथा प्रत्येक व्यक्तिलाई घोषणापत्रमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरू लिङ्गमा आधारित भेदभावलगायत कुनै पनि किसिमको भेदभाव विना उपभोग गर्न पाउने अधिकार भएको घोषणा गरेको कुरा उल्लेख गर्दै,

मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरूका पक्ष राष्ट्रहरूको सम्पूर्ण आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरू पुरुष र महिलाले समान रूपले उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्ने दायित्व रहेको कुरा उल्लेख गर्दै,

संयुक्त राष्ट्र संघ र विशिष्टीकृत निकायहरूको तत्वावधानअन्तर्गत सम्पन्न पुरुष र महिलाको अधिकारको समानतालाई प्रवर्द्धन गर्ने अन्तर्राष्ट्रिय महासन्धिहरूलाई विचार गर्दै,

संयुक्त राष्ट्र संघ र विशिष्टीकृत निकायहरूले पारित गरेका पुरुष र महिलाको अधिकारको समानतालाई प्रवर्द्धन गर्ने प्रस्ताव, घोषणापत्र र सिफारिसहरूसमेत उल्लेख गर्दै,

यी विभिन्न लिखतहरूको बाबजूद महिला विरूद्ध व्यापक भेदभाव अझै पनि कायम रहिरहेको कुरा प्रति चिन्तित हुँदै,

महिला विरूद्धको भेदभावले अधिकारहरूको समानताको सिद्धान्त र मानव प्रतिष्ठाप्रतिको सम्मानको उल्लंघन गर्ने, पुरुषसँग समानताको आधारमा आफ्नो मुलुकको राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक जीवनमा महिलाको सहभागितामा व्यवधान उत्पन्न गर्ने, समाज र परिवारको समुन्नतिको विकासमा अवरोध खडा गर्ने तथा आफ्नो देश र मानवताको सेवाको लागि महिलाको सामर्थ्यताको पूर्ण विकासलाई अझ बढी कठिन बनाउने कुरालाई पुन संस्मरण गर्दै,

गरीवीको अवस्थामा खाद्यान्न, स्वास्थ्य, शिक्षा, तालिम एवम् रोजगारीका अवसरहरूका साथै अन्य आवश्यकताहरूमा महिलाको न्यूनतम पहुँच रहेको कुराप्रति चिन्तित हुँदै,

समता र न्यायमा आधारित नयाँ अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको स्थापनाले पुरुष र महिलाबीचको समानता प्रवर्द्धन गर्नमा महत्त्वपूर्ण योगदान पुराउनेछ भन्ने कुरामा विश्वस्त भएर,

रंगभेद, सबै प्रकारका जातिवाद, जातिगत भेदभाव, उपनिवेशवाद, नव उपनिवेशवाद, अतिक्रमण, वैदेशिक कब्जा र आधिपत्य एवम् राष्ट्रहरूको आन्तरिक मामिलामा हस्तक्षेप जस्ता कुराको उन्मूलन पुरुष तथा महिलाको अधिकारको पूर्ण उपभोगको लागि अत्यावश्यक छ भन्ने कुरामा जोड दिँदै,

अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको सुदृढीकरण, अन्तर्राष्ट्रिय तनावको शिथीलता, जस्तोसुकै सामाजिक तथा आर्थिक व्यवस्था भएपनि राष्ट्रहरूबीचको आपसी सहयोग, सामान्य र पूर्ण निशस्त्रीकरण खासगरी कडा र प्रभावकारी अन्तर्राष्ट्रिय नियन्त्रण अन्तर्गत आणविक निशस्त्रीकरण, राष्ट्रहरूबीचको सम्बन्धमा न्याय, समानता र आपसी हितको सिद्धान्तको पुष्टि र वैदेशिक तथा औपनिवेशिक आधिपत्यमा रहेका र वैदेशिक कब्जामा रहेका जनताहरूको आत्मनिर्णयको अधिकार तथा स्वतन्त्रताको प्राप्तिका अतिरिक्त राष्ट्रिय सार्वभौमसत्ता एवम् क्षेत्रीय अखण्डताको सम्मानले सामाजिक उन्नति र विकासलाई प्रवर्द्धन गर्ने र फलतः यसले पुरुष र महिलाबीचमा पूर्ण समानताको प्राप्तिमा योगदान पुऱ्याउने छ भन्ने कुरालाई पुष्टि गर्दै,

कुनै पनि राष्ट्रको पूर्ण एवम् सर्वाङ्गीण विकास, विश्वको कल्याण र शान्तिका उद्देश्यका लागि पुरुषसरह सबै क्षेत्रहरूमा महिलाको अधिकतम सहभागिता आवश्यक पर्ने कुरामा विश्वस्त भएर, परिवारको कल्याण र समाजको विकासमा महिलाहरूको हालसम्म पूर्ण रूपमा स्वीकार नगरिएको ठूलो योगदान, मातृत्वको समाजिक महत्त्व तथा परिवारमा र बालबालिकाको पालनपोषणमा बाबुआमा दुवैको भूमिकाको विचार गर्दै र महिलाको सन्तानोत्पादनमा रहेको भूमिका भेदभावका लागि आधार हुनु हुँदैन तर बालबालिका हुर्काउने कार्यकालागि महिला तथा पुरुष र समग्र समाजबीच उत्तरदायित्वको हिस्सेदारी आवश्यक हुन्छ भन्ने कुरा दृष्टिगत गर्दै,

महिला र पुरुषबीच पूर्ण समानता प्राप्त गर्न समाजमा र परिवारमा हुने महिला तथा पुरुषहरूको परम्परागत भूमिकामा परिवर्तन आवश्यक भएको कुरामा सजग हुँदै, महिला विरूद्धको सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी घोषणापत्रमा उल्लिखित सिद्धान्तहरू कार्यान्वयन गर्न र सो प्रयोजनका लागि कुनै पनि प्रकार र प्रकृतिमा हुने त्यस्तो भेदभावको अन्त्य गर्न आवश्यक उपायहरू अवलम्बन गर्न कटिबद्ध भई, देहायका कुरामा सहमत भएका छन्।

भाग १

धारा १

यस महासन्धिको प्रयोजनको लागि, "महिला विरूद्धको भेदभाव" भन्नाले पुरुष र महिलाहरूको जस्तोसुकै वैवाहिक स्थिति भए तापनि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र अन्य कुनै

पनि क्षेत्रमा पुरुष र महिलाबीच समानताका आधारमा महिलाहरूद्वारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोग रद्द गर्ने वा त्यसमा आघात पार्ने प्रभाव वा उद्देश्य रहेको लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिबन्ध सम्झनुपर्छ।

धारा २

पक्ष राष्ट्रहरू महिला विरूद्धका सबै प्रकारका भेदभावलाई निन्दा गर्दै सबै उपयुक्त उपायहरू अपनाई र विना ढिलाई महिला विरूद्ध हुने भेदभाव उन्मूलन गर्ने नीति अवलम्बन गर्न मन्जुर गर्दछन् र यस उद्देश्यका लागि देहायका काम गर्न कबुल गर्दछन्।

१. पुरुष र महिलाबीचको समानताको सिद्धान्तलाई आफ्नो राष्ट्रिय संविधान वा अन्य उपयुक्त कानूनमा अझै समावेश गरि नसकिएको भए यस सिद्धान्तलाई त्यस्तो संविधान वा कानूनमा समावेश गर्ने तथा कानून र अन्य उपयुक्त माध्यमद्वारा यस सिद्धान्तको व्यावहारिक प्राप्ति सुनिश्चित गर्ने,
२. महिला विरूद्धको भेदभाव निषेध गर्ने कानूनी र अन्य उपायहरू एवम् उपयुक्त भएको अवस्थामा दण्ड सजायको ब्यवस्थासमेत अवलम्बन गर्ने,
३. पुरुष सरह समान आधारमा महिलाका अधिकारहरूको कानूनी संरक्षणको ब्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक संस्थाहरूमार्फत भेदभावको कुनै पनि कार्य विरूद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने,
४. महिला विरूद्धको भेदभावको कुनै पनि कार्य वा व्यवहारमा सरिक नभई अलग रहने तथा सार्वजनिक अधिकारी र संस्थाहरूले यस दायित्व अनुररूप कार्य गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्ने,
५. कुनै पनि व्यक्ति, संस्था वा उद्योगबाट हुने महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने,
६. महिला विरूद्धको भेदभाव सिर्जना गर्ने प्रचलित कानून, नियम, परम्परा तथा व्यवहारहरू परिवर्तन वा उन्मुलन गर्न कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने,
७. महिला विरूद्धको भेदभाव सिर्जना गर्ने सम्पूर्ण राष्ट्रिय दण्ड ब्यवस्थाहरू खारेज गर्ने।

धारा ३

पुरुषसरह महिलाहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रयोग तथा उपभोगको प्रत्याभूति दिने उद्देश्यका लागि महिलाको पूर्ण विकास र समुन्नति सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै क्षेत्र खासगरी राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रहरूमा कानूनी ब्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

धारा ४

१. पुरुष र महिलाबीचको वास्तविक समानतालाई तीव्र पार्ने उद्देश्यले पक्ष राष्ट्रहरूबाट ग्रहण गरिएका अस्थायी विशेष उपायहरूलाई प्रस्तुत महासन्धिले परिभाषा गरेबमोजिमको भेदभाव मानिने छैन।

तर परिणामस्वरूप यस्ता उपायहरूले कुनै पनि हालतमा असमान वा पृथक मापदण्डहरूलाई कायमै रहन दिनु हुँदैन। अवसर र व्यवहारको समानताको उद्देश्य हासिल भएपछि यी उपायहरूलाई निरन्तरता दिइने छैन।

२. मातृत्वको संरक्षण गर्ने उद्देश्यले पक्ष राष्ट्रहरूबाट ग्रहण गरिएका यस महासन्धिमा उल्लिखित उपायहरूलगायतका विशेष उपायहरूलाई भेदभावपूर्ण मानिने छैन।

धारा ५

पक्ष राष्ट्रहरूले देहायको प्रयोजनको लागि सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :

(क) कुनै एक लिङ्गको लघुता वा वरिष्ठताको धारणामा वा पुरुष र महिलाका लागि रुढिगत भूमिकामा आधारित दुराग्रह तथा परम्परागत एवम् अन्य सबै व्यवहारहरू उन्मूलन गर्ने उद्देश्यले पुरुष र महिलाको व्यबहारको सामाजिक तथा सांस्कृतिक ढाँचामा परिवर्तन गर्ने,

(ख) हर अवस्थामा बालबालिकाको हित नै प्राथमिक चासोको विषय भएको कुरा बुझ्दै पारिवारिक शिक्षाले सामाजिक कार्यको रूपमा मातृत्वको सम्बन्धमा उचित समझ र आफ्ना बालबालिकाको पालनपोषण र विकासमा पुरुष र महिलाको साझा उत्तरदायित्वको मान्यता समावेश गरेको सुनिश्चित गर्ने।

धारा ६

पक्ष राष्ट्रहरूले महिलाको सबै प्रकारको बेचबिखन तथा महिलाको वेश्यावृत्तिको शोषण दमन गर्न कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

भाग २

धारा ७

पक्ष राष्ट्रहरूले मुलुकको राजनीतिक र सामाजिक जीवनमा महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी, पुरुषसरह महिलाका लागि देहायका अधिकारहरू सुनिश्चित गर्नेछन्:

(क) सबै निर्वाचन र सार्वजनिक जनमतसंग्रहहरूमा मतदान गर्ने अधिकार र सार्वजनिक रूपमा निर्वाचन हुने निकायहरूमा निर्वाचनको लागि योग्य हुने अधिकार,

(ख) सरकारी नीतिको तर्जुमा र कार्यान्वयनमा सहभागी हुने तथा सार्वजनिक पद धारण गर्ने र सरकारका सबै तहहरूमा हुने सार्वजनिक कार्यहरू सम्पादन गर्ने अधिकार,

(ग) मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैर–सरकारी संघ संस्थाहरूमा भाग लिने अधिकार।

धारा ८

पक्ष राष्ट्रहरूले पुरुषसरह र कुनै भेदभाव विना अन्तर्राष्ट्रिय स्तरमा आफ्नो सरकारको प्रतिनिधित्व गर्ने र अन्तर्राष्ट्रिय संगठनहरूको कार्यमा सहभागी हुने अवसर महिलाको लागि सुनिश्चत गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

धारा ९

१. पक्ष राष्ट्रहरूले महिलालाई पुरुषसरह आफ्नो राष्ट्रियता प्राप्त गर्ने, कायम राख्ने वा परिवर्तन गर्ने समान अधिकार प्रदान गर्नेछन्। तिनीहरूले खासगरी विदेशीसँग विवाह गरेको कारणबाट वा विवाहको अवधिमा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणले पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने र निजलाई राष्ट्रियता विहीन नबनाइने वा पतिकै राष्ट्रियता लिन बाध्य नपारिने कुरा सुनिश्चित गर्नेछन्।

२. पक्ष राष्ट्रहरूले महिलालाई आफ्ना बालबालिकाको राष्ट्रियताको सम्बन्धमा पुरुषसरहको समान अधिकार प्रदान गर्नेछन्।

भाग ३

धारा १०

पक्ष राष्ट्रहरूले महिलालाई शिक्षाको क्षेत्रमा पुरुषसरहको समान अधिकार सुनिश्चित गर्ने र खासगरी, महिला र पुरुषको समानताको आधारमा देहायका कुराहरू सुनिश्चित गर्ने उद्देश्यले महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :

(क) वृत्ति तथा व्यावसायिक मार्गदर्शन, अध्ययनमा पहुँच र ग्रामीण तथा सहरी क्षेत्रमा अवस्थित सबै प्रकारका शिक्षण संस्थाहरूबाट उपाधि प्राप्त गर्नको लागि समान अवस्थाहरू यो समानता पूर्व विद्यालय, साधारण, प्राविधिक, व्यावसायिक तथा उच्च प्राविधिक शिक्षाका साथै सबै प्रकारका व्यावसायिक तालिमहरूका हकमा सुनिश्चित गरिनेछ,

(ख) समान पाठ्यक्रम, समान परीक्षा, समान मापदण्डको योग्यता भएका प्रशिक्षण कर्मचारी र विद्यालय परिसर तथा समान गुणस्तरको उपकरणमा पहुँच,

(ग) पुरुष र महिलाको भूमिकाको रुढिवादी अवधारणा उन्मूलन गर्ने लक्ष्य हासिल गर्न सहयोगी हुने सह—शिक्षा तथा अन्य किसिमका शिक्षालाई प्रोत्साहित गर्दै र खासगरी पाठ्यपुस्तकहरू तथा विद्यालय कार्यक्रमहरूमा परिमार्जन र शिक्षण विधिहरू ग्रहण गरी सबै तह र प्रकारको शिक्षामा रुढिवादी अवधारणाको उन्मूलन,

(घ) छात्रवृत्ति तथा अन्य अध्ययन अनुदानबाट फाइदा लिनको लागि समान अवसर,

(ङ) प्रौढ शिक्षा तथा कार्यमूलक साक्षरता कार्यक्रमहरूलगायतका निरन्तर शिक्षण कार्यक्रमहरू, खासगरी पुरुष र महिलाका बीचमा विद्यमान शैक्षिक अन्तरलाई जतिसक्दो छिटो घटाउँदै जाने लक्ष्य रहेका कार्यक्रमहरूमा पहुँचको समान अवसर,

(च) पढाइ छाड्दै जाने महिला विद्यार्थीको दरमा कमी ल्याउने र पढाइ अधुरो हुँदै विद्यालय छाडेका बालिका तथा महिलाहरूको निमित्त कार्यक्रमहरूको आयोजना,

(छ) खेलकुद तथा शारीरिक शिक्षामा सक्रिय रूपमा सहभागि हुन पाउने समान अवसर,

(ज) परिवार नियोजनसम्बन्धी सूचना र सल्लाहलगायत परिवारको स्वास्थ्य र कल्याण सुनिश्चित गर्न सहायक हुने विशेष शैक्षिक सूचनामा पहुँच।

धारा ११

१. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा समान अधिकारहरू, खासगरी देहायका अधिकारहरू, सुनिश्चित गर्ने उद्देश्यले रोजगारीको क्षेत्रमा महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

(क) सम्पूर्ण मानव जातिको नैसर्गिक अधिकारको रूपमा काम गर्ने अधिकार,

(ख) रोजगारीका सम्बन्धमा छनौटको निमित्त समान मापदण्डहरूको प्रयोग लगायत रोजगारीका समान अवसरको अधिकार,

(ग) पेसा र रोजगारीको स्वतन्त्र रूपमा छनौट गर्ने अधिकार, पदोन्नति, सेवाको सुरक्षा वा सेवाका सबै सर्तहरू र सुविधाहरूको अधिकार, शिक्षुता तालिम, उच्च व्यावसायिक तालिम र समयगत तालिमलगायतका व्यावसायिक तालिम तथा पुनः तालिम पाउने अधिकार,

(घ) समान सुविधासहितको समान पारिश्रमिक र समान मूल्यको कामका सम्बन्धमा समान व्यवहार एवम् कामको गुणस्तरको मूल्याङ्कनमा समान व्यवहारको अधिकार,

(ङ) खासगरी अवकाश, बेरोजगारी, बिरामी, दुर्बलता, वृद्धावस्था र कामका लागि अन्य असक्षमताका अवस्थाहरूमा सामाजिक सुरक्षाको अधिकार एवम् तलबी बिदाको अधिकार,

(च) स्वास्थ्य सुरक्षाको अधिकार एवम् पुनरुत्पादन कार्यको सुरक्षालगायत कार्यगत अवस्थामा सुरक्षाको अधिकार।

२. विवाह वा मातृत्वको आधारमा हुने महिला विरूद्धको भेदभाव रोक्न तथा उनीहरूको काम गर्न पाउने प्रभावकारी अधिकार सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले निम्नलिखित कार्यहरू गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्

(क) गर्भवती भएको वा सुत्केरी बिदाको कारणले हुने बर्खास्ती तथा वैवाहिक स्थितिको आधारमा बर्खासीमा गरिने भेदभावमा दण्ड सजायसमेत गर्ने गरी प्रतिबन्ध लगाउने,

(ख) अघिल्लो रोजगारी वा जेष्ठता वा सामाजिक भत्ताबाट वञ्चित हुन नपर्ने गरी पुरा तलबसहितको वा सोहीसरहको सामाजिक फाइदाहरूसहितको प्रसूति बिदाको व्यबस्था गर्ने,

(ग) कार्यको उत्तरदायित्व र सार्वजनिक जीवनमा सहभागितासँगै पारिवारिक दायित्व समायोजन गर्न बाबुआमालाई सक्षम बनाउन आवश्यक सहयोगी सामाजिक सेवाहरूको व्यवस्था गर्न प्रोत्साहन गर्ने, र खासगरी बालस्याहार सुविधाहरूको संजालको स्थापना र विकास प्रवर्द्धन गर्ने,

(घ) गर्भवती अवस्थाका महिलालाई हानिकारक प्रमाणित भएका किसिमका कामबाट विशेष संरक्षण प्रदान गर्ने।

३. यस धारामा समाविष्ट विषयहरूसँग सम्बन्धित संरक्षणात्मक कानूनलाई वैज्ञानिक र प्रविधिगत ज्ञानको आधारमा आवधिक रूपमा पुनरावलोकन गरिने र आवश्यकताअनुसार संशोधन, खारेज वा विस्तार गरिनेछ।

धारा १२

१. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा परिवार नियोजनसँग सम्बन्धित सेवाहरूलगायत स्वास्थ्य स्याहार सेवाहरूमा पहुँच सुनिश्चित गर्न स्वास्थ्य सेवाको क्षेत्रमा महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्ष राष्ट्रहरूले महिलालाई गर्भवती, प्रसूति र प्रसूतिपश्चातको अवधिमा उपयुक्त सेवाहरू र आवश्यक भएका बखत निःशुल्क सेवा एवम् गर्भवती र दुध खुवाउने अवधिमा पर्याप्त पोषणसमेत उपलब्ध भएको सुनिश्चित गर्नेछन्।

धारा १३

पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा समान अधिकारहरू खासगरी देहायका अधिकारहरू सुनिश्चित गर्ने उद्देश्यले आर्थिक तथा सामाजिक जीवनका अन्य क्षेत्रहरूमा महिलाविरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :

(क) परिवारिक लाभको अधिकार,

(ख) बैंक ऋण, धितो बन्धकी वा अन्य प्रकारका वित्तीय ऋण लिने अधिकार,

(ग) मनोरन्जनात्मक क्रियाकलापहरू, खेलकुद र सांस्कृतिक जीवनका सबै पक्षहरूमा सहभागी हुने अधिकार।

धारा १४

१. पक्ष राष्ट्रहरूले ग्रामीण महिलाहरूले सामना गर्नु परेका खास समस्याहरू र ग्रामीण महिलाहरूले आफ्नो परिवारको आर्थिक जीविकोपार्जनमा निर्वाह गर्ने महत्त्वपूर्ण भूमिकालाई उन्नतिमा पुर्‍याएको योगदान एवम् अर्थतन्त्रको गैर मौद्रिक क्षेत्रमा उनीहरूको कामलाई दृष्टिगत गर्नेछन् र प्रस्तुत महासन्धिका व्यवस्थाहरू ग्रामीण क्षेत्रका महिलाहरूको हकमा लागू भएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

२. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा ग्रामीण महिलाहरू ग्रामीण विकासमा सहभागी भएको र त्यसबाट लाभान्वित भएको सुनिश्चित गर्न ग्रामिण क्षेत्रका महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने र खासगरी त्यस्ता महिलालाई निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन्:

(क) सबै तहका विकास योजनाहरूको विस्तार र कार्यान्वयनमा सहभागी हुने अधिकार,
(ख) परिवार नियोजनसम्बन्धी सूचना, सल्लाह र सेवालगायतका पर्याप्त स्वास्थ्य हेरचाह सुविधामा पहुँचको अधिकार,
(ग) सामाजिक सुरक्षा कार्यक्रमहरूबाट प्रत्यक्ष फाइदा लिने अधिकार,
(घ) उनीहरूको प्राविधिक दक्षता अभिवृद्धि गर्न कार्यमूलक साक्षरतालगायत सबै प्रकारका औपचारिक तथा अनौपचारिक तालिमहरू र शिक्षा एवम्, अन्य कुराका अतिरिक्त, सबै सामुदायिक तथा विस्तारित सेवाहरूको लाभ प्राप्त गर्ने अधिकार,
(ङ) रोजगारी वा स्वरोजगारीमार्फत आर्थिक अवसरहरूमा समान पहुँच प्राप्त गर्नको लागि स्वावलम्बी समूह तथा सहकारीहरू गठन गर्ने अधिकार,
(च) सम्पूर्ण सामुदायिक क्रियाकलापहरूमा भाग लिने अधिकार,
(छ) कृषि कर्जा तथा ऋण, बजार सुविधाहरू, उपयुक्त प्रविधि र भूमिमा समान व्यवहार, कृषिजन्य सुधार एवम् भूमिको पुनःब्यवस्था योजनामा पहुँच प्राप्त गर्ने अधिकार,
(ज) खासगरी आवास, सरसफाई, विद्युत, खानेपानी, यातायात तथा सञ्चारका सम्बन्धमा पर्याप्त जीवनयापनका अवस्थाहरूको उपभोग गर्ने अधिकार।

भाग ४

धारा १५

१. पक्ष राष्ट्रहरूले महिलाहरूलाई कानूनको दृष्टिमा पुरुषसरहको समानता प्रदान गर्नेछन्।

२. पक्ष राष्ट्रहरूले महिलाहरूलाई देवानी विषयहरूमा पुरुषसरहको कानूनी क्षमता प्रदान गरी सो क्षमताको उपयोग गर्न समान अवसर प्रदान गर्नेछन्। उनीहरूले खासगरी महिलाहरूलाई करार गर्न र सम्पत्तिको सञ्चालन गर्न पाउने समान अधिकार प्रदान गर्नुका साथै अदालत तथा न्यायाधिकरणका कार्यविधिहरूका सबै तहहरूमा महिलाहरूलाई समान रूपले व्यवहार गर्नेछन्।

३. महिलाको कानूनी क्षमतालाई नियन्त्रण गर्ने उद्देश्य भएका सबै करारहरू तथा कानूनी प्रभाव भएका कुनै पनि किसिमका अन्य निजी लिखतहरू निष्प्रभावी र बदर भएको मानिने कुरामा पक्ष राष्ट्रहरू मन्जुर गर्दछन्।

४. व्यक्तिहरूको आवतजावतसम्बन्धी कानून तथा आफ्नो आवास र बसोबास छान्न पाउने स्वतन्त्रताका सम्बन्धमा पक्ष राष्ट्रहरूले महिला तथा पुरुषलाई समान अधिकार प्रदान गर्नेछन्।

धारा १६

१. पक्ष राष्ट्रहरूले विवाह तथा पारिवारिक सम्बन्धसँग सम्बन्धित सबै विषयहरूमा महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्वन गर्ने र खासगरी महिला र पुरुषको समानताका आधारमा निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन्:

(क) विवाह गर्ने समान अधिकार,

(ख) स्वतन्त्र रुपले वर रोज्ने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह गर्ने समान अधिकार,

(ग) विवाह पश्चात् र विवाह विच्छेदको अवस्थामा समान अधिकार तथा उत्तरदायित्वहरू,

(घ) उनीहरूको वैवाहिक स्थिति जेसुकै भए तापनि, उनीहरूका बालबालिकासँग सम्बन्धित कुराहरूमा बाबुआमाको समान अधिकार तथा उत्तरदायित्वहरू सबै अवस्थाहरूमा बालबालिकाको हित नै सर्वोपरी हुनेछ,

(ङ) आफ्ना बालबालिकाको संख्या र जन्मान्तरका विषयमा स्वतन्त्र एवम् जिम्मेवारीपूर्वक निर्णय गर्ने अधिकारहरू तथा उनीहरूलाई यी अधिकारहरू प्रयोग गर्न सक्षम बनाउन जानकारी, शिक्षा तथा साधनमा पहुँच प्राप्त गर्ने अधिकारहरू,

(च) बालबालिकाको संरक्षकत्व, हेरचाह, न्यासधारण र धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने सम्बन्धमा वा राष्ट्रिय कानूनमा यी अवधारणाहरू विद्यमान भएका यस्तै संस्थाहरूको सम्बन्धमा समान अधिकार तथा उत्तरदायित्वहरू सबै अवस्थाहरूमा बालबालिकाको हित नै सर्वोपरी हुनेछ,

(छ) पारिवारिक नाम, पेसा र व्यवसाय छनौट गर्ने अधिकारलगायत पति र पत्नीको समान व्यक्तिगत अधिकारहरू,

(ज) सम्पत्तिको स्वामित्व, प्राप्ती, व्यवस्थापन, संचालन, भोगचलन र वेचविखनका सम्बन्धमा, निशुल्क वा मूल्यवान प्रतिफल बापत जे भएपनि पति र पत्नी दुवैको समान अधिकार।

२. बालकको बैबाहिक वागदान र बाल विवाहको कानूनी मान्यता हुनेछैन र विवाहको लागि न्यूनतम उमेर तोक्ने तथा विवाहलाई सरकारी पञ्जिकाधिकारीसमक्ष अनिवार्य रूपले दर्ता गर्नुपर्ने कानूनी ब्यवस्थालगायतका सबै आवश्यक कारवाही गरिनेछ।

भाग ५

धारा १७

१. प्रस्तुत महासन्धिको कार्यान्वयनमा भएको प्रगतिको बारेमा विचार गर्ने प्रयोजनका लागि, महिला विरूद्धको भेदभाव उन्मूलनसम्बन्धी एक समिति (यसपछि समिति भनीएको गठन गरिने छ। यस समितिमा महासन्धि लागू हुँदाका बखत अठार जना र पैंतिसौं पक्ष राष्ट्रले महासन्धिको अनुमोदन वा सम्मिलन गरेपछि तेईस जना उच्च नैतिक प्रतिष्ठा तथा महासन्धिले समेटेको क्षेत्रमा

दक्षता भएका विशेषज्ञहरू रहनेछन्। समानुपातिक भौगोलिक वितरण पद्दतिअनुसार तथा विभिन्न सभ्यताहरूको एवम् प्रमुख कानूनी प्रणालीहरूको प्रतिनिधित्व हुने गरी पक्ष राष्ट्रहरूले आफ्ना नागरिकहरूमध्येबाट यी विशेषज्ञहरू निर्वाचित गर्नेछन् र तिनीहरूले व्यक्तिगत हैसियतमा सेवा गर्नेछन्।

२. समितिका सदस्यहरू पक्ष राष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतदानको प्रक्रियाबाट निर्वाचित हुनेछन्। प्रत्येक पक्ष राष्ट्रले आफ्ना नागरिकहरूमध्येबाट एक जना व्यक्तिको मनोनयन गर्न सक्नेछ।

३. प्रस्तुत महासन्धि लागू भएको मितिले ६ महिनापछि प्रारम्भिक निर्वाचन हुनेछ। प्रत्येक निर्वाचनको मितिभन्दा कम्तिमा तीन महिना अगावै संयुक्त राष्ट्र संघको महासचिवले पक्ष राष्ट्रहरूलाई आ— आफ्ना मनोनयनहरू दुई महिनाभित्र पेस गर्न आह्वान गर्दै पत्र पठाउनेछन्। महासचिवले त्यसरी मनोनित सबै व्यक्तिहरूको वर्णानुक्रम अनुसारको र निजहरूलाई मनोनयन गर्ने पक्ष राष्ट्रहरूको नामसमेत जनिएको सूची तयार पारी सो सूची पक्ष राष्ट्रहरूलाई पठाउने छन्।

४. संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा महासचिवले आयोजना गरेको पक्ष राष्ट्रहरूको बैठकमा समितिका सदस्यहरूको निर्वाचन हुनेछ। यस वैठकमा पक्ष राष्ट्रहरूमध्ये दुई तिहाईको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ। बैठकमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरूका प्रतिनिधिहरूको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत प्राप्त गर्ने मनोनित व्यक्तिहरू समितिको सदस्यमा निर्वाचित भएको मानिने छन्।

५. समितिका सदस्यहरू चार बर्षको अवधिका लागि निर्वाचित हुनेछन्। तर पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरूमध्ये नौंजना सदस्यहरूको पदावधि दुई बर्षमा समाप्त हुनेछ। पहिलो निर्वाचन भएको लगत्तै पछि समितिका अध्यक्षले यी नौ जना सदस्यहरूको नाम गोला प्रथाद्वारा छनौट गर्नेछन्।

६. पैंतीसौं अनुमोदन वा सम्मिलन भएपछि यस धाराका प्रकरणहरू २, ३ र ४ का व्यवस्थाहरू अनुसार समितिका पाँच जना अतिरिक्त सदस्यहरूको निर्वाचन हुनेछ। यस अवसरमा निर्वाचित अतिरिक्त सदस्यहरूमध्ये दुई जना सदस्यहरूको पदावधि दुई वर्षमा समाप्त हुनेछ। समितिका अध्यक्षले यी दुई जना सदस्यहरूको नाम गोला प्रथाद्वारा छनौट गर्नेछन्।

७. आकस्मिक रिक्त पदको पूर्ति गर्नका लागि, जुन पक्ष राष्ट्रको विशेषज्ञले समितिको सदस्यताको रिक्तता सिर्जना गरेको हो सोही पक्ष राष्ट्रले समितिको स्वीकृतिको अधीनमा रही आफ्ना नागरिकहरूमध्येबाट अर्को विशेषज्ञको नियुक्ति गर्नेछ।

८. समितिका सदस्यहरूले समितिको उत्तरदायित्वको महत्त्वलाई ध्यानमा राखी महासभाले निर्धारण गरेको सर्त तथा अवस्थाहरूअनुसार महासभाबाट स्वीकृत भए बमोजिम संयुक्त राष्ट्र संघको स्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन्।

९. संयुक्त राष्ट्र संघका महासचिवले प्रस्तुत महासन्धिअन्तर्गत समितिले गर्नुपर्ने काम प्रभावकारी रूपले सम्पादन गर्नको लागि आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउने छन्।

धारा १८

१. प्रस्तुत महासन्धिका व्यबस्थाहरूलाई कार्यान्वयन गर्न आफूले अवलम्बन गरेका कानूनी, न्यायिक, प्रशासनिक वा अन्य उपायहरू तथा सो सम्बन्धमा भए गरेको प्रगतिसम्बन्धी प्रतिवेदन समितिको विचारार्थ संयुक्त राष्ट्र संघको महासचिवसमक्ष निम्नलिखित समयमा पेस गर्न पक्ष राष्ट्रहरू कबुल गर्दछन् :

(क) सम्बन्धित राष्ट्रको हकमा महासन्धि लागू भएको मितिले एक वर्ष भित्र,
(ख) त्यसपछि, कम्तिमा प्रत्येक चार चार वर्षमा र त्यसपछि, समितिले अनुरोध गरेको समयमा।

२. प्रतिवेदनहरूमा प्रस्तुत महासन्धिअन्तर्गतका दायित्वहरू बहन गर्नमा अवरोध गर्ने तत्त्व तथा व्यवधानहरूसमेत उल्लेख गर्न सकिने छ।

धारा १९

१. समितिले आफ्नो कार्यविधिसम्बन्धी नियमहरू आफैं निर्धारण गर्नेछ।
२. समितिले दुई वर्षको पदावधिको लागि आफ्ना पदाधिकारीहरू निर्वाचित गर्नेछ।

धारा २०

१. प्रस्तुत महासन्धिको धारा १८ अनुसार प्रस्तुत गरिएका प्रतिवेदनहरूउपर विचार विमर्श गर्नको लागि समितिको बैठक प्रत्येक वर्ष सामान्यतया बढीमा दुई हप्ताको अवधिको लागि बस्नेछ।
२. समितिको बैठक सामान्यतया संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा वा समितिले निर्धारण गरेको अन्य कुनै उपयुक्त स्थानमा बस्नेछ।

धारा २१

१. समितिले आफूले गरेको कामको सम्बन्धमा वार्षिक प्रतिवेदन आर्थिक तथा सामाजिक परिषद्मार्फत हरेक वर्ष संयुक्त राष्ट्र संघको साधारण सभामा पेस गर्नेछ र पक्ष राष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा सूचनाहरूको जाँचबुझको आधारमा समितिले आफ्नो सुझाव दिन र सामान्य सिफारिसहरू पेस गर्न सक्नेछ। त्यस्ता सुझाव तथा सामान्य सिफारिसहरू र तत्सम्बन्धमा पक्ष राष्ट्रहरूबाट कुनै टिकाटिप्पणीहरू प्राप्त भएको भए सोसमेत प्रतिवेदनमा संलग्न गरिनेछ।
२. संयुक्त राष्ट्र संघका महासचिवले समितिका प्रतिवेदनहरू महिलाको स्थितिसम्बन्धी आयोगसमक्ष जानकारीको निमित्त पठाउने छन्।

धारा २२

विशिष्टीकृत निकायहरूले आफ्नो कार्यक्षेत्रभित्र पर्ने प्रस्तुत महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनका सम्बन्धमा गरिने विचार विमर्शमा आफ्नो प्रतिनिधित्व गर्न प्रतिनिधिहरू पठाउन पाउनेछन्। समितिले

विशिष्टीकृत निकायहरूको कार्यक्षेत्रभित्रका विषयहरूका सम्बन्धमा महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनका सम्बन्धमा प्रतिवेदन पेस गर्न तिनीहरूलाई आमन्त्रण गर्न सक्नेछ।

भाग ६

धारा २३

प्रस्तुत महासन्धिका कुनै पनि कुराले पुरुष र महिलाका बीचमा समानता कायम गर्न बढी सहायक हुने निम्नलिखित लिखतहरूमा रहेका कुनै पनि व्यवस्थाहरूलाई प्रभाव पार्ने छैन :

(क) कुनै पक्ष राष्ट्रको कानून, वा

(ख) सो राष्ट्रका हकमा लागू रहेको अन्य कुनै अन्तर्राष्ट्रिय महासन्धि, सन्धि वा सम्झौता।

धारा २४

प्रस्तुत महासन्धिद्वारा मान्यता दिइएका अधिकारहरूको पूर्ण प्राप्तितर्फ लक्षित सबै आवश्यक उपायहरू राष्ट्रिय स्तरमा अवलम्बन गर्न पक्ष राष्ट्रहरू कबुल गर्दछन्।

धारा २५

१. प्रस्तुत महासन्धि सबै राष्ट्रहरूबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ।

२. संयुक्त राष्ट्र संघका महासचिवलाई प्रस्तुत महासन्धिको अभिलेख अधिकारी (डिपोजिटरी) को रूपमा तोकिएको छ।

३. प्रस्तुत महासन्धिलाई अनुमोदन गर्नुपर्नेछ। अनुमोदनका लिखतहरू संयुक्त राष्ट्र संघका महासचिवसमक्ष दाखिला गर्नुपर्नेछ।

४. प्रस्तुत महासन्धि सबै राष्ट्रहरूबाट सम्मिलन हुनका लागि खुला रहनेछ। सम्मिलनको लिखत संयुक्त राष्ट्र संघका महासचिवसमक्ष दाखिल भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

धारा २६

१. कुनै पक्ष राष्ट्रले कुनै पनि समयमा संयुक्त राष्ट्र संघका महासचिवलाई सम्बोधन गरी लिखित सूचना दिएर प्रस्तुत महासन्धिको संशोधनका लागि अनुरोध गर्न सक्नेछ।

२. संयुक्त राष्ट्र संघको महासभाले यस्तो अनुरोधको सम्बन्धमा कुनै कदम चाल्नु पर्ने भए सो सम्बन्धमा निर्णय गर्नेछ।

धारा २७

१. अनुमोदन वा सम्मिलनको बीसौं लिखत संयुक्त राष्ट्र संघका महासचिवसमक्ष दाखिला भएको मितिले तीसौं दिनदेखि प्रस्तुत महासन्धि लागू हुनेछ।

२. अनुमोदन वा सम्मिलनको बीसौं लिखत दाखिला भएपछि प्रस्तुत महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि प्रस्तुत महासन्धि लागू हुनेछ।

धारा २८

१. संयुक्त राष्ट्र संघका महासचिवले अनुमोदन वा सम्मिलन गर्दाका बखत राष्ट्रहरूले राखेका आरक्षणका पाठहरू प्राप्त गरी सबै राष्ट्रहरूलाई उपलब्ध गराउने छन्।

२. प्रस्तुत महासन्धिको लक्ष्य एवम् उद्देश्यसँग मेल नखाने आरक्षणलाई अनुमति दिइने छैन।

३. संयुक्त राष्ट्र संघका महासचिवलाई सम्बोधन गरी सो प्रयोजनको सूचना दिएर कुनै पनि समयमा आरक्षण फीर्ता लिन सकिनेछ। महासचिवले सोको जानकारी सबै राष्ट्रहरूलाई दिनेछन्। यस्तो सूचना प्राप्त भएको मितिदेखि लागू हुनेछ।

धारा २९

१. प्रस्तुत महासन्धिको ब्याख्या वा प्रयोगको सम्बन्धमा दुई वा सोभन्दा बढी पक्ष राष्ट्रहरू बीच उत्पन्न विवादको समाधान वार्ताबाट हुन नसकेमा सो विवाद निजहरूमध्ये कुनै एकको अनुरोधमा मध्यस्थतासमक्ष पेस गरिनेछ। मध्यस्थताको लागि अनुरोध गरेको मितिले छ महिनाभित्र मध्यस्थताको गठनका सम्बन्धमा पक्षहरू सहमत हुन नसकेमा ती पक्षहरू मध्ये कुनै एक पक्षले अन्तर्राष्ट्रिय न्यायालयको विधानबमोजिम अनुरोध गरी सो विवाद अन्तर्राष्ट्रिय न्यायालयसमक्ष पेस गर्न सक्नेछ।

२. प्रस्तुत महासन्धि हस्ताक्षर, अनुमोदन एवम् सम्मिलन गर्दाको समयमा प्रत्येक पक्ष राष्ट्रले यस धाराको प्रकरण १ आफ्नो हकमा लागू नहुने घोषणा गर्न सक्नेछ। यस्तो आरक्षण राख्ने पक्ष राष्ट्रका सम्बन्धमा अन्य पक्ष राष्ट्रहरूको हकमा सो प्रकरणको व्यवस्था बाध्यात्मक हुने छैन।

३. यस धाराको प्रकरण २ बमोजिम आरक्षण राखेको कुनै पनि पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवलाई सूचना दिएर कुनै पनि समयमा त्यस्तो आरक्षण फीर्ता लिन सक्नेछ।

धारा ३०

अरबी, चिनिया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समान रूपले प्रामाणिक भएको प्रस्तुत महासन्धि संयुक्त राष्ट्र संघका महासचिवसमक्ष दाखिला गरिने छ।

यस कुराको प्रमाणस्वरूप विधिवत् अधिकार प्राप्त देहायका हस्ताक्षरकारीहरूले प्रस्तुत महासन्धिमा हस्ताक्षर गरेका छन्।

अनुसूची २

विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४

प्रस्तावनाः

नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकअन्तर्गत गोपनीयताको हक समावेश गरी न्यायिक उपचारको हकसमेतको प्रत्याभूत गरेको भए तापनि सोको संरक्षणका लागि निश्चित कानूनी ब्यवस्थाको अभावमा एच.आई.भी/एड्स संक्रमित व्यक्तिले आफू संक्रमित भएको स्थितिमा, महिलाले आफूविरूद्ध हिंसा भएको स्थितिमा र बालबालिकाले कानूनसँगको द्वन्द्व बेहोरेको स्थितिमा आफूउपर भएको अन्याय विरूद्ध उपचार माग्न वा न्यायमा पहुँच पाउन व्यवधान महसुस गरेको अनुभव भइरहेको, मुद्दा मामिलाको अनुसन्धानदेखि फैसला कार्यान्वयनसम्मका कारवाहीका क्रममा र सो पश्चातको अवधिमा समेत निजहरूको व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखी दिएको कारण आत्मसम्मानपूर्वक जीवनयापन गर्नमा थप संकट र असुविधा बेहोर्नु परिरहेको सन्दर्भमा यस्ता वर्गका व्यक्तिको गोपनीयताको अधिकारको संरक्षण गर्न कार्यविधिसहितको आवश्यक कानूनी ब्यवस्था गर्न नेपाल सरकारको नाममा यस अदालतबाट निर्देशात्मक आदेश जारी गर्ने निर्णय भएको र सोबमोजिम आवश्यक कानून बनाई व्यवस्थित नभएसम्मका लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न **नेपालको अन्तरिम संविधान, २०६३** को धारा १०७ (२) द्वारा प्रदत्त अधिकारअन्तर्गत यस अदालतको अन्तर्निहित अधिकार प्रयोग गरी उपरोक्त विशेष प्रकृतिका मुद्दा मामिलाको कारबाहीका हरेक चरणमा लागू हुने गोपनीयताको हक संरक्षणको लागि गोपनीयता कायम राख्नेसम्बन्धी यो निर्देशिका जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम “विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका २०६४” रहेको छ।

(२) यो निर्देशिका आजका मितिले तीस दिनपछि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) **“मुद्दा”** भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने भनी सम्बन्धित अधिकारीले निर्णयगरी तोकिदिएका देहायका प्रकृतिका मुद्दा सम्झनु पर्छ :

(१) मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्न सक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जिउ मास्ने, बेच्ने, हाडनाता करणी एवम् महिला विरूद्धको हिंसालगायतका मुद्दामा पीडितको रूपमा महिला भएका फौजदारी मुद्दाहरू,

(२) बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू,

(३) एच.आई.भी/एड्सबाट प्रभावित वा संक्रमित व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरू।

(ख) **"व्यक्तिगत परिचयात्मक विवरण" भन्नाले,**

(१) खण्ड (क) को देहाय (१) मा उल्लेख मुद्दाको हकमा पीडित महिलाको नाम, थर, वतनलगायतका पहिचान खुल्ने सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ।

(२) खण्ड (क) को देहाय (२) मा उल्लिखित मुद्दाको हकमा पक्षको रूपमा रहेका बालबालिकाको नाम, थर वतनलगायतका पहिचान खुल्ने सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ।

(३) खण्ड (क) को देहाय (३) मा उल्लिखित मुद्दाहरूको हकमा एच.आई.भी/एड्सबाट प्रभावित वा संक्रमण भएको व्यक्तिको त्यसरी प्रभावित वा संक्रमण भएको पहिचान खुल्न सक्नेलगायतका सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ।

(ग) **"सम्बन्धित अधिकारी"** भन्नाले जिल्ला अदालतको हकमा जिल्ला न्यायाधीश, पुनरावेदन अदालत र सर्वोच्च अदालतका रजिस्ट्रार र अन्य निकाय वा कार्यालयको हकमा सम्बन्धित कार्यालयका कार्यालय प्रमुखलाई जनाउनेछ।

३. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने : (१) अपराध अनुसन्धानको निमित्त सूचना प्राप्त भएदेखि अनुसन्धान तहकिकात, अभियोजन, सुनुवाइ, फैसला, फैसला कार्यान्वयनलगायतका सम्पूर्ण काम कारवाईका क्रममा र फैसला कार्यान्वयनपश्चात् पनि अनुसन्धान तहकिकात गर्ने निकाय, मुद्दा हेर्ने निकाय र फैसला कार्यान्वयन गर्ने निकायलगायतका सम्पूर्ण निकायहरूले दफा २ बमोजिमका मुद्दामा पीडित पक्षको रूपमा प्रस्तुत भएका व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरणहरू गोप्य राख्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणलाई फीरादपत्र, प्रतिउत्तरपत्र, उजुरी, निवेदन, प्रतिवेदन, पुनरावेदनपत्र, फैसला वा अदालत वा अन्य निकायले प्रकाशन गर्ने सार्वजनिक प्रकाशनलगायत सम्पूर्ण अवस्थामा गोप्य राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम गोप्य राखिएको परिचयात्मक विवरण खुलाउन सम्बन्धित व्यक्तिलाई बाध्य पारिने छैन।

(४) मुद्दाहरूको कारवाईको कुनै पनि चरणमा उपस्थित भई गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण थाहा पाउने कुनै पक्ष वा निजको कानून व्यवसायी, विशेषज्ञ, साक्षी, न्यायाधीश, कर्मचारीलगायत कसैले पनि त्यस्तो गोप्य राखिएको विवरण कसैसँग पनि प्रकाश गर्नु हुँदैन।

(५) यस निर्देशिकाबमोजिम गोप्य राखिएका विवरणहरू मुद्दा किनारा भएपछि पनि गोप्य राख्नुपर्ने छ।

४. **गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण खुल्ला गर्न सकिने :** गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण देहायको अवस्थामा आवश्यकता देखिएको हदसम्म खुला गर्न अनुमति दिन सकिनेछ :

(१) कानूनबमोजिम खुला गर्न आवश्यक ठहर्‍याई गोप्य राख्नुपर्ने अधिकारीले अनुमति दिएमा,

(२) स्वच्छ न्यायिक सुनुवाइको संरक्षणका लागि आवश्यक देखिएमा,

(३) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिले सो विवरण गोप्य राख्न जरूरी नभएको भनी लिखित निवेदन दिएमा।

५. **गोपनीयता कायम गर्ने प्रक्रिया :** (१) दफा ३ बमोजिम गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरणहरू छुट्टै पानामा लेखबद्ध एवम् शिलबन्दी गरी गोप्य राखिएको विवरणलाई संकेत गर्न छुट्टै परिचयात्मक नाम वा संख्या वा चिह्न दिनुपर्नेछ र सोको प्रमाणीकरण सम्बन्धित अधिकारीले गर्नुपर्नेछ।

(२) यस निर्देशिकाबमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नका लागि कुनै कागज प्रमाणगोप्य राख्नुपर्ने भएमा सोलाई शिलबन्दी गरी सोको बेहोरा छुट्टै पानामा खुलाई मिसिल संलग्न राख्नुपर्नेछ।

(३) गोप्य राखिएको विवरणहरूको गोप्यता संरक्षणको लागि सम्बन्धित अदालत वा कार्यालयले त्यस्तो मिसिलहरूको छुट्टै लगत खडा गर्ने, संकेत चिह्न दिने र अभिलेख संरक्षण गर्ने व्यवहार गर्नुपर्नेछ।

(४) कसैले आफ्नो व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखी पाउन माग गरेमा सोबमोजिम गोप्य राख्ने वा नराख्ने भन्ने बारेमा सम्बन्धित अधिकारीले निर्णय गरेबमोजिम हुनेछ। यसरी माग भएका मुद्दामा व्यक्तिगत विवरण गोप्य राख्नपर्ने भए त्यसको कारणसहितको पर्चा खडा गर्नुपर्नेछ।

६. **परिचय :** (१) मुद्दाको अनुसन्धान वा कारवाहीको सिलसिलामा विवरण गोप्य राखिएको व्यक्तिको उपस्थिति भए पनि निजसँग सम्बन्धित परिचयात्मक कुराहरू उल्लेख गर्दा निजलाई संकेत गर्न दिइएको नाम, नम्बर वा चिह्नद्वारा नै गरिनेछ। निजको दस्तखतसमेत सोही संकेत, नाम, नम्बर वा चिह्नबाट गर्नुपर्नेछ।

(२) यस निर्देशिकाबमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई निजको संकेत, नाम, नम्बर वा चिह्न उल्लेख भएको परिचयपत्र दिनुपर्नेछ।

७. **म्याद, सूचना र पत्राचार :** व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिका नाममा समाह्वान, इतलायनामा वा सूचना जारी गर्दा वा पत्राचार गर्दा निजको संकेत नाम, नम्बर वा चिह्नबाट गर्नुपर्नेछ। सो सम्बन्धी आधिकारिक परिचयको लागि अर्को पक्षले माग गरेमा गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण अनावश्यक रूपले खुल्ला नहुने ब्यवस्था मिलाई शिलबन्दी गरिएको विवरण खोली जानकारी दिनुपर्नेछ र काम सकिएपछि पुनः शिलबन्दी गरी राख्नुपर्नेछ।

८. **सूचना प्रकाशनमा बन्देज :** यस निर्देशिकाबमोजिम गोप्य राखिएको व्यक्तिको परिचय खुल्ने विवरण

कुनै पनि माध्यमबाट प्रकाशमा ल्याउन वा प्रचारप्रसार गर्न हुँदैन।

९. **गोपनीयता भङ्ग गरेमा कारवाही हुने** : (१) यस निर्देशिका विपरीत कसैले परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिको वास्तविक पहिचान खुल्ने गरी नाम र विवरणहरू सार्वजनिक गरेमा निजले अदालतको आदेशको उल्लंघन गरेको मानी अदालतको अवहेलनामा कारवाही चलाइने छ।

(२) बन्द इजलासको कारवाहीको सिलसिलामा कर्मचारीलाई जानकारी हुन आएको गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरण वा सूचनाहरू बन्द इजलासबाहिर कुनै पनि तेस्रो पक्षसमक्ष खुला गर्न पाइने छैन। सो विपरीत कुनै काम गरेमा उपदफा अनुशासनसम्बन्धी विभागीय कारवाही समेत गर्न सकिनेछ।

१०. **उजुर गर्ने निकाय** : यो निर्देशिकाको बर्खिलाप कार्य गरेकाले कारवाही गरिपाउँ भनी कुनै कर्मचारीको विरूद्धमा उजुरी दिनुपर्ने भएमा कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुखसमक्ष र कार्यालय प्रमुखको हकमा एक तहमाथिको सम्बन्धित निकायमा उजुरी दिनुपर्ने छ। यसरी पर्न आएको उजुरीका सम्बन्धमा सात दिनभित्र टुङ्गो लगाई सक्नुपर्नेछ।

११. **निर्देशिकाको पालना** : यो निर्देशिकाबमोजिम कार्य गर्नु सम्बन्धित कार्यालय, अदातल एवम् सम्बन्धित सबैको कर्तव्य हुनेछ।

१२. **निर्देशिकाको कार्यान्वयनसम्बन्धी ब्यवस्था** : (१) यो निर्देशिका सर्वसाधारणको जानकारीको लागि आम सञ्चारका माध्यमबाट प्रचारप्रसार गर्नुपर्नेछ।

(२) यो निर्देशिका सबै तहका अदालत, प्रहरी कार्यालय तथा सरकारी वकिल कार्यालयको सूचना पाटीमा टाँसिनेछ।

(३) यो निर्देशिका कार्यान्वयन गर्दा बाधा अड्काउ पुग्न गएमा सम्बन्धित अधिकारीले उपयुक्त तरिका अपनाई बाधा अड्काउ फुकाउनेछ। तर सम्बन्धित अधिकारीबाट बाधा अड्काउ फुक्न नसकेमा प्रतिवेदन पेस गरी सर्वोच्च अदालतले बाधा अड्काउ फुकाई निकासा दिनुपर्ने छ।

(४) यो निर्देशिकाबमोजिमका प्रावधानहरू हाल चालू अवस्थामा रहेका मुद्दाहरूका समेत अबको काम कारवाहीमा अनुसरण गर्नुपर्ने छ।

१३. **प्रचलित कानूनबमोजिम हुने** : यो निर्देशिकामा ब्यवस्था भएदेखि बाहेकका अन्य कुराहरू प्रचलित कानूनबमोजिम हुनेछ।

प्रकाशन संख्या ७६

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौं

फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं. : ९७७-१-४०२७१४०

पोष्ट बक्स नं. २४८६५

Email : info@njanepal.org.np

URL: www.njanepal.org.np

सिटी अफिस :

हरिहरभवन, ललितपुर

फोन नं. ९७७-१-५५३७५१६/५५४९०५७